के अरुण तेस्रोमा एमालेले सबै अडान छोड्यो ?

# मूल्याङ्कन

मूल्य रु १५।-

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क २७, बैशाख २०५२


## अब नेपाल-भारत सम्बन्ध कस्तो हुनुपर्छ ?

- १९५० को सन्धिमा हुनुपर्ने परिवर्तन
- व्यापार सम्वन्ध कस्तो हुनुपर्छ ?
- भारतलाई विजुली बेच्ने हो भने.........

इतिहासविद्, अर्थविद् तथा विद्युतविज्ञका विश्लेषणहरु

साथमा,

- महत्वपूर्ण ऐतिहासिक दस्तावेजहरु



# फिडेल कयास्त्रो

*ताजा विशेष अन्तर्वार्ता*

"हाम्रो मुख्य उद्देश्य क्रान्तिलाई बचाउनु हो ।"

# GET THE PANTHER PROTECTION

Panther; the modern contraceptive for responsible men. Made in U.S.A. Electronically tested. Lubricated, strong and reliable.

Panther protects from unwanted burden, STDs and AIDS.

Now, in a new attractive pack. Easy to keep, easy to carry. Available whenever and wherever you need it.

Panther; the first choice of men who understand that family planning is also a male responsibility and takes responsibility for protecting his family.

Get yourself the Panther Protection.





*Panther for protection.*
*Panther for family planning.*

Marketed by:

Nepal CRS Company Pvt. Ltd.

सर्वश्रेष्ठ DAEWOO COLOR TV




CLEAR PICTURE
CLEAR SOUND
CLEAR CHOICE

**DAEWOO**
**HIGH TECHNOLOGY COLOR TV**


- Only TV in Nepal with **SUPERVISION - S** technology to give you crystal clear picture.
- Multisystem
- 24 - months guarantee
- New Total Control (including auto search) remote control
- Woofer - type double speakers
- Automatic switch - off if no programme / telecast
- plus many more additional features.

**Him Electronics P. Ltd.**

Golchha Organisation

Classic

# अब नेपाल-भारत सम्बन्ध कस्तो हुनुपर्छ ?



विचार अन्तर्क्रियाको लागि राष्ट्रिय महत्वको विषय

सन् १९५० को सन्धि र यसमा हुनुपर्ने परिवर्तन
-डा. कृष्णबहादुर थापा

कस्तो हुनुपर्छ नेपाल-भारत व्यापार सम्बन्ध ?
-महेश्वरमान श्रेष्ठ

भारतलाई विद्युत बेच्ने हो भने......
-विकास पाण्डे

***साथमा, श्याम श्रेष्ठद्धारा समग्रमा विश्लेषण र ऐतिहासिक दस्तावेजहरु***

# के अरुण-तेस्रोको बारेमा एमाले सरकारले सारा अडान छोड्यो ?



विश्व कम्युनिष्ट आन्दोलन

- हाम्रो उद्देश्य क्रान्तिलाई बचाउनु हो -क. फिडेल क्यास्त्रो
- क्यूबाली राजदूतसंग "मूल्यांकन"को कुराकानी
- विश्व बैंकका भू. पू. अध्यक्ष म्याकनमाराद्धारा समेत प्रशंसित क्यूबाली विकास


हाम्रो मूल्यांकन
नेपाललाई सोमालिया बन्न नदिने हो भने २
घटना र प्रवृत्ति
के अरुण तेस्रोको बारेमा एमाले सरकारले सारा अडान छोड्यो? ५
संस्कृत समाचार किन र कसको लागि ? ६
अन्तर्क्रिया
नीरव शेरचनलाई प्रत्युत्तर ३०
मूल्यांकन समीक्षा भेलाको रिपोर्ट २९
मुक्ति पुरस्कार र महेन्द्र प्रज्ञा पुरस्कार लिने कि नलिने ?
-खगेन्द्र संग्रौला ४३
अब नेपाल-भारत सम्बन्ध कस्तो हुनुपर्छ ?
-श्याम श्रेष्ठ ८
कस्तो हुनुपर्छ नेपाल-भारत व्यापार सम्बन्ध ?
-महेश्वरमान श्रेष्ठ १३
सन् १९५० को सन्धि र यसमा हुनुपर्ने परिवर्तन
-डा. कृष्णबहादुर थापा १५
भारतलाई विद्युत बेच्ने हो भने.....
-विकास पाण्डे १८
नीति/संस्कृति
विवाहको तडकभडक २४
पर्दा/रंगमञ्च
जीवन शर्मासंग कुराकानी २२
साहित्य
भगवान कसका ? (कथा)
-यशपाल २१
जीवनको झाँकी
लेनिनको सूट २०
जनजीवन
लिम्बू जाति
-धर्मचन्द्र लावती २६
विश्व कम्युनिष्ट आन्दोलन
हाम्रो उद्देश्य क्रान्तिलाई बचाउनु हो
-क. फिडेल क्यास्त्रो ३६
क्यूबाली राजदूतसंग कुराकानी ३९
म्याकनमाराद्वारा समेत प्रशंसित क्यूबाली विकास ४१
पाठकको कुरो ४६


आवरण फोटोः क. फिडेल क्यास्त्रो । साभारः साप्ताहिक Time । आवरण कलाः आइडियल डिजाइनर्स, बागबजार । फोटोग्राफरः उषा

मूल्यांकन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १३ पूर्णाङ्क २७
२०५१, वैशाख

**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**बजार व्यवस्थापक**
श्याम खड्का

**कार्यालय व्यवस्थापन तथा लेखा**
वीरप्रसाद भंसारी

**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा
प्रकाशित

सम्पर्क कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन प्रा. लि.
न्हूसाल, भ्भोंछे, ख- २,२३७
काठमाडौं- २३
पो. ब. नं. ३०२६, काठमाडौं ।

# नेपाललाई सोमालिया बन्न नदिने हो भने

यो देशको राष्ट्रिय स्वाधीनताको पक्षमा वामपन्थी शक्तिहरूले जति लडेका छन्, त्यति अरू कुनै शक्तिले पनि लडेको देखिएको छैन । ती वामपन्थी शक्तिहरू मध्ये एउटा पार्टी एमाले पनि हो, जो अहिले देशको इतिहासमा पहिलो पटक चुनावद्वारा सरकारमा आसीन छ । एमालेको लागि आफू सरकारमा नभएको बेलामा आवाज उठाइएका सारा कुराहरू अव व्यवहारमा कार्यान्वयन गरेर देखाउने अनुकूल अवसर यही हो ।

सरकारमा आउँनसाथ एमाले सरकारले अरूण- तेस्रोबारे निकै राम्रो राष्ट्रिय अडान प्रदर्शित गरेको हो । यसबाट प्रतिक्रियावादी क्षेत्रका सबै राष्ट्रघाती तत्वहरू आत्तिएका पनि हुन्- अब एमालेले पूरै राष्ट्रलाई विश्वासमा लिने भयो भनेर र एमालेको वरपर सिंगै राष्ट्र एक गठ हुने भयो भनेर ।

घटना यही दिशामा अघि बढिरहेको भए- यो नेपालको इतिहासमा पहिलो रेकर्ड हुन्थ्यो- एउटा सानो देशको सरकारले पनि राजनीतिक इच्छा र दृढता भयो भने राष्ट्रिय हितको पक्षमा कति दरो अडान लिन सक्छ भन्ने । देश र एमाले दुवैको दीर्घकालीन हितमा यो हुने थियो ।

तर एमाले लोकप्रिय भईदेला भन्ने डर अन्तर्राष्ट्रिय पूँजीवादी केन्द्रलाई पनि भयो । त्यसैले उनीहरू हर हालतमा यसलाई फँसाउने दाउपेंच गर्न उद्यत भए । उनीहरूको लगानी र उक्साहटमा देशभित्रका सारा कमिशनखोर स्यालहरूले एकैचोटि हुइयाँ मच्चाए- एमालेले अरूण बिथोल्न लाग्यो भनेर, देशमा आउन थालेको सबैभन्दा ठूलो सहायताराशी एमालेको कारण नआउने भयो भनेर । उता उनीहरूले एमालेमाथि चारैतिरबाट कूटनीतिक बाटोबाट एउटा भय सिर्जना गर्ने प्रयत्न गरे- अरूण-तेस्रो स्वीकार नगरेमा सारा पश्चिमी राष्ट्रको सहायता रोकिन्छ भनेर, त्यसैबाट एमालेको सरकार गिर्छ भनेर ।

यी दुवै हुइयाँ फजूल थिए । सिंगै राष्ट्र एकीकृत हुँदा त न एमाले सरकार गिर्थ्यो, न देश नै नचल्ने स्थिति हुन्थ्यो- विदेशी सहायताको अभावमा, न त विदेशी सहायता नै रोकिनु संभव थियो । तर यो फजुलको हुइयाँले पार्टीभित्रका सरकारमा जानुलाई ठूलो अवसर संझने केही अहं-केन्द्रित तब्कालाई नराम्ररी प्रभावित पार्‍यो । उनीहरू भयभीत भएको देखियो- कतै चाँडै नै सरकार त गिर्ने होइन भनेर । त्यसैले, उनीहरूले पार्टीभित्र हुइयाँ मच्चाए, बरू विश्व बैंकका जुनसुकै शर्त पनि मान्नु पर्छ, नाक जोगाउने सानो बाटो राख्नु पर्छ, तर सरकार चाहिं हर हालतमा गिर्न दिनु हुन्न भनेर । पार्टीमा अन्ततः त्यही मानसिकता हाँवी भईछोड्यो, जुन मानसिकता विश्व बैंकलाई चाहिएको थियो ।

अहिले परिणाममा शुरूमा त्यति राम्रो राष्ट्रिय अडान लिएको एमाले पार्टी र सरकारले अरूण-तेस्रो सम्बन्धी संपूर्ण मुख्य मुख्य राष्ट्रिय अडान छोडेको देखिएको छ । जून, १९९४ मा गिरिजा सरकारले विश्व बैंकसित गरेको देशको स्वतन्त्रता र प्रभुसत्तालाई विश्व बैंकको पोल्टामा सुम्पने सहमतिलाई एमाले सरकारले समेत स्वीकार गरेको देखिएको छ । एमाले सरकार विश्व बैंकको जालोमा फस्न लागेको देखिएको छ । यो नेपालको इतिहासको पछिल्लो सबैभन्दा दुःखद राष्ट्रिय दुर्घटना हो । यो घटनाले १९८० को दशकमा अधिकांश अफ्रिकी र ल्याटिन अमेरिकी देशहरूलाई जस्तै नेपाललाई पनि विश्व बैंकले 'ढाँचागत समायोजन कार्यक्रम'को नाममा राष्ट्रिय बर्वादीको खाडलमै लाने सुनिश्चित देखिएको छ । फरक यति छ, ती देशहरू बर्वाद भईसकेका छन्, नेपाल बर्वाद हुनु बाँकी छ ।

अझैं लिखित संझौता हुनु बाँकी छ । त्यसैले स्थिति धेरै बिग्रीसकेको छैन । हामी एमाले स्वयमलाई यो विषयमा गंभीरतापूर्वक पुनर्विचार गर्न आव्हान गर्छौं । साथै संपूर्ण जिम्मेवार देशभक्त शक्तिहरूलाई र वामपन्थीहरूलाई- समय नबित्दै यो सवालमा दरो कदम उठाउन आव्हान गर्छौं ।

यो समय तमासा हेर्ने समय होइन, देशलाई 'सोमालिया' बन्नबाट रोक्न सशक्त कदम चाल्ने समय हो । ❑

टाइप सेटिंगः माइक्रोचिप्स कम्प्युटर सर्भिस, बागबजार । मुद्रकः इन्द्रेणी अफसेट प्रेस, बागबजार फोनः २२५९५४

# के अरुण-तेस्रोबारे एमाले सरकारले सारा अडान छोड्यो ?

**"यो घटनाले एमालेको नेतृत्वमा, वर्तमान सरकारमा हालै विकसित एउटा नयाँ प्रवृत्तितर्फ इंगित गरेको छ- त्यो हो- देश भाँडमै गएपनि जाओस तर हर-हालतमा सरकार चाहिं टिकनु-टिकाउनु पर्छ भन्ने प्रवृत्ति !"**

हामी नेपाल-भारत बीचको १९५० को सन्धि खारेज होस् भनेर निकै आवाज उठाइरहेछौं। तर अरूण तेस्रोको जून, १९९४ को सहमति-पत्र १९५० को उक्त असमान सन्धिभन्दा पनि धेरै गुणा खतरनाक र राष्ट्रघाती छ । यसलाई '१९५० को सन्धिको बाजे' भनीदिए पनि केही फरक पर्दैन ।

१९५० को सन्धिले हामीलाई अरू थुप्रै असमान शर्त लादे पनि आफ्नो देशको बजेट आफैं तर्जुमा गर्न, आफ्नो देशको विस्तृत आर्थिक संरचना आफैं तय गर्न छेक्दैन । तर अरूण तेस्रोको पोहोरको सहमतिले त हाम्रो हातबाट त्यो स्वतन्त्रता पनि खोस्छ। यो स्वीकार्ने हो भने, हाम्रो देशको अर्थतन्त्र र बजेटको अन्तिम खाका बागदर्वारमा होइन, वाशिंगटनमा तयार हुनेछ। १९५० को सन्धि अस्तित्वमा छँदैछ, तर हाम्रो देशको आवश्यकता र प्राथमिकता अनुसार कुन नयाँ ठाउँमा लगानी गर्ने भन्ने निर्णय गर्न हामी अहिलेसम्म स्वतन्त्र छौं। तर अरूण तेस्रोको एउटा शर्त यस्तो छ, त्यो स्वीकारेपछि विश्व बैंकको सहमति वेगर हामी कुनै पनि नयाँ ठाउँमा लगानी गर्न सक्ने छैनौं। एउटा सानो विद्युत आयोजनामा सरकारले हात हाल्नु पर्‍यो भने पनि विश्व बैंकको पूर्व सहमति आवश्यक हुनेछ ।

नेपाललाई अमेरिकाको र यूरोपको नव-उपनिवेशमा बदल्ने र देशको स्वतन्त्रता एवं प्रभूसत्ता निकै सीमित पार्ने विश्व बैंकका ती अत्यन्त जोखिमपूर्ण शर्तहरूमा गिरिजा सरकारले पोहोर जून महिनामा सहमति जनाएको थियो। गिरिजा सरकारको यस राष्ट्रिय आत्म समर्पणवादी निर्णयमा एमाले सरकार सत्तामा आउने वित्तिकै आफ्नो असहमति जनाएको थियो। ती शर्तहरू राष्ट्रघाती भएकाले तिनलाई कुनै पनि हालतमा स्वीकार गर्न नसक्ने कुरा बताएको थियो। जलस्रोत राज्यमंत्रीको नेतृत्वमा वाशिंगटनमै प्रतिनिधिमण्डल पठाएर आफ्नो विरोध र माग विश्व बैंकलाई प्रष्ट पारेको थियो ।

एमाले सरकारको यो राष्ट्रिय अडानले धेरै हदसम्म नेपाली जनता र राष्ट्रको भावना मुखरित गरेको थियो, यो सह्राहनीय पाइलो थियो ।

तर तीन महीना पनि वितेको छैन, पश्चिमेली साम्राज्यवादको चर्को दवाब, धम्की र कूटनीतिक प्रयत्नपछि, एमाले सरकारले तिनै जून, १९९४ को सहमति पत्रमा उल्लिखित राष्ट्रघाती शर्तहरूलाई जस्ताकोतस्तै स्वीकार गरेको छनक मिलेको छ । त्यस्ता शवूदहरू मिलेका छन्, जसले यो प्रमाणित गर्छन् कि एमाले सरकारले पोहोर गिरिजा सरकारले स्वीकार गरेका विश्व बैंकका देशको प्रभुसत्ता नै सीमित पार्ने जोखिमपूर्ण शर्तहरुलाई हूवहू स्वीकारेको छ। त्यसको सवैभन्दा ज्वलन्त सवूद नेपालका अर्थमंत्री श्री भरतमोहन अधिकारीको १६ मार्च, १९९५ को विश्व बैंकको नाममा लेखिएको चिठी हो । हाम्रो समाचार सूत्रले प्राप्त गरेको सो चिठीको फोटोकपी पाठकहरूको जानकारीको लागि हामीले यहाँ प्रस्तुत गरेका छौं ।

Received,
16 MAR 1995

Bagdurbar
Kathmandu, Nepal

Date :-

15 March 1995.

Bharat Mohan Adhikari
Minister of Finance.

Mr. D. Joseph Wood
Vice President
South Asia Region
The World Bank
Washington, D. C.
USA.

Dear Mr. Wood,

Re: Arun III Project.

Thank you for your letter of 8 March 1995 in respect of above mentioned project.

It appears that there may be misinterpretation of our communication and pledges. Therefore, I am pleased to clarify and reconfirm HMG/N's firm commitment for Arun III as mentioned in the understanding contained in the Aide-memoire on State Minister Mr. Pandey's meeting in Washington in January 1995, and the agreement reached in June 1994. Once again I very much appreciate your understanding as contained in the first paragraph of your letter of March 2, 1995.

While I understand the difficulties in project processing schedule, I would appeal for an accelerated project processing in view of HMG/N's affirmation for the Project. We now request for an early visit of the inspection panel and we will be pleased to provide any assistance required by them. In keeping with usual practice we hope, of course, that their mission ( like other Bank mission ) will be cleared with us.

Once again I wish to assure you of our full support in speedy implementation of Arun III Project and Nepal - Bank partnership in the development endeavour of our country. In this regard, I extend a warm invitation to you and Mr. Heinz Vergin to visit Nepal at your earliest convenience.

With warmest personal regards,

Yours sincerely,

Bharat Mohan Adhikari
( Bharat Mohan Adhikari )

यो समाचारको प्राप्तिपछि हामीले एमाले पार्टी र सरकारका जिम्मेवार मानिसहरूसित यसवारे स्पष्टता प्राप्त गर्न प्रयत्न गर्‍यौं। हामीले सोधपूछबाट के थाहा पायौं भने- एमाले सरकारले साँच्चै नै जून, १९९४ को सहमतिलाई स्वीकारेको नै रहेछ । *(सहमतिका शर्तहरू विस्तृत रूपमा मूल्याङ्कनको गत अंकमा प्रकाशित गरिएका छन् )।*


तर एमाले सरकार अझै पनि दुई वटा उपलब्धि आफ्नो प्रयत्नबाट हासिल गरेकोमा गौरव गर्दोरहेछ । पहिलो, १० मेघावाटभन्दा ठूलो आयोजनामा नेपालले अब हात हाल्न सक्छ, त्यो व्यवस्था पहिले थिएन भन्ने कुरामा । दास्रो, विद्युत महशूल पनि कार्यदक्षता बढाएर सरकारले अव घटबढ गर्न पाउने भयो भन्ने कुरामा ।

हामीले खोजी गर्दा के पत्तो लाग्यो भने- यी दुई 'उपलब्धिहरू' पनि फगत 'मूतको न्यानो' मात्र रहेछन् । असलमा विश्व बैंक आफ्ना संपूर्ण शर्तहरूमा यथावत अडानमा रहेछ। १० मेघावाटभन्दा ठूला आयोजनामा हाम्रो प्रयत्नबाट नेपालले अब हात हाल्न पाउने भयो भन्ने कुरा पनि फजुल रहेछ। यो हात हाल्न पाउने सरकारले होइन, निजी क्षेत्रले मात्र रहेछ। सरकारले त विश्व बैंकको शर्त स्वीकारेपछि विश्व बैंकको सहमति बेगर कुनै अर्को आयोजनामा हात हाल्न नपाउने शर्त अहिले पनि ज्यूँकात्यूँ रहेछ। जून, १९९४ को संझौताको आशय नै त्यही रहेछ।

त्यस्तै, विद्युत महशूल पनि सरकारले घटवढ गर्न पाउने भयो भन्ने कुरा पनि फजूल रहेछ। विद्युत महशूल यथावत हालतमा सरकारले घट्ाउन नपाउने प्रावधान अहिले पनि ज्यूँकात्यूँ रहेछ । तर जुन अनुपातमा विद्युत चुहावट घटाउन सकिन्छ, सरकारले त्यही अनुपातमा महशूल घटाएमा विश्व



हिजोको अडान आज छोडियो, किन ?



‘ अमेरिकाको राजधानी वाशिंगटनस्थित विश्व बैंकको मुख्य कार्यालय, जहाँ हामी नेपाली र हाम्रो देशको भविष्य लेखिनेवाला छ ! ’

बैंकलाई कुनै आपत्ति नभएको कुरा मात्र विश्व बैकले गरेको रहेछ ।

यस अर्थमा, अडान छोडेको सरकारले मात्र रहेछ, तर विश्व बैंक आफ्नो शर्तमा टसमस भएको रहेनछ । विश्व बैंकको सबैभन्दा खतरनाक शर्त- नेपालको विस्तृत आर्थिक संरचना र बजेट विश्व बैंकलाई चित्त बुझ्दो हुने गरी अन्तिम रूप दिइनु पर्ने र त्यसबारे हरेक वर्ष विश्व बैंकसित बसेर समीक्षा गर्नु पर्ने भन्ने हो । त्यो अत्यन्त राष्ट्रघाती शर्त अहिले पनि ज्यूँकात्यूँ रहेछ ।

सरकारको यो कदमले देशको भविष्यमा दूरगामी असर पार्ने छ । अहिले पनि अरूण तेस्रो योजनाको संवन्धमा अन्तिम संझौता भईसकेको छैन । सरकार संझौता गर्न तयार भएको स्थिति मात्रै छ र सच्याउने ठाउँ र समय अझै बाँकी छ । तर यसले संझौताको रूप लिन पायो भने नेपाल सोमालिया र ब्राजिल जस्तै राष्ट्रिय वर्वादीको बाटोमा जानेछ । देशमा चुनावबाट नयाँ सरकार नयाँ अठोट सहित त आउने छ । तर उसलाई अर्थतन्त्रमा नयाँ निर्णय लिने कुनै ठाउँ बाँकी रहने छैन । सबै कुरा विश्व बैंकद्वारा पूर्वनिर्णित र पूर्व निर्धारित हुने छन् । कुनै पनि नयाँ सरकारले नयाँ थालमा पुरानै पूर्वनिधारित योजनाहरू पस्कनु पर्ने हुनेछ । बाहिरबाट हेर्दा देश प्रजातान्त्रिक स्वाधीन देश झैं देखिनेछ , तर देशसित स्वाधीन निर्णय लिने कुनै अधिकार बाँकी रहने छैन । देश विश्व बैंक र मुद्राकोषको प्रेस्क्रीप्शन अनुसार चलाउन वाध्य हुनु पर्ने छ । नव-उपनिवेश भनेकै यस्तै स्थिति हो: न विदेशी सेना छ , न विदेशी कब्जा: तर राष्ट्रिय सरकार कुनै स्वतन्त्र निर्णय लिन अधिकार प्राप्त छैन !

के हामी देशलाई यो दिशातिर जान दिन तयार छौं ? तयार छैनौं भने, यो अहं-घडी हो ।

संझौतामा हस्ताक्षर भएर खरावभन्दा खराव कुरा भइसक्नु भन्दा पहिले नै सबैतिरबाट सशक्त आवाज उठ्नु जरूरी छ र वर्तमान बाटो बदल्नु जरूरी छ । अन्यथा, यो निर्णयले संझौताको रूप लिन पायो भने- १९५० को सन्धिको बारे यहाँ बोलिरहनु बेकार हुनेछ । अरूण तेस्रोको संझौताले १९५० को सन्धिलाई धेरै पुड्को पारीदिने छ ।

यो घटनाले एमालेको नेतृत्वमा, वर्तमान सरकारमा हालै विकसित एउटा नयाँ प्रवृत्तितर्फ इंगित गरेको छ- त्यो हो- देश भाँडमै गएपनि जाओस्, तर हर-हालतमा सरकार चाहिं टिक्नु-टिकाउनु पर्छ भन्ने प्रवृत्ति, देशको भविष्यलाई भन्दा सरकारमा एउटा पार्टी टिक्नुलाई पहिलो प्राथमिकता दिने प्रवृत्ति ।

यो सारै नै खतरनाक प्रवृत्ति हो । यो प्रवृत्तिको विरोध सर्वत्रबाट हुनपर्छ । यो प्रवृत्तिले काम गर्ने हो भने, देशको वर्वादीको कुनै सीमा हुने छैन ।

यो घटनाले अर्को एउटा प्रवृत्ति पनि उदांगो पारेको छ- त्यो हो- राष्ट्रिय आत्मविश्वासको अभाव अर्थात् भिक्षाटन-प्रवृत्ति । शर्त जे सुकै होस्, विश्व बैंकको भिक्षा भएन भने हामी कामै चलाउन सक्दैनौं भन्ने हाम्रो मानसिकता छ । यो साम्राज्यवादीहरूको निम्ति साह्रै उपयोगी मानसिकता हो । यो मानसिकता र प्रवृत्तिको पनि चारैतिरबाट विरोध हुनु जरूरी छ । विदेशी सहायता लिनु हुन्न भन्ने कुरा होइन । न्यायपूर्ण शर्तमा त्यो सहायता लिइनु पर्छ । तर फेरि पनि हाम्रो भिक्षाटन- मानसिकता हुने हो भने हामी शर्त हैन, सहायता मात्र हेर्नेछौं । सहायता मात्र हेर्ने हो भने हाम्रो वर्वादी सुनिश्चित छ । ❑

# संस्कृत समाचार किन र कसको लागि ?

‘ निहित स्वार्थीहरू र शासक वर्गले नै संस्कृतलाई विना प्रयोजन जवर्दस्ती जनतामाथि लादेर संस्कृतप्रति आम जनतामा द्वेष र घृणा पैदा गरिरहेका त छैनन् ? ’

क. शंकर पोखरेलको नेतृत्वमा गठित रेडियो नेपालको कार्यक्रम संवन्धी सुझाव समितिले अन्य सुझावहरूका साथै एउटा सुझाव के पनि दियो भने- अव उप्रान्त रेडियो नेपालले संस्कृतमा पनि समाचार प्रसार गर्न थाल्नु पर्छ ।

नभन्दै गत चैत २० देखि रेडियो नेपालले त्यो सुझावलाई कार्यान्वयन गरिरहेको छ ।

यस विषयलाई लिएर गत चैत्र २० गतेभन्दा अघिदेखि नै विवादहरू उत्पन्न भएका थिए । सोही दिन साँझ काठमाडौंमा नेपाल भाषा मंका: खल: र नेपाल जनजाति महासंघले सरकारको यस कार्यको विरोध गर्दै काठमाडौं असनमा रेडियो नेपालको पुत्ला जलाउने काम पनि गरे । काठमाडौंमा विरोधमा लेखिएका काला तुलहरू ठाउँठाउँमा झुण्ड्याइएका छन् ।

यस मामलामा एउटा ठूलै विवाद खडा भएको देखिएको छ र समयमै ठीक तरीकाले हल नगरिएमा यसले जनतावीचको एकतामा खलल पुऱ्याउन सक्ने संभावना समेत देखिएका छ ।

विद्यालयस्तरका केही कक्षामा संस्कृत अनिवार्य शिक्षाको विषयमा र संस्कृत विश्वविद्यालयको औचित्य आदिको विषयमा देशमा यस अगाडि पनि विवादहरू भएका थिए । यो देख्दा देख्दै पुन: यही संस्कृतको पक्षमा हतारमा सरकारले निर्णय गरेर अनावश्यक रूपमा आफैंले विवादको विषयमा हात हालेको छ ।

विवादास्पद विषयमा नीति बनाउँदा र लागू गर्दा गरिनु पर्ने व्यापक, खुला, जनस्तरीय छलफलको, बहसको प्रक्रिया यसमा सरकारले पूरा गरेन । पछि विरोध भयो । संचार मंत्रीले एमालेकै दुई सांसदहरूलाई ‘संस्कृत समाचार’ स्थगित गरिने बचन दिनु भयो । तर चैत्र २० गते त यो बचनको उल्टो, उक्त समाचार दिने क्रम शुरू नै गरियो । यसबाट बुझिन्छ- सरकारले यो विषयलाई “इज्जतको सवाल” बनायो र अनावश्यक विवादमा आफैं फस्यो ।

हामी अझै प्रस्टतापूर्वक उल्लेख

गर्न चाहन्छौं- सरकारले यो विवादास्पद निर्णय फिर्ता लिएर बुद्धिमानी देखाउन अझै पनि ढीलो गर्नु हुन्न। अनावश्यक हठले हानी मात्र पुऱ्याउँछ।

जुन सरकारले देशभित्र जनताले दैनिक रूपले बोल्ने तीन दर्जनभन्दा बढी संख्याका जन-भाषाहरूमध्ये ७/८ भाषा बाहेक अरूमा रेडियो-समाचार प्रसारण गर्न सकेको छैन, उसले बाँकी जन-भाषाहरूभन्दा अगाडि त्यस्तो भाषालाई राख्छ, जसको बौद्धिक भण्डार त बेसी छ, तर जुन भाषा देशको एक जना नागरिकको पनि मातृभाषा वा बोलिचालीको भाषा हैन, भने यसले विवाद ल्याउनु स्वभाविक नै हो।

आम नेपालीले त संस्कृतको समाचार पटक्कै बुझ्दैनन्। संस्कृतको समाचार बुझ्ने आम नेपालीहरू दश हजारमा १ जना पनि छैनन्। यस्तो ९९.९९% भन्दा पनि बेसी जनताले नबोल्ने मात्र हैन, बुझ्दा पनि नबुझ्ने भाषामा समाचार प्रसार गरेर त्यो सुन्ने कसले ? त्यसबाट देश र जनतालाई फाइदा के ? केका लागि र कसका लागि राज्यले त्यो भाषामा समाचार दिन अमूल्य समय र राज्य स्रोत खर्च गर्ने ?

कुनै भाषा बदलिंदो विश्व परिस्थितिमा देश र जनताको प्रगतिको लागि सारै महत्वपूर्ण छ भने, राज्यले त्यो भाषालाई लोकप्रिय पार्न पहल गर्न सक्छ। तर त्यस्तो पहल त समाचार प्रसारद्वारा हैन, चाहनेहरूको लागि त्यो भाषाको पठन-पाठनका लागि अवसर जुटाएर मात्र हुन सक्छ। फेरि अहिलेको विश्व परिस्थितिमा संस्कृत त्यस्तो भाषा पनि त रहेको छैन।

संस्कृतमा उन्नत साहित्य छ। संस्कृतमा प्राचीन विज्ञान र ज्ञानका उन्नतिका केही चुचुराहरू लिपिबद्ध रूपमा सुरक्षित छन्। दर्शन, आयुर्विज्ञान, ज्योतिष विज्ञानका लागि संस्कृतमा निकै ठूलो ज्ञान भण्डार छ।

त्यसैले संस्कृत भाषालाई दुत्कार्नु पर्छ, बहिस्कार गर्नु पर्छ भन्नु गलत हुनेछ, नोक्सानदायी हुनेछ।

तर यी ज्ञानका भण्डारहरू आम नेपालीका लागि कसरी खुला गर्ने त ? कुन उपायद्वारा यी ज्ञानका भण्डारहरूसम्म नेपालीहरूको पहुँच प्रभावकारी हुन सक्छ ?

हाम्रो विचारमा यसका दुई उपायहरू हुन सक्छन्।

एउटा, ती संस्कृत भाषाका ज्ञानका पुस्तकहरूको नेपालका अन्य भाषाहरूमा सरल अनुवाद र व्याख्या विश्लेषण।

दोश्रो, ऐच्छिक भाषाका रूपमा संस्कृतलाई परिचित गरेर त्यसमा रूची भएका अनुसन्धानकर्ताहरूलाई राज्यले विशेष सहुलियत दिएर ती ज्ञानको जिज्ञाषा भएका बढी भन्दा बढी मानिसहरू र देश सिंगै संस्कृतको ज्ञान भण्डारबाट लाभान्वित हुन सक्छ। यस्तो नीति कुनै पनि भाषाबाट ज्ञान विज्ञान सिक्नका लागि अप्नाउन जरूरी छ।

यसो गरेमा संस्कृत भाषातर्फ मान्छेको रूचि पनि बढ्न सक्छ। तर यो दिशामा हामीकहाँ सारै कम काम भएको छ, जसलाई कामै भएको छैन भन्दा पनि हुने स्थिति छ। संस्कृत भाषालाई अनिवार्य पाठ्यक्रममा राख्नु पर्छ भन्नेहरूले पनि यो काम गर्न त्यति रूचि देखाएका छैनन्, न त राज्यले नै



**संस्कृत समाचार प्रसारको विरोधमा काठमाडौंमा रेडियो नेपालको पुत्ला जलाइदै**

यो दिशामा ध्यान दिएको देखिएको छ।

तर हाम्रो देशमा संस्कृतलाई स्कूलको पाठ्य पुस्तकमा अनिवार्य भाषाका रूपमा जबर्दस्ती लाद्ने काम चाहिं भएको छ। यो काम धेरैजसो या त प्रजातन्त्रको मर्म नबुझ्ने र जनताको मनोविज्ञान नबुझ्ने पुरोहितवर्गहरूले गरेका छन्, या संस्कृतको नाममा निहित स्वार्थवश जनतालाई थोत्रा पुराना रूढीवादी मूल्य र मान्यताले लैस पार्न खोज्ने शासक वर्गले गरेका छन्। संस्कृत भाषा यस्तो भाषा हो, जसमा उन्नत साहित्य र ज्ञान विज्ञानको भण्डार मात्र छैन , मान्छेलाई रूढी र अन्धविश्वासग्रस्त पार्ने धर्मशास्त्र र 'पण्डा-साहित्यको' पनि निकै ठूलो भण्डार छ। अहिले ज्ञान विज्ञानका पक्षपातीहरूले हैन, निहित स्वार्थीहरू र शासक वर्गले नै संस्कृतलाई विना प्रयोजन जबर्दस्ती जनतामाथि लादेर संस्कृतप्रति आम जनतामा द्वेष र घृणा पैदा गरिरहेछन्। वास्तवमा संस्कृतका यी कथित हिमायतीहरूले नै संस्कृतप्रति जनतामा नफरतको स्थिति पैदा गरिरहेछन्।

जबर्जस्ती लादेर त मान्छेहरू "स्वर्ग" पनि जान चाहन्नन्। यो आम जनताको स्वभाव हो।

प्रजातन्त्रको एउटा मुख्य मर्म के हो भने, जबर्दस्ती केही पनि कुरा नलाद्नु। जरूरी प्रत्येक कुराको महत्व बुझाउनु, विकल्प सिर्जना गर्नु र आफैं रोज्न दिनु। यो कुरा संस्कृतको संवन्धमा पनि लागु हुन्छ।

संस्कृत भाषालाई ऐच्छिक भाषा मात्र बनाइयोस्। संस्कृत भाषाका समाज उपयोगी र अनमोल कुराहरू अनुवादद्वारा, व्याख्या विश्लेषणद्वारा जनताको जानकारीमा ल्याइयोस्। ती कुराहरू उपयोगी, समय सान्दर्भिक र चाखलाग्दा लागे भने जनताको रूचि स्वत: संस्कृततर्फ बढ्नेछ। मान्छेको जीवनको आवश्यक्ता स्वयमले संस्कृत पढ्न जरूरी हुनेछ। यो प्रजातान्त्रिक बाटो हो।

अहिले संस्कृतमा समाचार प्रसारित गर्ने कार्यक्रम संस्कृतको ज्ञान भण्डारतिर नेपालीहरूको पहुँच पुऱ्याउने नियतले आएको छैन। यो धार्मिक कार्यक्रमसित जोडिएर आएको छ र मुट्ठीभर व्यक्तिहरूको मागका आधारमा निहित स्वार्थका लागि आएको छ। राज्यस्तरबाट कुनै धर्म विशेषलाई जनताबीच प्रचार गर्ने नियतले आएको छ।

तसर्थ यसको उद्देश्य आफैं प्रतिगामी छ। यस्तो समाचार प्रसारणले भलै यहाँको शक्ति-सन्तुलनमा केही व्यक्तिलाई खुश पार्ने काम त होला, तर यसले आम जनतामा भने नकारात्मक प्रतिक्रिया मात्र जन्माउने छ। यो कामले एमाले सरकारप्रतिको नियतप्रति नै जनतामा व्यापक आशंका जन्माउने छ। आखिर विना कुनै उपादेयताको र विना कुनै जायज कारणको यो समाचार प्रसारण सरकार किन गर्दैछ ? र कसको लागि गर्दैछ ?

हाम्रो ठम्याइमा यो समाचार प्रसारण तुरून्त वन्द गरिनु पर्छ। यसको सट्टामा यसलाई दिने महत्वपूर्ण समय र स्रोत- लगानी जन-चेतना जागृत गर्ने कुनै अर्को कार्यक्रमलाई दिइनु पर्छ। रेडियोमा स्थान नपाईसकेका नेपालका अन्य भाषाहरूलाई दिइनु पर्छ।

एमाले सरकारद्वारा प्रस्तावित यस संस्कृत समाचारको विरोधमा एमालेकै केही सांसदहरू पनि खुला रूपमै उत्रिनुभएको देखिएको छ। यो काम उहाँहरूले यो नीति बन्नुअघि र कार्यान्वयन गर्नुअघि नै गर्नु पर्थ्यो। आफ्नो पार्टी र सरकारले कुनै पाइला चाल्नुअघि नै उपयुक्त समयमै उपयुक्त सुझाव र दवाव दिने काममा उहाँहरू पछि पर्नु भएको कुराको संकेत हो यो।

महत्वपूर्ण र संवेदनशील विषयहरूमै पनि एमालेभित्र समयमै गंभीरतापूर्वक आफू-आफूबीच नै पनि सुझाव लिने-दिने र छलफल गर्ने काम नभईरहेको कुरातर्फ पनि यसले संकेत गरेको छ। यो कार्यशैलीलाई एमालेसंग संवद्ध व्यक्तिहरूले तुरून्तै नसच्याउने हो भने अन्य विषयमा पनि नचाहिने विवादको घेरामा सरकार फस्ने टड्कारो संभावना रहेको छ।

यस विवादको क्रममा एमालेका उक्त सांसदहरूले आफू पहिले कुनै "जातिविशेषको व्यक्ति" भएको र त्यसपछि मात्र "कम्युनिष्ट" भएको कुरा पनि व्यक्त गर्नु भएको पाइयो।

यो उहाँहरूको उदेक लाग्दो अवधारणा हो।

कम्युनिष्ट हुनु भनेको कुनै जाति, धर्म र क्षेत्रीयताको साँघुरो घेराभन्दा धेरै माथि उठ्नु हो। उहाँहरूले उत्पीडीत जाति, भाषा, धर्मको पक्षमा आवाज उठाउनु ठीक कुरा हो। किनभने, कम्युनिष्टहरू संपूर्ण उत्पीडीत, शोषितहरूको पक्षमा हुन्छन्। तर उनीहरू आफू नै जाति, भाषा, धर्मको साँघुरो घेरामा सीमित हुनु चाहिं कुनै पनि हालतमा ठीक कुरा होइन। यदि यसो गर्ने हो भने त असचेत जनताले आफूलाई जाति, भाषा, र धर्मको घेराबाट माथि उठाउन सकेनन् भनेर हामीले चिन्तित हुने नै किन ?

त्यसैले, उहाँहरूको यो अवधारणा गलत छ।

तर यसो भन्दैमा, संस्कृत भाषालाई समाचार प्रसारणको प्राथमिकतामा अहिले नै पार्ने सरकारको नीति ठीक छ भन्ने चाहिँ होइन। ❑

# संस्कृत भाषा: के गरियोस् के नगरियोस् ?


❑ १९५० को सन्धिमा के के परिवर्तन हुनुपर्छ ?
*-इतिहासविद् डा. कृष्णबहादुर थापाको विश्लेषण*

❑ नेपाल भारत व्यापार सम्बन्ध कस्तो हुनुपर्छ ?
*-अर्थविद् महेश्वरमान श्रेष्ठको दृष्टिकोण*

❑ भारतलाई विजुली बेच्ने हो भने नेपालले कस्तो नीति लिनुपर्छ ?
*-विद्युतविज्ञ विकास पाण्डेको विचार*

❑ साथमा महत्वपूर्ण ऐतिहासिक दस्तावेजहरू
*-१९५० को सन्धि*
*-सन्धिसंग आदान-प्रदान भएको पत्र*

# अब नेपाल-भारत



फोटोः उषा

नेपाल-भारत सम्बन्ध यस्तो छ कि यो नभईकन पनि हुँदैन, तर हाल देशको दीर्घकालीन हितमा पनि यो भइरहेको छैन । नेपाल व्यापार, पारवहन, खुला सीमा, रोजगारी, संस्कृति सबै हिसावले भारतसित घनिष्ट रूपले जोडिएको छ । तर भारतीय शासक वर्ग भने नेपाललाई हमेशा आफ्नो प्रभूत्वको छातामुनि राखीछोड्न चाहन्छ । जब जब नेपाल कुनै तरहले यो छाता बाहिर आउन खोज्छ, भारतीय शासक वर्ग शिकार खोसिएको बाघ झैं नेपाल राष्ट्रमाथि झम्टन्छ र अनेकौं विपत्तिहरू सिर्जना गर्छ। २०४६ सालको नाकावन्दी त्यसैको टड्कारो उदाहरण हो ।

संसार र नेपाल दुवै, कहाँबाट कहाँ पुगिसके, तर नेपालसँग भारतीय शासक वर्ग मोहन सम्शेरकालीन १९५० को सन्धि र त्यसपछिका तिनै विशेष संम्झौताहरू मार्फत 'विशेष' संवन्ध कायमै राख्न चाहन्छ, जसबाट नेपाल नव-उपनिवेश बन्छ, स्वतन्त्र सार्वभौम राष्ट्र बन्दैन ।

भारतीय शासक वर्ग अहिले पनि आफ्नो सुरक्षा सीमाना हिमालयलाई मान्छ । ऊ नेपाललाई अहिले पनि एउटा सुरक्षित, प्रतिस्पर्धाहीन एकलौटी बजार बनाउन उद्यत छ, आफ्नो वस्तुको, पूँजीको, साथसाथै आफ्नो वेरोजगार श्रमशक्तिको ।

यो स्थितिमा, नेपालमा एमालेको सरकार आएको छ, जसले यसअघि १९५० लगायत भारतसितका सारा असमान संझौताहरू खारेज गर्ने माग गरेको थियो र त्यही नारामा चुनाव लडेको थियो । हालसालै उप प्र.मं. को भारत भ्रमणपछि यही चैत्र को अन्तमा प्र.मं. मनमोहन अधिकारीको भारत भ्रमण हुँदैछ । भारत भ्रमणको एउटै उद्देश्य राखिएको छ- भारतसित फेरि सार्वभौम र स्वतन्त्र राष्ट्र नेपालको हिसावले हर क्षेत्रमा संवन्ध पुनर्परिभाषित गर्नु ।


यो सन्दर्भमा, नेपालको भारतसितको संवन्ध कस्तो हुन पर्ने हो ? कुन दिशामा संबन्धले मोड लिनु पर्ने हो ? के कस्तो नयाँ सन्धि संझौताहरू हुनु पर्ने हो ? १९५० को सन्धि, जलस्रोत, व्यापार - यी सबै क्षेत्रमा नेपालले के फेर्ने र के हासिल गर्न प्रयत्न गर्नु पर्ने हो ?

हाल आम चासोको विषय यो बनेको छ । यसैलाई ध्यानमा राखेर *मूल्यांकन*ले यी विषयका विज्ञहरूका विचार संकलन गरेको छ । समयमै भारत जाने नेपाली प्रतिनिधि मण्डललाई यी विचारहरू हस्तान्तरण पनि गरेक्रो छ । र, यसै विषयमा यही चैत्रको चौथो साता एउटा महत्वपूर्ण अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको छ ।

यस पटक प्रस्तुत छ- विज्ञहरूका विचार र सम्बन्धित ऐतिहासिक दस्तावेजहरू । अर्को अंकमा हामी अन्तर्क्रियाको रिपोर्ट पनि प्रस्तुत गर्ने छौं ।

**-मूल्यांकन**

# सम्बन्ध कस्तो हुनुपर्छ ?



## के हुन् नेपाल-भारत बीचका मूल समस्याहरु ?

### के हुन् यसका समाधानका बाटाहरू ?

— श्याम श्रेष्ठ

नेपाल-भारत संबन्धलाई नयाँ प्रगतिशील दिशा दिने हो भने, सबैभन्दा पहिले जरूरी छ- समस्याको सही पहिचान । समस्याको सही पहिचान हुनु भनेको ५०% समस्या समाधान भइसक्नु हो ।

**सीमित प्रभूसत्ता**

नेपाल-भारत बीचको संबन्धमा रहेको एउटा सबैभन्दा प्रमुख समस्या हो- नेपालको सीमित प्रभूसत्ताको समस्या । विगतका त्रुटीपूर्ण र असमान संझौताहरूले गर्दा नेपालको प्रभूसत्ता र स्वतन्त्रता निकै सीमित हुन पुगेको छ । साम्राज्यवादी वर्गको रूपमा विकसित भारतीय शासक वर्गको वजार स्वार्थ, स्रोत साधनहरूको स्वार्थ र सुरक्षा स्वार्थले गर्दा सन्धि संझौता मार्फत नेपाललाई आफ्नो प्रभूत्वको छातामुनि राख्ने प्रयत्न र नेपालका शासक वर्गको राजनीतिक इच्छाशक्ति र दृढताको गरीवीले गर्दा नेपालले अहिले पनि तिनै थोत्रो, पुराना, प्रभूसत्ता सीमित पार्ने असमान संझौताहरूको सिरक ओढेर बस्नु परिरहेछ ।

कुर्सी स्वार्थले वा कमीशन स्वार्थले जहिले पनि नेपालको शासक वर्गको राजनीतिक इच्छाशक्ति, दृढता र विवेकलाई खाईदिएको नेपालको इतिहास छ । १९५० कै शान्ति र मैत्री सन्धिले नेपालको प्रभूसत्ता र स्वतन्त्रतालाई निकै सीमित पारिदिएको छ । त्यो सन्धि अनुसार भारतीय नागरिकहरूलाई हामी नेपाली नागरिकसरह नेपालमा उद्योग व्यवसाय खोल्न, जग्गा जमीन खरीद गर्न, चलफिर गर्न, घरवास जोड्न, ठेक्का पट्टा गर्नदिन बाध्य छौं । नेपालले भारतीय नागरिकहरूलाई त्यही "राष्ट्रिय व्यवहार" र "समान विशेषाधिकार" दिनु पर्ने सन्धिको प्रावधान छ, जुन कुनै पनि मुलुकले आफ्नो देशको नागरिकलाई मात्र दिन सक्छ ।

यी सारै खतरनाक र प्रभूसत्ता नियन्त्रण गर्ने शर्तहरू हुन् । यो सुविधा नेपालीहरूलाई भारतमा पनि छ भनेर यी शर्तहरूमाथि आँखा चिम्लन प्रेरित गरिन्छ । तर संपूर्ण दुई करोड नेपाली नै भारत पसेमा पनि त्यो भारतीय जनसंख्याको एउटा सानो अंश मात्र हुन्छ । तर नेपालमा चाहिँ बिहारको एक चौथाई जनसंख्या मात्र पस्यो भने पनि नेपाली नागरिकहरू अल्पसंख्यक राष्ट्रियतामा बदलिन्छन् ।

सन्धि अनुसार भारतीय उद्योग व्यवसायीहरूलाई नेपालको उद्योग व्यवसाय, ठेक्का पट्टामा समान "राष्ट्रिय व्यवहार" र "समान विशेषाधिकार" दिने हो भने, नेपालको अर्थतन्त्र यति सानो छ कि, भारतको दुई चार ठूला टाटा-विड्लाहरूले नै नेपालको संपूर्ण उद्योग, व्यापार र ठेक्कापट्टामा हालीमुहाली जमाउन सक्छन् । उद्योग व्यापारमा त २०/३० जना भारतीयहरूकै हालीमुहाली नेपालमा कायम पनि भइसकेको छ । तर नेपालका संपूर्ण उद्योग व्यवसायीहरूले भारतमा लगानी गर्न खोजे भने त्यो हात्तीको मुखमा जीरा वरावर हुन्छ । त्यस्तै, नेपालको संपूर्ण जग्गा जमीन नै केही भारतीय धनाढ्यहरूको खरीदको क्षमताभित्र छ । के हामी त्यस्तो हुन दिन सक्छौं ? तर ०५० को सन्धिले त्यस्तो गर्न दिने कबोल गरेको छ ।

हाम्रो प्रभूसत्ता कसरी पनि सीमित भएको छ भने, नेपालले ती सबै मुलुकलाई शत्रु ठान्नु पर्छ, जसलाई भारतले शत्रु ठान्छ र भारतले कुनै मुलुकमाथि आक्रमण गऱ्यो भने, नेपालले पनि साथै लागेर त्यो मुलुकविरूद्ध धावा बोल्नु पर्छ । यति मात्र होइन, नेपालले आफ्नो छिमेकी मुलुकसित केही कुरामा फाटो पर्न आयो भने त्यसको सूचना भारत सरकारलाई दिनु पर्छ । नेपालले कुनै अर्को मुलुकसित हतियार खरीद गर्नु पऱ्यो भने भारत सरकारको पूर्व सहमति लिनु पर्छ । यस्ता शर्तहरू १९५० को सन्धि र त्योसितै आदान प्रदान भएको सहमति-पत्रले नेपालमाथि थोपरेको छ ।

यी शर्तहरू भारतमाथि पनि लागु हुन्छन् । तर, विगतमा भारतीय शासकवर्गले पनि यी शर्तहरूको पालना गरेको देखिएको छैन । चीन र पाकिस्तानसित खटपट पर्दा भारतले त्यसको सूचना नेपाल सरकारलाई गरेन । न त त्यति विशाल हतियारको भण्डार भारतले जम्मा गर्दा नै उसले नेपालको अनुमति लियो । त्यसैले, भारतीय शासक वर्गले सन्धि तोड्ने कामको थालनी त आफैं गरिसकेको छ । तर, नेपालले चीनसित हतियार किनेर त्यो तोड्ने कामको थालनी गर्दा भने भारतीय शासक वर्गले २०४६ सालमा युद्धकालीन नाकावन्दी लगाएको कुराको इतिहास साक्षी छ ।

२०४६ सालको आर्थिक नाकावन्दीको चूरो कारण यही थियो कि- भारतीय शासक वर्गले १९५० को सन्धि- सहमति बमोजिम भारतीय प्रभूत्वको र सुरक्षाको छातामुनि रहनु पर्नेमा नेपाल अब उसको प्रभूत्वको वृत्तबाट बाहिर निक्लन खोजेको उसलाई महशूस भयो । भारतसितको घट्दो व्यापार निर्भरता, भारतीय नागरिकहरूमाथि वर्क परमीट व्यवथा, चीनसित हतियार खरीद, शान्ति क्षेत्रको प्रस्ताव, केही चीनियाँ वस्तुमा अतिरिक्त भन्सार महसूल घटाउने कार्य- यी सबै घटनालाई भारतीय शासक वर्गले भारतीय प्रभूत्वको वृत्तबाट बाहिर निस्कन खोज्ने नेपालको जमर्को ठान्यो । उक्त ऐतिहासिक नाकावन्दी यसरी नेपाललाई 'ठीक ठाउँमा ल्याउन' र 'पाठ सिकाउन' चालिएको चेतावनी-कदम थियो ।

नेपालको प्रभुसत्ताको सीमितताबारे बोध गराउनु नै भारतीय नाकावन्दीको मुख्य उद्देश्य थियो । नत्र कुनै पनि प्रभुसत्तासंपन्न मुलुकले त्यत्ति कदम चाल्दा युद्धकालमा जस्तो आर्थिक नाकावन्दी लाद्नु जरूरी नै हुने थिएन ।

नेपालको प्रभूसत्तालाई- कोशी बाँध योजना, गण्डक योजना र टनकपुर बाँध योजनाले पनि सीमित पारेका छन् ।



## गिरिजा-राव: यस्तो मित्रताको के अर्थ ?

तिनीहरूमा नेपाली भूमिमा बाँध बाँधिएको छ । अत्यधिक फाइदा भारतीय पक्षलाई मात्र हुने पारिएको छ । तर, तिनमा नेपालको प्रभूसत्तालाई दुई अर्थ नलाग्ने भाषामा स्पष्ट पारिएको छैन, न त नेपालको योगदानको र समान उपयोगको हककै तिनमा ग्यारेण्टी गरिएको छ ।

नेपाल-भारत बीचको खुला सीमानाले पनि नेपालको प्रभूसत्तालाई संकुचित पार्नमा मद्दत पुऱ्याएको छ । खुला सीमानाले गर्दा हामी नेपाली कुनै स्वतन्त्र आर्थिक निर्णय लिनै सकिरहेका छैनौं । भारत सरकारले कुनै वस्तुको मूल्य बढायो भने नेपालको सरकारले त्यो वस्तु नेपालमा सस्तो हुँदाहुँदै पनि यहाँ मूल्य बढाउन बाध्य हुन्छ । किनकि सीमाना खुला छ, नत्र त्यो वस्तु भारत छिरीहाल्छ । नेपालको सरकारले चाह्यो नै भने पनि, उसले नेपालमा कुनै वस्तुको मूल्य भारतको भन्दा निकै सस्तो पार्न सक्दैन ।

रोजागारीकै सवालमा पनि खुला सीमानाले अनियन्त्रित परिमाणमा बेसी दक्ष भारतीय रोजगारहरूलाई नेपाली श्रम बजारमा हस्तक्षेप गर्ने अवसर दिएको छ । सजिलैसित नेपालमा बारंबार भारतीय पुलीस र सेनाको प्रवेश पनि खुला सीमानाले नै संभव तुल्याएको छ । यस प्रकार, खुला सीमानाले पनि हाम्रो स्वतन्त्र निर्णय क्षमता र स्वतन्त्र आर्थिक नीतिलाई सीमित पारेको छ ।

विगतका कुनै पनि सरकारले नेपालको कुण्ठित प्रभुसत्ताको समस्यालाई सही तवरले र यसको मूलमै हल गर्न सकेन । राजनीतिक इच्छा र दृढताको अभावले गर्दा नै उनीहरू यसो गर्न असमर्थ भए । सामान्य अडान त वेला वेलामा लिइयो । र, जतिखेर अडान लिइयो, केही सांग्लाहरू चुँडिए पनि । जस्तो, नेपालभित्र भारतीय चेकपोष्ट हटाउने सवाल, नेपालभित्र भारतीय सैनिक मिसन हटाउने सवाल, अरनिको राजमार्ग निर्माणको सवाल, चीनसितको हतियार किन्ने सवाल, उपत्यकामा वर्क परमीट व्यवस्था आदि ।

तर यी त आक्कल् झुक्कल्का घटनाहरू हुन् । नेपालको शासक वर्गको आम प्रवृत्ति कुर्सी-स्वार्थ र त्यही स्वार्थका कारणले आत्म समर्पणको प्रवृत्ति रहेको छ ।

अहिले देशमा एमालेको प्रगतिशील सरकार सत्तारूढ भएको छ । उसका सामु तेर्सिएको चुनौती के हो भने- उसले के त्यो राजनीतिक इच्छाशक्ति र दृढता देखाउन सक्छ, जुन विगतका कुनै पनि प्रतिक्रियावादी सरकारहरूले देखाउन सकेनन् र जुन नभईकन नेपालको सीमित प्रभूसत्ताको समस्या हल नै हुन सक्दैन ? के उसले ती सबै प्रभूसत्ता सीमित पार्ने असमान सन्धि-संझौताहरू खारेज गर्ने र नयाँ समानतामूलक र सम्मानजनक सन्धि-संझौता गर्ने आँट र सुझबुझ देखाउन सक्छ ? ताकमा फेरि पनि कुर्सि स्वार्थलाई नै लगाउनु जरूरी हुन्छ र आम देशभक्त नेपालीसित एकताबद्ध भएर यो कदम चाल्नु जरूरी हुन्छ । के यो दृढता र बुद्धिमानी एमाले सरकारले देखाउन सक्छ ?

यो दृढता र सुझबुझ देखाउन एमाले सरकारसित विविध उपायहरू छन् ।

उसले एकतर्फी रूपमा एक वर्षअघि १९५० को सन्धि अब आफूलाई मान्य नभएको जानकारी भारत सरकारलाई दिन सक्छ र नयाँ समानतामुखी सन्धिको प्रस्ताव गर्न सक्छ । यसो गरेमा पुरानो सन्धि स्वतः खारेज हुन्छ । पुरानो सन्धि खारेज भयो, तर नयाँ सन्धि गर्न भारतीय शासक वर्ग मानेन भने पंचशील र संयुक्त राष्ट्र संघको बडापत्रको आधारमा भारतसित नयाँ सम्बन्ध जारी हुने नीति अख्तियार गर्न सक्छ । सन्धि नहुँदैमा काम रोकिन्छ भन्ने स्थिति छैन । विश्वका कैयन प्रमुख मुलुकहरूसित नेपालको शान्ति तथा मैत्री सन्धि नभएर पनि त काम चलेकै छ नि !

भारतीय शासक वर्गले नेपाललाई तर्साउने गरेको एउटा सवाल नेपालमा भारतमा बसेका नेपालीहरूको ओइरो लगाइदिने धम्की हो । यो काम त्यति सरल छैन, जति भारतीय शासक वर्गले परिभाषित गर्ने गरेको छ । कैयन नेपालीले त भारतमा नागरिकता नै लिइसकेका छन्, तिनलाई भारतले निकाल्नु सजिलो छैन । जो नेपाली नै नागरिक हुन, तिनलाई त कुनै पनि वेला नेपालले अँगिकार गर्नु पर्ने हुन सक्छ । तर, यता नेपालमा पनि त नागरिकता नलिएका लाखौं भारतीयहरू छन् । तिनीहरू नेपालबाट बाहिरिने हो भने, भारतका नेपालीहरूले तिनीहरूको ठाउँ लिन सम्भव छ । नेपालीहरू केही बेसी नै छन् भने पनि एक न एक दिन त हामीले यो समस्याको सामना गर्नै पर्छ, देशको प्रभूसत्ताको लागि यो अहिले नै सामना किन नगर्ने ?

एमाले सरकारले अहिले १९५० को सन्धिवारे नेपालको दृष्टिकोण प्रष्टसित भारत सरकारसित राखिसकेको छ । त्यो सराहनीय कदम हो ।

तर, उसले 'सन्धिको पुनरावलोकन' गर्ने कुरा गर्न थालेको छ । यो दोधारे मनःस्थितिको परिचायक हो । 'पुनरावलोक' अर्थात फेरि सन्धिलाई दोहऱ्याएर हेर्नु, यो यतिखेरको नेपालको आवश्यकता होइन । नेपाल आफ्नो दीर्घकालीन राष्ट्रिय हितको वारेमा स्पष्ट छ र नयाँ विकल्पवारे तयार छ भने- अहिले नेपालको प्रस्ताव सन्धिको 'पुनारावलोकन' होइन, नयाँ सन्धिको पुनर्लेखन हुनुपर्छ, किनकि अंश अंशमा संशोधन गरेर मोहन सम्शेरकालीन पुरानै सन्धि परिमार्जित पार्न सकिने कुनै ठाउँ पुरानो सन्धिले राखेको छैन । त्यो या त पूरै खारेज हुन सक्छ, या पूरै बाँकी रहन सक्छ ।

होइन, भारत तयार हुन्न भने, पुरानो सन्धि मात्र खारेज गरे नयाँ सन्धि नगर्न पनि सकिन्छ । वा, भारतैको 'पुनरावलोकन' वा आंशिक सुधारको प्रस्ताव हुन्छ भने, हामीले त्यसमा आपत्ति गर्नु पर्दैन । हामी सन्धिसित आदान प्रदान भएको सहमतिपत्रलाई पूरै खारेज गर्ने र ०५० को सन्धिको दफा नं. दुई, छ र सात खारेज गर्ने उपाय अप्नाएर काम चलाउन सक्छौं । बाँकी कुराहरूले हाम्रो प्रभूसत्तालाई सीमित गर्दैनन् ।

नेपालको प्रभूसत्ताको रक्षा र संवर्धनको लागि-नेपालले चाल्नु पर्ने अर्को दरो कदम हो- नेपाल र भारत बीचको सीमा क्षेत्रको नियन्त्रण ।"

खुला सीमाना हुन्जेल हामी कहिल्यै पनि नेपालमा स्वतन्त्र अर्थनीति अख्तियार गर्न सक्दैनौं, न त सर्वसाधारणको हितका लागि भारतीय बजारको तुलनामा मूल्यमा राहत दिने काम नै हामीले गर्न सक्छौं ।

सीमा नियन्त्रण भन्नाले खुला सीमाको र खुला आवतजावतको अन्त हो । नेपालका सीमा क्षेत्रका मानिसहरू नेपाल र चीनको सीमानामा जस्तै विनासामान स्वतन्त्र रूपमा आवत जावत गर्न सक्दछन् । तर सामानहरू भने भन्सार भएको नाकाबाट मात्र प्रवेश गर्न सक्छन् । भारत र नेपाल दुवै मुलुकमा पहिलो चरणमा केही वर्ष वर्क-परमीट व्यवस्था र त्यसपछि पासपोर्ट र भिसा प्रणाली लागू हुन्छ ।

यसले रोजगारीको खोजीमा नेपाल वा भारत पस्नेहरूलाई, तीर्थयात्रीहरूलाई शुरूमा निकै असर गर्नेछ । तर यो शुरूको समस्या मात्र हो । एकचोटी यसले नियमित प्रणालीको रूप लिएपछि देशभित्रको वेरोजगारी देशभित्रै हल गर्ने प्रवृत्ति बढ्नेछ र देशको राजस्व निकै बढ्ने स्थिति खडा हुनेछ । तीर्थयात्रीहरूको लागि दुवै देशका राज्यहरूले आपसी सहमतिमा विशेष प्रबन्ध गर्न सक्छन् । जस्तो- राजदूतावासको सहमतिपत्रको आधारमा केही निश्चित दिनको लागि यातायात-परमीट वा भिसा र पासपोर्ट नचाहिने व्यवस्था गर्न सकिन्छ ।

कोशी , गण्डक र टनकपुरको सवालमा नेपालले अहिले गर्न जरूरी कुरा तिनीहरूमा नेपालको प्रभूसत्ताको पूर्ण ग्यारेण्टी, तिनीहरूमा नेपालको योगदानको वारे स्पष्ट मान्यता र तिनीहरुवाट नेपालले समान सुविधाहरूको उपभोगको अधिकार हो ।

**के कमिशन र कुर्सीलाई ताकमा राखेर देशको राष्ट्रिय हित र त्यसको पक्षमा दृढतापूर्ण अडानलाई एमालेको सरकारले देशको मूल प्रवृत्ति बनाउन सक्छ ?**

टनकपुरको सवालमा अहिले एमाले सरकारले पंचेश्वरसित मिलाएर महाकाली-प्याकेजको रूपमा लेनदेन गर्ने प्रस्ताव ल्याएको छ। हामीले त त्यसमा नेपालको प्रभूसत्ताको ग्यारेण्टी गर्ने हो, नेपालको योगदानको स्पष्ट उल्लेख गराउन संघर्ष गर्ने हो र नेपालको पानी र विजुलीमा समान हक र उपभोगको अधिकारको माग गर्ने हो। भारतले चाहिं यसमा प्याकेज डील गर्न प्रयत्न गर्न सक्छ। किनकि टनकपुर विद्युत आयोजना र शारदा बाँधको विकल्प मात्र होइन, यो आयोजना अहिले महाकाली नदीमा भएको बाँधबाट आउने पानीको तुलनामा निकै ठूलो बनाइएको छ। त्यो पंचेश्वर योजनालाई नै याद गरेर ठूलो बनाइएको हो। त्यसैले, भित्रभित्रै टनकपुर योजनालाई प्याकेजको रूपमा बनाउने काम त भारतीय शासक वर्गले गरेको हो। हामीले उसको सट्टामा किन सोचीदिने र उसको मनसाय अनुसार किन चल्ने ? हामी आफ्नो न्यायोचित हकको माग गरौं। उसले पूरै प्याकेजबाट हाम्रो हक दिलाउन खोज्छ भने ठीकै छ, त्यो हाम्रो प्रभुसत्ताको नोक्सानी नहुने शर्तमा हामी स्वीकार्न सक्छौं।



**भारतीय वामपन्थीहरुः १९५० को सन्धिबारे के सोच्लान् ?**
***उप प्रमंको भेटः भारतीय वामपन्थी नेता क. सीताराम येचुरीसंग। बीचमा क. हरकिशन सिंह सुरजीत।*** *(फोटोः उषा)*

खाली टनकपुर होइन, १९५० को सन्धि, व्यापार, जलविद्युत, यी सबै वारे 'प्याकेज डील' गर्नु नेपालको दीर्घकालीन राष्ट्रिय हितमा हुन सक्छ। किनकि, यसो गर्दा नेपालको मोलतोल क्षमता बेसी हुन्छ। नेपालसित लिने मात्र होइन,दिने कुरा पनि धेरै हुन्छन्, र दिने कुराको आधारमा लिने कुरामा बेसी मोलतोल हुन सक्छ।

## ठूलो व्यापार घाटा

नेपालको भारतसितको अर्को ठूलो समस्या बढ्दो व्यापार घाटा हो। व्यापार घाटा गत आर्थिक वर्षमा १५ अरब रूपैयाँ नाघीसकेको छ र यो वर्षको अघिल्लो ६ महिनामा यो १९.४% का दरले बढिरहेछ।

व्यापार घाटाको पछाडिको एउटा मूल कारण नेपालसित निर्यात गर्ने वा आयात प्रतिस्थापन गर्ने औद्योगिक वस्तुकै अभाव हो। भारतले पूरै सीमाना व्यापारको लागि खुला छोडिदिए पनि हामीसित निर्यात गर्ने औद्योगिक वस्तु नै धेरै छैन। न त हामीसित भारतबाट आयात हुने वस्तुहरूकै आयात अनावश्यक पार्ने औद्योगिक वस्तुहरूको प्रचुरता छ। हाम्रो मुख्य निर्यात गर्ने वस्तु नै प्राथमिक वस्तुहरू छन्, जब कि भारत तयारी औद्योगिक वस्तु निर्यात गर्छ। यस्तो भएपछि हामी कसरी व्यापार घाटा घटाउन सक्छौं ? यो बढ्छ र अरू बढ्नेवाला छ।

बढ्दो व्यापार घाटाको अर्को प्रमुख कारण चाहिं त्रुटीपूर्ण व्यापार संझौता हो, जसअर्न्तगत भारतीय सामान चाहिं विना कुनै परिमाणको वन्देज, विना कुनै कच्चा पदार्थको अनुपातको जाँच, विना कुनै अतिरिक्त भन्सार महशूल नेपाली वजारमा प्रवेश गर्छ, तर त्यही सुविधा नेपाली औद्योगिक वस्तुलाई भारतीय वजारमा छैन। त्यहाँ नेपाली वस्तुको कच्चा पदार्थ वा श्रमको प्रतिशत हेरिन्छ र भारत सरकारले अनुमति दिएपछि र अनुमति दिएजति मात्र वजारमा प्रवेश गर्न पाउँछ।

नेपाल एक त उत्तिकै औद्योगिक रूपले भारतभन्दा धेरै पछौटे देश। त्यसमाथि भारतीय नोकरशाही जाँच पडतालको वन्देज- यो कारणले, भएको सामान पनि सजिलै र निर्वाध रूपमा भारतीय वजारमा प्रवेश गर्न सकिरहेको छैन।

यिनै दुई मुख्य कारणले गर्दा नेपालको व्यापार घाटा निकै बढेको छ र अरू निकै बढ्ने निश्चित छ।

यो समस्या हल गर्ने हो भने नेपालको मुख्य प्रयत्न त नेपालको निर्यात गर्ने वा आयात प्रतिस्थापित गर्ने औद्योगिक वस्तुको आधार बढाउनुमै जानु जरूरी छ। नेपालमा कृषिजन्य उद्योगहरू नै त्यस्ता उद्योग हुन सक्छन्, किनकि तिनको कच्चा पदार्थ नेपालमा नै प्रचुर मात्रामा छ र त्यसमा कच्चा पदार्थको प्रतिशत हेर्ने समस्या नै हुँदैन र नेपालको श्रमशक्ति सस्तो पनि छ।

उदाहरणको निम्ति, हामी चिनी उद्योग नेपालमै विकास गर्न सक्छौं र वर्षको ६३ करोड रूपैयाँ, जुन चिनी आयात गर्न खर्च भइरहेछ, त्यो जोगाउन सक्छौं। औषधी उद्योग नेपालमै विकास गऱ्यौं भने वर्षको १५३ करोड रूपैयाँको आयात अनावश्यक पार्न सकिन्छ। सुती कपडा झिकाउँन लाग्ने १६५ करोड पनि नेपालमै उत्पादन बढाउँदै लगेर बचत गर्न सकिने औद्योगिक वस्तु हो। त्यस्तै, कागज, चिया, तरकारी, फलफूल, सूर्ति, हर्लिक्स् तथा दूधजन्य वस्तुहरू नेपालमै उत्पादन गर्न सकिने वस्तुहरू हुन्। गैर कृषिजन्य वस्तुमा सिमेण्ट र विजुलीका सामानहरू नेपालमै उत्पादन हुन सक्छन्। यतिले मात्र हामी १५२ करोड रूपैयाँको आयात प्रतिस्थापन् गर्न सक्छौं र निर्यात पनि प्रशस्त बढाउन सक्छौं।

हामीले निर्यात बढाउन सक्ने अरू वस्तुहरू जडीबूटी, जूटका तयारी सामान, विस्कुट, चाउचाउ, र तोरीको तेल हुन्। विजुली हाम्रो अर्को क्षमता हो, जुन हामी प्रशस्त मात्रामा निर्यात गर्न सक्ने हुन सक्छौं। आवश्यकता छ, सस्तो विजुलीको उत्पादनको, जुन भारतीय वजारमा प्रतिस्पर्धामक हुन सक्छ।

अहिले आवश्यकता छ- एउटा दीर्घकालीन रणनीति र योजनाको र राजनीतिक प्रतिवद्धताको।

यो भयो भने, नेपालले तत्कालै संपूर्ण व्यापार घाटा खत्तम गर्न नसक्ला, तर त्यो क्रमवद्ध रूपमा घटाउँदै लाने दिशा समात्न सक्छ। नेपालले भारतलाई नै संयुक्त लगानीका लागि निम्त्याउन सक्छ।

नेपालले व्यापार घाटा कम गर्न उठाउनु पर्ने अर्को पाइला हो- कच्चा पदार्थको प्रतिशत हेर्ने प्रावधान अन्त गरेर भारतीय वजारमा नेपाली औद्योगिक वस्तुहरू विनारोकटोक प्रवेश गर्ने व्यवस्था मिलाउनु।

यसको लागि नेपालमा जडान-उद्योगबाट उत्पादित वस्तुहरूलाई भारतले नकारात्मक सूचीमा राखे पनि हामी तयार हुनु पर्छ। तर नकारात्मक सूचीमा नपरेका वस्तुहरू विनारोकटोक भारतीय वजारमा जान पाउनु पर्छ। हामीले पनि नेपालमै प्रशस्त मात्रामा उत्पादित हुने भारतीय वस्तुहरूलाई नकारात्मक सूचीमा राख्नु पर्छ र नेपालमा उत्पादित वस्तुलाई संरक्षण गर्नु पर्छ।

यी दुई उपायबाट हामी नेपालको व्यापार घाटा धेरै कम गर्न सक्छौं।

जम्मामा, नेपालको अहिलेसम्मको इतिहास कुर्सी-स्वार्थ र कमीशन-स्वार्थको निम्ति प्रतिक्रियावादी शासकहरूको राष्ट्रिय आत्म समर्पणको इतिहास रहेको छ। राष्ट्रिय अडान नेपालको आक्कल् झुक्कल् घटना मात्र भएको छ। प्रवृत्तिको रूपमा यो विकसित हुन सकेको छैन।


अहिलेको मूल सवाल र चुनौती के हो भने,- के नेपालको पहिलो वाम सरकारले इतिहासको यो धार बदल्न सक्छ, के कमीशन र कुर्सीलाई ताकमा राखेर देशको राष्ट्रिय हित र त्यसको पक्षमा दृढतापूर्ण अडानलाई एमालेको सरकारले देशको मूल प्रवृत्ति बनाउँन सक्छ ?

यो सकेन र कुर्सी-स्वार्थ वा कमीशन-स्वार्थमै नेपालको पहिलो वाम सरकार पनि लडखडायो भने,- यो नेपालको सबैभन्दा ठूलो दुर्भाग्य हुनेछ। ❑

# कस्तो हुनुपर्छ नेपाल-भारत व्यापार सम्बन्ध ?

**महेश्वरमान श्रेष्ठ, *अर्थविद्***

आजको संसारमा कुनै पनि देश अन्तर्राष्ट्रिय व्यापारबाट अलग्गिएर रहन सक्दैन । आम जनताको जीवनयापनको लागि आवश्यक पर्ने बस्तुहरू उपलब्ध गराउन तथा विकास आयोजनाहरू संचालन गर्नको लागि आवश्यक साधन र स्रोत जुटाउन समेत वैदेशिक व्यापारको महत्वपूर्ण भूमिका रहन्छ । वास्तवमा साधनहरूको प्रचुरता तथा श्रमले उत्पादन कार्यमा प्राप्त गर्ने विशिष्टताले गर्दा उत्पादन लागतमा ल्याउने भिन्नताले व्यापारको उत्पत्ति हुन्छ । तर समाजको विकासको विभिन्न चरणसंगै व्यापारिक कारोबारको प्रक्रियामा पनि भिन्नता हुने गर्दछ । सामन्तवादी समाजमा हुने उत्पादन तथा विनिमयको प्रकृति बेग्लै हुन्छ भने, पूँजीवादी समाजको उत्पादन तथा विनिमय प्रकृति बेग्लै हुन्छ । त्यसैले व्यापारिक कारोबारसंग सम्बन्धित नियमहरू र शर्तहरू पनि बदलिदो परिस्थिति अनुसार बदलिँदै जान्छन् । देशहरूबीच हुने व्यापारमा दलाली गर्ने क्षमता साधाणतः देश विकासको स्तर र निर्यात-आयात गर्ने बस्तुहरुको प्रकृति अनुसार हुन्छ । त्यसैले बेग्लाबेग्लै विकासको स्तर र बस्तुको प्रकृति भएको अर्थतन्त्र वीच व्यापार हुँदा सामान्यतः ती दुई देश बीच "असमान विनिमय" हुन्छ । फलस्वरूप, तुलनात्मक रूपले विकसित अर्थतन्त्र बढी लाभान्वित र कम विकसित अर्थतन्त्र कम लाभान्वित हुन्छ । यो सामन्तवादी पूँजीवादी अर्थतन्त्र अन्तर्गत विकास प्रक्रियामा अन्तरनिहित यथार्थ हो ।



(लेखक)

व्यापारको दृष्टिले नेपालको तिब्बत र भारतसंग अत्यन्त पूरानो सम्बन्ध थियो । धेरै बर्षसम्म काठमाडौं उपत्यका तिब्बत र भारत वीचको व्यापारको मुख्य पारवाहन मार्गको रुपमा भएकोले त्यसबेलाको नेपाल तिब्बत र भारत बीचको मध्यस्थ व्यापारको रूपमा थियो । भारतमा सडक तथा रेल यातायातको विकास भएपछि नेपाल भारत वीचको व्यापार झन झन बढ्दै गयो ।

### निर्देशक तत्वहरू

नेपाल भारत बीच हुने व्यापार यी दुई देश वीच समय समयमा हुने व्यापार सन्धिबाटै निर्देशित हुने गर्दछ । भारत स्वतन्त्र भए यता १९५० मा भएको वाणिज्य तथा व्यापार सन्धिले नेपालको वैदेशिक व्यापारलाई पूरा एक तर्फ ढल्काउने स्थितिको सिर्जना गऱ्यो । त्यसपछि, १९६०, १९७१ र १९७८ मा पनि नेपाल भारत बीच व्यापार तथा वाणिज्य सन्धिहरू भए । पहिलो पटक वाणिज्य र पारवहन सम्बन्धमा छुट्टाछुट्टै सन्धि त्यसै बेला भयो । त्यस बेला वाणिज्य सन्धिको म्याद ५ वर्ष र पारवहन सन्धिको म्याद ७ वर्ष राखिएको थियो । व्यापार सन्धिको म्याद समाप्त भएपछि पुनः ५ वर्षको अवधि थप गरियो र मार्च १९८९ सम्मका लागि बढाइएको थियो । तर पारवहन सन्धिको म्याद १९८५ मा समाप्त भएपछि पुन : ७ वर्षको लागि नवीकरण गरी २/२ वर्ष गरी दुई पटक म्याद थपी दुवैको एकै पटक म्याद सकिने तारतम्य भारतले मिलायो । नियोजित रूपले भारतले २४ मार्च, १९८९ मा व्यापार तथा पारवहन दुवै सन्धिहरू एकसाथ समाप्त भएको एकतर्फी घोषणा गरी नेपालमाथि कठोर नाकाबन्दी गऱ्यो । यसले नेपालमाथि भारतीय शासकहरूको आन्तरिक मनसायलाई उदाङ्गो गरेर देखाइदियो । नेपाललाई अप्ठेरोमा पारेर घुँडा टेकाई आफ्नो अझ ठूलो स्वार्थ पूरा गर्नको लागि अर्को सन्धि गराउने उद्देश्यले यो कठोर नाकावन्दी गरिएको थियो । तर भारतीय शासकहरूको चाहना विरूद्ध नेपालीहरूले आवाज उठाए र कठोर यातना पनि सहे ।

नेपालमा पंचायती तानाशाही विरूद्ध भएको सफल जनआन्दोलनपछि





(चित्रः स्व. मोहन खड्का/झिल्को मासिक)

## हामी भारतलाई के कति दिन्छौं र भारतबाट के कति लिन्छौं ?

जुन १०, १९९० मा दुई देशका प्रधानमन्त्रीहरू बीच एउटा सम्झौता भयो । र, त्यसपछि मात्र नेपाल-भारत बीचको व्यापार पुरानो आधारमा संचालन हुन थाल्यो ।

त्यसपछि डिसेम्बर ६, १९९१ मा मात्र नेपाल-भारत बीच छुट्टाछुट्टै व्यापार तथा पारवहन सन्धि सम्पन्न भयो ।

### के छ त यो सन्धिमा ?

यो सन्धि र यसभन्दा अघिको सन्धिमा मौलिक रूपले कुनै अन्तर छैन । व्यापारिक दृष्टिकोणले हेर्ने हो भने, यसले भारतलाई अझ बढी सहुलियत प्रदान गरेको छ । यसमा नेपालको औद्योगिक वस्तुहरूको निकासीमा भारतको (अप्रत्यक्ष) नियन्त्रण रहने अवस्थाको सिर्जना गरिएको छ । नेपालको औद्योगिक वस्तुहरूलाई, यस सन्धिमा, बेग्लाबेग्लै व्यवहार गरिने व्यवस्था छ ।

✼ सामान्यतः ८०% भन्दा बढी नेपाली वा भारतीय वस्तु मिलाई बनाइएका उत्पादित वस्तुहरूलाई प्राथमिकता तथा थप भंसार महसूल नलगाइकन तथा परिमाणात्मक बन्देज नराखी भारतीय बजारमा प्रवेश गर्न दिने,

✼ ५५% भन्दा बढी नेपाली वा भारतीय वस्तु मिलाई बनाइएका वस्तुहरूलाई छुट्टाछुट्टै आधारमा प्राथमिकता तथा थप भंसार महसूल नलगाइकन र कुनै परिमाणात्मक बन्देज नराखी भारतीय बजारमा प्रवेश गर्न दिने,

तर त्यस्ता बस्तुहरू साना इकाईमा उत्पादित गर्न थालिएमा त्यस्तै खालका भारतमा बनाइएका बस्तुहरूमा लगाइने भारतीय भंसार र केन्द्रीय अन्तःशुल्क दर बराबरको अतिरिक्त महसूल त्यस्ता बस्तुमा लाग्ने,

✼ अन्य बस्तुको सम्बन्धमा कारखानाबाट निस्कँदाको मूल्यमध्ये घटीमा ४०% नेपाली तथा भारतीय बस्तु र नेपालमा भएको श्रम सहितको बस्तुमा भारतले आवश्यकतालाई ध्यानमा राखी

परिमाणात्मक बन्देजबाट मुक्ति दिने र यस्ता वस्तुहरूको नेपालमा थप भएको मूल्य ८०% भन्दा कम र ४०% भन्दा बढी छ भने, अधिकतम् सौविध्य प्राप्त राष्ट्रहरूको पैठारी महसूल दरको ५०% सम्म भंसार महसूल छुट दिने,

तर यसका लागि श्री ५ को सरकारले अनुरोध गर्नु पर्ने र भारतले यस्ता वस्तुलाई अग्रिम व्यवहार ग्राह्यता प्रदान गरिएको जानकारी बस्तु हेरी श्री ५ को सरकारलाई दिने,

※ नेपालमा थप हुने मूल्यमा कारखाना मूल्यको ४०% भन्दा कम भएमा भारत सरकारले अधिकतम् सौविध्य प्राप्त राष्ट्रहरूले पाएको सुविधा सरह पाउने गरी भारतीय बजारमा सामान्य प्रवेश गर्न दिने।

उपर्युक्त सबैका लागि श्री ५ को सरकारद्वारा तोकिएको अड्डाबाट ती सामानहरू कुन हदसम्म नेपाली बस्तु अथवा मूल्य समावेश भएको छ, सोको प्रमाण-पत्र दिनु पर्ने व्यवस्था छ।

※ भारतीय निकासीलाई प्राथमिकता प्रदान गर्न श्री ५ को सरकारले सबै भारतीय निकासीमा लाग्ने अतिरिक्त भंसार महसूल छुट दिने।

यस सन्धि अनुसार नेपाली औद्योगिक वस्तुहरूलाई निकासी गर्नका लागि श्री ५ को सरकारले बस्तुहरूको नामावली साथ कति कति प्रतिशत स्वदेशी तथा भारतीय कच्चा पदार्थ वा श्रम भएको हो, भन्ने कुरा खुलाई निवेदन दिनु पर्ने र ४ महिनाभित्र भारत सरकारले चाहेको वा नचाहेको जानकारी श्री ५ को सरकारलाई दिने र भारतले अनुमति दिएको खण्डमा मात्र तोकिएको परिमाणमा ती वस्तुहरू निकासी हुन सक्ने देखिन्छ।

तर भारतीय बस्तुहरू नेपालमा निकासी गर्न श्री ५ को सरकारसंग अग्रिम अनुमति लिन आवश्यक छैन। यसका साथै नेपालका औद्योगिक वस्तुहरूलाई जस्तै वर्गीकरण गरेर सहुलियत प्रदान गर्ने व्यवस्था पनि छैन। यसको तात्पर्य भारतका सम्पूर्ण वस्तुहरूलाई नेपालको बजारमा स्वतन्त्रतापूर्वक प्रवेश गर्न छुट दिइएको छ। के यस्तो व्यवस्थाले नेपालको निकासी व्यापारलाई कुण्ठित गर्दैन र?

### भारतको स्थिति

नेपालले आर्थिक विकासको लागि गरेको जमर्को तथा भारतीय शासकहरूको वर्गीय स्वार्थको कारणले नेपाल-भारत बीचको व्यापारमा समय समयमा केही उतार-चढाव देखिए तापनि मूलतः नेपाल-भारतको व्यापार परिमाण क्रमशः बृद्धि भइरहेकै देखिन्छ। यसै साथ प्रस्तुत तालिका २ ले नेपाल-भारतबीचको निर्यात-आयात तथा कूल व्यापार र व्यापार घाटालाई प्रष्ट गर्दछ। प्रस्तुत तथ्यांकले नेपालको निर्यात धिमा गतिमा बढेको देखिए तापनि कूल व्यापारमा निर्यातको अंश भने क्रमशः घट्दै गएको देखिन्छ। १९५६/५७ मा कूल निर्यातको ९७०८ प्रतिशत निर्यात भारतमा हुने गरको थियो। यो प्रतिशत १९६५/६६, १९७५/७६, १९८५/८६ र १९९३/९४ मा घटेर क्रमशः ९६.४, ७५.४१, ४०.३ र १३.१५ प्रतिशत मात्र हुन गएको देखिन्छ।

नेपालले भारतबाट गर्ने आयातको परिमाण भने निरन्तर बढ्दै गएको देखिन्छ। तर कूल व्यापारमा भारतसंग हुने व्यापारको प्रतिशत भने घट्दै गइरहेको कुरा पनि यसबाट देखिन्छ। यसरी हेर्दा आयातको प्रतिशत १९५६/५७, १९६५/६६, १९७५/७६, १९८५/८६ र १९९३/९४ मा क्रमशः ९७.६, ९७.६, ६१.९, ४२.५ र ३४.१ प्रतिशत रहन गएको देखिन्छ।

## भारत निकासी भएका केही प्रमुख वस्तुहरू

(१८९३-१९९४) -रू. करोडमा)

| विवरण | रकम | | |
|---|---|---|---|
| जडिवुटी | १.५४ | विस्कुट | १.०३ |
| घ्यू | १.६२ | अलैंची | १३.०८ |
| सुठो | १.८१ | रोजिन | ६.३९ |
| तोरी र सर्सिउ | ७.४२ | छाला | २०.०० |
| कच्चा जूट | ३.९९ | फलफूल | ०.०७ |
| जूटका सामान | २४.२० | चाउचाउ | १.७७ |
| दाल | १९.८२ | ब्रान्स | २.७९ |
| जीवित जनावर | ५.३३ | तेजपात | ०.६४ |
| खयर | ० ७७ | बस्तुको दाना | ३.७४ |
| अदुवा | ६.०१ | तोरी तथा सर्सिउको तेल | २.७९ |
| पिना | १०.२४ | सिंगमर्मर | ०.५३ |
| कच्छ | ०.४८ | | १४८५.१ |
| चामलको ढुटोको तेल | १०.०५ | अन्य | १०९३.२ |
| सालको वियाँको तेल | ०.०० | कूल | २५७८.३ |
| ढुङ्गा र बालुवा | २.४० | | |

यसरी निर्यात तथा आयात प्रतिशतको दृष्टिले दुबै घटीरहेको देखिएतापनि निर्यातको घट्ने प्रवृत्ति बढी र आयातको कम देखिन आएको छ। यसले गर्दा नेपालको भारतसंगको व्यापार सन्तुलन झन् झन् विपक्षमा हुँदै गएको देखिन्छ।

### व्यापार घाटाको स्थिति

उपर्युक्त तालिका २ ले १९५६/५७ मा नेपाललाई व्यापार घाटा रु ७.२४ करोड थियो भने यो बढेर १९६५/६६ मा रु. ४०.१८ करोड, १९७५/७६ मा रु. ३३.९४ करोड, १९८५/८६ मा २७२.९८ करोड र १९९३/९४ मा १५२८.९८ करोड पुग्न गएको देखिन्छ। नेपालका विभिन्न योजनाकालको तथ्यांकले पनि व्यापार घाटा तीव्र रूपले बढ्दै गएको कुरालाई देखाएको छ। भारतसंगको व्यापारमा यस्तो स्थिति रहनुको मूल कारण हाम्रो व्यापार नीति र भारतसंग भएका विभिन्न असमान सन्धिहरूको परिणाम होइन र?

### बदलिंदो अर्न्ताष्ट्रिय परिस्थिति

विश्वको मानचित्रबाट सोभियतसंघको नाम हटेपछि र पूर्वी यूरोपेली देशहरूमा समाजवादी व्यवस्थाको अन्त भएपछि अन्तर्राष्ट्रिय व्यापारमा पनि उदार र खुल्ला अर्थतन्त्र

(बाँकी ३५ पेजमा)

# नेपालको वैदेशिक व्यापार

तालिका २

रु. करोडमा

| आ.वर्ष | निर्यात | | | आयात | | | व्यापार घाटा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | भारत | अन्य | कुल | भारत | अन्य | कुल | भारत | अन्य |
| १९५६/५७ | ९.५५ | ९.३४(९७.८) | ०.२१(२.२) | १६.९९ | १६.५८(९७.६) | ०.४१(२.४) | ७.४४ | ७.२४ | ०.२ |
| १९६०/६१ | २०.९७ | २०.९२(९९.८) | ०.०५(०.२) | ३९.८० | ३७.५१(९४.२) | २.२९(५.८) | १८.८३ | १६.५९ | २.२४ |
| १९६५/६६ | ३७.५१ | ३६.१७(९६.४) | १.३४(३.६) | ७८.२० | ७६.३५(९७.६) | १.८५(२.४) | ४०.६९ | ४०.१८ | ०.५१ |
| १९७०/७१ | ४०.६० | ३२.८३(८१.९) | ७.२३(१८.१) | ६९.९१ | ६१.६८(८८.२) | ८.२३(११.८) | २९.८५ | २८.८५ | १.०० |
| १९७५/७६ | ११८.५८ | ८९.३७(७५.४) | २९.२१(२४.६) | १९८.१७ | १२२.७१(६१.९) | ७५.४६(३८.१) | ७९.५९ | ३३.३४ | ४६.२५ |
| १९८०/८१ | १६०.८७ | ९९.२४(६१.७) | ६१.६३(३८.३) | ४४२.८२ | २१७.९०(४९.२) | २२४.९२(५०.८) | २८१.९५ | ११८.६६ | १६३.२९ |
| १९८५/८६ | ३०७.८० | १२४.११(४०.३) | १८३.६९(५९.७) | ९३४.१२ | ३९७.०९(४२.५) | ५३७.०३(५७.५) | ६२६.३२ | २७२.९८ | ३५३.३४ |
| १९९०/९१ | ७३८.७५ | १५५.२२(२१.०) | ५८३.५३(७९.०) | २३२२.६५ | ७३२.३१(३१.५) | १५९०.३४(६८.५) | १५८३.९० | ५७७.०९ | १००६.८१ |
| १९९१/९२ | १३७०.६५ | १४५.००(१०.५७) | १२२५.६५(८९.४३) | ३१९४.०० | ११२४.५५(३५.२) | २०६९.४५(६४.७९) | १८२३.३५ | ९७९.५५ | ८४३.८० |
| १९९२/९३ | १७२६.६५ | १६२.१७(९.३९) | १५६४.४८(९०.६०) | ३९२०.५६ | १२५४.२१(३१.९९) | २६६६.३५(६८.००) | २१९३.९१ | १०९२.०४ | ११०१.८७ |
| १९९३/९४* | १९६०.३७ | २५७.८३(१३.१५) | १७०२.५४(८६.८४) | ५२४३.३६ | १७८६.८१(३४.०७) | ३४५६.५५(६५.९२) | ३२८२.९९ | १५२८.९८ | १७५४.०१ |

* अपरिष्कृत।

स्रोतः नेपाल राष्ट्र बैंक, अर्थमंत्रालय, व्यापार प्रवर्द्धन केन्द्र।

# सन् १९५० को नेपाल-भारत "शान्ति तथा मैत्री" सन्धि

नेपाल सरकार र भारत सरकारले दुई मुलुकका बीचमा अनेकौं शताब्दीसम्म आनन्दपूर्वक कायम रहीआएको प्राचीन सम्बन्धलाई ध्यानमा राखी त्यो सम्बन्धलाई झन बलियो गर्न र विकास गराउन तथा दुई मुलुकका बीचमा अटूट शान्ति कायम राख्ने इच्छा गरी परस्परमा शान्ति र मित्रताको एउटा सन्धिपत्र गर्ने ठहऱ्याई सो कामका निमित्त निम्नलिखित व्यक्तिहरुलाई नियुक्त गरी नेपाल सरकार तर्फबाट श्री ३ महाराज मोहन शमशेर जंगबहादुर राणा प्राइमिनिष्टर एण्ड सुप्रिम कम्याण्डर इन-चीफ नेपाल र भारत सरकारका तर्फबाट नेपालस्थित भारतका राजदूत हिज एक्सेलेन्सी श्री चन्द्रेश्वर प्रसाद नारायण सिंहले परस्परको प्रमाणपत्र जाँची ठीक र रीतपूर्वक ठहऱ्याएकोले देहायका दफाहरू मञ्जूर गरेका छन्:-

**पहिलो दफा**:- नेपाल सरकार र भारत सरकारका बीचमा अटल शान्ति र मित्रता रहनेछ। दुबै सरकारले परस्परमा एकले अर्कोको पूर्ण राज्य सत्ता, राज्य क्षेत्रको अक्षुण्णता र स्वाधीनता स्वीकार र आदर गर्न मञ्जूर गर्दछन्।

**दोस्रो दफा**:- कुनै छिमेकी राष्ट्रसंग केही ठूलो खटपट वा फाटो पर्न आई त्यसबाट दुई सरकारको बीचमा रहेको मैत्री सम्बन्धमा खलल पर्न जाने सम्भावना देखिएमा दुबै सरकारले परस्परमा सो कुराको समाचार दिने जिम्मेवारी कबूल गर्दछन्।

**तेस्रो दफा**:- पहिलो दफामा उल्लेख भएको सम्बन्ध स्थापना र कायम गर्नाका निमित्त दुई सरकारले आफ्ना कामकाज रीतपूर्वक चलाउनलाई चाहिने कर्मचारी वर्ग सहित प्रतिनिधिहरूद्वारा परम्परामा प्रचलित अन्तर्राजनीतिक सम्बन्ध राख्न मञ्जूर गर्दछन्।

ती प्रतिनिधिहरू र तिनका मञ्जूर भएका कर्मचारीहरूले अन्तर्राष्ट्रिय विधानद्वारा पारस्परिक रुपमा प्रचलित तौरले दिइएका सबै अन्तर्राजनैतिक विशेषाधिकारहरू र विमुक्तिहरू उपभोग गर्ने छन्। यी अधिकारहरू कुनै हालतमा पनि दुई मध्ये कुनै एक सरकारले आफूसंग अन्तर्राजनैतिक सम्बन्ध गर्ने अर्को कुनै राष्ट्रका समान दर्जाका मानिसहरूलाई दिइएका अधिकारभन्दा कम हुने छैनन्।

**चौथो दफा**:- दुबै सरकारले परस्परमा कन्सुलेट जनरलहरु, कन्सुलेटहरु, भाइस कन्सुलेटहरू, अरू प्रकारका कन्सुलर प्रतिनिधिहरूको नियुक्ति गर्छन र मञ्जूर भएका शहर, बन्दरगाह र अरु स्थानहरुमा निवास गर्ने छन्।

कन्सुलेट जनरलहरू, कन्सुलेटहरू, भाइस कन्सुलेटहरू र कन्सुलेट प्रतिनिधिहरूलाई उनको नियुक्तिको एक्सेकेटर अथवा अरू प्रकारको बहाली अधिकार-पत्र दिने मुलुकले आवश्यक ठहरिएमा सो वापस लिन सक्दछ। सो वापस दिनाको कारणको जनाउ यथासंभव दिइनेछ। अरू कुनै राष्ट्रका समान दर्जाका मानिसहरूलाई दिइएका सबै हक विशेषाधिकार माफी र विमुक्तिहरू माथि नाम गरिएका मानिसहरूले पनि पारस्परिक तौरमा उपभोग गर्नेछन्।

**पाँचौ दफा**:- नेपाल सरकारलाई भारतको राज्य क्षेत्रबाट अथवा सो राज्य क्षेत्रको बाटो गरी नेपालको सुरक्षाका निमित्त चाहिने हातहतियार, कलपुर्जा, गोली गठ्ठा, खर-खजाना माल-सामानको पैठारी गर्ने अधिकार छ। दुई सरकारले परस्परमा सल्लाह गरी यो बन्दोबस्तलाई चालू गराउने कार्यवाहीको तय गर्ने छन्।

**छैठौं दफा**:- भारत र नेपालको छिमेकी मैत्रीभावको प्रतीकस्वरूप दुवै सरकारले आफ्ना राज्य क्षेत्रमा रहेका अर्का सरकारका रैतीलाई आफ्ना मुलुकको औद्योगिक र आर्थिक विकास, औं त्यस्तो विकास सम्बन्धी रियायत र ठेक्काहरुमा भाग दिनलाई राष्ट्रिय व्यवहार दिने कबूल गर्दछन्।

**सातौं दफा**:- नेपाल सरकार र भारत सरकारले आफ्ना राज्य क्षेत्रमा रहेका अर्को मुलुकका रैतीलाई निवास, सम्पत्तिको भोग, व्यापार वाणिज्यमा भाग लिन, चलफिर गर्न र अरू यस्तै प्रकारका विशेषाधिकारहरूका विषयमा पारस्परिक तौरले समान विशेषाधिकार दिनलाई कबूल गर्दछन्।

**आठौं दफा**:- जहाँतक यहां जिकिर गरिएका कुराहरूको सम्पर्क छ, ती सबैमा यो सन्धिपत्रले भारतका तर्फबाट ब्रिटीश सरकार औ नेपाल सरकारका बीचमा भएका अधिका सबै सन्धि-पत्र, स्वीकार-पत्र, र कबूलनामाहरूलाई खारेज गर्दछ।

**नवौं दफा**:- यो सन्धिपत्र दुवै सरकारले हस्ताक्षर गरेको मितिदेखि लागू हुनेछ।

**दशौं दफा**:- कुनै एक मुलुकले एक वर्षको भाखा दिई यो सन्धिपत्रको अन्त गर्न नखोजेसम्म यो सन्धिपत्र जारी रहनेछ।

आज मुकाम काठमाडौंमा विक्रम सम्वत २००७ साल श्रावण १६ गते रोज मुताबिक इश्वी सम्वत सन् १९५० जुलाई महिनाको ३१ तारीखका दिन यो सन्धि-पत्रको दुवै प्रतिमा सहीछाप भयो- शुभम्।

## सन्धिपत्रसंग आदान प्रदान भएको पत्र

काठमाडौं, ३१ जुलाई, १९५०

*महामहिम,*

*भारत सरकार र नेपाल सरकारका बीच सौहार्दतापूर्वक सम्पन्न शान्ति तथा मैत्री एवं व्यापार र वाणिज्य सन्धिहरूका छलफलका क्रममा हामीले विस्तृत पक्षका केही विषयहरूमा पत्र विनिमयबाट व्यवस्थित पार्नेमा सहमति व्यक्त गरेका थियौं। यसै समझदारी अनुरूप दुबै सरकारहरू बीच केही विविध पक्षमा मञ्जूरी भएको छ-*

*१. दुबै सरकारले कुनै बाह्य आक्रमणद्वारा एक अर्काको सुरक्षामा आइपर्ने कुनै पनि धम्की सहने छैनन्। यस प्रकारको धम्कीको सामना गर्न दुबै सरकारहरुले एक आपसमा परामर्श गर्नुका साथै प्रभावकारी प्रतिकदमहरू चाल्ने छन्।*

*२. नेपालको सुरक्षाको लागि आवश्यक कुनै पनि हातहतियार, गोलाबारूद अथवा युद्ध सामग्री र उपकरण भारत सरकारको सहायता र सहमति अनुरूप भारतीय क्षेत्र भएर आयात गर्न सक्नेछ। भारत भएर झिकाइने यस्ता शस्त्रास्त्र तथा गोलाबारूदहरूको निर्विघ्न तथा शीघ्र परिवहनको लागि भारत सरकारले कदमहरू चाल्ने छ।*

*३. एक अर्का देशका नागरिकलाई राष्ट्रिय व्यवहार गर्ने सम्बन्धी शान्ति तथा मैत्री सन्धिको धारा ६ सम्बन्धमा भारत सरकारले नेपालमा रहेका नेपाली नागरिकहरूलाई अनियन्त्रित होडवाजीबाट संरक्षण गर्न केही समयका लागि आवश्यक सहयोग उपलब्ध गराउने छ। यस प्रकारको संरक्षणको प्रकृति र परिमाण दुबै सरकारहरूबीच पारस्परिक सहमतिको आधारमा आवश्यक भएका बेला निर्धारण गरिनेछ।*

*४. नेपाल सरकारले नेपालका प्राकृतिक स्रोत साधनको विकास अथवा कुनै औद्योगिक परियोजनाको लागि बाह्य सहायता खोज्ने निर्णय गरेमा, भारत सरकार अथवा भारतीय नागरिकहरूद्वारा राखिएका शर्तहरू कुनै अन्य विदेशी सरकार अथवा विदेशी नागरिकद्वारा राखिएका शर्तहरूभन्दा नेपालका लागि कम अनुकूल नभएको खण्डमा, नेपाल सरकारले भारत सरकार अथवा त्यहाँका नागरिकहरूलाई पहिलो प्राथमिकता दिनेछ।*

*माथि उल्लेखित प्रावधान नेपाल सरकारले संयुक्त राष्ट्रसंघ अथवा अन्य कुनै विशेषीकृत निकायहरूबाट सहायता लिंदा भने लागू हुनेछैन।*

*५. दुबै सरकारहरूले एक अर्काको सुरक्षामा प्रतिकूल प्रभाव पार्न सक्ने गतिविधि भएका कुनै पनि विदेशीहरूलाई नियुक्ति वा रोजगार नदिने मञ्जूर गरेका छन्। दुबै सरकारले आवश्यकता अनुरूप आ-आफ्ना तर्फबाट यस मामिलालाई निरूपण गर्ने छन्।*

*महामहिम, कृपया मेरो उच्च सम्मानयुक्त विश्वास स्वीकार गर्नुहोस्।*

*हस्ताक्षर-*

***मोहन समशेर जंगबहादुर राणा***
*महाराज, प्रधानमन्त्री तथा*
*नेपालको सुप्रीम कमाण्डर इन चीफ।*

*लाई,*

***महामहिम श्री चन्द्रेश्वरप्रसाद नारायण सिंह***
*नेपालका लागि असाधारण अधिकार प्राप्त भारतीय राजदूत*
*भारतीय राजदूतावास, काठमाडौं।*

# १९५० को नेपाल-भारत सन्धि र यसमा हुनु पर्ने परिवर्तन

डा. कृष्णबहादुर थापा, इतिहासविद्



(लेखक)

सुगौली सन्धिद्वारा नेपालको स्वतन्त्र परराष्ट्र सम्बन्धमा ठूलो अंकुश लागेको थियो । तर त्यस बेला नेपाललाई बढी चोट यसले भन्दा भू-भाग गुमाउनु परेकोले लागेको थियो । त्यसैले सो सन्धिपछि धेरै समयसम्म आफ्नो गुमेको भू-भाग फर्काउने प्रयासमा नेपाल लाग्यो । शुरूमा यसको लागि शक्ति प्रयोग गर्ने प्रयास पनि गरियो । तर पछि अंग्रेजसँग सम्बन्ध विकसित गरेर गुमेको भू-भाग मध्ये जति सकिन्छ, त्यति फिर्ता गर्ने प्रयासको थालनी भयो । यो प्रयासको सिलसिला धेरै-थोरै रूपमा राणाकालको अन्त्यसम्म नै रहिरह्यो ।

यसको अतिरिक्त, नेपालले आफ्नो पूर्ण स्वतन्त्रताको स्पष्ट व्याख्या अंग्रेजसँग माग्दै रह्यो । नेपालको यो अनुरोधलाई ब्रिटिश-भारतले नम्रतापूर्वक १९२३ सम्म टाल्दै रह्यो । (१) ।

२० औं शताब्दीको प्रारम्भकालदेखि नै राणा शासकहरूले नेपालको पूर्ण स्वतन्त्रताको पक्षमा बढी वकालत गर्न थालेका थिए । अंग्रेजहरूको विरोधी भएर होइन, बढी समर्थक भएर नेपालको लागि स्वतन्त्रता प्राप्त गर्न सकिन्छ भन्ने धारणामा राणा शासकहरू स्पष्ट रहेको देखिन्छ । यसै कुरालाई बलियोसँग समाएर नेपालको पूर्ण स्वतन्त्राको लागि उनीहरू लागिपरेका थिए । यसको लागि मुख्यतः सुगौली सन्धिको धारा ७ बदल्नु पर्ने थियो । यस प्रयासमा चन्द्र सम्शेर विशेष गरेर लागेका थिए र उनी निकै हदसम्म सफल पनि भए । यसैको फलस्वरूप नेपाल र बेलायतका बीचमा १९२३ मा सन्धि भएको थियो । यसलाई नेपाल र ग्रेट ब्रिटेनको बीचको मैत्री सन्धि (Treaty of Friendship Between Great Britain and Nepal) भनिन्छ ।

यो सन्धिले नेपाललाई सुगौली सन्धिपछि सर्वप्रथम पूर्ण स्वतन्त्र राष्ट्रको रूपमा खडा गरेको पाइन्छ । यस सन्धिले नेपालको कूटनीतिक सम्बन्ध सोझै ग्रेट ब्रिटेनसँग रहने व्यवस्था गर्‍यो । तर नेपाललाई आवश्यक पर्ने हातहतियार झिकाउने मामलामा भने नेपाल अझै स्वतन्त्र हुन सकेन । (२) ।

यसको मुख्य कारण के थियो भने, त्यसबेला रूसको प्रभाव तिब्बतमा बढ्न जाला र नेपालमार्फत हातहतियारहरू तिब्बत पुग्ला भन्ने डर ब्रिटिश सरकारलाई थियो । त्यसैले हातहतियार किन्ने र झिकाउने मामलामा नेपाललाई ब्रिटेनले पूर्ण स्वतन्त्रता दिएन । तैपनि यस मामलामा जेजति स्वतन्त्रता प्राप्त भयो, त्यो बेलाको परिप्रेक्षमा ठूलो सफलता थियो ।

किनकि त्यसभन्दा पहिले आफूलाई आवश्यक पर्ने हातहतियार किन्न पाउने अवस्थासम्म नेपालको थिएन ।

यस सन्धिबाट यससँग सम्बन्धित सबै पक्ष नेपाल, ब्रिटीश-भारत र ग्रेट ब्रिटेन सबै सन्तुष्ट रहेको देखिन्छ । त्यसैकारणले बेलायतले भारतमाथिको आफ्नो औपनिवेशिक सत्ता नछोडेसम्म सरकारी स्तरबाट यस विषयमा कुनै प्रश्नहरू उठेको पाईदैन । यस प्रकारको सन्धिसँग सम्बन्धित पक्षहरू धेरै हदसम्म सन्तुष्ट हुँदाहुँदै पनि बेलायतले भारतको शासन छोडेपछि नेपालको भारतसँग अर्कै सन्धि हुनुपर्ने स्थिति देखा पर्‍यो । तदनुरूप सन १९५० मा नेपाल र भारतका बीचमा शान्ति र मैत्री सन्धि भयो । यसै सन्धिद्वारा भारतसँग सम्बन्धित १९२३ को सन्धि समाप्त भयो ।

बेलायतले आफ्नो २०० वर्ष पुरानो भारतमाथिको औपनिवेशिक सत्ता छोडेपछि स्वतन्त्र भारतको नयाँ सरकारसँग नयाँ दौत्य सम्बन्ध कायम गर्नु आवश्यक थियो । अर्कोतिर, नेपालका राणा शासन विरूद्धमा जन आन्दोलन बढ्दै थियो र राणा शासकहरूले महशूस गरेका थिए कि नेपालमा भैरहेको जन आन्दोलनको पृष्ठपोषक र प्रेरणाश्रोत मुख्यतः स्वतन्त्र भारत नै थियो । यस्तो राणा शासनविरोधी जन आन्दोलन रोक्नका लागि राणा शासकहरूलाई स्वतन्त्र भारतको सहयोग आवश्यक थियो । उक्त सहयोगको लागि नयाँ प्रकारले दौत्य सम्बन्ध कायम गर्नु पर्ने स्थिति थियो । यस स्थितिमा राणा शासकहरू झुक्न पनि निकै तयार थिए ।

यस बाहेक, राणा शासकहरूको परम्परा नै के थियो भने उनीहरू आन्तरिक रूपले आफू वा आफ्नो शासन कमजोर भएको बेला राष्ट्रहितलाई एकातिर राखी आफ्नो शासन टिकाउनेतर्फ लाग्दथे । यही परम्पराको विँडो तत्कालीन राणा प्रधानमंत्री मोहन सम्शेरले पनि थामे ।

अर्कोतर्फ, भारतका नयाँ शासकहरू पनि अंग्रेजको औपनिवेशिक चरित्रकै परम्परालाई केही हदसम्म थाम्ने र अगाडि बढाउने मानसिकतामा रहेका देखिन्छन् । उनीहरूको यही मानसिकताले गर्दा नै त्यसबेला भारतीय रजौटा र छिमेकी देशप्रति उनीहरूको बढप्पन प्रदर्शन भएको थियो । यसै परिस्थिति र विविध कारणले गर्दा सन् १९५० को जुलाई ३१ मा नेपाल र भारतको बीचमा शान्ति र मैत्री सन्धि भएको थियो ।

उक्त सन्धि राणा शासन कालका अन्तिम प्रधानमंत्री मोहन शम्सेर र स्वतन्त्र भारतका बीचमा भएको पहिलो सन्धि थियो । स्वतन्त्र भारतसँग भएको नयाँ सन्धि भएकोले साधारणतः यो सन्धि बढी समानता, स्वतन्त्रता र पारस्परिक हितमा आधारित हुनु पर्ने थियो । तर यस्तो भएको पाइँदैन । यसै कारणले प्रारम्भदेखि नै यस सन्धिको विरोध हुन थालेको थियो । विरोधको स्वर नेपालको २००७ सालको राजनीतिक परिवर्तनपछि झन बढ्न थाल्यो । र, त्यसले हालसम्म पनि निरन्तरता पाईरहेको छ ।

यस प्रकार, जनस्तरमा यस सन्धिको विरोधमा स्वरहरू निरन्तर गुन्जीरहेता पनि सरकारी स्तरमा भने यसको गंभीरता महशूस गरिएको पाइन्न । २००७ सालपछि स्थापित भएको कुनै पनि सरकारले यसलाई रद्द गर्ने या परिवर्तन गर्नेबारे गम्भीर कुरा उठाएको पाइँदैन । यस सम्बन्धी गंभीर प्रश्नहरू हालको ने.क.पा. (एमाले) सरकार गठन भएपछि मात्र सरकारी स्तरबाट उठ्न थालेका छन् । यस हिसावले यो एउटा ऐतिहासिक कदमको रूपमा पनि अगाडि आएको छ ।

यस सम्बन्धमा देशव्यापी रूपमा गंभीर छलफल हुनु आवश्यक पनि भएको छ । यसै विषयलाई अगाडि बढाउने क्रममा प्रधानमंत्री मनमोहन अधिकारीको नीकट भविष्यमा हुन लागेको भ्रमणको परिप्रेक्ष्यमा यसबारेको छलफल अरू सान्दर्भिक र जरुरी देखिएको छ ।

वर्तमान सरकारले हालसम्म सन्धिमा सामयिक परिवर्तन गर्ने कुरा दृढतापूर्वक अगाडि बढाएको छ ।

यसै सन्दर्भमा सन् १९५० को शान्ति र मैत्री सन्धि कस्तो छ र दीर्घकालीन राष्ट्रिय हितका हिसावले यसमा परिवर्तन हुनु जरूरी छ भन्नेबारे आफ्नो धारणा जनतासामू राख्नु यो लेखको उद्देश्य रहेको छ ।

**कस्तो छ १९५० को सन्धि ?**

दश सूत्रीय उक्त नेपाल-भारत मैत्री सन्धिमा नेपालका तर्फबाट तत्कालीन राणा प्रधानमंत्री श्री ३ महाराज मोहन सम्शेरले र भारतका तर्फबाट नेपाल स्थित तत्कालीन भारतीय राजदूत श्री चन्द्रेश्वरप्रसाद सिंहले आ-आफ्नो सरकारको तर्फबाट हस्ताक्षर गर्नु भएको थियो ।

उक्त सन्धिको पहिलो धाराले नेपाल र भारतका बीचमा सदा शान्ति

**कस्तो छ, सन् १९५० को सन्धि ? यो सन्धिभन्दा खराब बुँदाहरू भएको पत्राचारमा के के छन् ?**

र मित्रता रहने, एक अर्काको पूर्ण राज्य सत्ता, राज्य क्षेत्रको अक्षुण्णता र स्वाधीनतालाई स्वीकार गर्ने र आदर गर्ने कुरा उल्लेख गरेको छ ।

दोश्रो दफामा "कुनै छिमेकी राष्ट्रसँग ठूलो गडबड या फाटो आई त्यसबाट दुई सरकारका बीचमा रहेको मैत्री सम्बन्ध खलल पर्न जाने सम्भावना देखिएमा दुवै सरकारले सो कुराको समाचार दिने जिम्मेवारी कवूल गर्दछन्" भन्ने कुरा उल्लेख भएको छ ।

तेश्रो र चौथो दफाहरूमा सन्धिको पहिलो दफामा उल्लेख भएको सम्बन्ध कायम र व्यवस्थित गर्न चाहिने कर्मचारीहरू, प्रतिनिधिहरू, कनसुलेट जनरलहरू, कनसुलरहरू आदि राख्ने र उनीहरूको सुविधा, मान्यता आदिवारे उल्लेख भएको पाइन्छ ।

पाँचौं दफामा भनिएको छ- "नेपाल सरकारलाई भारतको राज्य क्षेत्रबाट आउँदा सो राज्य क्षेत्रको बाटो गरी नेपालको सुरक्षाको लागि चाहिने हात हतियार, कलपूर्जा, गोलीगठ्ठा, खरखजाना, मालसामानको पैठारी गर्ने अधिकार छ । दुवै सरकारले परस्परमा सल्लाह गरी यो वन्दोवस्तलाई चालु गराउने कार्वाहीको तय गर्ने छन्" ।

त्यस्तै छैटौं दफाले उल्लेख गरेको छ कि- भारत र नेपालबीचमा रहेको मैत्री भावको प्रतीक स्वरूप दुवै सरकारले आफ्ना राज्य क्षेत्रमा रहेका अर्को सरकारका रैतीहरूलाई आफ्नो मुलुकको औद्योगिक र आर्थिक विकास तथा त्यो विकास सम्बन्धी रिहायत र ठेक्काहरूमा भाग लिनलाई राष्ट्रिय व्यवहार दिन कवुल गर्दछन् ।

नेपाल सरकार र भारत सरकारले आफ्नो राज्य क्षेत्रमा रहेका अर्का मुलुकका रैतीलाई निवास, सम्पत्ति भोग, व्यापार र वाणिज्यमा भाग लिन, चलफिर गर्न र अरू त्यस्तै प्रकारका विशेषाधिकारहरूका विषयमा पारस्परिक तौरले समान विशेषाधिकार दिनलाई कबूल गर्दछन् भन्ने कुरा सातौं दफामा उल्लेख गरिएको छ ।

आठौं दफाले यसअघि ब्रिटिश सरकार र नेपाल सरकारका बीचमा भएका सबै सन्धिहरू, स्वीकार-पत्रहरू र कबूलहरूलाई खारेज गरेको छ भने, नवौं दफाले उक्त सन्धि दुवै सरकारले हस्ताक्षर गरेको मितिदेखि लागू हुने कुरा उल्लेख गरेका पाइन्छ ।

अन्तिम दशौं दफाले दुई देशमध्ये कुनै एक देशले सन्धि खारेज गर्नु पर्ने कारण देखाई १ वर्ष अगाडि सूचना दिएर सन्धिको अन्त्य नगरेसम्म यो सन्धि जारी रहने कुरा उल्लेख गरेको छ ।

यसरी, नेपाल र भारतका बीचमा सम्पन्न १९५० को शान्ति र मैत्री सन्धिका धाराहरूलाई हेर्दा के पाइन्छ भने,- कतिपय धाराहरू औपचारिकता निर्वाह गर्ने खालका छन् भने, कतिपय धाराहरूले दुई देशका बीचमा परम्परादेखि चल्दै आएको सरल सम्बन्धलाई समेत जटील तुल्याएका छन् । त्यस्तै कतिपय धाराहरू तत्कालीन परिवेश र परिस्थितिसँग मेल खाने खालका त थिए, तर आज आएर त्यस्ता धाराहरू अव्यवहारिक र असान्दर्भिक भैसकेका देखिन्छन् । त्यस्तै कतिपय धारामा उल्लेख भएका कुराले नेपालको राष्ट्रिय हितलाई धक्का पुऱ्याउने खालका छन् । यस कारण त्यस्ता धाराहरूलाई परिवर्तन गरी या हटाई सान्दर्भिक र व्यावहारिक तुल्याउनु आजको आवश्यकता हो ।

यस सन्दर्भमा सन्धिका धाराहरूलाई हेर्दा के पाइन्छ भने,- दफा १ देखि ४ सम्म उल्लेख भएका कुराहरू बढी औपचारिक छन् । अतः यी धारामा उल्लेख भएका कुराहरूवारे त्यति टिप्पणी गर्नु आवश्यक छैन ।

पाँचौ दफामा उल्लेख भएको कुरा भने महत्वपूर्ण छ । र, यसमा नेपालले हात हतियार, गोलीगठ्ठा आदि झिकाउन सक्ने अधिकारबारे उल्लेख भएको छ । उक्त धारामा उल्लेख भएअनुसार नेपालको सुरक्षाको लागि आवश्यक हात हतियार, गोलीगठ्ठा आदि भारतबाट या भारतीय राज्यको सीमा भएर नेपालले झिकाउन सक्ने छ भनिएको छ । तर नेपालको भारत् भू-परिवेष्ठित अवस्थाले गर्दा यसमा बढी स्पष्टता आवश्यक पर्छ । यस सम्बन्धी आउन सक्ने व्यवहारिक कठीनाईलाई ध्यानमा राखी भारतीय भूमि भएर नेपालले विना अवरोध आफूलाई चाहिने सुरक्षा सामग्री मगाउन पाउने अधिकार हुनु पर्दछ । साथै नेपालको आवश्यकता अनुसार जहाँबाट पनि सुरक्षा सामग्री किन्न र ल्याउन पाउने अधिकारको पूर्ण निश्चितता हुनु पर्दछ । अब सम्झौता गर्दा सार्वभौम राष्ट्र नेपालले ध्यान पुऱ्याउनु पर्ने एउटा सवाल यो हो ।

त्यस्तै, पूरापुर परिवर्तन हुनुपर्ने दफाहरू छैठौं र सातौं दफाहरू हुन् । कुनै पनि अन्तर्राष्ट्रिय नियमले स्वदेशी नागरिकले पाएसरह अधिकार अर्को देशको नागरिकले पाउन सक्दैन । यसमा थप, भारत जस्तो विशाल छिमेकी देशका नागरिकहरू र नेपाल जस्तो सानो देशका नागरिकहरूले एक अर्काको देशमा समान अधिकार पाउने व्यवस्थाले नेपाल र नेपालीलाई ठूलो अप्ठ्यारोमा पार्दै लगिरहेको छ । र, यस व्यवस्थाले नेपालको औद्योगिक र आर्थिक विकास, ठेक्कापट्टा, वन्दव्यापार सबै क्षेत्रमा भारतीय नागरीकहरूको बर्चश्व रहन जाने स्थिति दिन परदिन स्पष्ट हुँदै गैरहेको छ । अतः सन्धिमा रहेका यस्ता धाराहरूको परिवर्तन हुनु नितान्त आवश्यक भैसकेको छ ।

एक अर्काको देशमा माथि उल्लेखित विषयहरूमा गतिविधि अन्तर्राष्ट्रिय नियम अनुसार नै सञ्चालन हुनु पर्दछ । सन्धिको धारा छैठौं र सातौंमा उल्लेखित गतिविधि सञ्चालन गर्न जुन व्यवस्था भएको छ, त्यसवेलाको परिस्थिति अनुरूप शायद ठीकै थियो होला । तर आज उक्त परिस्थितिमा पूर्ण परिवर्तन भैसकेकोछ । हाल अएर उक्त धारहरूमा उल्लेख भएका कुराहरूले गर्दा सम्बन्धित क्षेत्रमा काम गर्ने नेपाली र भारतीय नागरिकहरूका बीचमा कटुता बढ्दै जाने स्थिति आइरहेको छ । यस्तो स्थिति विकसित हुँदै गएमा सम्बन्धित क्षेत्रबाट नेपालीहरू पूर्णतः विस्थापित हुने स्थिति आउने छ । र, यस्तो स्थितिले नेपाल र भारत बीचमा रहदै आएको सुमधुर सम्बन्धमा समेत कटुता उत्पन्न हुने अवस्था छ । त्यसकारण, दुवै देश बीचमा रहँदै आएको सुमधुर सम्बन्धलाई सम्बर्धन र विकास गर्नका लागि उक्त धाराहरूमा देखिएका प्रावधानलाई हटाउनु पर्ने या समायोजन गर्नु पर्ने आवश्यकता छ ।

यो सन्धिको अन्तिम दफामा गरिएको व्यवस्थाले यो सन्धिलाई कठोर अपरिवर्तनीय बनाएको छ । उक्त व्यवस्था अनुसार यो सन्धिलाई एक वर्षको समय दिएर अर्थात् एक वर्ष अग्रिम सूचना दिएर दुई देशमध्ये कुनैले पनि रद्द गर्न सक्छ, तर यसमा समयोचित परिवर्तन गर्न सक्ने प्रावधान छैन । यसले गर्दा दुवै देशलाई कि त सन्धि नै पूरै खारिज गर्नु पर्ने कि त पूरै यथावत राख्नु पर्ने परिस्थिति परेको छ । यस्तो अनुदार व्यवस्थाको सट्टा सन्धिलाई र सन्धिका विभिन्न दफाहरूलाई सधैं नै अध्यावधिक र व्यावहारिक तुलाउन सक्ने प्रावधान हुनु पर्दछ ।

उक्त सन्धिलाई यससँग भएको पत्राचारले झन जटील तुल्याएको छ ।



नेपाली जनता असमान सन्धिको विरूद्ध छन्: फोटो साभार 'झिल्को'

**राणा शासकहरू आन्तरिक रूपले आफू वा आफ्नो शासन कमजोर भएको बेला राष्ट्रहितलाई एकातिर राखी आफ्नो शासन टिकाउनेतर्फ लाग्दथे । यही परम्पराको विंडो मोहन सम्शेरले पनि थामे ।**





प्रकारले गरिएको सहमति-पत्रले वास्तवमा भन्ने हो भने, दुई देशका बीचको सम्बन्धलाई बढी सुनिश्चित गर्नुको सट्टा अनावश्यक रूपले तनाव श्रृजना हुन सक्ने सम्भावनालाई झन बढाएको देखिन्छ । यस प्रकार, सन्धिका बुँदाहरू भन्दा पनि खराब बुँदाहरू सहमति-पत्रमा सम्मिलित गरिएकोले सहमति-पत्रका सबै वुँदाहरू अर्थात सहमति-पत्र नै खारिज हुनु आवश्यक छ ।

जहाँसम्म सन्धि र यसमा समावेश भएका वुँदाहरूको प्रश्न छ, समय सापेक्षिक रूपले माथि भनेझैं परिवर्तन हुन आवश्यक छ । आजको विश्व परिस्थितिमा अरू राम्रो त के हुन्छ भने, प्रत्येक छिमेकी देश बीचको सम्बन्ध अन्तराष्ट्रिय कानून र मान्यता अनुसार



उक्त पत्राचारमा पाँच वटा सहमति भएको उल्लेख पाइन्छ ।

उक्त सहमतिमध्ये पहिलो सहमतिको विषय हो- विदेशी आक्रमण भएको खण्डमा दुवै मुलुकले प्रभावकारी उपाय अवलम्बन गर्नेबारे । उक्त सहमति पत्रको पहिलो वुँदामा भनिएकोछ- "विदेशी आक्रमणद्वारा कुनै मुलुकको सुरक्षामा पर्न जाने खतरा दुवै मुलुकलाई सह्य हुने छैन । यस्ता खतरालाई सामना गर्न दुवै मुलुकले एक अर्कासंग सल्लाह गरी प्रभावकारी उपाय अवलम्बन गर्ने छन्" ।

यस प्रकार, यो वुँदामा भएको सहमति नेपाल-भारत बीचमा भएको सुरक्षा- सम्झौता जस्तै भएको छ । यस सहमतिले के स्पष्ट गरेको छ भने नेपालको सुरक्षा मामलामा भारतले हात हाल्न सक्छ ।

यस अनुसार भारतको सुरक्षा अवधारणामा नेपाल तानिनु पर्ने स्थिति आउन सक्छ । शायद यही अवधारणालाई अघि सारेर भारतीय राजनैतिक नेताहरू र सुरक्षा मामलासँग सम्बन्धित विशेषज्ञहरू बेला बेलामा नेपालको उत्तरी सीमाना हिमालयसम्म आफ्नो सुरक्षा सीमा रहेको धारणा व्यक्त गर्दछन् । नेपाल जस्तो सानो देश, जसको उत्तरतिर पनि दक्षिणतिरको जस्तै विशाल छिमेकी राष्ट्र अवस्थित छ, सुरक्षाको मामलामा यस्तो एकतर्फ ढल्केको सहमति हुनु राम्रो कुरा होईन । अर्को कुरा, यो सहमति आफैंमा सन्धिको दफा नं. २ मा व्यक्त गरिएको धारणाभन्दा अत्यन्त फरक छन् ।

सहमतिको दोश्रो वुँदा अनुसार नेपाल सरकारलाई आवश्यक पर्ने सुरक्षा सामग्रीहरू उसले भारत सरकारको "सहयोग र स्वीकृतिमा भारतीय भूमिबाट आयात गर्ने छ" । यो सहमतिले सन्धिको पाँचौं दफामा उल्लेख गरिएको उक्त सामग्री "पैठारी गर्न नेपालको अधिकार छ" भन्ने कुरालाई धेरै मात्रामा सीमित र केही मात्रामा विकृत गरेको देखिन्छ । सन्धिमा उल्लेख भएको "अधिकार"को सट्टा यसले भारतको "सहयोग र स्वीकृति" हुनु पर्ने कुरा सहमतिमा राखिएको छ । यसले नेपालको सार्वभौम सत्तालाई सीमित पारेको छ ।

सहमतिको तेश्रो वुँदाले सन्धिको छैठौं दफामा उल्लेख भएको कुरा असमान भएको र उक्त कुरा खप्न सक्दैन भन्ने कुरा महशूस गरेको स्पष्ट छ । तसर्थ नेपालीलाई असीमित र असमान प्रतिस्पर्धाबाट "केही समयका लागि" जोगाइने कुरा उक्त वुँदामा उल्लेख छ ।

यो सहमतिको बुँदाबाट स्पष्ट हुन्छ कि सन्धिको छैठौं दफामा समावेश भएको कुरा अव्यवहारिक थियो । त्यसै कारणले गर्दा सन्धिमा व्यवस्था भएको असमान प्रतिस्पर्धाबारे यो सहमतिले केही समयको लागि केही खुकुलो अवस्था सिर्जना गर्ने सहमति त गऱ्यो । तर, अर्को वुँदाले (वुँदा नं.४) सन्धिमा नै नभएको थप सहमति प्रदान गरेको छ । सन्धिमा उल्लेख नै नभएको कुरा यस सहमतिमा उठाईएको छ । र, भनिएको छ- नेपालको प्राकृतिक श्रोतको विकास र औद्योगिक परियोजनामा विदेशी सहायता लिन चाहेमा (ठेक्का पट्टा, प्रविधि सहयोग आदि) भारत वा भारतीय नागरिकलाई प्राथमिकता दिनु पर्ने छ ।

यसप्रकार, यो सहमतिले भारतीय स्वार्थलाई बढी प्राथमिकता दिएको छ । र, यस विषयमा नेपालले आफ्नो स्वार्थ अनुकूल निर्णय गर्न सक्ने अधिकारलाई कुण्ठित गरेको छ ।

सहमतिको पाँचौ वुँदाले पनि सन्धिमा नभएको थप व्यवस्था गरेको छ । उक्त वुँदामा भएको सहमतिमा "दुवै सरकारले एक अर्का मुलुकको सुरक्षामा असर पार्न सक्ने गरी विदेशीलाई काम लगाउने छैनन्" भनिएको छ । यो सहमति सन्धिको भावना अनुकूल नभएको मात्र होइन, यसले कता-कता सुगौली सन्धिलाई पुनर्जीवित गर्न खोजेको भान हुन्छ । (हेर्नुहोस्- सुगौली सन्धिको धारा ७) ।

यसप्रकार, यो सहमतिको यो वुँदा अत्यन्त विवादग्रस्त हुने खालको छ । यस्तो किसिमको सहमतिले दुई देशका बीचमा अनावश्यक वादविवाद र तनाव उत्पन्न भैरहने खतरा हुन्छ ।

अतः माथिको छलफलबाट स्पष्ट हुन्छ कि सन्धिसँगै जोडेर सन्धिका शर्त र भावनामा समेत विकृति आउने चलोस् । यसो भएको खण्डमा यस्ता दुई देश पक्षीय सन्धि सम्झौताको आवश्यकता नै पर्दैन । ❑

१) Asad Husain, British India's Relation with the Kingdom of Nepal 1857–1947, George Allen and Unwin Ltd., London: 1970, p,.203.

२) See, "Gorkha- Great Britain Arms Purchasing Treaty, 1923" article 5 in Yogi Narahari Nath (ed.) Itihas Prakashame Sandhi Patra Sangraha, Editor himself, Kathmandu 2021 B.S. P. 36

पढ्नुहोस्
साप्ताहिक दृष्टि
साप्ताहिक प्रकाश
साप्ताहिक जनआस्था
साप्ताहिक जनादेश
साप्ताहिक पृष्ठभूमि
साप्ताहिक छलफल
साप्ताहिक नयाँ हाँक




## नेपालको हालको जलविद्युतको स्थिति

### २०५१ सालसम्मको

- नेपालको हालको विद्युत उत्पादन क्षमताः २२० मेगावाट
- भारतबाट आयात गरिएको विद्युतः ३० मेगावाट (वर्षको १० करोड यूनिट)
- भारतबाट आयातित विजुलीको खरीद दरः रू. ३।२६ प्रति युनिट
- विद्युत प्राधिकरणको हालको ग्राहक संख्याः ४,२५,०००
- विद्युतको महसूल दर औसतमा ग्राहकलाईः रू. ३।८६ प्रति यूनिट
- विद्युतबाट लाभान्वित जनसंख्याः २३ लाख (कुल जनसंख्याको १२ प्रतिशत)

# भारतलाई विजुली बेच्ने हो भने- के हुनुपर्छ नेपालको नीति र योजना ?

—विकास पाण्डे, जलविद्युत विज्ञ

**भारतको जल विद्युतको स्थिति र त्यसको आवश्यकता सम्बन्धी अध्ययन भ्रमण गरेर भर्खरै फर्कनु भएका जलविद्युत विज्ञ विकास पाण्डेको तथ्यपरक विचार**

नेपालबाट ठूलो परिमाणमा विद्युत उत्पादन गरी भारतलाई बेच्न सकिन्छ भन्ने सवाल धेरै वर्ष यता निकै चर्चामा छ। तर हालसम्म यो काममा कुनै ठोस प्रगति हुन सकेको छैन। यस्तो हुनुको कारण के हो ? भारतलाई विजुली बेच्ने हाम्रो आकांक्षा वास्तविकतामा परिवर्तन गर्न के कस्ता कार्यमा नेपाल अहिलेदेखि लाग्नु पर्दछ ?

यो अहिले हाम्रो मुलुकमा निकै सान्दर्भिक सवाल बनेको छ। अझ, एमालेको सरकार सत्तारूढ भएपछि प्रधानमन्त्रीको भारत भ्रमण हुन लागिरहेको र त्यहाँ जलविद्युत सम्बन्धमा पनि वार्तालाप हुन लागेको सन्दर्भमा त यो अरू टड्कारो सन्दर्भको विषय बनेको छ।

यो सवालबारे व्याख्या विश्लेषण गर्नु अघि हामी नेपालको जलविद्युत उत्पादनको स्थितिबारे स्पष्ट हुनु जरूरी हुन्छ।

नेपालमा विद्युतको माग वर्षेनी १५% को दरले बढ्दैछ। ग्राहकको यो मागलाई पूर्ति गर्न विद्युत प्राधिकरणले २०६३ सालसम्ममा थप रू १८१ अरबको लगानी गरी ९०० मेगावाट थप विजुली उत्पादन गर्ने प्रस्ताव राखेको छ तर त्यति विजुली उत्पादन गर्न त्यति रकम लगानी गर्ने हो भने एक मेगावाट उत्पादन गर्न २० करोड रूपैयाँ पर्न जान्छ।

प्रति मेगावाट विद्युत उत्पादन गर्न २० करोड रूपैयाँ लाग्ने हो भने आम नेपाली ग्राहकको लागि यो ज्यादै महँगो विजुली हुनेछ। महंगो भएकै कारणले यो विजुली भारतमा बिक्री हुन सक्ने छैन। त्यसमाथि थप, यति विजुलीले नेपालको आन्तरिक माग मात्र पूरा गर्न सक्छ, भारतमा निर्यात गर्न यो पुग्दै पुग्दैन। लगानीको लागि आवश्यक यो रकम विद्युत प्राधिकरणले आफ्नो श्रोतबाट व्यहोर्न सक्ने स्थिति पनि छैन। र, दातृ संस्थाले पनि यति ठूलो रकम उपलब्ध गराउन सक्ने हालत अहिले विद्यमान छैन।

### भारतको आवश्यकता

आठौं पञ्चवर्षीय योजना (२०४८-५३) शुरू गर्दा भारतमा ४८ हजार मेघावाट थप विजुली उत्पादन गर्ने भारत सरकारको लक्ष्य थियो। लगानी गर्ने पैसाको कमीले योजना कालभित्रै यो लक्ष्य ३० हजार मेगावाटमा झारियो। र, अहिले खासमा २० हजार मेगावाट मात्र थप उत्पादन हुने स्थिति देखिएको छ।

भारतभरिमा हाल विद्युत उत्पादन क्षमता ७७ हजार मेगावाटको आसपासमा छ। तर भारतको विद्युतको आवश्यकता बर्षको ९% का दरले बढिरहेछ। यो बृद्धिदर मुताविक भारतमा २०६३ साल सम्ममा प्रतिबर्ष राष्ट्रिय प्रणालीमा थप १० हजार मेगावाट विजुली थपिनु पर्ने हुन आउँछ।

तर आन्तरिक लगानी गर्ने क्षमताको कमीले भारत सरकारले बाध्यतावश निजी क्षेत्रको लगानी, त्यसमा पनि बिशेष गरी विदेशी निजी क्षेत्रको लगानीलाई आकर्षित गर्ने प्रयत्न गरिरहेछ। २०४८ सालदेखि भारत सरकारले निजी क्षेत्रको सहभागितासंबन्धी नयाँ नियम कानून समेत तर्जुमा गरिसकेको छ। अहिलेसम्म स्वदेशी र विदेशी गरी बिभिन्न ७५ वटा आयोजनामा ३२ हजार मेगावाट विजुली उत्पादन गर्नको लागि प्रथम संझौता भएका छन्। १७ खरब रूपैयाँ जतिको लगानी लाग्ने अनुमान गरिएको छ।

*भारतलाई विजुली बेच्ने हाम्रो आकांक्षा वास्तविकतामा परिवर्तन गर्न के कस्ता कार्यमा नेपाल अहिलेदेखि लाग्नु पर्दछ ?*

**नेपाली जनताको पैसा नै लगानी भएपछि विद्युत मूल्य बाहिरी बजारमा प्रतिस्पर्धा गर्न सक्ने र बिक्रीयोग्य भएर निस्कन्छ।**

# चुखा योजना भारतको लगानी र भारतकै आवश्यकताले मात्र बनेको योजना हो । यसको डिजाइन र निर्माण भारतकै इंजीनीयरहरूले गरेकाले योजनाको फाइदा भारतकै पक्षमा अत्यधिक छ ।

## निर्यात गर्ने हो भने

यस स्थितिमा नेपालले भारतमा विजुली निर्यात गर्ने हो भने केही महत्वपूर्ण सवालमा हाम्रो ध्यान जानु जरूरी देखिन्छ ।

सुपथ मूल्यमा उत्पादन गरिन सक्ने विजुली नेपालमा ३० हजार मेगावाट जति हुने अनुमान गरिएको छ। भारतको बढ्दो विद्युत आवश्यकताको सामुन्ने यो विजुली उत्पादन परिमाण त्यति धेरै होइन, किनकि यतिले उसको तीन वर्षको विद्युत आवश्यकता मात्र धान्छ। यसैले गर्दा भारतले नेपालकै विद्युत उत्पादनमा मात्र भर पर्ने स्थिति छैन । यो कटु वास्तविकतामाथि हाम्रो ध्यान जानु जरूरी छ ।

यो परिप्रेक्ष्यमा नेपालले भारतलाई विजुली निर्यात गर्ने हो भने यी दुई पूर्वाधारहरू नितान्त आवश्यक छन्- पहिलो, भविष्यमा दुई देशको संबन्ध क्षेत्रीय- राजनीतिभन्दा व्यापार मा आधारित हुनुपर्छ। दोश्रो, नेपालको विजुली भारतमा प्रतिस्पर्धात्मक मोलमा खपत हुन विद्युत प्राधिकरणले अहिले कायम गरेको मूल्यभन्दा एक तिहाई मूल्यमा विद्युत उत्पादन हुन सक्नुपर्छ।

यी दुई पूर्वाधारहरू हासिल गर्न सकेको खण्डमा अहिलेको ३० वर्षमा अर्थात् वि.सं. २०८१ साल सम्ममा नेपाल र भारत बीचको विजुली किनबेचको स्थिति यस्तो हुन सक्छ-

**वि.सं. २०८१ सालमा भारतसित हुन सक्ने विद्युत किनबेचको स्थिति**

- ❑ *नेपालामा कूल जल विद्युतको उत्पादन- ३० हजार मेगावाट*
- ❑ *नेपालभित्रै खपत हुन सक्ने- ५ हजार मेगावाट*
- ❑ *भारतमा निर्यात हुन सक्ने- २५ हजार मेगावाट*
- ❑ *विद्युत क्षेत्रमा कुल लगानी गर्नु पर्ने- रू. २२५० अरब*
- ❑ *विद्युत निर्यातबाट नेपाललाई बार्षिक आम्दानी- रू. ३१२ अरब*

यो निर्विवाद छ कि नेपालले भारतलाई बेच्न सक्ने गरी विद्युत उत्पादन गर्न सकेको खण्डमा देशको लागि ठूलो आम्दानीको बाटो हुन सक्छ। नेपालको अहिलेको सबै क्षेत्रमा भएको कुल गार्हस्थ्य उत्पादनभन्दा (जुन रू १५० अरब जति मात्र छ) एउटै जल विद्युत क्षेत्रले दिने आम्दानी वार्षिक दुई गुणा हुन सक्छ ।

तर यस्तो गर्न सक्ने हुनका लागि दुई वटा जटील प्रश्नको उत्तर आवश्यक छन्- पहिलो, यसको लागि चाहिने (रू. २२५० अरब) को विशाल धनराशी कहाँबाट आउँछ ? अर्को, योजनाको लागत खर्च कसरी घट्छ ता कि भारतमा बिक्रीयोग्य मूल्यमा विजुलीको उत्पादन हुन सकोस् ?

**निर्यात गर्न २०६३ सालसम्ममा हुनु पर्ने विद्युत उत्पादनको स्थिति**

- ❑ *हुनु पर्ने कुल विद्युत उत्पादन- २,६५० मेगावाट*
- ❑ *नेपालभित्रै खपत हुने- १,१५० मेगावाट*
- ❑ *भारतमा निर्यात- १,५०० मेगावाट*
- ❑ *विद्युत क्षेत्रमा आवश्यक थप लगानी- रू. १८० अरब*
- ❑ *निर्यातबाट बार्षिक आम्दानी- रू. १९ अरब*



अरूण: के भारतलाई यसको विजुली अहिले बेच्न सम्भव छ ?

तीस वर्षको समयावधि ज्यादै लामो भएकोले आउँदो बाह्र वर्षभित्रमा कस्तो स्थिति हुन आवश्यक छ, त्यो पनि नियाल्न सकिन्छ । माथि उल्लेखित काम तीस वर्षमा भ्याउनका लागि २०६३ सालसम्ममा हाम्रो देशको विद्युत उत्पादनको प्रगति विवरण यस्तो हुनु पर्दछः-

यदि विद्युत योजनाको खर्च अहिले विद्युत प्राधिकरणले लगाईरहेको प्रति मेगावाटको रू. २० करोडबाट झारेर भारत या चीनमा झैं रू. ७.५ करोडमा ल्याउन सकेको खण्डमा उही अनुमानित रू १८० अरबको लागनीमा विद्युत प्राधिकरणले भने जस्तो ९०० मेगावाट हैन, थप २४०० मेगावाट उत्पादन हुन्छ ।

तर यो १८० अरब रूपैयाँ पनि आउँछ कहाँबाट ? नेपालको विकास बजेटबाटै यो लगानी झिक्नु पर्ने हो भने त झण्डै ७७% बजेट विद्युतमै लगानी गर्नु पर्ने हुन जान्छ । यसको उपाय के हो भने- जल विद्युतको उत्पादन र बिक्रीमा फाइदा हुन सक्ने हुँदा देशको निजी क्षेत्र यो सेक्टरमा लगानी गर्न इच्छुक हुनसक्छ । विद्युत क्षेत्रमा पनि पर्यटन र गलैंचामा झैं जनताको पैसा प्रयोग हुन सक्छ । अहिले उपयुक्त लगानीकै अवसर नभएर यो पैसा शहर बजारमा जग्गाको भाऊ बढाउन र बित्तीय संस्थाको शेयर किन्न प्रयोग भइराखेको छ । त्यसैले अभाव पूँजीको होइन, त्यो पूँजीलाई विद्युततर्फ आकर्षित गर्ने उपायको हो। त्यो उपाय हुने हो भने शयौं अरबको पूँजी यहाँ नेपालमै त्यत्तिकै थन्किएर बसिरहेछ; त्यो प्रयोग गर्न सकिन्छ।

अहिले राजधानीमा जग्गामा लगानी भएर संचित भएको रकमको सानो अंश, बैंकको शेयर किन्नमा लगानी भएको रकमको सानो अंश, गलैंचा र तयारी पोशाकको निर्यातबाट प्राप्त आम्दानीको, पर्यटनको आम्दानीको र देश बाहिरबाट कमाएर ल्याएको तलव पेन्सन (Remittance) को आधा मात्र रकम विद्युत क्षेत्रतिर तान्न सकिने हो भने यो क्षेत्रमा चाहिने संपूर्ण लगानी देशभित्रैबाट गर्न सकिन्छ ।

तर स्वदेशी लगानीकर्ता छरिएको हुँदा तिनलाई एकत्रित पार्न र देशभित्रको पैसा यो महत्वपूर्ण काममा लगाउनको लागि सरकारले केही कदम चाल्नु आश्यक छ ।

एउटा तत्कालै चाल्न सक्ने कदम हो- 'जल विद्युत विकास बण्ड' बेच्ने । सरकार ग्यारेण्टी बसेर मुद्रा स्फिति भन्दा १% बढी ब्याज पाउने हिसाबले यस्तो बण्डमा लगानी गर्न जनतालाई आह्वान गरेमा चाहिने धेरैजसो पैसा देशभित्रैबाट आउन सक्छ ।

नेपाली जनताको पैसा नै लगानी भएपछि विद्युत मूल्य बाहिरी बजारमा प्रतिस्पर्धा गर्न सक्ने र विक्रीयोग्य भएर निस्कन्छ- देशभित्रकै ग्राहकको लागि पनि र भारतमा निर्यात गर्नका लागि पनि ।

विदेशी लगानीकर्ता पनि जल विद्युतको क्षेत्रमा लगानी गर्न इच्छुक देखिएका छन् । देशभित्रबाट नपुगेको लगानी यो श्रोतबाट पनि लिन सकिन्छ। विदेशी लगानीकर्ताको प्रवेशको एउटा फाइदा चाहिँ प्रविधि हस्तान्तरण पनि हो । बाहिर संसारमा बिकसित उन्नत प्रविधि पनि लगानीको साथै देशभित्र पस्छ। तर विदेशी लगानीकर्ताले कमाउने फाइदा विदेशी मुद्रामै आफ्नो देशमा फिर्ता लिन चाहने हुनाले दीर्घकालीन रूपमा यस क्षेत्रमा विदेशी लगानी कुल लगानीको २५% भन्दा नबढाउनुमा नै देशको हित होला भन्ने मलाई लाग्छ । (बाँकी ४४ पेजमा)

# लेनिनको सूट

'अलिकति सोच्नुस् त ! उहाँ सिंगै देशको लागि बन्दोबस्त मिलाउन चाहिँ सक्नु हुन्छ, तर आफ्नो लागि एउटा सूट पनि बन्दोबस्त गर्न सक्नु हुन्न ।'

आफ्नो लागि एउटा सूट पनि व्यवस्था गर्न नसक्ने, तर सिंगै देशका समग्र कुराहरू व्यवस्था गर्ने व्यक्ति को हुनु हुन्छ होला त ? तपाईहरूले शीर्षक हेरेर अनुमान त गरिसक्नु भयो होला, होइन ?

हो, उहाँ लेनिन हुनुहुन्थ्यो । लेनिनको बारेमा यस्तो कुरा कसले भन्नुभएको थियो त ?

यो कुरा लेनिनकै गृहस्थीको हेरचाह गर्ने महिलाले भन्नु भएको थियो । लेनिनको सूट सफा गर्नका लागि गल्लीमा आउँदा उहाँले त्यहाँ आफ्नो ड्यूटीमा तैनाथ लालसैनिक एस. वाई कोकोरेवलाई भन्नु भएको कुरो थियो, यो ।

लाल सैनिक कोकोरेवलाई उक्त महिलाले आफ्नो दुखेसो पोख्दै भन्नु भएको थियो-

'मलाई त यत्ति मात्रै थाहा छ, मेरो सिंगै उमेर यही एउटा सूट मर्मत गर्दैमा र यो सूट टाल्दैमा बित्ने भो !'......

यत्ति कुरा पनि सकिनै पाएको थिएन, उहाँहरूको पछिल्तिर अट्टहास सहित कोही हाँसेको सुनियो । उहाँहरूले पछाडि फर्केर हेर्दा देख्नुभयो- त्यहाँ त लेनिन आफ्नो अफिसबाट निस्केर आई उहाँहरूको पछाडि उभिरहनु भएको थियो !

लेनिन एकनासले हाँसिरहनु भयो र अत्यन्त प्रेमपूर्वक ती महिलाको काँध थप्थपाउँदै उहाँले भन्नुभयो-

'चिन्ता नलिनुस्, पटक्कै चिन्ता नलिनुस् । हामी धनी भएपछि म आफ्नो लागि नयाँ सूट किन्नेछु । त्यसपछि त तपाईले कम मात्रै चिन्ता लिनु पर्ने हुन्छ ।'


लेनिन धनी त हुनुभएन, किनकि धनी बन्ने सपना नै उहाँसँग थिएन, बरू उहाँसँग सबै समान, सबै स्वतन्त्र हुनु पर्छ भन्ने साम्यवादी सपना मात्रै थियो । यो सपनालाई साकार पार्न उहाँ कहिले पनि सुटेड-बुटेड भएर हिँड्नु भएन, बरू उहाँले सादा कपडामै जीवनयापन गर्नु भयो, चाहे त्यो क्रान्ति अगाडिकै भूमिगत कालमा होस्, या क्रान्ति पछिको सोभियत संघको नेता हुँदा नै किन नहोस् !



उहाँ साधारण स्वास्थ्यप्रद खाना खानु हुन्थ्यो, तर रक्सी कहिले पनि खानु हुन्नथ्यो ।

सादा र कम खाना जस्तै, कम र सादा कपडा मै जीवनयापन गर्ने लेनिन र उहाँको परिवारबारे लाल सैनिक कोकोरेवको जस्तै अरूहरूको पनि थुप्रै संस्मरण उल्लेखनीय छन् ।

अन्तर्राष्ट्रिय कम्युनिष्ट क्रान्तिकारी नेतृ क्लारा जेट्किनले क्रान्तिपछिको आफ्नो भेट्घाटको क्रममा आश्चर्य व्यक्त गर्दै लेखेकी छिन्- "लेनिन त त्यही सूट लगाउनु हुन्थ्यो, जुन विदेशमा आफ्नो प्रवासको क्रममा लगाउनु हुन्थ्यो !"



लेनिन साधारणतया जाडोमा कानेटोपी लगाउनु हुन्थ्यो, जसमा ठण्डीबाट बच्नका लागि बाक्लो भुवा राखिएको हुन्थ्यो । उहाँ साधारण स्वास्थ्यप्रद खाना खानु हुन्थ्यो, तर रक्सी कहिले पनि खानु हुन्नथ्यो । शारीरिक मिहेनतको काम गर्ने शौक उहाँमा थियो । उहाँ अत्यन्त खुश-मिजाजको र कुराकानी गर्न मन पराउने व्यक्ति हुनु हुन्थ्यो र कुराकानीको क्रममा अति नै हाँसो-ठट्टा गर्ने व्यक्ति हुनुहुन्थ्यो ।

**उहाँमा त्यस्तो मानसिक चुस्ती, त्यस्तो बौद्धिक करेन्ट थियो, जुन शायद उहाँको सबैभन्दा प्रमुख लाक्षणिकता होला ।**

उहाँको लवाइ-खवाइको बारेमा अमेरिकाको न्यूयोर्कको एउटा रूढिवादी अखवार 'दि वर्ल्ड' का सम्वाददाता लिंकन आएरले १९२० मा लेनिनसँग भेटीसकेपछि यसरी रिपोर्टिंग गरेका थिए-

"उहाँको लवाइमा कुनै विशेष उल्लेखनीय कुरो थिएन- केही मैलो जस्तो देखिइने, बिना कलफको सेतो रंगको कमीज (जसमा मैलो सेतो रंग पनि कम मात्रै देख्न पाइन्थ्यो), कालो टाई र गहिरो खरानी रंगको सूट, बूँटको आधी-आधीसम्म घुसाइएको पाइन्ट, हो यत्ति हो उहाँको पोशाक । बूट र बूटभित्रै घुसाइएको पाइन्ट बाहेक खुट्टालाई गरम बनाइराख्ने अर्को कुनै कुरा थिएन ।कमसेकम उहाँको सन्दर्भमा, कपडा हेरेर मानिसको असली स्वरूप थाहा पाउन साह्रै गाह्रो हुन्छ । किनकि लेनिनको पोशाक त्यस्तो क्याविनेट मन्त्रीले मात्रै लगाउन सक्छ, जो पोशाकको मामिलामा लापरवाह हुन्छ, या कुनै अखवारमा काम गर्ने व्यक्ति वा खाते-पीते राज मजदूर !

तर, उहाँमा त्यस्तो मानसिक चुस्ती, त्यस्तो बौद्धिक करेन्ट थियो, जुन शायद उहाँको सबैभन्दा प्रमुख लाक्षणिकता होला । निश्चय नै यस मानिसमा अतिनै बढी वैयक्तिक आकर्षण थियो । उहाँको मुस्कुराहटले तपाईको मनलाई मोहित पार्न सक्थ्यो र अन्य सबैलाई मुस्कुराउनका लागि पनि बाध्य पार्न सक्थ्यो । उहाँको रबैया सहानुभूतिपूर्ण थियो र अरूहरूका कुरा ध्यानपूर्वक सुन्नु उहाँको प्रवृत्ति नै थियो ।" ❑

भारतीय कथा

# भगवान कसका ?

यशपाल

> प्रेमचन्दपछिका सशक्त हिन्दी कथाकार मानिने स्व. यशपालको एउटा चर्चित कथा यसपल्ट पाठकवर्ग समक्ष प्रस्तुत गरिएको छ।
> – मूल्यांकन

बाबा धार्मिक प्रवृत्तिको हुनुहुन्थ्यो । पढेलेखेका मानिसहरू उहाँलाई श्रद्धा गरेर "महाशयजी" भनेर बोलाउने गर्थे । जता-जता उहाँ जानु हुन्थ्यो, त्यता-त्यता नमस्तेको निम्ति हातहरू उठ्न थाल्थे । ईश्वरमा उहाँको विश्वास अखण्ड र अथाह थियो । प्रार्थना गर्ने बेलामा उहाँको अनुहार करूणामय र स्वर गद्गद् हुन्थ्यो । आर्य-समाज मन्दिरमा हरेका आइतवार उहाँ सामूहिक प्रार्थना गराउनु हुन्थ्यो । उहाँ प्रार्थनाका शब्दहरू बोल्दै जानु हुन्थ्यो, अरू सज्जनहरू आँखा चिम्लेर आफ्नो मनमा त्यो प्रार्थनालाई अनुमोदन गरेर भगवानसँग प्रार्थना गर्थे ।

बुबाको अभिलाषा थियो- उहाँका सन्तानहरू पनि ईश्वरका भक्त र सदाचारी बनून् । हामी सबै छोरा-छोरीहरूलाई उहाँ आफूसँगै हरेक आइतवार आर्य-समाज मन्दिरमा लैजानु हुन्थ्यो । त्यहाँ हामीहरू भगवानका स्तुतिका भजनहरू गाउँथ्यौं, हवन र प्रार्थना गर्थ्यौं र धार्मिक उपदेश सुन्थ्यौं । यसका अतिरिक्त, हरेक दिन घरमा पनि साँझ विहान सन्ध्या र प्रार्थनाको बेलामा पनि हामीहरू सबै आँखा चिम्लेर पलेटी मारेर संध्या र प्रार्थनालाई बल दिन्थ्यौं र भगवद्-भक्तिका भजनहरू गाउँथ्यौं ।

बुबाले हामीहरूलाई 'आर्यगायन' र 'आर्य- संगीत रत्नमाला' का अनेक भजनहरू कंठ गराइदिन भएको थियो । संध्यापछि उहांको स्वरमा स्वर मिलाएर हामी सबै जना गाउंथ्यौं

'ओम् जय जगदीश हरे,
पिता जय जगदीश हरे
मै मुरख खल कामी
कृपा करो भरता ।'
इत्यादि

बुबा सधैं प्रार्थना गर्नु हुन्थ्यो- "हे करूणा सागर ! हामी पापको हिलोमा फसेका अधम प्राणी हौं, तपाईंकै दयाको सहारा छ । हाम्रो मनमा राग, द्वेष, लोभ, मत्सर सबै दुर्गुणहरू भरिएका छन् । हे दयामय, हाम्रो हृदयकोअपवित्रता हटाएर शुद्धता दिनुहोस् ! हे परमपिता, हाम्रा घोर अपराधहरूलाई क्षमा गर्नुहोस्, क्षमा गर्नुहोस्, क्षमा गर्नु होस !"- उहाँ दुवै हात जोडेर टाउको झुकाउनु हुन्थ्यो र फेरि "ओम् शान्ति ! शान्ति !! शान्ति !!!" भनेर आँखा खोल्नु हुन्थ्यो ।

बुवा हामीलाई उपदेश दिनु हुन्थ्यो- "सर्वशक्तिमान परमपिता परमात्माबाट हाम्रा कुनै पनि अपराधहरू लुकेर रहन सक्दैनन् । उहाँ माता, पिताभन्दा पनि धेरै दयालु हुनुहुन्छ । सच्चा हृदयले आफ्नो अपराधमाथि क्षमा मागेमा उहाँले हाम्रा पापहरूको तुरून्त क्षमा गरिदिनु हुन्छ र हामी पापको दण्डबाट बच्न सक्छौं ।"

गंभीर भएर प्रार्थनामा मन लागाइरहने प्रयत्न गर्दा गर्दै पनि चित्त प्रायः बहकीरहन्थ्यो । कहिले गल्लीमा डण्डीवियो खेलिरहेका केटाहरू देख्न पुगिन्थ्यो, कहिले चौकामा घुइँया बनाइरहनु भएकी आमालाई देख्न पुगिन्थ्यो, कहिले छिमेकीको छतमाथि पुतलीको खेल खेलिरहेका केटीहरू । बुबाले यो पनि उपदेश दिनु भएको थियो कि- मनमा पाप रहँदा चित्त भगवानको उपासनामा लाग्दैन । हामी मनलाई वशमा ल्याउने प्रयत्न गरिरहन्थ्यौं तर थाहा छैन- कहिले कहिले र कसरी कसरी भगवानको ध्यान अंजुलीका औलाहरूबाट पानी फुत्किएझैं फुत्किएर जान्थ्यो ।

आफ्नो पापी मनलाई संझाउँदा संझाउँदै विचार आयो- म कुन कुन पाप गर्ने गर्छु ? त्यो एघार वर्षको अवस्थामा कुनै पनि पापको रूप ध्यानको बेलामा राम्ररी चिनिन्नथ्यो । जुन-जुन पापहरूका विषयमा धर्मोपदेशहरूमा चर्चा सुनेको थिएँ, तिनीहरूमध्ये कुनै पनि पाप गरेको याद आएन । तब मनमा एउटा क्षोभ जस्तै पैदा भयो । कुनै पनि यस्तो पाप थिएन, जसको लागि सच्चा हृदयले क्षमा मागेर म भगवानको प्यारो बन्न सकूँ । तब भगवानले म प्रति अनुग्रह के कुराका लागि गरून् ? कसरी म बाल्मिकी ऋषि जस्तै गरी तपस्वी बन्न सक्छु ? भगवानको दया र उनको प्रेम प्राप्त गर्नका लागि, सच्चा हृदयले उनीसँग क्षमा माग्नका लागि एउटा पाप गर्नु आवश्यक भयो ।

त्यस दिन साँझ स्कूलबाट फर्कंदाको समय पंसारीको पसलमा खडा रहेको भीडमा लुकेर नरिवलको एक टुक्रा मैले चोरें । आफ्नो टोलको नजीकैको बजारमा टोलकी एक केटीलाई देखेर कुचेस्टाका संकेतहरू गर्दै गालीका शब्दहरू बोलें ।

त्यसै दिन साँझमा बुबासँगै बसेर संध्या गरेपछि आफूले गरेका पापहरूको संझना गर्दै सच्चा पश्चातापले आँखामा आँसु भरेर, गद्गद् कण्ठले भगवान्सँग प्रार्थना गरें- "म खल र कामी हुँ, मेरो हृदय पापले पूर्ण छ । हे परमपिता, मेरा अपराधहरूलाई क्षमा गरेर श्रद्धा र भक्तिको निम्ति मलाई दान दिनुहोस् ।"- अनुभव गरें कि- आज प्रार्थना गरेबाट मलाई पनि बुबाकै समान सन्तोष भएको छ । त्यस दिन भगवानमाथि विश्वास गरेर आफ्नो पाप क्षमा गराएको गर्व मनमा लिएर रातभर म गम्भीर बनें ।

विहान-बेलुका प्रार्थनापछि र खाना खानुभन्दा अघि बुबाको आज्ञाले आमा हामीलाई पढ्न बसाउनु हुन्थ्यो । म रातको गम्भीरताको कारण किताबको झोला खोलेर चुपचाप किताबबाट पाठ याद गर्दै थिएँ । बहिनीको दृष्टि झोलामा लुकेको नरिवलको टुक्रामा पर्न गयो । नीराले नरिवलको टुक्रा निकाली; यो टुक्राको लागि नीरा र केवलको बीचमा झगडा भयो । आमा- घटनास्थलमा पुगेपछि प्रश्न उठ्यो- आखिर यो नरिवलको टुक्रा आयो कहाँबाट ?

मैले आफ्नो अपराधको निम्ति भगवानसँग क्षमा मागीसकेको थिएँ । त्यो अपराध परमपिता परमात्माले गएको साँझ क्षमा गरि नै सकेका थिए । म हात जोडेर आफ्नो अपराध स्वीकार गर्न मात्र


(बाँकी २३ पेजमा)

नव वर्ष २०५२ को उपलक्ष्यमा समस्त
देशवासीप्रति हार्दिक शुभकामना !

मेयर ध्यानबहादुर राई
तथा
धरान नगरपालिका
परिवार

# हामी उच्चस्तरका प्रेम गीतहरू गाउँछौं

-कलाकार जीवन शर्मा



रेडियो नेपालबाट बिहान बिहान प्रसारित हुने 'जागृति-गीत' शीर्षक अन्तरगत प्रशारित हुने कार्यक्रममा बज्ने प्रगतिशील गीतहरू मध्येका थोरै लोकप्रिय गायक कलाकारहरूमध्येका एक कलाकारको नाम हो- जीवन शर्मा । उहाँ रक्तिम साँस्कृतिक अभियानका मुख्य कला प्रतिभा र केन्द्रीय समितिका अध्यक्ष पनि हुनुहुन्छ ।

२०४३ सालमा स्थापना भएको र २०५० सालमा प्रथम राष्ट्रिय भेला सम्पन्न भएको यो अभियानले हालसम्म ५ वटा गीति क्यासेट एल्बम बजारमा ल्याएको छ । यी एल्बमहरू देशका कुनाकुनासम्म पनि पुगेका र सचेत जन-तब्काद्वारा मन पराइएका छन् । केही महिना अघि राजधानी र भारतको नयाँ दिल्लीमा समेत नेपाली दर्शकहरूका बीच प्रस्तुत गीति नाटक 'ठूली'का पनि उहाँ मुख्य गायक, संगीतकार र रचनाकार हुनुहुन्छ । रक्तिम साँस्कृतिक अभियानमा नामबहादुर थापा, रेम राना, निलिमा पुन, नविना के.सी., खेम पुन, उपेन्द्र गिरी, झोकेन्द्र थापा आदि कलाकारहरूसंगै उहाँ सक्रिय हुनुहुन्छ । २०१७ साल चैत महिनामा बाग्लुङ्गमा जन्मिनु भएका कलाकार जीवन शर्मा २०३७-३८ सालदेखि कलातर्फ लाग्नु भएको हो ।

हामीले वर्तमान सन्दर्भका विविध प्रसंगमा उहाँसंग एक लामो कुराकानी गरेका थियौं । प्रस्तुत छन्, सोही कुराकानीका प्रमुख अंशहरू:-

मूल्यांकन

**❑ एमालेको सरकार आएपछि तपाईका गीतहरू पनि रेडियोमा सुनिन थाले। रेडियोले तपाईहरूबाट नयाँ रेकर्ड गराएर यी गीतहरू बजाएको हो कि पुरानै रेकर्ड बजाएको हो ?**

- एमाले सरकार गठन भएपछि "जागृति गीत" को संज्ञा दिएर बजाइएका गीतहरू "रक्तिम परिवार"को पुरानो एलबमबाट सारेर बजाइएको रहेछ। ती गीतहरू २०४६ सालतिर साह्रै सस्तोमा रेकर्ड गरिएका गीतहरू हुन् । ती गीतहरू ताल, सूर, बाजा र अन्य प्रविधिको हिसाबले साह्रै गरीब अवस्थामा छन् । आधुनिक प्रविधियुक्त ठूला ठूला स्टूडियोहरूमा थुप्रो समय र शीप लगाएर रेकर्ड गरिएका गीतहरूका सामु यी गीतहरूलाई उभ्याइएको छ । केवल वैचारिक हतियारले मात्र यी गीतहरू संघर्ष गरिरहेका छन् । तै पनि विशुद्ध आफ्नै शैली र जनताका आधारभूत समस्याहरूसँग सिधै सरोकार राख्ने हुनाले जनताको माझमा यी गीतहरू निकै प्यारा भएका छन् ।

**❑ पारिश्रमिकबाट सन्तुष्ट हुनुहुन्छ ?**

-पारिश्रमिकबाट सन्तुष्ट ? यो त निकै रमाइलो प्रश्न भयो । अहिलेसम्म रेडियो नेपालबाट हामीसँग आधिकारिक रूपमा कुनै सम्पर्क भएको छैन। भनौं, कुनै वास्तै भएको छैन। खास चासो लिए जस्तो पनि छैन । कतैबाट गीतहरू लागेर बजाइयो । त्यति मात्र हो । पारिश्रमिकबाट अब हामी कति सन्तुष्ट छौं होला त ? खै के भन्ने ? गज्जब छ- "हाम्रो रेडियो नेपाल" !

**❑ तपाईहरूलाई यसरी सोधखोज नै नगरी गीतहरू लिएकोमा आपत्ति छैन ?**

- यो हाम्रो रक्तिम परिवारको मात्र समस्या हैन, सबै नेपाली गीत, संगीतकार र गायक कलाकारहरूको आम समस्या हो। विशेष गरेर अहिलेको अवस्थामा प्रगतिशील कलाकारहरूको अगाडि त यो गम्भीर चुनौति नै हो ।

**❑ यसबारे के गर्ने सोचिरहनु भएको छ ?**

सबै कलाकार साथीहरू मिलेर कुनै निष्कर्ष निकाल्नु पर्छ भन्ने मेरो आग्रह छ । कलाकारहरूलाई संयोजन गर्ने, साझा विन्दु पत्ता लगाएर त्यसको प्रतिबद्धतामा सबै मिलेर अगाडि बढ्ने आदि कुराहरूमा थुप्रै अप्ठ्याराहरू छन् । तै पनि हामी प्रयत्नरत छौं र विश्वास छ- केही न केही काम हुने नै छ ।


**❑ तपाईहरूका गीतहरू "जागृति गीत" भनेर एक समय मात्र बजाउनुको साटो अरू समयमा पनि स्रोताहरूको फर्मायस भएमा बजाउन लगाउनेबारे तपाईहरू चासो राख्नु हुन्न ?**

-यसको लागि स्वस्थ-संगीत सर्जकहरू र गीत लेखकहरू अनि गायक कलाकारहरू सबै संगठित भएर आवाज उठाउनु पर्छ । व्यक्तिगत प्रयासहरूले मात्र धेरै उपलब्धि हुँदैन। रेडियो नेपालको वर्तमान ढाँचामा नै परिवर्तन ल्याउनु पर्छ। अहिलेको त्यहाँको संरचना, मनोबृत्ति र संस्कार पुरानो, रूढीवादी र स्तुतीवादी खालको छ । यो स्थितिको अन्त्य हुनु पर्छ । अन्यथा रेडियो नेपालबाट नेपाली जनताले उल्लेखनीय उपलब्धिको आशा गर्नु व्यर्थै हुनेछ ।

**❑ टि.भि. मा चाहिं तपाईहरू किन नगएको ?**

- दुःखी गरीबहरूका अभिव्यक्तिहरूको लागि ने.टि.भि. झन अप्ठ्यारो ठाउँ रहेछ । दलाली, चाप्लुसी, आफन्तको

## रेडियो नेपालको ढाँचालाई परिवर्तन गर्नु पर्छ



आडले आत्म प्रदर्शन गर्ने जस्ता कुराहरू प्रगतिशील संस्कारदेखि बाहिरका कुराहरू हुन् । त्यो बाटोबाट ने.टि.भि. मा प्रवेश गर्ने कुरै भएन ।

एक दिन राजन राईजीले ने.टि.भि. मा बोलाउनु भएको थियो । गाइहालूँ भनेर ने.टि.भि.को गेटसम्म पुगें । तर केही समय गेट कुर्नसम्म पाइयो । अरू उपलब्धी केही भएन । मैले चिनेको मान्छे राजन राई बाहेक कोही थिएन ! मलाई बोलाउनु हुने राजन राईजीलाई पनि चिन्ने मान्छे गेटमा कोही रहेनछन् । रमाइलै लाग्यो, नेपाल टि.भि.को बिल्डिङ्ग हेर्न पाएर । जनताका गीतहरू झोलामा बोकेर हिंड्दा, सडकमा र गाउँका बाटा घाटा चौतारी जस्तै सिंहदरबारभित्र पनि न्यानो स्वागतको आशा गर्ने म आफैं उल्लू हैन त ? छक्क परेर गरीब दुःखी जनताले गीत सुन्दै आसुँ पुछ्दै गरेका चौतारीहरूका दृष्यहरू आँखामा खेलाउँदै त्यहाँबाट म आफ्नै कोठातर्फ फर्कें ।

**❑ तपाईहरू प्रेम-गीत गाउनु हुन्न रे भनेर तपाईहरूलाई 'एकपक्षीय' मान्नेहरू पनि छन् नि ।**

- हामीहरू उच्चस्तरका प्रेम-गीतहरू गाउछौं । छाडा अश्लिल, अस्वस्थ र चरित्र विध्वंश गर्ने गीतहरू हाम्रा लागि स्वीकार्य छैनन । मानव जातिको उत्थानको दिशामा गति दिने र मानव जातिको आम मुक्तिको लागि चलाइएको संघर्षलाई उर्जा दिने गीतहरू यस युगका सर्वोत्कृष्ठ गीतहरू हुन् । त्यही कार्यमा (आन्दोलनमा) अगाडि बढ्ने मानिसहरू पनि आपसमा स्वस्थ प्रेम गर्छन् । वर्गीय आधारमा उच्च स्तरको वैवाहिक जीवन यापन गर्छन् । यस्ता प्रसङ्गका गीतहरूले चाहे ती प्रेम गीत हुन् वा संघर्ष, त्याग र बलिदानपूर्ण भावका वीर रसका गीत हुन् । हाम्रो साहित्य, संगीत र संस्कृति गौरवशाली र समृद्ध हुन्छ । तर विकृत पूँजीवादी शैलीका पश्चिमी दुर्गन्धयुक्त अस्वस्थ गीतहरू हाम्रो संस्कृतिको लागि टि.वी.का किटाणु जस्तै हुन् । राष्ट्रलाई नै पतनको दिशातिर अभिप्रेरित गर्ने सस्ता प्रेम-लहरीहरूलाई जनस्तरबाटै निरूत्साहित गरिनु पर्छ ।

**❑ अब प्रसंग बदलौं । तपाई केबाट प्रेरित भएर कसरी गीत-संगीततर्फ आउनु भयो ?**

- गरीब, दुःखी, मेहेनत गरेर भोकै बस्ने, पीडित जनताको आसुँ र पसिना देखेर सानै उमेरदेखि नै मेरो हृदयमा एक प्रकारको करूणा उद्वेलित हुन्थ्यो । तर यसलाई व्यक्त गर्न जान्दिनथें । पछि 'वेदना' परिवारका साथीहरूको संपर्कले मलाई प्रगतिशील खालका गीतहरूतर्फ उन्मुख गरायो । हाईस्कूलमा पढ्दा खेरी शिक्षक कृष्ण पौडेलको प्रेरणाले गरीबको निम्ति लड्नु पर्छ भन्ने धारणा बनाइसकेको थिए । पछिका दिनहरूमा नेपालको ३५/३६ सालको आन्दोलन, त्यससँगै विकसित भएका सांगीतिक गतिविधिहरू र विशेष गरेर मेरो संगीतप्रतिको स्वाभाविक झुकावले मलाई यस दिशामा प्रेरित गरेको हो ।

**❑ तपाईलाई राम्रा लाग्ने नेपाली गीत-संगीतकारहरू को को हुन् ?**

- कसलाई राम्रा भन्ने ? व्यक्ति विशेषको कुरा गर्नुभन्दा पनि नेपाली शैलीका संगीत रचनाहरू मलाई मन पर्छन । त्यसमा पनि अझैं गरीब दुःखीको निम्ति लेखिएको स्वस्थ गीत भैदिए त झन सुनमाथि सुगन्ध भए जस्तो लाग्छ । त्यसैले यस्ता खालका रचनाकार संगीतकार, गायकहरूप्रति मेरो विशेष हार्दिकता छ ।



> राजन राईजीलाई पनि चिन्ने मान्छे गेटमा कोही रहेनछन् । रमाइलै लाग्यो, नेपाल टि.भि.को बिल्डिङ्ग हेर्न पाएर ।

**❑ अहिले देशमा गीत-संगीतको स्थिति कस्तो रहेको पाउनु भएको छ ?**

- अहिले देशमा गीत-संगीतको स्थिति हिलो गोबर माटो र अनि चामलको पीठो पनि एकै ठाउँमा मिलाएर मुछेको कचडा जस्तो छ । कुनै स्वरूप नै निर्धारित छैन । गीत संगीतको नेपाली मौलिकता संकटमा छ । यो स्थिति राम्रो हैन ! हामीले आफ्नै राष्ट्रिय पहिचान दिने गीत संगीत र कला-संस्कृतिको निर्माण गर्दै जानु पर्छ । सबै क्षेत्रबाट यसमा मलजल गर्नु पनि त्यत्तिकै आवश्यक छ ।

**❑ यस स्थितिमा के गरिनु जरूरी छ ?**

- राष्ट्र र जनताप्रति जागरूक गीतकार, संगीतकार र कलाकर्मीहरूको संयुक्त प्रयासबाट हाम्रो कला संगीतलाई आफ्नै शैलीमा मजबूत पार्न सकिन्छ । आधुनिक विकसित प्रविधिलाई नेपाली मौलिक संगीतलाई सुन्दरता थप्ने कार्यमा प्रयोग गर्न सकिन्छ । आधुनिक संयन्त्र प्रयोग गर्ने नाममा त्यसैसंग वगेर अस्तित्व नै मेट्न खोज्नु कला संस्कृतिको क्षेत्रबाट राष्ट्रघाति काम गर्नु हो ।

**❑ सरकार र वाम-पार्टीहरू के यस पक्षमा गंभीर छन् ? यसबारे तपाईलाई कस्तो लागिरहेछ ?**

- अहिलेसम्मको व्यवहारले त्यति गम्भीर भएर हेरे जस्तो लाग्दैन । हेर्नु अझै बाँकी छ । एक छिन धैर्य गरेर हेरौं । अनि मात्र निस्कर्ष निकालौंला ।

**❑ तपाई प्रगतिशील कलाकारहरू सबै मिलेर अघि बढ्नु राम्रो हुँदैनथ्यो र ? यसबारे के सोचीरहनु भएको छ ?**

- यो अनिवार्य नै भएको छ । केही प्रयासहरू पनि भएका छन् । तर पर्याप्त छैन ।

**❑ तत्काल वा निकट भविष्यमै केही नयाँ प्रस्तुति गर्दै हुनुहुन्छ ?**

- रक्तिम परिवारको जन-गीतियात्रा क्यासेट एल्वम छैठौं भाग प्रकाशित गर्ने तयारीमा छौं ।

**❑ तपाई थप केही भन्न चाहनु हुन्थ्यो कि ?**

अहिलेको केही खुकुलो परिवेशमा जनताका गीतकारहरू र संगीतकार-हरूले जीवनोपयोगी र मानवजातिको आम- मुक्तिको लागि प्रेरित गर्ने खालका स्वस्थ संगीतको निर्माणमा आफूलाई अझ उच्च साहसका साथ समर्पित गर्नु जरूरी छ । यसको लागि सम्पूर्ण तह तब्काका जन समूहबाट त्यत्तिकै प्रेरणा र दिशाबोधको आवश्यकता पर्छ । सबैको संयुक्त प्रयासले मात्र हामी उज्यालो दिशातर्फ निरन्तर अगाडि बढिरहन सक्ने छौं । ❑

(भगवान कसका) को बाँकी.....

के लागेको थिएं, बुबा पनि बैठक कोठाबाट माथि आउनु भयो ।

गम्भीर चेहरा र क्रोधपूर्ण आखाँहरूबाट उहाँले मेरो चोरीको अपराध सुन्नुभयो । मेरो सानो गालामा उहाँको लम्वा चौडा हातको एक थप्पड दायाँबाट र अर्को थप्पड बायाँबाट पऱ्यो । दुवै कान झन्न....... हुन पुगे तर पनि उहाँले ठूलो-ठूलो स्वरमा बोल्नु भएको कारण मैले सुन्न सकें- म चोर बदमास हुँ र टोल-छिमेकका केटीहरूसँग छेडखानी गर्छु, चोरी गर्छु । भाइलाई उहाँले तलबाट आफ्नो लौरो ल्याउने आज्ञा दिनु भयो ।

थप्पडबाट बच्नको लागि मैले दुवै कानमाथि हात राखिदिए । आखाँबाट आँसु बगिरहेको थियो, खुट्टाहरू कामिरहेका थिए र म भगवानलाई गुहारिरहेको थिएँ- "हे दयामय ! हिजो कत्ति सच्चा र पश्चतापपूर्ण हृदयद्वारा आफ्नो पापको लागि मैले क्षमा मागिसकेको छु । हे परमपिता, तिमीले मेरा अपराधहरू क्षमा गरिसकेका छौं । छिट्टै आऊ र आफ्नो भक्तलाई बचाऊ ।"

तर भगवान आउनु भन्दा पहिले नै बुबाको धम्कीले काँप्दै भाइ तलबाट मोटो बेतको लौरो लिएर आइपुग्यो । एक साथ दुवै अपराधहरूको सजाँय मिल्यो । मलाई झण्डै निस्प्राण बनाएर भूइँमा सुताइयो ।

दिनभर रोईराईकन सुन्निएका आँखाहरूबाट म एक नाशले बोलिरहें- भगवानले जब क्षमा गरिदिएका नै थिए, तव बुबाले मलाई किन पिट्नु भयो ? के मेरो अपराध क्षमा भैसकेको कुरा भगवानले बुबालाई भन्न भुल्नु भयो ? या भगवानले मेरो अपराध क्षमा नै गर्नु भएको थिएन ? कस्तो निश्छल हृदयले भगवानको सामु आफ्नो अपराध स्वीकार गरेर पनि क्षमा किन भएन ? र, के भगवान बुबाको मात्रै कुरा मान्नु हुन्छ ? मेरो कुरा मान्नु हुन्न ?

तब निश्चय भयो कि- पिट्नको निम्ति नै भगवानले हामीलाई सानो बनाउनु भएको हो । म प्रार्थना गर्न लागें- "हे भगवान, छिट्टै नै म ठूलो भएर बलवान बनूँ ता कि मलाई कसैले पिट्न नसकोस् !"

*"अभिशप्त" कथा संग्रहबाट*

*साभार/अनुवाद- हरिगोविन्द लुईटेल*

❑

नेपाल भाषामा प्रकाशित हुने दैनिक विश्वभूमि पढ्नुहोस् ।

# विवाहका तडकभडक र फजुलखर्ची प्रवृत्ति रोक्ने कसले र कसरी ?

—चन्द्रदेव नेपाली

***नेपाल टेलिभिजनमा केही हप्ताअघि एउटा अन्तर्क्रिया प्रस्तुत गरियो, जसको विषय थियो– विवाहजस्ता सामाजिक कार्यहरूमा दिनदिनै बढ्न थालेको तडक-भडक र फजुलखर्ची प्रवृत्ति कसरी रोक्ने ?***

***कार्यक्रममा मूलतः यो तडक-भडक र फजुलखर्ची प्रवृत्ति यहाँ विद्यमान छ, यो ठीक प्रवृत्ति हैन, यसलाई हटाउनु पर्छ, भएको कानून पनि समझदार र जिम्मेवार मानिएकाहरूद्वारा नै पनि मिचिएको छ, आदि आदि कुराहरू उठे ।***

***समग्रमा सो छलफलमा भाग लिने वक्ताहरूले यस गलत प्रवृत्ति घटाउन वा हटाउन उपयुक्त कदम चालिनु पर्ने आशयका विचारहरू पोखे ।***

***कार्यक्रम हेरीसक्न नपाई एक जना मित्रले असन्तुष्टि पोखे– खालि कुरै मात्र हुने भयो, उपयुक्त कदम चाल्ने कसले र कसरी ?***

***□ यसैबीच, केही दिन अघिको एउटा अखबारको पाना पल्टाउँदा त्यसमा लेखिएको पाइयो– "काठमाडौंमा विवाह वास्तवमा एउटा 'फेशन शो' मा बदलिएको छ, जसमा लुगा-कपडा, गहना र सिंगारपटार एवं तखराहरूको प्रदर्शनको होडबाजी गर्ने गरिन्छ ।"***

***□ यसपछिको हप्ता दिनभित्र यस पंक्तिको लेखकले आफ्ना परिचितहरूबाट सुनेका केही कुराहरू यस्ता छन्–***

***–"जन्ती साँढे छ सयदेखि ७ सय जनासम्म आउने कुरा थियो, तीन सय जना मात्रै आए, आधा खाना खेर गयो ।" तराईका एक गृहस्थीको गुनासो ।***

***–"भोजमा करीब सोह्र सय मानिस आए" । एक जना व्यापारी मित्रको अंहकार सहितको रिपोर्टिंग ।***

***–"गर्दै जाँदा इज्जतको सवाल आयो । सात वटा सुनको असर्फी चाहिं आफूले सोचेभन्दा ज्यादा लाग्यो ।" भर्खर छोरीको विवाह सकेको एक गृहस्थीको रिपोर्टिंग ।***

***–"मेरा दाजुको छोराको विवाहमा लागेको खाना खर्च मात्रै पनि मेरो जीवन भरको संचय कोषको पैसाले धान्दैन, अब मैले मेरा छोरा छोरीको विहे कसरी गर्ने होला ?" एउटा मध्यम स्तरको जागीरेको चिन्ता ।***

***–"आफ्नो त एउटै छोरो, उसको विवाहमा मन फुकाएर खर्च गरियो, जोरीपारीले आँटै गर्न सक्दैनन् यस्तो विवाह गर्न– गराउन" । एक अपठित "घरानिया" प्रौढ महिलाको अहंकार ।***

***–"छोरा छोरीको बिहे चानचुने रकमले हुन्न, तलबले यसो गर्न पुग्दैन, त्यसैले घूस त खानै पर्‍यो नि ।" एउटा घुस्याहा मण्डले कर्मचारीको खुला घोषणा ।***

***–"भारतको बिहारमा तेस्री छोरीलाई आफ्नै बाबुले घाँटी थिचेर मारेछ– छोरी हुर्केपछि हुने बिहे खर्चको पीरले ।" एकजना बौद्धिक मित्रको रिपोर्ट ।***

बस्, यस्ता प्रसंगहरू हामी हाम्रो समाजमा दैनिक व्यावहारिक जीवनमा अरू पनि थुप्रै थुप्रै भेट्ने गर्छौं ।

यिनीहरूले दर्शाएका छन् कि निश्चय नै तडक भडक र फजुलखर्ची प्रवृत्तिले हाम्रो समाजमा असंख्य मानिसहरूलाई ठूलो संकट, चिन्ता र अप्ठेरो पारिरहेछ । यसले भ्रष्टाचार बढाउन टेवा दिईरहेछ, यसले समाजमा जसरी पनि कमाउने र संपत्तिको बढप्पन देखाउने होडबाजीलाई प्रोत्साहित गरिरहेछ । यसले गर्दा मूलतः छोरीहरूको पढाइ र सीप आर्जनको पक्ष पछाडि परिरहेछ । नयाँ बुहारीहरू दाईजो कम ल्याएको कारण जीउमा मट्टीतेल खन्याइएर लगाइएको आगोले जलिरहेछन् वा अपमानको र हीनताबोधको भुंग्रोले भित्रभित्रै डढीरहेछन् ।

यसैबीच, एक जोडी मित्रहरूको विवाह यसरी सम्पन्न भयो–

***–घरको छतमा वरिपरि करीब साठी जनाजति आफन्तहरूको भेला ।***

***–वर-वधुबीच फूलमाला र टीकाको आदान प्रदान गर्ने सानो समारोह ।***

***–त्यसपछि सानो जलपान कार्यक्रम ।***

***बस्, जम्मा दुई घण्टामा विवाह कार्यक्रम सम्पन्न ।***

यो खाले छरितो र वैज्ञानिक विवाह पद्धतिको कुरा सुन्दा एक जना गृहस्थीको प्रतिक्रिया यस्तो थियो– "आहा ! तरीका त साह्रै राम्रो हो, तर सबैले यसै गरिदिए पो हुन्थ्यो, आफू एक्लैले आँट गर्न सकिन्न र पो ! "

वास्तवमा, यी गृहस्थको भनाइ र माथि शुरूमा उल्लेखित नेपाल टेलिभिजनको कार्यक्रमका सहभागी वक्ताहरू एवं "उपयुक्त कदम चाल्ने कसले र कसरी ?" भनी अन्यौलग्रस्त हुने मित्र, यी सबैको चाहना एउटै छ - तडक भडक र फजुल खर्ची प्रवृत्ति रोकिनु पर्छ ।

तर सबैको माग छ– यसका लागि आँट गर्नेहरू धेरै निस्किनु पर्‍यो ।

वास्तवमा, जरो कुरा यही हो र यहींनेर छ ।

नेपालमा पंचायती शासन कालदेखि नै विवाह जस्ता सामाजिक उत्सवहरूलाई छिटो र छरितो पार्न ऐन नियमको व्यवस्था पनि गरिएको छ । तर यसको पालना भएन । ५१ जना मात्र जन्ती हुनुपर्ने प्रावधानलाई पन्ध्रपटक

**आजकाल त वैज्ञानिक विधि वा राम्रो विचारको मानिसको खोज– यी दुवै कुरा पछि परेका छन्**



५१/५१ जना गरी जम्मा ७-८ सय मान्छे भेला गर्ने काम पनि गरिए ।

यो शुरू शुरूका दिनहरूको कुरा हो । तर पछि पछि त यसो पनि गर्न छोडियो । खुलेआम जे जति मन लाग्यो, त्यो र त्यत्ति गर्ने गर्न थालियो ।

पंचायत ढल्यो, बहुदलीय व्यवस्था आयो । प्रजातन्त्रवादी भनिएको कांग्रेस र प्रगतिशील भनिएका वामपन्थीहरू नेतृत्वमा आए । तर सामाजिक व्यवहारहरूको यो तडकभडक र फजुलखर्ची प्रवृत्ति घटेन । हाल यो 'फेशन शो' को स्तरमा पुगेको छ । लाजै नमानी दुलाहा पक्षका मानिसहरूले "हाम्रा सात सए जना मानिसहरू जन्ति आउँछन्" भनेर दुलही पक्षलाई "अर्डर गर्ने" हदसम्म यो उक्लेको छ ।

यत्ति मात्र हैन, आजका केही नवधनाढ्य र रूढीवादी परिवारहरू त सामाजिक उत्सव हरूलाई झन झन जटील बनाउनतिर लागेका छन् । विवाह, स्वयंवर, टीकाटालो, मुख हेर्ने, भेट्ने आदि आदि उप शीषर्कहरूको संख्या बढाएर हरेक उप शीर्षकहरू एउटा सामान्य विवाहभन्दा पनि महंगा बनाइएका छन् ।

रूढीवादी र थोत्रा विचारका मानिसहरू नयाँ नयाँ विधिविधान थप्दैछन्- यसो गर्नु हुन्न, यसो गर्नै पर्छ, यस्तो चलन छ, उस्तो चलन छैन आदि आदि । मानौं, उनीहरू यो सारा संसारकै ज्ञाता र दिशानिर्देशक हुन् । मानौं, उनीहरूको रूढीवादले भरिएको दिमाग नै "के गर्नुपर्छ र के गर्नु हुन्न ?" भन्ने कुराको टुंगो गर्ने विशेषज्ञ- दिमाग हो ।

यस स्थितिमा, माथि उल्लेख गरिएको दुई घण्टामा सकिएको वैज्ञानिक तरीकाको विवाहको पद्धति जस्ता राम्रा प्रवृत्तिलाई कसरी प्रोत्साहित र स्थापित गर्ने भन्ने विषयमा चर्चा गरी एउटा टुंगोमा पुग्नु जरूरी छ ।

आउनुहोस् एक छिन यसबारे केही कुराहरू केलाऔं ।

हाम्रो समाजमा खास गरी 'जनवादी' विवाह वा 'प्रगतिशील' विवाह आदि नाउँमा वैज्ञानिक पद्धतिको विकास गर्ने प्रयत्नहरू नभएका हैनन् । नेपालका वामपन्थीहरूले नै यसको नेतृत्व गरिरेहका छन् ।

वामपन्थी मोचसंग नजीक व्यक्तिहरूको लागि यो तथ्य एक खुशी र गौरवको कुरा पनि हो । यसले नेपालका "प्रजातन्त्रवादी" भनिनेहरू यस मामलामा निकै पछाडि भएको संकेत पनि गरेको छ । तर वामपन्थी खेमाको चौतर्फी विस्तार र विकासको हालको समयमा विवाह जस्ता सामाजिक उत्सवहरूलाई वैज्ञानिकीकरण गर्ने दिशामा हिजो जति पनि कामहरू हुन सकेका छैनन् । यदाकदा केही आँटिला र सचेत युवा युवती र तिनका अविभावकहरूले आँट गरेर यस दिशामा केही पाइला चाल्ने गरेका छन् । तर यी प्रयत्नहरूले सामूहिक प्रवृत्तिको रूप लिन सकेका छैनन् ।



केही समय अधिसम्म पनि प्रगतिशील चिन्तन बोक्नेहरूमा एउटा अर्को राम्रो प्रवृत्ति पनि विद्यमान थियो र त्यो थियो- विवाहको निम्ति उम्मेद्वार खोज्दा राम्रो विचार भएको मान्छे खोज्ने प्रवृत्ति । अरू वाहिरी कुराहरू सबै राम्रो भएको, तर विचार भने प्रतिक्रियावादी भएको व्यक्तिसंगको वैवाहिक सम्बन्ध जीवनको उद्देश्यविपरीत र, त्यसकारण, पीडादायक हुने हुनाले यसतर्फ राम्रो होशियारी अप्नाउने चलन केही मात्रामा भए पनि चालु थियो ।

आजकाल त वैज्ञानिक विधि वा राम्रो विचारको मानिसको खोज- यी दुवै कुरा पछि परेका छन् । यो चिन्ताको विषय हो ।

आज कतिपय प्रगतिशील भनिने व्यक्तिहरूले स्वयंले तडक भडकलाई कटाउने प्रयत्न नगरेका मात्र हैनन्, उल्टो, यो प्रवृत्तिलाई प्रोत्साहित समेत गरेका उदाहरणहरू हामीले देखेका छौं । प्रगतीशील वा प्रजातन्त्रवादीहरू मात्र मा सीमित नभई राम्रा प्रवृत्तिहरू जन-साधारण समेतमा फैलन थाल्नु पर्नेमा यो प्रवृत्ति झन झन खुम्चिन थाल्नु निश्चय नै राम्रो कुरा हैन ।

यस्तो किन भइरहेछ ?

वास्तवमा यस्तो हुनुको मूल कारण हाम्रा राजनीतिक पार्टीहरूमा मोटामोटा राजनीतिक कामहरूलाई मात्र 'काम' ठान्ने वा ध्याउन्नाको विषय मान्ने प्रवृत्ति कायम हुनु नै हो ।

सबै मानिसबाट एकैचोटी राम्रो कुरामा आँटको आशा गर्न सकिन्न । सचेतहरूले राम्रा कामहरू शुरूवात गर्नुपर्छ । सचेतहरू मध्ये नै पनि एक्लैले आँट गर्न सक्ने कम मानिसहरू मात्र हुन्छन् । त्यसैले, संगठित रूपले यो काम थाल्नु पर्छ र यसो भएमा मात्र नयाँ परम्पराको थालनी हुन्छ र विस्तारै- विस्तारै यो प्रवृत्ति समाजमा स्थापित पनि हुन्छ ।

कुरा त राम्रो हो, तर व्यवहारमा कसले लागू गर्ने भन्ने प्रश्नको जवाफ यसैमा निहित छ । कानूनमा औपचारिक घोषणा गरेर मात्र हुने कुरा हैन यो । हाम्रा प्रगतिशील राजनैतिक पार्टीहरूले र प्रजातान्त्रिक भनिएका पार्टीहरूले पनि, (आफ्नो नाम अनुसारको काम गर्ने हो भने,) अभियानको रूपमा यस्ता कामहरूको थालनी गर्नु पर्छ ।

कसरी थालनी गर्ने त ?

तडकभडक र फजुल खर्ची प्रवृत्तिको कारण मूलतः अहंकार र जनतामा रहेको रूढीवादी चिन्तनधारा नै हो ।

अहिले त समाजमा आफ्नो उच्चताको प्रदर्शन गर्ने साधन नै तडक भडक भएको छ ।

कसैलाई आफू सम्पन्न र शक्तिशाली भएको समाजमा देखाउनु छ ।

- त्यो देखाउने कसरी ?

बस्, दिदी- बहिनी, छोरा- छोरीको विवाहमा भरमार खर्च गर, ता कि समाजले जिब्रो टोकोस् । भोजमा शक्तिशाली मान्छेहरूलाई डाकीदेऊ र उनीहरूसित बसेर फोटो खिच, रसरंग गर । समाजको आँखमा संपन्न र शक्तिशाली भएको देखिइहाल्यो !

यस प्रकार, विवाहको तडक भडक अहंकार- प्रदर्शनको भरेङ भएको छ । आफ्नो उच्चता प्रदर्शन गर्ने काइदाको थलो विवाह- ब्रतबन्ध भएको छ । समाजको नजरमा आफ्नो भाउ बढाउने उपायको रूपमा तडक भडकको प्रयोग भइरहेछ ।

तडक भडक र फजूल खर्चको पछाडि यसरी गहिरो मनोवैज्ञानिक कारण छ । जुन मानिससँग चारित्रिक उच्चता छ, सांस्कृतिक उच्चता छ, उसले आफू 'उच्च छु' भनेर देखाउन ढोंग र तडक भडकको सहारा लिनु जरूरी नै हुँदैन । उसको चरित्र र संस्कृति आफैंले उच्चताको आभास दिइरहेको हुन्छ । तर जोसँग चारित्रिक र सांस्कृतिक उच्चता नै हुन्न र जो भित्र भित्रै हीनताबोधको ग्रन्थीले ग्रस्त हुन्छ, उसलाई बाहिर कसरी उच्च देखिने भन्ने सबभन्दा बेसी सुर्ता हुन्छ ।

त्यही सुर्ता झेल्ने एउटा सशक्त उपाय हो- विवाह, ब्रतबन्ध आदिमा अपार तडक भडक । भित्र भित्रै हीनताको ग्रन्थी र बाहिर अहंकार,- यसैको अभिव्यक्ति हो- अनावश्यक तडक भडक र फजूल खर्च । अनावश्यक गर गहना, भोज भतेर, लुगाफाटो सबै- अहंकार प्रदर्शन गर्ने र हीनतालाई छोपछाप पार्ने साधन भइरहेका छन् ।

अहंकारको प्रदर्शनका कारणले चलेको तडक भडकले अहिले त सामाजिक विकृतिको रूप लिइसकेको छ । जसको खर्च गर्ने औकात नै छैन, प्रदर्शन गर्ने क्षमता र भित्री इच्छाँ पनि छैन, उसले पनि समाजबाट आफू कटिने भयले ऋण लिएर पनि जवर्जस्ती खर्च गर्ने मेलोमेसो पनि समाजमा व्यापक रूपमा चल्न थालेको छ । खर्च नगर्ग्मा

समाजले कुरा काट्छ । त्यसैले भविष्य जेसुकै होस्, ऋणपान गर वा खेतबारी बेच, तर विवाहमा भरमार खर्च गर ।- यस्तो घटना हाम्रो समाजमा बग्रेल्ती भइरहेछन् । एकातिर न्यून चेतना र रूढीग्रस्त चिन्तन, अर्कातिर समाजको भय,- यो कारणले पनि हाम्रो देशमा थुप्रै घरहरू विवाहको अनावश्यक खर्चका कारणले वर्वाद भएका छन् ।

पूँजीपति र व्यापारीहरूलाई यो तडक भडक र फजूल खर्चबाट निकै फाइदा छ । किनकि यसबाट उनीहरूको माल खुवै विक्छ, उपभोग बढ्छ । जति उपभोग बढ्यो, उति नाफाको वेसी संभावना हुन्छ । त्यसैले, पूँजीपति र व्यापारीहरू आफैं तडक भडक र फजूलखर्चलाई चीरस्थायी पार्न र अरू प्रोत्साहित गर्न प्रयात्नशील छन् । हरेक विज्ञापनमार्फत् उनीहरू आम जनतामा उपभोक्तावादी संस्कृति नसा नसामा घुसाउन प्रयत्नशील छन् । यसको सहायतामा आइरहेछन्- पण्डित पुरोहितहरू, जसलाई तडक भडक र फजूल खर्चबाट निकै लाभ हुन्छ ।

यस प्रकार, विवाहको निहुँमा अहंकार प्रदर्शन गर्नु पर्नेहरू, पूँजीपति, व्यापारीहरू तथा पण्डित/पुरोहितहरू, अर्कातिर- भयग्रस्त, रूढीग्रस्त न्यून चेतनास्तर भएका जनताहरू,- यी दुई थरी मिलेर हाम्रो समाजमा तडक भडक र फजूल खर्चको कुसंस्कृति टिकिरहेछ र मौलाइरहेछ ।

सर्वप्रथम, समाज परिवर्तनका वाहक हाम्रा पार्टीहरूले यी रूढीवादी चिन्तनधाराका विरूद्ध वैचारिक-सांस्कृतिक संघर्ष चलाएर रूढीग्रस्त जनतालाई सचेत गराउनु जरूरी छ । जनस्तरमै विवाह र अन्य सामाजिक उत्सवहरूको सार कुरा के हो र यिनमा स्वार्थबश थोपरिएका हानीकारक कुराहरू के के हुन् र तडक भडक किन हुँदैछ भन्ने कुराका बारेमा व्यापक प्रचार अभियान चलाइनु पर्छ । पार्टी संगठन- इकाईहरू, पत्रिका, पुस्तक, पुस्तिका, रेडियो, टि.भि. आदिलाई पनि यी कामहरूमा प्रयोग गर्नु जरूरी छ ।

आम जनताको निमित्त यी प्रारम्भिक कुराहरू जरूरी छन् भने पार्टीभित्रका मानिसहरूका निम्ति भने यी कुराका अतिरिक्त, तत्कालै जरूरी छ- आफूभित्रका मानिसहरूले सामाजिक विधिव्यवहार कुन कुन गर्ने, कुन कुन नगर्ने, कुनमा के कति र कसरी सुधार गर्ने भन्ने वारेमा सोच स्पष्ट गर्न जरूरी अध्ययन, खोज, अन्तर्क्रिया आदि गरेर धारणा स्पष्ट पारी व्यवहारमा लागू गर्न थाल्ने काम ।

यसरी लागू गर्न थालेपछि मात्र राम्रो प्रवृत्ति लागू गर्न चाहनेहरू पनि आफैं मात्र समाजमा एक्लो पर्ने स्थिति खडा हुन्नथ्यो ।

आत्मविश्वासपूर्वक नयाँ परम्पराको व्यापक थालनी यसरी मात्र हुन संभव छ । यो व्यापकताभित्र मात्र संकुचित स्वार्थ बोकेका, अहंकारी, पूँजीको होड गर्न चाहने र बुझेर पनि बुझ पचाउँनेहरू एक्लिने छन् ।

के हाम्रा पार्टीहरूको ध्यान यस्ता महत्वपूर्ण कामहरूतिर तानिएला ? के हाम्रा पार्टी नेता र कार्यकर्ताहरूले आ-आफ्ना पार्टीहरूलाई यस दिशातिर प्रयत्न बढाउन झकझक्याउलान् ?

धेरै कुरा यसैमा निर्भर रहन्छ ।

बढी खर्च गऱ्यो भने उच्च होइन्छ, तडक भडक देखाउन सक्यो भने उच्च होइन्छ,- यों गतल र अवैज्ञानिक उपभोक्तावादी मापदण्ड र दृष्टिकोण जुन समाजमा व्याप्त छ, हामीले यो मापदण्ड र दृष्टिकोणविरूद्ध नै वैचारिक सांस्कृतिक अभियान छेड्नु जरूरी छ । यो मापदण्ड र दृष्टिकोणको सट्टामा उच्चताको सही र वैज्ञानिक मापदण्ड र दृष्टिकोण स्थापित गर्नु जरूरी छ ।

समाजमा विवाह र तडक भडक एक आपसमा जोडिनाले विवाह भन्ने कुरा नै बहुसंख्यक नेपालीको लागि बोझ र दुर्दशाको ढोका भएको छ । हामीले विवाहलाई तडकभडकबाट अलग्याउन सक्नु परेको छ । तडकभडकविना पनि उन्नत विवाह हुन सक्छ र विवाह उन्नत एवं सफल हुनको लागि वर-वधुका बीच साझा उन्नत उद्देश्य, समझदारी र प्रेमको जरूरी छ, फजुलखर्च र तडकभडकको जरूरी छैन भन्ने वैज्ञानिक दृष्टिकोण र मापदण्ड आम रूपमा प्रचार गर्नु जरूरी छ ।

पुरानो मापदण्ड हटाएर नयाँ मापदण्ड स्थापित गर्नु सजिलो हुँदैन । यसको लागि बुद्धिमत्ता र साहस दुवैको जरूरत छ, सशक्त प्रचार अभियान र उन्नत विकल्प दुवैको जरूरी छ । जहिले पनि उन्नत संस्कृतिको शुरूवात उन्नत विचारका संवाहकहरूबाटै हुने गर्छ । तडकभडकविहीन विवाहको शुरूवात पनि उनीहरूबाटै हुनु पर्छ । नेपालको धनुषा जिल्लाको मधुबासा गाउँमा ७ जना भन्दा बढी जन्ती जान नपाईने प्रचलन त्यहाँको मगर समुदाय आफैंले चलाएको छ- जानी बुझीकन । त्यो उदाहरणीय कदम हो, त्यसको लागि अगुवाई गरेका थिए इन्द्रबहादुर क्याप्छाकीले ।

के मधुवासामा जस्तै देशभरि गर्न सकिन्न ? ❑

पढ्नुहोस् साहित्यिक पत्रिकाहरू- वेदना, लहर, कलम र अक्षलोक

# लिम्बू जाति

## सुदूरपूर्वी पहाडका बासिन्दाहरू

धर्मचन्द्र लावती

**जापानसंगको लडाईमा दुश्मन लखेट्दै जाँदा एउटा चाहिं बन्दूक फ्याँकेर मरे जस्तो गरी सुतेको थियो । छाती छामेको त ढुकढुक गरिरहेको थियो ।**

कन्चनजंघा र कुम्भकर्ण हिमालको छेउबाट उठेर तराई सिरानको चुरे पर्वतनिर टुंगिएको महाभारत पर्वत श्रृंखलाबीच पाँचथर जिल्ला अवस्थित छ । यो वाहेक धनकुटा, इलाम, तेह्रथुम, ताप्लेजुङ्ग, संखुवासभा आदि मेची-कोशीका अधिकांश पहाडी जिल्लाहरूमा लिम्बू जातीहरूको घना बसोबास रहेको छ । यिनै पर्वत श्रृंखलाहरूका उकाली-ओह्रालीमा आरोह र अवरोहको जिन्दगी बाँचिरहेछन्- सुदूर पूर्वी पहाडी प्रदेशका यी नेपाली बन्धूहरू ।

दक्षिण पश्चिम फर्किएको नाके डाँडाको पुच्छारतिर कुरूम्वा गाउँ रहेको छ । सबैजसो घरहरू ढुङ्गामाटो मुछेर गारो लगाई बनाइएका छन् । प्रायश: घरहरू गेरू र सेतो रङ्गका छन् । नयाँ लाहुरे र महाजनका एकादोका टिन-घरहरू बाहेक अधिकांश घरहरूमा फुसकै छानो हालिएको छ । गाउँ छेउ पाखावारीका डिलहरूमा गोगन, उत्तिस, दुधेलो, खन्युँ, नेभारो, बाँस आदिका बोटहरू छन् । घर छेउछाउका कोठेवारीहरूमा ज्यामीर, कागती, सुन्तला, नासपती, आरू आदि फलफूल प्रशस्तै लगाइएको छ । कुनै कुनै घरहरूमा खोल्सीको पानी कालो रबरको पाइपद्वारा ल्याएर आँगनमा धारा बनाइएको छ । खोल्सीहरूमा कतै कतै ढुङ्गाको कुवा पनि बनाइएको पाइन्छ । यहाँबाट दक्षिणको अग्लो मिक्लाजोङ पहाड, पारीका थामथुम, दशमी, पाङतुवा डाँडाहरू र तलको सिम्बुलेटार सजिलैसँग देख्न सकिन्छ ।

गाउँको पुच्छारमा श्यामकिरी सुब्बाको सानो घर छ । घरमा बा हुनुहुन्छ कि हुनुहुन्न भनी सोध्दा 'छड है, एतै आउनुहोस्'- भन्ने जवाफ पाएपछि भित्र पसियो ।

भित्र मैलाले कट्कटिएको, सयौं ठाउँमा धुजा परेको टोपी माथि उनीको पुरानै टोपी ओढेका, झुत्रे कमिज बाहिर एउटा गरमकोट लगाएका बुढा मानिस पिरामा बसेर मुस्कुराइ रहेका थिए । घरभित्र चुल्होमाथि बाँसको सिलीङ्गमा अन्न सुकाइएको र तख्ताको घरामा पुराना बोतल, हर्पे, फुर्लुङ्ग, तोडवा, काँस, तामा, सिल्वरका भाँडा वर्तनहरू राखिएका थिए । ढोका छेउको गग्रेटीमा तामाका गाग्रीहरू थिए । चल्हाछेउ कितली,



लिम्बूहरूको बिजुवार नाच/ताप्लेजुंग

कराही र हाँडी घोप्ट्याइएको थियो । भन्न त यस घरको मूलीलाई सबैले श्यामकिरी भनेपनि उनको खास नाम चाहिँ फोहाङ्ग हो । हाल ८२ वर्ष पुगेका भएपनि उनी अझै हलो जोत्ने, रूखमा चढेर घाँस काट्ने, भारी बोक्ने काम गर्दछन् ।

यस्तो बूढेसकालमा काम गर्दा जीऊ दुख्दैन भनी सोध्दा उनी केही खिन्न हुँदै भन्छन्- "दुखेर के गर्नु ? छोरा छुट्टिएर बसेको छ । अरू मसिना भाल्टाङ भुल्टुङहरू मात्र छन् । दुःख नगरे अरू उपाय छैन ।"

उनकी श्रीमती पनि निरञ्जनको विमारले गर्दा गुन्द्रीमा लडिरहेकी थिइन् । सात वर्ष जतिकी उनकी छोरी पनि घाँस काट्ने, मकै सियो लगाउने, दाउरा पानी ल्याउने, बाख्रा चराउने काम गर्दछिन् । दश बाह्र वर्ष पुगेका यहाँका केटाकेटीहरू सुन्तला, ज्यामीर, भटमास आदि तराई पुऱ्याएर नून खेप्ने काम समेत गर्दारहेछन् ।

यहाँका मानिसहरूमा तराई झर्ने प्रवृत्ति कायम छ । सम्पन्न र लाहुरेहरू शहरतिर घर बनाउने र अन्यले चाहिँ गाउँतिरै खेत- मजदूरी, सानातिना व्यापार आदि गरी तराईमा जीवन निर्वाह गर्ने गर्दछन् । तराईमा बस्नेहरू मध्ये कसै कसैको अझैपनि पहाडतिर थोरथोरै जग्गा जमीन रहेको पाइन्छ । आफन्त भेट्दा लेनदेन जस्ता विभिन्न सम्बन्धहरू रहीरहेकोले पहाड तराई गरी मानिसहरू बराबर आवत जावत गर्ने गर्दछन् ।

यसै क्रममा ८६ वर्षीय दिलवीर लावती आफ्नो नातिसंग पहाड आइपुगेका थिए । उनलाई इंगीत गर्दै सोधें- तपाईहरू किन तराई जानुभएको ?

"पच्चीस सालमा ठूलो बाढी पहिरो लाग्यो । यहाँ मरीगइन्छ कि भन्ने डर भयो । त्यसैबेला मधेशमा भू.पू. सैनिकहरूले जग्गा पाउने कुरा पनि सुनियो । म पनि उता लागेर त्यतैतिर बसोबास गरियो ।" उनले स्वर विसाई विसाई जवाफ दिए ।

तराईमा तपाईहरूको कति जग्गा छ ?- मैले पुनः प्रश्न गरें ।

"शुरूमा ४/४ विघा पाइन्छ भनेर त्यही बमोजिम जंगल फाँडियो । घरी राजाकोमा, घरी मन्त्रीकोमा डेलिगेशन जाने भन्दै झोडे नेताहरूले लाखौं रूपियाँ उठाएर आखिरमा शहरमा घर किन्ने, गाडी किन्ने काम गरे । हामीलाई चाहिँ ०३२ सालको नापीले डेढ विघा मात्र दियो । त्यो पनि अहिले त जनसंख्या बढेर कसैको ४/५ कट्ठा मात्र भएको छ कोही चाहिँ पूरै सुकुम्वासी भएर पहाडै फर्कने बेला भएको छ ।" उनको उत्तर थियो ।

डेढ विघाले खान लाउन पुग्छ त भन्दा उनी गुनासो गर्दै भन्छन्- "कहाँ पुग्नु ? कूलो पैनी भए त पुग्थ्यो कि ? अचेल यही खाने लाउने समस्याले मानिसहरू शिलाङ्ग सिक्किम, कोइलावास, यूपी, काठमाडौंतिर काम गर्न जान्छन् । धरौटी निकाल्न सक्नेहरू अरब, मलेशिया पनि पुगेका छन् ।

तपाईहरू त भू.पू. सैनिक मान्छे, पल्टनमा हुँदा लडाई पनि त गर्नुभयो होला नि- भन्ने प्रश्नको जवाफमा उनी पुराना कुरा सम्झँदै भन्छन्-

"गरियो । जापानसंग वर्मामा लडाई गरियो । एक पल्ट जापानले पक्डेर लादै गर्दा खुकुरीले छप्काएर भाग्ने हुँदा छप्पनको पनि कान काटीदिए । यसरी जापानलाई लखेट्दै हामीले जावा, सुमात्रासम्म पुऱ्यायौं, कति जंगल मंगल बसियो । भोकभोकै लडियो । साँध्ये नै छैन ।"

"हामीले चाहिँ इण्डोनेशियाको जंगलमा गुरिल्लाहरूसंग लडाई गऱ्यौं । एकपल्ट त गोलीले मेरो टोप उडाईदियो । त्यसबेला त मेरो सातोपुत्लो उड्यो । एकछिन पछि हामीले पनि गोली वर्षायौं । केही मरे, केही भागे ।"- अर्का भू.पू. सैनिक राजवलले केही उत्तेजित हुँदै भने ।

"अनि यसरी निर्दोष मान्छेहरू मार्दा मन दुख्दैनथ्यो ?" मैले जिज्ञासा प्रकट गरें ।

"दुखेर के गर्नु र ? आफूले नमारूँ भने उनीहरुले बाँकी राख्दैन । रोजीरोटीको निम्ति पल्टन गएपछि नूनको सोझो गर्नै पऱ्यो ।"

-अर्को एक पाकाले कुरा थपे ।

"हामीले त झन जापानसंगको लडाईमा दुश्मन लखेट्दै जाँदा एउटा चाहिँ बन्दूक फ्याँकेर मरे जस्तो गरी सुतेको थियो । छाती छामेको त ढुकढुक गरिरहेको थियो । राइफल सोझ्याएर फ्याङ्ग दिएको त छट्पटिएर मऱ्यो । त्यही पापले होला एक साल त च्याउमात्र खाएर गुजारा गर्नुपऱ्यो ।"

-बुढा पञ्जनसिंहले पनि आफ्नो अनुभव पोखे ।

अनि पल्टनमा गोराहरूको व्यवहार कस्तो हुन्थ्यो भन्ने प्रश्नको जवाफमा राजवल भन्छन्- "खोइ त्यस्तो राम्रो नराम्रो अनुभव नै भएन । उनीहरू पल्टनमा ठूला दर्जाका अफिसर मात्र हुन्थे । उनीहरूको पल्टन र तलब नै अलग हुन्थ्यो ।"

तपाईहरूलाई कुन पार्टी मन पर्छ ?- प्रश्नको प्रसङ्ग बदल्दै सोधें ।

"जुन पार्टी हामी गरीब दुखीको पीर मार्काहरू हेर्छ, त्यस्तो पार्टी मनपर्छ ।" -पञ्जन सिंहको संक्षिप्त उत्तर थियो ।

"कुनै पार्टीले जनताको समस्या बुझेको जस्तो लाग्दैन । सबै कुर्सीको होडबाजीमा लागिरहेका छन । भारतको हुकूममा नेपाली कांग्रेस आफ्नै जनता दबाउने काममा लागेको छ । अरू पार्टीमा पनि बाहुनवाद हावी रहेको छ ।" -लासेन हाङले आफ्नो धारणा राखे ।

हाल उनी किराँत धर्म, भाषा, लिपी तथा साहित्य उत्थान संघसँग सम्बद्ध रहेका छन् ।

हिजोआज यस क्षेत्रमा राष्ट्रिय जनमुक्ति पार्टीको प्रभाव बढ्दै गएको अनुभव गरिन्छ ।

बहुदल आएपछि कस्तो अनुभव गरिरहनु भएको छ भन्ने जिज्ञासाको जवाफमा सिराने माईला भन्छन्- "खोई कस्तो भन्नु ? मलाई त उस्तै लागिरहेछ । बहुदल आएपछि महंगी झन बढ्यो । भोट लाउनु भन्छन् । एउटाले यसमा, अर्काले उसमा दे भन्छन् । जुन हेऱ्यो, उस्तै देख्छु । केमा लाउनु लाउनु ?"

"यो बहुदल्या भन्याको त निर्दल्या फन्दा छन् विकाम्मे पो तेख्युङ नानी" -सिराने माइलीले छोटो टिप्पणी गरिन् ।

लिम्बू जातिसंग सम्बन्धित संघ संस्थाका व्यक्तिहरू लिम्बू जाति साह्रै पिछडिएको कुरा गर्छन् नि त भन्दा लासेनहाङ पुनः भन्छन्- "नेपालमा मातृ भाषामा शिक्षा दिने व्यवस्था छैन । लिम्बू केटाकेटीहरूलाई नेपाली भाषा बुझ्न त २/४ वर्ष लाग्छ । अनि कसरी नपिछडिउन् त ?"

तपाईको विचारमा नि ?- भन्दा सिराने माइला भन्छन्- "मलाई त हामी लिम्बू लाटोगाँडो भएकोले नै पिछडिएका हौं जस्तो लाग्छ ।"





माथिः लिम्बू पुरूषहरू /
तलः लिङथेप, ताप्लेजुङ्गका लिम्बुनीहरू

दिलबीरको विचारमा भने मोटो बुद्धि भएकाले लिम्बुहरू पिछडिएका हुन् ।

लिम्बू जातिहरूको उत्थान गर्न के कसो गर्नुपर्ला त ?- भन्ने प्रश्न राख्दा शिक्षक द्वय वजीरमान र चेतराज लावतीले जनचेतना उठाउनुपर्ने कुरामा जोड दिए । त्यस भेगको मुख्य समस्यामा यातायातको असुविधा रहेको धेरैले गुनासो गरे । यातायातको असुविधाले गर्दा कैयौले ज्यामीर, नासपाती, अम्बा जस्ता फलफूल जंगलभरि त्यसै सडेर खेर जाने कुरा पनि बताए ।

सुदूर पूर्वी पहाडहरूमा बसोबास गर्ने लिम्बू जातिहरू विशेषतः ठट्टाप्रिय हुन्छन् । लिम्बूहरू अति लडाकु जाति मानिन्छन् । ख्याल ख्यालमा 'चार इन्च' भन्ने उक्ति यसैको उपज हुनुपर्छ । अर्थात् चार इन्च भासिने गरी काटाकाट गर्नु लिम्बूहरूको निम्ति ठट्टासरह हो ।

धाननाच लिम्बूहरूको एक पृथक र अनौठो संस्कृति हो । मेला, हाटबजार र पाहुना भेटघाटमा प्राकृतिक एवं ऐतिहासिक कुराहरूको गीत गाउँदै नाचिने यो प्रथा लिम्बू समुदायमा अझ पनि लोकप्रिय रहेको छ ।

लिम्बू जातिमा भारत, ब्रिटिश सेनामा नोकरी गर्ने प्रचलन छ । लाहुर जान पाउनुलाई गर्वको रूपमा लिइन्छ । यसको प्रभावले गर्दा धर्म नियमका परम्परा आदिलाई सूत्रको रूपमा मान्ने एक प्रकारको दास मनोबृत्ति लिम्बू समुदायमा रहेको पाइन्छ ।

लिम्बू समुदायमा अति खर्चिलो सामाजिक परम्परा रहिरहेको छ । विवाह गर्दा तीन वर्षसम्म सिंगो राँगा, सुंगुर, कैयौं घ्याम्पा जाँड, रक्सी लिएर ससुरालीमा टीका लगाउन जानु पर्ने हुन्छ । विवाहमा चेली, माइती, आमा-बा, सबैतिरका नातेदारहरू र गाउँभरिका मानिसहरू बोलाई राँगा, सुंगुर, खसी, कुखुरा, रक्सी, जाँड, भात आदि ख्वाउने प्रचलन छ । मर्दा बर्खीमा पनि यसरी नै आफन्तहरू बोलाई ख्वाउने गरिन्छ ।

हाल लिम्बू संस्कारमा सुधार ल्याउन अनेकौं सामाजिक संघ संस्थाहरू गठन भएको भएपनि सम्बन्धित संस्थाका व्यक्तिहरूमा वैज्ञानिक एवं जनमुखी चिन्तनको अभाव रहेको हुँदा ठोस सुधार भएको देखिदैन । बरू, सत्याहाङमा ज्योतिनन्द आदि धार्मिक गुरूहरूको आध्यात्मिक धारणाको प्रभाव पर्दै गइरहेको पाइन्छ । केही गणाकालीन किपटीया जमिन्दारहरूको अति दमनात्मक रवैयाले गर्दा अझसम्म स्वतन्त्र चिन्तन लिम्बू समाजमा त्यति विकास भएको नदेखिए पनि वर्तमान असंगतिपूर्ण स्थितिबाट उनीहरूले उन्मुक्ति चहिरहेको तथ्य कुराकानीबाट प्रष्ट हुन्छ । ❑

# "मूल्यांकन" समीक्षा-भेलामा कसबाट कस्तो सुझाव प्राप्त भयो ?

'मूल्यांकन'को वार्षिक समीक्षा-भेला यसको रजत- अंक प्रकाशित भएको केही दिनपछि गत फागुन छ गते काठमाडौंको थापाथली क्याम्पसको सेमिनार हलमा संपन्न भयो ।

सो समीक्षा-भेलामा देशका




विभिन्न राजनीतिक तथा वौद्धिक व्यक्तित्वहरुको उपस्थिति रहेको थियो । करीव ५ घण्टा लामो उक्त भेलामा 'मुल्यांकन'का गत वर्षभरिमा प्रकाशित अंकहरुको समीक्षा हुनुका अतिरिक्त आगामी दिनहरुमा यसलाई अरु उपयोगी बनाउन महत्वपूर्ण सुझावहरु पनि प्राप्त भएका थिए ।

प्राः माणिकलाल श्रेष्ठले अंक १६ देखि २५ सम्म मूल्यांकनमा आवरण-कथा स्तंभ अन्तरगत प्रकाशित सामग्रीहरुको विस्तृत समीक्षा गर्नु हुँदै राष्ट्रियता संवन्धी सवालमा गैर-वामपन्थी देशभक्तहरुलाई पनि यसले आफ्नो मंचमा ल्याउनु पर्ने राय दिनु भयो । दासढुङ्गा घटनाको विवरण, कृष्णप्रसाद भट्टराईको हारसंग संबन्धित विश्लेषण, काठमाडौंमा भारतीय प्रहरी हस्तक्षेप हुँदाको प्रसंगमा प्रकाशित सामग्री र यस सन्दर्भको बाम-आन्दोलनको रिपोर्ट आदि सामग्रीहरु मध्ये एक अंकमा शीर्षक उपयुक्त हुन नसकेको बाहेक अरु सबै सामग्रीहरु सामयिक मात्र नभई गहन र स्तरयुक्त समेत रहेको टिप्पणी उहाँको थियो ।

अंक २० मा स्वास्थ्यमा वाम-विकल्पको खोजीबारे भएको अन्तर्क्रिया महत्वपूर्ण छ । तर त्यसमा ठोस कुराहरु आएनन् भन्दै उहाँले ने.क.पा. एकता केन्द्रको फूटबारे बस्तुगत दृटिले रचना दिइएको राम्रो भएपनि भविष्यमा यस्ता फूट रोक्न र फुटपछि पनि कसरी जानु पर्छ भन्ने कोणबाट विचार संकलन नभएको राय व्यक्त गर्नु भयो । क. किम इल सुङ्ग बारे राम्रो कभरेज भएको छ तर त्यसमा दिइएका स्मरणहरु कोरिया बारे हैन, क. किम बारे नै दिइएको भए राम्रो हुने थियो । मूल्यांकनको एकता केन्द्रको फुटबारेको विचारमा नीरव शेरचनले असहमति जनाउनु भएपनि वास्तवमा मूल्यांकनको अडान द्वन्द्वात्मक भौतिकवादी नै भएको मेरो राय छ भन्दै प्रा. श्रेष्ठले गणेशमानले कांग्रेस छोडेपछिको राजीतिक संभावनावारे पनि अंक २२ ले विचार दिनु पर्दथ्यो भन्नु भयो । चुनावी नतिजा बारेको मूल्यांकनको भविष्यवाणी धेरै हदसम्म सही सावित भएको चर्चा गर्दै उहाँ प्रधानमंत्रीले मूल्यांकनलाई दिनु भएको अन्तरवार्तामा आएका कुराहरुको अनुकूल एमाले सरकार चलोस् भन्ने कामना पनि गर्नु भयो । उहाँले मूल्यांकनले पश्चिम वंगाल सरकारका कामहरुबारे ल्याएको सामग्रीबाट वर्तमान सरकारले पनि थुप्रै कुरा सिक्न सक्छ । किसान आन्दोलन बिना भूमिसुधार सफल नभएको कुरा

**कम्युनिष्ट पार्टीहरुभित्रै पनि दार्शनिक अस्पष्टता देखिन्छ, 'मूल्यांकन' को यस दिशाको सक्रियता प्रशंसनीय छ......**

**चुनावी नतिजा बारेको 'मूल्यांकन'को भविष्यवाणी धेरै हदसम्म सही सावित भएको छ......**

र उदारवादबाट हैन, बलियो केन्द्रिय योजनाबाट मात्र बेरोजगारी हल हुन सक्ने सन्देश, जुन यसबाट प्राप्त हुन्छ, त्यो महत्वपूर्ण र उपयोगी भएको उहाँको ठहर थियो ।

यसैगरी, विज्ञान-प्रविधि स्तंभबारे डा. सानुदेवी जोशीले समीक्षा गर्नु भयो । उहाँले मूल्यांकनमा जानकारीमूलक कुराहरु मात्र हैन, हामीले हाम्रो समाजमा नै पनि विज्ञान प्रविधि क्षेत्रमा व्यवहारमा केही गर्न सकिने कुराहरु खोजेर प्रकाशित गर्नु पर्ने सुझाव दिनु भयो ।

साहित्यकार गंगाप्रसाद उप्रेतीले साहित्य- स्तंभमा मूल्यांकनले सूचनामूलक सामग्री, कथा- कविता र लेखकहरुका विचार गरी तीन थरि सामग्री दिएको कुरा उल्लेख गर्दै साहित्यलाई यसले स्थान दिएर राम्रो काम गरेको विचार व्यक्त, गर्नु भयो । पारिजात, केवलपुरे किसान, पूर्ण वैद्य र गोविन्द वर्तमानका स्तरीय कविताहरु यसमा आएको बताउँदै उहाँले कुन्ता शर्माको "पोथी बास्नु हुँदैन" कविता स्तरीय छ र पनि अन्तमा गएर केही उल्झनमा रुमल्लिएको टिप्पणी गर्नु भयो । पुराना प्रकाशित रचनाहरुको सट्टा नयाँ नै दिइयोस् भन्ने सुझाव पनि उहाँको थियो ।

पर्दा/रंगमंच स्तंभबारे बोल्दै राजेन्द्रप्रसाद अधिकारीले फिल्म समीक्षामा विविधता नपाइएको टिप्पणी गर्दै प्रवृत्तिगत रुपमा चालु पर्दा- रंगमंचीय गतिविधिको चिरफार हुनु राम्रो हुने छ भनी सुझाव दिनु भयो ।

यसै स्तंभबारे कविताराम श्रेष्ठले आज आम-संचारका साधनमार्फत् विष घोलिएका कुरा जनताका आँत आँतमा पसेका छन् भन्दै यिनको विरुद्ध सचेत मानिसहरु र संगठनहरु लाग्नु पर्ने हो तर यस दिशामा पर्याप्त ध्यान पुगेको छैन भन्ने विचार व्यक्त गर्दै यसबारे ध्यानाकर्षण गर्न

मूल्यांकनले गरेको प्रयास प्रसंसनीय भएको बताउनु भयो ।

यसैगरी मूल्यांकनमा प्रकाशित "दर्शन" र "नीति संस्कृति" बारे बोल्दै समालाचेक गोविन्द भट्टले हाम्रो आम समाजमा मात्र हैन, हाम्रा कम्युनिष्ट पार्टीहरुभित्रै पनि दार्शनिक अस्पष्टता देखिन्छ र यो चिन्ताको विषय हो भन्दै 'मूल्यांकन' को यस दिशामा देखिएको सक्रियता प्रसंसनीय छ भन्नु भयो । आज देशमा कम्युनिष्ट कार्यकर्ताहरु 'विश्वास'को भरमा मात्र पार्टीमा टिकेका पनि धेरै छन् । यस्तो कुरा स्थायी हुन्न । स्थायी बनाउन उनीहरुमा उनीहरुको विचारलाई वा विश्वदृष्टिकोणको जगलाई नै परिपक्व गराउनु पर्छ । "नीति-संस्कृति" मा व्यवहारिक उदाहरण दिंदै रचना तयार पारिए झैं 'दर्शन' मा पनि यस्तै गर्नु जरुरी छ भन्दै उहाँले दर्शनका सानातिना अवधारणका बारेमा पनि नयाँ पुस्ताले बुझ्ने गरी सामग्री दिनु राम्रो हुने सुझाव पनि दिनु भयो । धार्मिक र सांस्कृतिक विषयमा पनि र मार्कसवादका सैद्धान्तिक एवं व्यवहारिक विषयमा पनि खोज र अन्तर्क्रिया हुनु जरुरी भएको राय पनि उहाँको थियो ।

महिला संबन्धी सामग्रीहरुबारे बोल्दै उर्मिला पोखरेलले पूर्णांक १८ मा गत वर्षको ८ मार्चको सन्दर्भमा दिइएका सामग्रीहरु मौलिक र लाभप्रद भएको विचार व्यक्त गर्दै अन्यत्र पढ्न नपाइएका तसलिमा नसरिनका लेनिनबारेका विचारहरु जस्ता सामग्रीको प्रकाशनमा जोड दिनु जरुरी भएको राय व्यक्त गर्नु भयो । महिला- स्तंभ नियमित राख्नु पर्ने सुझाव पनि उहाँले दिनु भएको थियो ।

अर्थतन्त्र र जनजीवनबारे 'मूल्यांकन'का विविध स्तंभहरुमा आएका सामग्रीहरुको चर्चा गर्दै विमल फुयाँलले अरुण तेश्रो योजना, ग्याट र बेरोजगारीबारेका रचनाहरु महत्वपूर्ण भएको राय व्यक्त गर्नु भयो । अरुणबारे थप कुराहरु पनि ल्याइनु पर्थ्यो र वेरोजगारीवारे हाम्रो आर्थिक, सामाजिक संरचनासमेतसँग जोडर यसको विष्लेषण गरिनु पर्थ्यो भन्दै उहाँले सोमालिया वारेको प्रकाशित विश्लेषण महत्वपूर्ण रहेको विचार व्यक्त गर्नु भयो । अर्थशास्त्रका उच्चस्तरीय विद्यार्थीहरु समेत मार्क्सवादी अर्थशास्त्रीय अवधारणबाट अवगत नभएको यथार्थ उल्लेख गर्दै उहाँले मार्क्सवादी अर्थशास्त्रका सामान्य अवधारणाहरु बुझाउने पाठ्य-सामग्री पनि 'मूल्यांकन'ले दिन सके राम्रो हुने राय व्यक्त गर्नु भयो ।

विश्व-कम्युनिष्ट आन्दोलन संवन्धी प्रकाशित सामग्री-हरुबारे बोल्दै क. झलनाथ खनालले आज हामीले मार्क्सवादका आधारभूत कुराहरुमा दृढ भएर उभिनु परेको छ र यसै गरी समयलाई चिनेर गतिशील पनि हुनु परेको छ भन्नु भयो । 'मूल्यांकन'ले विश्व कम्युनिष्ट आन्दोलनवारे सामग्रीहरु खोजेर र खोतलेर हाम्रो समक्ष ल्याउने जुन काम गरेको छ, त्यो निकै उपयोगी र प्रसंशनीय छ भन्दै उहाँ 'मूल्यांकन' बहुआयामिक भएको राय पेश गर्नु भयो । क्यूबाबारे अरु गहिराइयुक्त सामग्रीहरु ल्याइनु पर्ने र चीन एवं क्यूबाबारे शास्त्रीय ढंगले समेत गहिराइमा विश्लेषण हुनु जरुरी भएको बताउँदै उहाँले मार्कस र लेनिनको समयभन्दा पछि बहुराष्ट्रिय कंपनीको उदय लगायतका नयाँ घटनाहरुलाई अव हामीले ध्यान दिएर हाम्रो बाटो तय गर्नु पर्दछ भन्नु भयो ।

**चिली, निकारागुवा र इंडोनेशियाका घटनालाई पनि मूल्यांकनले शिक्षा र चेतावनीका निम्ति प्रस्तुत गरेको छ......**



चिली, निकारागुवा र इंडोनेशियाका घटनालाई पनि 'मूल्यांकन'ले शिक्षा र चेतावनीका निम्ति प्रस्तुत गरेको कुरातर्फ इंगित गर्दै क. खनालले हाल सैनिक बलभन्दा ज्यादा अर्थ र ज्ञानमा कव्जा जमाउने एवं सांस्कृतिक युद्धको हतियार प्रयोग गर्ने काम शक्तिशाली तब्काहरुले गरिरहेको तर्फ पनि हाम्रे ध्यान जानु पर्छ भन्दै विश्व कम्युनिष्ट आन्दोलनको केन्द्रिय फोरम निर्माण गर्नु पर्ने जरुरत तर्फ पनि 'मूल्यांकन' ले छलफल चलाओस् भन्ने सुझाव प्रस्तुत गर्नु भयो ।

टिप्पणीको क्रममा वामपन्थी नेता क. शम्भुराम श्रेष्ठले हामी वामपन्थीहरुले प्रशस्त अध्ययन गर्नु पर्ने जरुरी भएको मा मूल्यांकन'ले त्यस दिशामा उल्लेखनीय काम गरेको छ भन्दै वर्तमान एमाले सरकारले भारतीय प्रभुत्वबाट देशलाई बचाउन १९५० को सन्धि खारेज गराउने र क्रान्तिकारी भूमिसुधार गर्न सकेमा देशलाई ठूलो राहत हुने कुरा बताउनु भयो । उहाँले यी दुई कुरामा साहस नत्याग्न एमालेलाई मूल्यांकनको समीक्षा भेलाको यस मंचबाट पनि म गम्भीरतापूर्वक सुझाव गर्न चाहन्छु भन्नु भयो ।

वामपन्थी नेता क. **रोहितले** 'मूल्यांकन' ले नेपालको वाम आन्दोलनमा राम्रो सहयोग पुऱ्याएको छ भन्दै भारतको सी.पि. एम. सरकारबारे यसले ल्याएको सामग्री सामयिक र अत्यन्त उपयोगी छ भन्ने विचार व्यक्त गर्नु भयो । उहाँले वेलायतको लेबोर पार्टीको उदाहरण दिंदै भन्नु भयो- यो पार्टी पहिले "उत्पादन साधनलाई समाजवादीकरण नगरी देश बन्दैन" भन्थ्यो । पछि यसले "आधारभूत उत्पादनका साधनको मात्र समाजवादीकरण" भन्न थाल्यो र यसरी विस्तारै विस्तारै एक एक पाइला गरी यो पार्टी 'मजदूर पार्टी'को नाममा पूँजीपतिहरुको पक्षको पार्टीमा पतन भयो । त्यतिखेरको सोभियत संघले पनि यसलाई जोगाउन सकेन । कारण, यो पार्टी आफैंमा प्रष्ट थिएन । हाल नेपालमा एमालेको हालत पनि यस्तै छ । यसवारे हामी चिन्तित छौं । एमालेलाई खसाल्नु पर्दा प्रतिक्रियावादीहरुले सजिलै हैन, यसको सरकारलाई वदनाम गराएर, प्रतिक्रियावादी काम गराएर, जनताको नजरबाट गिराएर मात्र खसाल्ने प्रयत्न गर्नेछन् । यो ढल्दा अरु जनपक्षीय शक्तिहरु पनि थिचिन्छन् । त्यसैले एमालेलाई यतिखेर हामी सबैले खवरदारी गर्नु जरुरी छ, सचेत गराउनु जरुरी छ ।

टिप्पणीको क्रममा क. लिलामणि पोखरेल 'मूल्यांकन'को प्रयासप्रति शुभकामना व्यक्त गर्नुभयो भने अन्य वौद्धिक व्यक्तित्वहरुले पनि आ-आफ्नो राय प्रस्तुत गर्नु भयो ।

खड्ग संग्रौलाले 'मूल्यांकन' मा नेताहरुको भन्दैमा हरेक हल्काफुल्का विचारलाई पनि समेट्नुको साटो विज्ञ व्यक्तिहरुको गहन र तथ्यमूलक विचारहरु प्रस्तुत होस् भन्ने सुझाव दिनु भयो ।

मजदूर वर्गसम्बन्धी सामग्री कम मात्र आएको गुनासो व्यक्त गर्दै विष्णु रिमालले भन्नु भयो- मजदूर वर्गले वुझ्न सक्ने गरी सरल भाषा शैलीमा आधारभूत अवधारणाहरु बुझाउने सामग्री ल्याइनु जरुरी छ ।

कृष्ण बहादुर भुजुले सिद्धान्त र दर्शन सम्बन्धी "पाठकको प्रश्न" स्तंभ जरुरी भएको कुरा व्यक्त गर्नु भयो भने गोपाल पोखरेलले देशको परराष्ट्र नीतिबारे पनि धारणा प्रष्ट पार्ने खालको स्तंभको आवश्यकता भएको राय व्यक्त गर्नु भयो ।

डा. गोविन्द नेपालले वाम सरकारका कतिपय नीतिहरुमा स्पष्टता नरहेको देखिएकोले सरकार, नेताहरु र बुद्धिजीवीहरुका विचार एकै ठाउँमा ल्याएर मन्थन् गर्नेतिर 'मूल्यांकन' को ध्यान जानु पर्ने विचार व्यक्त गर्नु भयो ।

कविताराम श्रेष्ठले मूल्यांकनले वौद्धिक रूपले तल्लो स्तरका पाठकहरुका निम्ति अर्को पत्रिका निकालोस् भन्दै राजनीतिबाहेकका विषयहरुलाई पनि पर्याप्त स्थान दिइनु जरुरी छ भन्नु भयो ।

स्नेह सायमिले पाठकको रुची एड्भेन्चर वा राजनीतिमा मात्र ज्यादा केन्द्रित छ तर समाजको मेरूदण्डरूपी अर्थतन्त्रलाई पनि हामीले रुची र ध्यानको विषय बनाउनु पर्छ भन्नु भयो ।

उक्त वार्षिक समीक्षा-भेलामा बोल्दै 'मूल्यांकन' का सल्लाहकारहरुका तर्फबाट प्रा. महेश्वरमान श्रेष्ठले हामी सबैको लागि उपयोगी "मूल्यांकन" लाई बौद्धिक क्षेत्रले निरन्तर उर्जा प्रदान गरोस् भनी आह्वान गर्नु भएको थियो ।

भेलाको संचालन प्रधान संपादक श्याम श्रेष्ठले गर्नु भएको थियो ।

कस्तो पार्टी सही कम्युनिष्ट पार्टी हो ?

# के मूल्यांकनले भिन्न विचार नै नभएको कम्युनिष्ट पार्टीको माग गरेको छ ?

## नीरब शेरचनलाई प्रत्युत्तर

### अंक २१ मा प्रकाशित नीरब शेरचनको आलोचनामा मूल्यांकन सम्पादक मण्डलको प्रतिक्रिया

**मूल्यांकनको अंक २१ मा नीरब शेरचनको एउटा आलोचनात्मक टिप्पणी प्रकाशित भएको छ- यसको अंक २० को सम्पादकीयलाई लिएर ।**

**हामी यस टिप्पणीका निम्ति नीरबजीलाई धन्यवाद दिन चाहन्छौं, किनकि यसले पार्टी एकीकरण सम्बन्धी महत्वपूर्ण सवालमा बहस चलाउन उपयुक्त परिस्थिति सिर्जना गरेको छ ।**

**नीरबजीको आलोचनात्मक टिप्पणीमा उक्त सम्पादकीयउपर मुख्य रुपले दुई वटा आरोप छन्: एउटा, हामीले पार्टी एकीकरण गर्नका निम्ति पहिले क्रान्ति, पार्टी र जीवनका आधारभूत सवालमा विचारधारात्मक एकता नै पैदा गर्नुपर्छ भन्नुले पार्टीमा भिन्न विचार भनेकै नभएको वा नहुनु पर्ने आदर्शवादी स्थितिको परिकल्पना गरियो भन्ने आरोप । अर्को, हामीले पार्टी एकीकरण गर्न पर्याप्त अन्तर्क्रिया गरेर विचारधारात्मक एकता नै विकास गर्नुपर्छ भन्नुले व्यवहारको पक्ष छाडियो र आदर्शवादी विचलन गरियो भन्ने आरोप । यी गंभीर कुराहरुबारे गम्भीरतापूर्वक छलफल चलाउनु जरुरी भएको छ ।**

सर्वप्रथम, पहिलो आरोपलाई नै नियालौं

### के भिन्न विचार नै नभएको पार्टीको परिकल्पना गरिएको हो ?

के उक्त सम्पादकीयमा भिन्न विचार नै नभएको पार्टीको परिकल्पना गरिएको छ, जस्तो कि, नीरबजीको आरोप छ ?

सो सम्पादकीयका यी पंक्तिहरु हेरेमा प्रष्टै थाहा लाग्छ- त्यस्तो परिकल्पना गरिएका छैन ।

"पार्टीमा आलोचनात्मक विचार राख्ने जनवाद भएन र आलोचनात्मक विचारलाई नोकरशाही दमनद्वारा हल गर्न खोजियो भने त्यो विचार-गुटको रुपमा संगठित हुन्छ र अन्ततः पार्टीमा फुट हुन्छ ।"

"वास्तविक अनुशासन र केन्द्रीयता, विवेक र खुशले मात्र पैदा हुन्छ । त्यो विवेक र खुश हमेशा आलोचनात्मक तवरले भिन्न विचार राख्ने जनवाद वा स्वतन्त्रता र भिन्न विचारमा रहेको सत्यको अंशलाई प्रत्येकले संगेटने वा केन्द्रिकरण गर्ने प्रक्रियाद्वारा मात्र पैदा हुन्छ ।"

उक्त सम्पादकीयका यी पंक्तिहरूले छर्लंगै देखाएका छन्- हामीले सम्पदाकीयमा त्यस्तो कम्युनिष्ट पार्टीको परिकल्पना कदापि गरेका छैनौं, जसमा भिन्न विचारहरू समाप्त हुन्छन्, जस्तो कि नीरबजीको आरोप छ । यो आरोपको ठीक उल्टो, हाम्रो सम्पादकीयले जोडका साथ उठाउन खोजेको एउटा मुख्य सवाल नै के छ भने, कुनै पनि कम्युनिष्ट पार्टीमा गूटबन्दी र फूटको एउटा प्रमुख कारण नै भिन्न विचारमाथिको वा आलोचनात्मक विचारमाथिको नोकरशाही दमन हो । हामीले सम्पादकीयमा प्रष्टतापूर्वक भनेका छौं, पार्टीमा भिन्न विचार वा आलोचनात्मक विचार राख्न पाउने जनवाद भएन र त्यसलाई जबर्जस्ती नोकरशाही दमनद्वारा दवाइयो भने त्यो विचार-गूटका रूपमा संगठित हुन्छ र अन्ततः पार्टीमा फूट हुन्छ ।

हो, हामीले आफ्नो सम्पादकीयमा भिन्न विचारकै अर्थमा 'आलोचनात्मक विचार' भन्ने शब्द ठाउँ ठाउँमा प्रयोग गरेका छौं । र कतै 'भिन्न विचार' भन्ने शब्द पनि प्रयोग गरेका छौं । अर्थ र तात्पर्य करीव-करीव एउटै हुने गरी यी दुई शब्दहरू प्रयोग गरिएका छन् । कुनै विद्यमान विचारमाथि आलोचनासहित आफ्नो विचार राख्नु भनेको सारमा भिन्न विचार नै अभिव्यक्त गर्नु हो । अझ 'आलोचनात्मक विचार' भन्ने शब्दले भिन्न विचारका अलावा त्यो भन्दा वेसी केही पनि बुझाउन्न र ?

त्यसैले, अंक २० को सो सम्पादकीयमा हामीले भिन्न विचार नै नभएको "अलौकिक' र 'आदर्शवादी' कम्युनिष्ट पार्टीको परिकल्पना गरेका छौं" भन्ने नीरबजीको आरोपमा सत्यता छैन ।

### भिन्न मतबारे सम्पादकीयमा उठाइएको हाम्रो थप विचार

अझ माथि उद्धृत पंक्तिहरूमा हामीले कम्युनिष्ट पार्टीभित्र खाली आलोचनात्मक विचार राख्ने स्वतन्त्रताको मात्र सवाल उठाएका छैनौं । हामीले त कम्युनिष्ट पार्टीभित्र हमेशा आलोचनात्मक विचारमा अन्तर्निहित हुने सत्यको अंशलाई संगेट्ने अर्थात् केन्द्रिकरण गर्ने प्रक्रिया पनि हुनैपर्छ भन्ने सवाल पनि उठाएका छौं । यही प्रक्रियाबाट मात्र पार्टीमा विवेक र खुशमा आधारित वास्तविक अनुशासन र केन्द्रीयता पैदा हुन्छ भन्ने सवाल त्यसमा उठाइएको छ । अर्थात्, यही प्रक्रियाबाट मात्र पार्टीमा नोकरशाही केन्द्रिकरण खत्तम हुँदै गएर जनवादी केन्द्रिकरण पैदा हुन्छ भन्ने सन्दर्भ हामीले उठाएका छौं ।

एउटा छोटो सम्पादकीयमा कुनै पनि कुरा विस्तृत रूपमा व्यख्या गर्नु संभव हुँदैन । सम्पादकीय लेख्दा हुने यो

*के सही विचार सधैंभरि वहुमतका हिस्सामा मात्रै पैदा हुन्छ ? के अल्पमतका विचारमा सत्य भन्ने कुनै कुरै हुन्न र ?*



# कस्तो पार्टीसँग एकीकरण गर्नु पर्छ ?



कठिनाइ जगजाहेर छ र नीरबजीलाई पनि यो कुरा पक्कै थाहा हुनुपर्छ। तथापि, नेपालको कम्युनिष्ट आन्दोलनको सन्दर्भमा हामीले थोरै शब्दमा भए पनि माथि उठाएका सवालको निकै महत्व छ भन्ने हामीलाई लागेको छ र अहिले यसको व्याख्या गर्नु जरूरी भएको हामीलाई महशूस भएको छ ।

हामीले नेपालका कम्युनिष्ट पार्टीहरूभित्र देखिरहेका छौं- पार्टीको केन्द्रीय समिति एउटा कुनै राजनीतिक सवालमा बहुमत र अल्पमतमा विभाजित हुन्छ । त्यसो हुने वित्तिकै बहुमत सदाको बहुमत हुन्छ, अल्पमत सदाको अल्पमत हुन्छ । बहुमतले यो महशूस नै गर्दैन कि अल्पमतको विचारमा पनि सत्यको झिल्काझिल्की हुनसक्छ'। त्यसैले उसले अल्पमतको विचार सुन्नु पर्ने जरूरत नै अनुभूति गर्दैन । र, त्यस्तै अल्पमतले पनि । यसरी बहुमतले तानाशाही शासकका रूपमा अल्पमतको विचार दमन मात्र गर्दैन, अल्पमत पक्षका मान्छेलाई जिम्मेवारी, पद र अवसरहरूबाट समेत बञ्चित गर्न शुरु गर्छ । र, अल्पमतले यसको प्रतिक्रियामा खुला गुटबन्दी र अति जनवादको माग गर्न थाल्छ- एउटा पूँजीवादी संसदमा सरकारी पक्ष र प्रतिपक्षको जे हालत हुन्छ, त्यही हालत एउटा कम्युनिष्ट पार्टीभित्र बहुमत र अल्पमतको पनि हुन्छ । र, परिणाममा पार्टीमा गुटबन्दी उत्कर्षमा पुग्छ र पार्टी फुटछ । कम्युनिष्ट पार्टी भनिएका सबै पार्टीहरूमा हामीले यो प्रवृत्ति देखिरहेका छौं । हामी स्वयंले त्यो प्रवृत्ति भोगेर आएका हौं ।

**कुनै पनि कम्युनिष्ट पार्टीमा गुटबन्दी र फूटको एउटा प्रमुख कारण नै भिन्न विचार माथिको वा आलोचनात्मक विचारमाथिको नोकरशाही दमन होइन र ?**

फगत आलोचनात्मक मत अर्थात् भिन्न मत राख्ने स्वतन्त्रता त एउटा पूँजीवादी पार्टीमा समेत हुन्छ । त्यसैले यहाँनेर उठेको आधारभूत प्रश्न के हो भने- भिन्न विचार राख्ने स्वतन्त्रता मात्रैले एउटा कम्युनिष्ट पार्टी र पूँजीवादी पार्टी कसरी छुट्टिन्छ ? कसरी एउटा कम्युनिष्ट पार्टी पूँजीवादी पार्टीभन्दा उन्नत, प्रजातान्त्रिक र प्रगतिशील हुन्छ ? कम्युनिष्ट पार्टीमा हुनै पर्ने त्यस्तो प्रक्रिया के हो, जेले गर्दा एउटा कम्युनिष्ट पार्टी पूँजीवादी पार्टीबाट गुणात्मक रूपमा छुट्टिन्छ र त्यो भन्दा गुणात्मक रूपमा उन्नत हुन्छ ?

आफ्नै अनुभवका आधारमा समेत हामीलाई महशूस भएको कुरा के हो भने कम्युनिष्ट पार्टीमा पूँजीवादी पार्टी सरह आलोचनात्मक विचार राख्ने जनवाद हुनु मात्र पर्याप्त हुन्न । त्यति जनवादले त त्यो पार्टी पूँजीवादी पार्टीको स्तरमा मात्र हुन्छ । त्यो आलोचनात्मक विचारमा निहित सत्यलाई बिना आग्रह संगेट्ने अर्थात् केन्द्रिकरण गर्ने प्रक्रिया पनि कम्युनिष्ट पार्टीभित्र हुनैपर्छ । यही प्रक्रियाले मात्र कम्युनिष्ट पार्टीको केन्द्रीयताको चरित्र जनवादी प्रकारको हुनसक्छ । र यो केन्द्रीयता पूँजीवादी पार्टीको नोकरशाही केन्द्रियता भन्दा गुणात्मक रूपले भिन्न र उन्नत हुनसक्छ ।

आलोचनात्मक विचार त पूँजीवादीहरू पनि धैर्यपूर्वक सुन्छन् । तर त्यसमा रहेको सत्यलाई उनीहरू हमेशा संगेट्न वा केन्द्रिकरण गर्न सक्दैनन् । पूँजीवाद भनेकै व्यक्तिगत सम्पत्ति र स्वार्थमा आधारित सामाजिक व्यवस्था हो । जसरी पूँजीवाद व्यक्तिगत सम्पत्तिमा आधारित हुन्छ, त्यसरी नै हरेक पूँजीवादीको मानसिकता व्यक्तिगत सम्पत्ति र स्वार्थमा आधारित मानसिकता हुन्छ । व्यक्तिगत सम्पत्तिको मानसिकतामा आधारित वर्ग स्वार्थले उनीहरूलाई सत्य स्वीकार्नबाट छेक्छ । यही वर्ग स्वार्थले नै उनीहरूलाई द्वन्दात्मक वस्तुवादी विश्व दृष्टिकोण अप्नाउनबाट छेक्छ । तसर्थ, उनीहरू त्यति कुरा मात्र केन्द्रिकरण गर्छन्, जति उनीहरूको वर्गस्वार्थ अनुकूल हुन्छ । सबै कुनाबाट आउने कटु सत्यहरूलाई स्वार्थभन्दा माथि उठेर केन्द्रिकरण गर्न नसक्ने हुनाले नै पूँजीवादी पार्टीको केन्द्रीयता औपचारिक र नोकरशाही चरित्रको हुने गर्छ । हरेक पूँजीवादी पार्टीको सीमा नै यही हो । नेपाली काँग्रेसको केन्द्रीयता त्यसको टड्कारो उदाहरण हो ।

कम्युनिष्टहरूको स्वार्थ भनेको सामुदायिक स्वार्थ हो। समुदायको स्वार्थभन्दा अलग्ग कम्युनिष्टहरूको कुनै व्यक्तिगत स्वार्थ हुँदैन । साम्यवाद भनेकै समुदायिक सम्पत्ति र स्वार्थमा आधारित समाज व्यवस्था हो । जसरी साम्यवाद सामुदायिक सम्पत्ति र स्वार्थमा आधारित हुन्छ, त्यसरी नै हरेक साम्यवादीको मानसिकता सामुदायिक सम्पत्ति र स्वार्थमा आधारित मानसिकता हुन्छ । यही हुनाले सत्य र न्यायको पक्षमा खडा हुन साम्यवादीहरूलाई कुनै व्यक्तिगत स्वार्थले छेक्दैन । त्यसैले साम्यवादीहरू सत्य चुरो पत्ता लगाउने सबैभन्दा वैज्ञानिक विश्व-दृष्टिकोण द्वन्द्वात्मक-वस्तुवाद अभ्यास गर्न सक्छन् । कम्युनिष्टहरू जुनसुकै कुनाबाट आएको सत्यलाई पनि केन्द्रिकरण गर्न सक्छन् । यसो गर्न उनीहरूलाई कुनै स्वार्थले छेक्दैन । स्वार्थभन्दा माथि उठेर द्वन्दात्मक वस्तुवादको आधारमा सबै आलोचनात्मक विचारलाई सुन्न सक्ने र त्यसलाई केन्द्रिकरण पनि गर्न सक्ने हुनाले कम्युनिष्ट पार्टीको केन्द्रीयता वास्तविक र जनवादी चरित्रको हुनसक्छ । यही जनवादी चरित्रको विचार केन्द्रिकरण कम्युनिष्ट पार्टीमा मात्र हुन संभव हुनाले कम्युनिष्ट पार्टीको संगठन-संचालनको सिद्धान्तलाई जनवादी-केन्द्रीयता भनिएको हो । व्यक्तिगत जित-हार र स्वार्थभन्दा माथि उठेर जुनसुकै कुनाबाट आएको आलोचनात्मक विचारलाई पनि द्वन्द-संश्लेषण गर्दै बेठीक जतिसँग द्वन्द गर्ने र सही जति संश्लेषण गर्ने अर्थात् केन्द्रिकरण गर्ने प्रक्रियाले नै एउटा कम्युनिष्ट पार्टी पूँजीवादी पार्टीभन्दा गुणात्मक रूपले नै भिन्न र उन्नत हुनसक्छ । जोड गरेर हेरेमा मार्क्सवाद आफैं यही प्रक्रियाबाट विकसित भएको हामी पाउन सक्छौं । मार्क्सले हेगेल जस्तो निरंकुश राजतन्त्रवादीबाट पनि द्वन्दवादी सिद्धान्तलाई संश्लेषण अर्थात् केन्द्रिकरण गर्नु भयो, तर त्यसको आदर्शवादसित द्वन्द गर्नुभयो । त्यस्तै फायरवाखबाट वस्तुवाद लिनुभयो, केन्द्रिकरण गर्नु भो, तर त्यसको अधिभूतवादलाई चाहिँ द्वन्द गर्दै मिल्काउनु भयो । यस्तै पूँजीवादी अर्थशास्त्री एडमस्मिथ र रिकार्डोको अर्थशास्त्रका सिद्धान्तलाई पनि मार्क्सले सही भए जति केन्द्रिकरण गर्नुभएको देखिन्छ, बेठीक जतिलाई निषेध गर्नुभएको देखिन्छ । समाजवादको सिद्धान्त आफैं चार्लस फौरियर, रोवर्ट ओवन् जस्ता काल्पनिक समाजवादीहरूका कतिपय वस्तुसम्मत र सही धारणाहरू केन्द्रिकरण गरेर र बेठीक जतिलाई द्वन्द निषेध गरेर विकसित भएको छ । यसरी मार्क्सवाद आफैं जुनसुकै कुनाबाट आएको सत्यलाई पनि द्वन्द संश्लेषणको पद्धति अप्नाएर केन्द्रिकरण गर्ने प्रक्रियाद्वारा नै विकसित भएको देखिन्छ । मार्क्सवाद मात्र हैन, सम्पूर्ण विज्ञान नै यही प्रक्रियाद्वारा विकसित भएको देखिन्छ । हाम्रा कम्युनिष्ट पार्टीहरूमा नितान्त अभाव भएको प्रक्रिया नै यही द्वन्द संश्लेषणको प्रक्रिया हो अर्थात् जुनसुकै कुनाबाट आएको आलोचनात्मक विचारलाई पनि द्वन्द संश्लेषण गर्दै केन्द्रिकरण गर्ने प्रक्रिया हो । के सही विचार सधैंभरि बहुमतका दिमागमा मात्रै पैदा हुन्छ र ? के अल्पमतका विचारमा सत्य भन्ने कुनै कुरै हुन्न र ? सही विचार त व्यवहारका दौरानमा खोज र अनुभवद्वारा पैदा हुने कुरा हो । र, त्यो जुनसुकै पक्षबाट पनि आउन सक्छ ।

त्यसो हो भने त्यसलाई केन्द्रिकरण गर्ने पद्धति, प्रक्रिया के त ?

त्यसलाई केन्द्रिकरण गर्ने सही पद्धति, प्रक्रिया फेरि पनि घुमीफिरी द्वन्द संश्लेषणकै प्रक्रिया हो अर्थात् आलोचनात्मक विचारको बेरोकटोक स्वतन्त्रता र त्यसको जनवादी केन्द्रिकरणकै प्रक्रिया हो, यो प्रक्रिया कुनै कम्युनिष्ट पार्टीमा भएमा मात्र गुटबन्दी बिलकूलै अनावश्यक हुन जान्छ र साथै फूट पनि । आलोचनात्मक

## अनावश्यक पार्टी फूटबाट बचाउने साम्यवादी सिद्धान्त के छ ?

# कस्तो पार्टी सही कम्युनिष्ट पार्टी हो ?

विचार राख्ने जति पनि स्वतन्त्रता भएपछि र त्यो विचारमा रहेको सही पक्षालाई संगेट्ने प्रक्रिया भएपछि गूटबन्दीको आवश्यकता नै रहन्न । यही कारणले हामीले आफ्नो सम्पादकीयमा खाली भिन्न वा आलोचनात्मक विचार राख्ने पूँजीवादी स्वतन्त्रताको सवाल मात्र उठाएका छैनौं, भिन्न वा आलोचनात्मक विचारमा रहेको सत्यलाई केन्द्रिकरण गर्ने साम्यवादी प्रक्रिया पनि कम्युनिष्ट पार्टीमा हुनैपर्छ भन्ने सवाल महत्वका साथ उठाएका छौं । कम्युनिष्ट पार्टीमा गूटबन्दी र अनावश्यक फूट निषेध गर्ने एक मात्र उपाय यही नै हो भन्ने हाम्रो ठम्याइ छ । सदावहार बहुमत र सदावहार अल्पमत हुने, बहुमतले अल्पमतको र अल्पमतले बहुमतको कुरै नसुन्ने, फलस्वरूप गूटबन्दी र फूट भइरहने हाम्रो नेपालको परिवेशमा यो पद्धति, प्रक्रियाको धेरै महत्व छ भन्ने हामीलाई लागेको छ ।

इतिहासमा एक व्यक्ति-तानाशाहीको सामन्तवादी सिद्धान्त हावी भएको समयमा पूँजीपतिहरूको बहुमत/अल्पमतको सिद्धान्त पनि निकै प्रगतिशील कुरा थियो । यसले समाजलाई अघि बढाउन क्रान्तिकारी भूमिका खेलेको थियो ।

२-४ सय वर्ष अल्पमत-बहुमतको पूँजीवादी सिद्धान्त प्रयोग गरेर हेरेपछि यसको खोट पनि छर्लंग भएको छ । यो सिद्धान्तले अरूबाट उदघाटित सत्यलाई संगेट्ने कुराको उपेक्षा गर्छ । यसले स्थायी गूटबन्दीको सिर्जना गर्छ-बहुमतको र अल्पमतको । र, हमेशा बहुमतको नोकरशाही तानाशाही पैदा गर्छ, औपचारिक केन्द्रीयता जन्माउँछ । भिन्न विचार सुन, तर आफ्नै कुरा बहुमतले पारित गर, यो सिद्धान्तको चूरो कुरो यही हो ।

यही खोट पष्ट भएपछि साम्यवादीहरूले जनवादी केन्द्रिकरणको सिद्धान्त विकसित गरेका हुन् । जनवादी केन्द्रिकरणको सिद्धान्त बहुमत-अल्पमतको पूँजीवादी सिद्धान्तभन्दा धेरै विकसित र प्रगतिशील कुरो हो । यो सिद्धान्तले भिन्न विचार राख्ने जनवादलाई त अभिन्न अंगका रूपमा अप्नाउँछ नै । तर यसले यति मात्रलाई पर्याप्त ठान्दैन । भिन्न विचारको बेठीक तत्वसित द्वन्द गर्ने र ठीक तत्व जति संश्लेषण, केन्द्रिकरण गर्ने पद्धति पनि जनवादी केन्द्रिकरणले अप्नाउँछ । सत्य जुनसुकै कुनाबाट पनि उदघाटित हुन सक्छ, त्यसलाई प्रकट हुन देऊ, अप्नाऊ, संगेट, आफ्नो पार, केन्द्रिकरण गर । असत्य जुनसुकै कुनाबाट आओस्, त्यससित लड, द्वन्द गर, त्यसलाई निषेध गर । जनवादी केन्द्रिकरणको चूरो कुरो यही हो । त्यसैले, यो सिद्धान्तले संगठनलाई सदावहार बहुमत र अल्पमतमा बाँड्दैन । गूटको सिर्जना हुने बीऊ नै खत्तम पार्छ । र असली केन्द्रियता जन्माउँछ ।

यही भएको हुनाले हामीले आफ्नो सम्पादकीयमा फगत भिन्न विचार राख्ने पूँजीवादी जनवादको मात्र वकालत गरेनौं । त्यो भिन्न विचारमा निहित सत्यलाई जनवादी तवरले संगेट्ने वा केन्द्रिकरण गर्ने प्रक्रिया पनि हरेक कम्युनिष्ट पार्टीमा हुनै पर्छ भन्ने आवाज उठायौं । फगत बहुमत/अल्पमतको पूँजीवादी सिद्धान्तलाई मात्र जनवादी केन्द्रिकरण ठानिने हाम्रो यहाँको परिवेशमा हाम्रो यो कुरो केही नौलो र अनौठो अवश्य हुन गयो होला । तर स्थायी बहुमत र अल्पमत तथा गूटबन्दी निषेध गर्ने अर्को उन्नत विकल्प नै के छ र ? अनावश्यक पार्टी फूटबाट बचाउने अर्को साम्यवादी सिद्धान्त नै के छ र ?

> पार्टीमा भिन्न विचार वा आलोचनात्मक विचार राख्न पाउने जनवाद भएन र त्यसलाई जबर्जस्ती नोकरशाही दमनद्वारा दवाइयो भने त्यो विचार-गूटका रूपमा संगठित हुन्छ र अन्ततः पार्टीमा फूट हुन्छ ।

त्यसैले वास्तविकता यो होइन कि नीरबजीले भन्नुभए जस्तो-हाम्रो सम्पादकीयले भिन्न विचार नै नहुने "आदर्शवादी" कम्युनिष्ट पार्टीको परिकल्पना गरेको छ । वास्तविकता यो हो कि हाम्रो सम्पादकीयले भिन्न विचारलाई जबर्जस्ती दवाउने कुनै पनि नोकरशाही ढंगको सख्त विरोध गरेको छ र भिन्न विचार राख्ने स्वतन्त्रता हरेक कम्युनिष्ट पार्टीमा अनिवार्य रूपमा हुनै पर्ने सवाल उठाएको छ । तर हाम्रो ठम्याइमा त्यति मात्रले पार्टीको स्तर कम्युनिष्ट पार्टीको हुँदैन । भिन्न विचारमा निहित सत्यलाई जनवादी ढंगबाट केन्द्रिकरण गर्ने प्रक्रिया पनि हरेक क.पा. मा हुनै पर्छ । यो प्रक्रियाले मात्र पार्टीको स्तर कम्युनिष्ट पार्टीको हुनसक्छ । यही सवाल हाम्रो सम्पादकीयले मुख्य रूपमा उठाएको छ । हामी नीरबजीलाई हाम्रो सम्पादकीय फेरि एक चोटि ध्यानपूर्वक पढी, हेरिदिनु हुन अनुरोध गर्छौं ।

मूल समस्या पैदा भएको छ-नीरबजीको विचारधारात्मक केन्द्रीयता सम्बन्धी समझदारीबाट । पार्टीमा क्रान्ति, पार्टी र जीवनका आधारभूत सवालहरूमा एउटै विचार अर्थात् विचारधारात्मक केन्द्रीयता पैदा गर्ने भन्ने हाम्रो प्रस्थापना सम्बन्धी गलत समझदारीबाट नै सम्पूर्ण विवाद उब्जेको देखिन्छ ।

## विचारधारात्मक एकता भनेको विचारको अन्त होइन

हामीले आफ्नो सम्पादकीयमा पार्टी एकीकरण गर्नुअघि एकीकरण गर्ने पार्टीहरूले विचारधारात्मक एकता नै विकास गर्नुपर्छ भनेका छौं । क्रान्ति, पार्टी र जीवनका आधारभूत सवालहरूमा एउटै विचार विकास गर्नुपर्छ भनेका छौं ।

यसलाई प्रतीकको भाषामा 'खाली शरीरहरू मात्र एकै ठाउँमा बाँधिदिँदैमा पार्टी एकीकरण हुँदैन, टाउको र शरीर दुवैको पूरापूर एकीकरण हुनुपर्छ, भनेका छौं ।

तर नीरबजीले भने विचारधारात्मक एकता भन्ने बित्तिकै भिन्न विचारको पूरापूर अन्त हुने स्थिति बुझ्नुहुँदो रहेछ । क्रान्ति, पार्टी र जीवनका आधारभूत सवालमा एउटै विचार पैदा गर्ने भन्नासाथ अब कहिल्यै भिन्न विचार नै पैदा नहुने "निर्वाणमय" स्थिति बुझ्नु हुँदो रहेछ ।

यस स्थितिमा, हामीले विचारधारात्मक एकताबारे व्याख्या गर्नु जरूरी भएको छ । किन साम्यवादी पार्टी निर्माण गर्नका लागि वा एकीकरण गर्नका लागि पहिले विचारधारात्मक एकता नै विकास गर्नु अनिवार्य हुन्छ भन्ने सवाललाई प्रष्ट पार्नु जरूरी भएको छ । साथै विचारधारात्मक एकता विकास भएपछि पनि पार्टीमा भिन्न विचार पैदा हुन्छ कि हुन्न भन्ने बुँदामा पनि प्रकाश पार्नु जरुरी भएको छ ।

किन हामीले पार्टी निर्माण र पार्टी एकताका लागि विचारधारात्मक एकता हुनैपर्छ भनेर अत्यधिक जोड दियौं त ?

यो अकारण होइन । कहिल्यै भिन्न मत पैदा नहुने खालको "आदर्शवादी" कम्युनिष्ट पार्टी पैदा गर्ने नियतले यसो गरिएको होइन । यस्तो कम्युनिष्ट पार्टी न कहिल्यै बनेको छ न त कहिल्यै बन्न नै सक्छ । एउटै विचारधारा अभ्यास गर्नेहरूबीच पनि अनुभवको भिन्नता र ज्ञानको स्तरको भिन्नता त हुन्छ नै । यही कारणले पनि विचारधारात्मक एकता हासिल भइसकेपछि पनि भिन्न विचारहरू पैदा भइरहन्छन् ।

तर विचारधारा अभ्यास गर्ने मामलामा एउटैपन हुँदाहुँदै हुने मतभिन्नता र विचारधारा नै उल्टो अभ्यास गर्नेहरू वीचको मतभिन्नता एउटै हुन सक्दैन । दुवैले साम्यवादी विश्व दृष्टिकोण नै अप्नाइरहेछन्, साम्यवादी संस्कृति नै अंगालिरहेछन् दुवैको उद्देश्य सत्य पत्ता लगाउनु नै छ तर दुवैको अनुभव बेग्लाबेग्लै हुनाले वा ज्ञानको स्तर अलग-अलग हुनाले उनीहरू दुईको विचारमा भिन्नता भयो भने विचार- द्वन्दपछि सजिलै उनीहरू एउटा साझा टुंगोमा पुग्न सक्छन् । तर एउटाले द्वन्दात्मक वस्तुवादी विश्व दृष्टिकोण अप्नाइरहेछ, अर्कोले अधिभूतवादी आदर्शवादी, विश्व दृष्टिकोण, एउटाले साम्यवादी संस्कृति अप्नाउँदैछ, अर्कोले पूँजीवादी, एउटाको उद्देश्य सत्य पत्ता लाउनुछ, अर्कोको जसरी पनि तर्कमा जित्नु । के यस्ता कारणहरूले गर्दा मतभिन्नता उत्पन्न भयो भने त्यो भिन्नता विचार द्वन्दद्वारा हल हुनसक्छ ? के त्यो मतभिन्नता मित्रतापूर्ण छलफलद्वारा हल हुनसक्छ ?- कदापि सक्दैन ।

## मतभिन्नताको प्रकृतिमा अन्तर गर्नुपर्छ

त्यसैले सबै खालका मतभिन्नतालाई एउटै प्रकृतिको ठानिनु हुँदैन । मतभिन्नताबीच पनि अन्तर गर्नु जरूरी छ । विचारधारा एउटै अभ्यास गर्दा गर्दै पनि अनुभव र ज्ञानको स्तरको भिन्नताले गर्दा मात्र मतभिन्नता पैदा भएको हो कि विचारधारा नै विपरीत विपरीत अभ्यास गर्नाले पैदा भएको हो ? त्यो कुरा छुट्याउनु पर्दछ । एउटै विचारधारा, एउटै विश्व दृष्टिकोण हुँदा हुँदै पनि आवश्यक अनुभव र ज्ञानको स्तरको भिन्नताले हुन गएको मतभिन्नता-वर्गीय हिसाबले एउटै वर्ग र वर्ग दृष्टिकोणबीचको अन्तरविरोध हो । यो मित्रतापूर्ण अन्तरविरोध हो र मित्रतापूर्ण विचार-अन्तर्क्रियाद्वारा यसको निदान हुनुपर्छ, हुनसक्छ । तर बिल्कूलै विपरीत विचारधारा, बिल्कूलै विपरीत विश्व दृष्टिकोण हुनाको कारणले पैदा भएको मत भिन्नतामा चाहिँ जति छलफल गरे पनि एउटा साझा निष्कर्षमा पुग्न सकिन्न । एउटाले वस्तुलाई गतिशीलतामा हेर्ने कोशिस गरिरहेछ, अर्कोले स्थिरतामा, एउटाले बस्तुलाई जस्तो छ त्यस्तै हेर्ने कोशिस गरिरहेछ, अर्कोले मनगढन्त धारणा थोपर्ने कोशिस गरिरहेछ, एउटाले समाजको हितका हिसाबले ठीक बेठीक छुट्याउन कोशिस गरिरहेछन्, अर्कोले व्यक्तिगत हितका हिसाबले ! के यो कारणले हुन गएको

**फगत आलोचनात्मक मत अर्थात् भिन्न मत राख्ने स्वतन्त्रता त एउटा पूँजीवादी पार्टीमा समेत हुन्छ ।**
**भिन्न विचार राख्ने स्वतन्त्रता मात्रैले एउटा कम्युनिष्ट पार्टी र पूँजीवादी पार्टी कसरी छुट्टिन्छ ?**

# कस्तो पार्टी सही कम्युनिष्ट पार्टी हो ?

मतभिन्नता मित्रतापूर्ण छलफलद्वारा हल हुन सक्छ ? के यो अन्तरविरोध मित्रतापूर्ण अन्तर्क्रियाद्वारा हल हुन सक्छ ?- कदापि सक्दैन । किनभने यो विपरीत वर्ग र विपरीत वर्ग दृष्टिकोणको बीचको अन्तरविरोध हो ।

त्यसैले, कम्युनिष्ट पार्टीमा मतभिन्नता हुन्छ- यति भनी दिएर मात्र पुग्दैन । मत भिन्नता कुन प्रकृतिको छ, त्यो छुट्याइनु पर्दछ । विचारधारात्मक एकता हुँदाहुँदै पनि आवश्यक अनुभव र ज्ञानको स्तरको भिन्नताले पैदा हुने मतभिन्नता कम्युष्निट पार्टीमा बारम्बार पैदा भइरहन्छ । यो स्वाभाविक घटना हो । यो खालको विचार अन्तरविरोध नै पार्टीको विकासको स्रोत हो । यस्तो विचार अन्तविरोधलाई हमेशा स्वागत गरिनु पर्छ । तर एउटा कम्युनिष्ट पार्टीभित्र एउटाले साम्यवादी विचारधारा अप्नाउँदै र अर्कोले पूँजीवादी विचारधारा अप्नाउँदै गर्नाले मतभिन्नता पैदा हुन्छ भने यो कुनै स्वाभाविक परिघटना होइन, यस्तो परिघटनाले पार्टीको विकास गर्ने होइन, यसले त पार्टीको वर्ग चरित्र नै नकारात्मक दिशामा बदलिदिन सक्छ । विचार- द्वन्दमा पूँजीवादी विचारधारा अभ्यास गर्नेको हात बलियो भयो भने एउटा कम्युनिष्ट पार्टी पूँजीवादी पार्टीमा बदालिन सक्छ । सोभियतसंघ र चीनको अनुभवले यो छर्लंगै देखाएको छ ।

त्यसैले, विपरीत विचारधाराका कारणले पैदा भएको मतभिन्नतालाई मित्रतापूर्ण व्यवहार गर्न सकिंदैन । कम्युनिष्ट पार्टीभित्र पनि यस्तो व्यहोर्नुपर्ने बाध्यता आउन सक्छ । तर यो बाञ्छित र स्वागतयोग्य घटना होइन । सचेत प्रयत्न गरिनुपर्छ कि कम्युनिष्ट पार्टीभित्र यस्तो घटना भरसक घट्ने स्थिति नहोस् । यसको निम्ति एउटै उपाय छ- पार्टी निर्माण गर्दा वा पार्टी एकता गर्दा संगठनात्मक एकता विकास गर्नुअघि विचारधारात्मक एकता पैदा गर्नु । यही कारणले पनि विचारधारात्मक एकतामा हामीले यति बिघ्न जोड दिएका हौं ।

हाम्रो विश्लेषण के हो भने- आफूलाई कम्युनिष्ट पार्टी घोषित गर्ने सबै पार्टीहरू फगत घोषणाका आधारमा कम्युनिष्ट पार्टी ठहरिन सक्दैनन् । फगत झण्डा, साइनबोर्ड र दस्तावेजमा रहेका केही क्रान्तिकारी शब्दावली मात्रैले कुनै पार्टी सही कम्युनिष्ट पार्टी ठहरिने भए कुनै पनि प्रतिक्रियावादी एजेन्टले पनि सजिलैसँग त्यस्तो कम्युनिष्ट पार्टी खोलिदिन सक्छ । संसारमा कम्युनिष्ट पार्टी निर्माण गर्नुभन्दा सजिलो कुरा अरू केही हुने छैन । त्यसैले आफूलाई सही कम्युनिष्ट पार्टी घोषित गर्ने जो कोहीलाई पनि उसको घोषणा र बचनको भरमा मात्र कम्युनिष्ट पार्टी ठहऱ्याउन मिल्दैन । र, त्यतिका भरमा ऊसित एकता गर्नु उचित हुन सक्दैन ।

प्रश्न उठ्छ- त्यसो भए केका आधारमा कुनै पनि पार्टी सही कम्युनिष्ट पार्टी हो कि होइन भनेर एकिन गर्ने त ? के का आधारमा त्योसित एकता गर्नु उचित हुन्छ कि हुन्न भनेर निक्यौंल गर्ने त ?

## सही कम्युनिष्ट पार्टी छुट्याउने बैज्ञानिक मापदण्ड

कुनै पनि पार्टी सही साम्यवादी पार्टी हो कि होइन भनेर एकिन गर्ने मुख्य वैज्ञानिक मापदण्ड त्यो पार्टीका नेता र कार्यकर्ताहरूको साम्यवादी व्यवहार नै हो । क्रान्ति, पार्टी र जीवनका हरेक समस्या आउँदा त्यो पार्टीका नेता र कार्यकर्ताहरूले दैनिक व्यवहारमा कुन विचारधारा अभ्यास गरेर, कुन विश्व दृष्टिकोण र संस्कृति अभ्यास गरेर समस्याको विश्लेषण गर्छन् र समाधान निकाल्छन्- साम्यवादी, पूँजीवादी कि सामन्तवादी ? समस्याको विश्लेषण र समाधान गर्दा व्यवहारमा साम्यवादी विचारधारा, साम्यवादी विश्व दृष्टिकोण र संस्कृति नै अभ्यास गर्ने सवालमा त्यो पार्टीका नेता र कार्यकर्ताहरूमा जम्माजम्मीमा एकता पैदा भएको छ कि छैन ?- यसैका आधारमा कुनै पार्टी आधारभूत रूपमा साम्यवादी पार्टी हो कि होइन भन्ने कुराको निक्यौंल हुन सक्छ ।

हाम्रो ठम्याइमा एउटा सही कम्युनिष्ट पार्टी भनेको आपसमा संघर्ष गरेर क्रान्ति, पार्टी र जीवनका कुनै पनि समस्या साम्यवादी विचारधाराको अभ्यास गरेर विश्लेषण र हल गर्ने मामलामा एकता हासिल गरेको पार्टी हो । यसैलाई हामीले विचारधारात्मक एकता भनेका हौं । एउटा पार्टीले आफूलाई कम्युनिष्ट पार्टी त घोषणा गर्छ, तर त्यसका नेता र कार्यकर्ताहरू व्यवहारमा कुनै पनि समस्या आइपर्दा पूँजीवादी ढगबाट, पूँजीवादी विश्वदृष्टिकोण र संस्कृति अप्नाएर त्यो समस्याको विश्लेषण र समाधान गर्न खोज्छन् भने त्यसलाई के फगत घोषणाको आधारमा साम्यवादी पार्टी भन्न सकिन्छ र ? कदापि सकिन्न ।

फगत झण्डा, साइनबोर्ड र दस्तावेजमा रहेका केही क्रान्तिकारी शब्दावली मात्रैले कुनै पार्टी सही कम्युनिष्ट पार्टी ठहरिने भए कुनै पनि प्रतिक्रियावादी एजेन्टले पनि सजिलैसँग त्यस्तो कम्युनिष्ट पार्टी खोलिदिन सक्छ ।

सत्यको मुख्य कसौटी व्यवहार नै हो । व्यवहारमा कुनै पार्टीले पूँजीवादी विचारधारा नै अभ्यास गर्छ, तर मुखले मात्र आफू साम्यवादी भएको स्वाङ रच्दछ भने के का आधारमा विश्वास गर्ने कि त्यो असलमा साम्यवादी पार्टी हो ?

त्यसैले कसले आफूलाई के घोषणा गर्छ भन्ने आधारमा नै मनगढन्त ढंगबाट त्यो पार्टीले साम्यवादी स्तर हासिल गऱ्यो भनेर निक्यौंल गर्नु वैज्ञानिक हुँदैन । तथ्यको आधारमा नै सत्यको निक्यौंल गर्नु पर्छ । तथ्यको मुख्य स्रोत व्यवहार नै हो । हरेक पार्टीको नेता र कार्यकर्ताहरूको व्यवहार हेरेर नै निक्यौंल गर्नुपर्छ- जम्माजम्मी त्यो पार्टीले साम्यवादी विचारधारालाई कण्ठस्थ मात्र पारेको छ कि दैनिक व्यवहारमा पनि हरेक समस्याको समाधान गर्न त्यसलाई प्रयोग पनि गर्छ ?

पार्टी एकीकरण गर्नुअघि हेरिनु पर्छ- त्यो पार्टीले क्रान्तिको सिद्धान्त भनेर जे प्रस्तुत गरिरहेछ, त्यो सिद्धान्तले अहिलेको गतिशील विश्व र देशको यथार्थको सही प्रतिबिम्बन गर्छ कि गर्दैन ? अर्थात् हालको समाज विकासको नियमलाई त्यो सिद्धान्तले सही तवरले प्रतिविम्बित गर्छ कि गर्दैन ? त्यो पार्टीले क्रान्तिको रणनीति र कार्यक्रम भनेर जे ल्याइरहेछ, त्यसले समाजलाई साम्यवादतिर लैजान्छ कि लैजाँदैन ? अर्को भाषामा भन्ने हो भने क्रान्तिको समस्याको विश्लेषण गर्ने र समाधान निकाल्ने सवालमा त्यसले साम्यवादी विचारधारा, साम्यवादी विश्वदृष्टिकोण र संस्कृति प्रयोग गर्छ कि गर्दैन ? त्यो हेरिनै पर्छँ । क्रान्तिको सिद्धान्त, कार्यक्रम र रणनीति भनेर पार्टीले अघि सारिरहेको कुरा गरमागरम त छ, तर त्यसले अहिलेको गतिशील विश्व परिस्थिति र सामाजिक परिस्थितिलाई सही तरवले प्रतिबिम्वित गर्दैन भने, त्यो खालि कतैको अन्ध नक्कल मात्र छ भने, त्यसले देशलाई क्रान्तितिर र साम्यवादतिर डोऱ्याउँदैन भने- कसरी धारणा बनाउने कि त्यो पार्टी असलमा साम्यवादी पार्टी हो ? कसरी त्योसित एकता गर्नु उचित हुन्छ भन्ने ?

त्यस्तै, जुन पार्टीले आफूलाई साम्यवादी घोषित गरेको छ- त्यो पार्टीको निर्माण र सञ्चालन व्यवहारमा कसरी भएको छ ? त्यहाँ व्यवहारमा नोकरशाही केन्द्रीयता छ कि जनवादी केन्द्रीयता ? त्यहाँको नेतृत्व साम्यवादी चरित्रको सामूहिक छ कि पूँजीवादी चरित्रको व्यक्तिगत, त्यहाँको नेता वास्तविक र सामूहिक नेतृत्वको मूर्त अभिव्यक्तिका रूपमा छ कि आपसी सम्झौताद्वारा औपचारिक र यान्त्रिक रूपमा स्थापना गरिएको ? त्यहाँ नेता र कार्यकर्ताको, नेता-कार्यकर्ता र जनताको बीचको सम्बन्ध साम्यवादी ढंगको द्वन्दात्मक छ कि गैर साम्यवादी ढंगको अन्धतापूर्ण ?

पार्टीको मामलामा पनि यसरी साम्यवादी व्यवहार हेरिनै पर्छ । कुनै पार्टीले पार्टी-विधानमा आफ्नो पार्टीमा जनवादी केन्द्रीयता र सामूहिक नेतृत्व हुनेछ भनेर स्वीकार त गरेको छ, तर व्यवहारमा सारा नीति निर्णयहरू नोकरशाही ढंगबाट हुने गर्छन्, व्यक्तिवादी ढंगबाट हुने गर्छन् भने कसरी भरोसा गर्ने कि त्यो पार्टीको निर्माण र सञ्चालन साम्यवादी विचारधाराका आधारमा भएको छ भनेर ?

पार्टी निर्माण र एकताका निम्ति हेरिनुपर्ने अर्को पक्ष नेता र कार्यकर्ताको आचरण र जीवनशैली हो । त्यहाँका नेता र कार्यकर्ताहरू साम्यवादप्रति फगत ओठेभक्ति देखाएर जीवनका समस्याहरू चाहिँ आ-आफ्नो ढंगले व्यक्तिगत तवरले- आफूले समाजबाटै सिकेर आएको पूँजीवादी वा सामन्तवादी विश्वदृष्टिकोण र संस्कृति प्रयोग गरेर हल गर्न खोज्छन् कि ? जविनका सारा समस्याहरू उनीहरू साम्यवादी ढंगबाट सामूहिक अन्तर्क्रियाद्वारा साम्यवादी विश्वदृष्टिकोण र संस्कृतिको अभ्यास गरेरै हल गर्न खोज्छन् ? उनीहरूको आचरणमा झुठ बोल्ने, अहंकार गर्ने, तर्कहीन हठ गर्ने, आँखा चिम्लेर क्रुनै पनि कुरा स्वीकार गर्ने, अरूलाई ठग्ने-मिच्ने, आफ्नै स्वार्थलाई धूरी बनाउने जस्ता पूँजीवादी सामन्तवादी आवशेषहरूको झझल्को मिल्छ कि मिल्दैन ? कुनै पार्टीले आफूलाई साम्यवादी घोषित त गर्छ तर त्यसका नेता र कार्यकर्ताहरूको आचरण र जीवनशैली भने जम्माजम्मीमा एउटा पूँजीपाति वा सामन्तको जस्तो छ भने कसरी विश्वास गर्ने कि त्यो असलमा साम्यवादी पार्टी हो ? त्यसैले फगत घोषणामा होइन, दैनिक जीवनको शैली र आचरणमा पनि वैज्ञानिक साम्यवादको झझल्को मिल्नु पर्दछ । साम्यवादी विचारधारा जीवनको हरेक समस्या हल गर्ने दर्शनका रूपमा अभ्यास हुनुपर्छ ।

कुनै पनि कम्युनिष्ट पार्टीलाई तथ्य र व्यवहारको आधारमा नै सही कम्युनिष्ट पार्टी हो कि होइन भनेर मूल्यांकन गर्ने हो भने मापदण्ड तपाईको एउटा, मेरो अलग हुन सक्दैन । मापदण्ड एउटै हुनुपर्छ र त्यो वैज्ञानिक हुनुपर्छ । त्यस्तो वैज्ञानिक मापदण्ड भनेको दैनिक व्यवहारमा त्यसले साम्यवादी विचारधारा अभ्यास गर्छ कि गर्दैन भन्ने नै हो । क्रान्ति, पार्टी र जीवनका हरेक समस्यालाई त्यसले साम्यवादी विचारधारा, विश्वदृष्टिकोण र संस्कृति अभ्यास गरेर विश्लेषण र समाधान गर्ने

# कस्तो पार्टीसँग एकीकरण गर्नु पर्छ ?

गर्छ कि गर्दैन भन्ने नै हो । कुनै पनि पार्टीमा यो मामलामा समान चिन्तन र व्यवहार अर्थात् विचारधारात्मक एकता विद्यमान छ भने ठान्नु पर्छ- त्यो अहिले साम्यवादी पार्टी हो ।

त्यो छैन भने फगत घोषणाले मात्र कुनै पनि पार्टी साम्यवादी ठहरिन सक्दैन । साथै, एउटा पार्टीको साम्यवादी स्तर हमेशा स्थिर रहन्छ भन्ने पनि छैन । विचारधारात्मक एकताका लागि निरन्तर सचेत प्रयत्न र विचारधारात्मक संघर्ष कायम रहुन्जेल यो एकता पनि पैदा भइरहन सक्छ । यो सचेत प्रयत्न र विचारधारात्मक संघर्ष धीमा र कमजोर हुनासाथ कुनै पनि बेला एउटा सही कम्युनिष्ट पार्टी पूँजीवादी वा निम्न पूँजीवादी पार्टीमा बदलिन सक्छ । लेनिन, स्टालिन, र माओको नेतृत्वमा चलेको सही कम्युनिष्ट पार्टी अहिले किन पूँजीवादी पार्टीमा रूपान्तरित भयो- त्यसको चुरो कारण यही नै हो ।

> पाइलट, इञ्जिनीयर वकील, शिक्षक आदि हुन एउटा आधारभूत योग्यताको स्तर चाहिन्छ । तर कम्युनिष्ट पार्टी र कम्युनिष्ट हुन एउटा आधारभूत योग्यताको स्तर चाहिन्छ कि चाहिँदैन ?

कुनै पनि कम्युनिष्ट पार्टी सारा दोष र गल्तीले मुक्त हुन्छ भन्ने कुरा हुँदैन । हामीले त्यस्तो बत्तीसै लक्षण र चौसठ्ठी कलालेयुक्त कम्युनिष्ट पार्टीको परिकल्पना गरेका होइनौं । हाम्रो ठम्याइ के मात्र हो भने- एउटा कम्युनिष्ट पार्टीमा जम्माजम्मीमा र आधारभूत रूपमा साम्यवादी विचारधारा अभ्यास गरिरहेको स्थिति चाहिँ हुनैपर्छ । यसका लागि निरन्तर सचेत प्रयत्न र सही विचारधारात्मक संघर्षको प्रक्रिया चालु गरिएको हुनैपर्छ । त्यसैले "क्रान्ति, पार्टी र जीवनका आधारभूत सवालमा" भन्ने शब्द हामीले हाम्रो सम्पादकीयमा प्रयोग गरेका हौं । गल्ती कुनै पनि कम्युनिष्ट पार्टीले गर्न सक्छ, दोष कुनै पनि पार्टीमा देखिन सक्छ । तर गल्तीको, दोषको प्रकृति भने छुट्याउनै पर्छ । त्यो साम्यवादी विचारधारा नै अभ्यास गर्दागर्दै अनुभव र ज्ञानको स्तरको फरकले हुन गएको गल्ती र दोष हो कि आधारभूत रूपमा साम्यवादी विचारधारा नै अभ्यास नगर्नाले हुने गल्ती र दोष हो ? साम्यवादी विचारधारा नै अभ्यास नगर्नाले हुने गल्तीहरू र दोषहरू कुनै पार्टीमा लगातार देखिदैछ भने त्यसले त्यो पार्टीको साम्यवादी चरित्र मै प्रश्न चिन्ह खडा गर्छ नै । र, त्यस्तो गल्ती र दोषप्रति मित्रतापूर्ण व्यवहार र त्यस्तो गल्ती र दोष देखिंदा देखिंदै साम्यवादी पार्टी-एकता हुन सक्दैन ।

डाक्टर हुन एउटा आधारभूत योग्यताको स्तर चाहिन्छ । पाइलट, इञ्जिनीयर, वकील, शिक्षक आदि हुन एउटा आधारभूत योग्यताको स्तर चाहिन्छ । तर कम्युष्निट पार्टी र कम्युनिष्ट हुन एउटा आधारभूत योग्यताको स्तर चाहिन्छ कि चाहिँदैन ? हामीले उठाएको आधारभूत सवाल यसै प्रश्नउपर केन्द्रित छ । हाम्रो मान्यता हो- कम्युनिष्ट पार्टी र कम्युनिष्ट हुन पनि एउटा आधारभूत योग्यताको स्तर चाहिन्छ । जसरी अयोग्य डाक्टरले उपचार गर्‍यो भने बिरामी अकालमै मर्छ, अयोग्य पाइलटले प्लेन चलायो भने प्लेन दुर्घटना हुन्छ र यात्रु मर्छन्, त्यसरी नै एउटा आधारभूत योग्यताको स्तर नभएको "कम्युनिष्ट" पार्टीले र नेताले देश चलाउन खोज्यो भने सामाजिक दुर्घटना हुन्छ र जनताको अकाल मृत्यु हुन्छ ।

त्यसैले, हामीले साम्यवादी पार्टी निर्माण गर्नुअघि वा पार्टी-एकता गर्नुअघि पर्याप्त अन्तर्क्रियाद्वारा विचारधारात्मक एकता नै पैदा गर्नु पर्ने कुरामा जोड दिएका हौं ।

## के हामीले व्यवहारको पक्ष छोडेका हौं ?

तर नीरवजीको आरोप छ- विचाधारात्मक एकताको निम्ति पर्याप्त अन्तर्क्रियाको कुरा गर्दा हामीले व्यवहारको पक्ष छोड्यौं, फगत छलफल वा विचार-अन्तर्क्रियामा मात्र जोड दियौं र आदर्शवादी गल्ती गर्‍यौं भन्ने ।

नीरवजीलाई हाम्रो प्रश्न के छ भने- तपाईले विचारधारात्मक एकतालाई कसरी व्यवहारभन्दा अलग्गै बुझ्नुभयो ? विचारात्मक एकता भनेकै साम्यवादी विचारधारालाई व्यवहारमा अभ्यास गर्ने प्रक्रियामा पैदा र विकास हुने कुरा हो । व्यवहारभन्दा अलग्गै बसेर त फगत कुराकानीद्वारा मात्र त कतै पनि वास्तविक विचारधारात्मक एकता पैदा नै हुन सक्दैन । न त त्यो पार्टीका मानिसहरूसँग फगत कुराकानी गरेको भरमा कुनै पार्टीमा साम्यवादी स्तरको विचारधारात्मक एकता छ छैन भन्ने नै थाहा पाउन सकिन्छ । यो थाहा पाउने पनि व्यवहार हेरेर नै हो । फगत दस्तावेज वा कुराकानी हेरेर त यसको सही निक्यौंल हुन् संभव हुँदैन । त्यसैले हामीले हाम्रो सम्पादकीयमा व्यवहारको पक्ष छोड्यौं भन्ने नीरवजीको आरोप पनि ठीक छैन भने हामीलाई लाग्दछ । हो, हामीले "पर्याप्त अन्तर्क्रिया" गरेर नै विचार-धारात्मक एकता पैदा गर्न संभव हुने सवाल सम्पादकीयमा उठाएका छौं । तर अन्तर्क्रिया-भित्र खाली मौखिक छलफल मात्र पर्छ- व्यवहारको पक्ष पर्दैन भन्ने धारणा हाम्रो छैन ।

हामीलाई अनुभूति भएको कुरा के हो भने- नीरवजीको आलोचनामा "रुख हेर्ने, जंगल नहेर्ने" पद्धति विद्यमान छ । सम्पादकीयले जम्माजम्मीमा के भन्न खोजेको छ, त्यो नहेरेरै कूल सन्दर्भबाट अलग्याएर एउटा वाक्य बीचबाट थपक्क टिप्ने र आलोचना गर्ने हो भने जुनसुकै मान्छेको जुनसुकै सही आशय भएको वाक्यलाई पनि टिपेर उसलाई फाँसीको सजायँसम्म सुनाउन सकिने हदको अपराधी ठहर्‍याउन सकिन्छ । तर यसरी गरिएको आलोचना न्यायपूर्ण आलोचना हुन्छ र ? विश्व कम्युनिष्ट आन्दोलनमा भएका विचलनहरूप्रति अति सचेत नीरव शेरचनजी जस्ता प्रबुद्ध व्यक्तिहरूले त हरेक मानिसको भनाइलाई उसको कूल वास्तविक सन्दर्भ र आशयमै ग्रहण गरिदिन सक्नु पर्छ । नत्र त जे कुरो भनेको छैन, त्यो कुरो भनेको छ भनेर आरोपित गर्ने काम हुनसक्छ, जे कुरा भनेको छ त्यो भनेको छैन भनेर आलोचना गर्ने काम हुनसक्छ । यस्तो आलोचना स्वयं कति भौतिकवादी आलोचना होला ?

हामी अन्तमा, फेरि पनि, हामीलाई सचेष्ट पार्ने जमर्को गर्नुभएकोमा नीरवजीलाई धन्यवाद दिन चाहन्छौं ।

❑ ❑

नव वर्षले
सर्वत्र सुख शान्ति
ल्याओस्

नेपाल बैंक लिमिटेड
(स्थापित १९९४)

उत्तम स्वाद............
भरपूर सन्तुष्टि

राजहंस
घ्यू
राजहंस
तेल

(१३ पेजको बाँकी)

सम्बन्धी धारणाको प्रभाव बढ्दै गएको छ । त्यही क्रममा भारतले पनि आफ्नो आर्थिक तथा वित्तीय नीतिमा परिवर्तन गर्दै ल्याएको छ । अब भारत विश्व व्यापारको एक प्रमुख अग्रणीको रूपमा उठ्नको लागि तयार भएको छ र उसले औद्योगिक उत्पादन बढाउनका लागि विकसित देशहरूको पूंजी र प्रविधिलाई पूर्ण रूपले ढोका खुल्ला गरिदिएको छ । भारत अब प्राथमिक बस्तु निर्यात गर्ने देशको रूपमा होइन कि तयारी वस्तु तथा मेशिनरीहरु निर्यात गर्ने देशको रुपमा पुगिसकेको छ । भारतीय व्यापारिक तथा औद्योगिक पूंजीपतिहरूको जालो नेपालमा मात्र होइन, अन्य विकासोन्मुख देशका साथै विकसित देशहरूमा समेत फैलिइसकेको छ । जबकि, नेपालको अर्थतन्त्र अझै पनि अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थामै छ । नेपालको यही चरित्रले गर्दा व्यापारको ठूलो हिस्सा भारतीय दलाल पूँजीपतिहरूको हातमा छ र त्यसै गरी केही समय यता स्थापना हुन थालेका उद्योगहरू पनि मुख्यत: भारतीय पूँजीपतिहरूकै हातमा रहेको छ । यही आर्थिक संरचनाले गर्दा नेपालले वैदेशिक व्यापारबाट सदा थिचिनु र ठगिनु पर्ने स्थिति रहन गएको देखिन्छ । त्यसैले यस्तो परिस्थितिको मूल्यांकन गरेर नेपालले आफ्नो व्यापारिक रणनीति तयार गर्न सक्नु पर्छ ।

**नेपालले अब के गर्नु पर्ला त ?**

नेपालको बढ्दो जनसंख्या र नेपालीहरूको बढ्दो उपभोग प्रवृत्तिले गर्दा भारतमा उत्पादन हुने विभिन्न किसिमका वस्तुहरूको माग नेपालमा बढ्दो छ । भारतीय उद्योगहरूको उत्पादनस्तर ठूलो परिमाणमा हुने भएकोले र नेपाल-भारतको सीमाना खुला भएको कारणले गर्दा पनि भारतबाट हुने आयात निरन्तर वृद्धि हुँदै गइरहेको छ । नेपालको आर्थिक विकासको स्तर र उत्पादन प्रणालीको अवस्था तथा सरकारी नीतिले गर्दा भारततर्फ नेपालको निकासी भने बढ्न सकेको देखिदैन । त्यसैले नेपालको व्यापार घाटा कम गर्दै लान देशको संरचना परिवर्तन गर्ने प्रयासको थालनी गर्नका साथै निम्न कार्यहरू गर्नुपर्ने देखिन्छ ।

## भारतबाट आयात हुने केही प्रमुख वस्तुहरू

(१९९३-१९९४) रू. करोडमा

| विवरण | रकम | | |
|---|---|---|---|
| जीवित जनावर | २.६५ | श्रृंगार सामाग्री | २.६७ |
| सूती कपडा | १६५.०५ | इनामेल रंग | ६.०६ |
| तैयारी पोशाक | १३.४७ | शिशा तथा शिशाका सामानहरू | ७.७३ |
| कपास | २.५१ | रासायनिक मल | ०.८० |
| धागो | ५२.६७ | चामल | ३५.३४ |
| तरकारी | २.१६ | गहूँ | ०.२८ |
| फलफूल | ९.४५ | चिनी | ६३.५८ |
| पाइप र पाइपका सामानहरू | ८.८२ | रासायनिक वस्तुहरू | २३.०८ |
| सिमेन्ट | ३८.७३ | टायर तथा ट्यूब | ४.९९ |
| औषधि | १५३.२३ | कृषि औजार | २५.७८ |
| सवारी साधन र पाटपूर्जा | १७०.९१ | सेनिटरीका सामानहरू | ३.३२ |
| बिजुलीका सामानहरू | ३२.६४ | तार तथा सामानहरू | ५.५२ |
| सूर्ति | १९.६१ | विटामिन | ६.३४ |
| चिया | ९.३४ | अगरबत्ती | ३.०३ |
| जिरा तथा मसला | १२.८० | मेशीनरी तथा पाटपूर्जा | १०२.९१ |
| कागज | १७.६३ | ब्याट्री (सुखा) | १.२२ |
| कोइला | २९.४९ | खुँदो | ६.०९ |
| हर्लिक्स तथा दुग्ध वस्तुहरू | २४.०२ | चपाउने सूर्ति | ०.७८ |
| नून | ४.६३ | | ११०६.१३ |
| बिडीको पात | ०.६१ | अन्य | ६८०.६८ |
| पुस्तक तथा पत्रपत्रिका | १४.१९ | जम्मा | १७८६.८१ |

✻ *भारतीय बजारको आवश्यकता पहिचान गरी त्यस्ता वस्तुको उत्पादन ठूलो परिमाणमा गर्ने,*

✻ *नेपाली वस्तुहरूको उत्पादन लागत कम गराउन प्रयत्न गर्ने,*

✻ *नेपाली वस्तुहरुको गुणमा सुधार ल्याई अन्य देशका वस्तुहरूसँग प्रतिस्पर्धा गर्न सक्ने स्तरको बनाउने,*

✻ *नेपाली वस्तुहरू भारतमा निकासी गर्ने क्रममा भारतबाट राखिएका व्यवधानहरू हटाउन प्रयत्न गर्ने,*

✻ *निर्यात प्रबर्द्धन गर्ने उद्योगहरूको विशेष क्षेत्र निर्माण गर्ने,*

✻ *आयात प्रतिस्थापन हुने उद्योगहरूको स्थापना गर्दै लान दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गर्न थाल्ने,*

✻ *भारतसँग "विशेष सम्बन्ध" को चक्रव्यूहबाट उम्कन प्रयत्न गर्ने,*

✻ *नेपाल-भारतको खुला सीमालाई नियमित गर्ने,*

✻ *श्रमको उपयोगमा प्राथमिकता निर्धारण गर्ने र विदेशीहरूलाई श्रम स्वीकृति लिनु पर्ने व्यवस्था गर्ने,*

✻ *व्यापारिक तथा आर्थिक कारोवार समानताको आधारमा गर्ने,*

✻ *वस्तुगत तथा देशगत व्यापार विविधिकरणको ठोस नीति अख्तियार गर्ने,*

संक्षेपमा, अन्तरराष्ट्रिय व्यापारबाट बढी लाभ प्राप्त गर्नको लागि नेपालले हालको अर्धसामन्ति तथा अर्धऔपनिवेशिक आर्थिक संरचनाबाट मुक्त हुने प्रतिबद्धता देखाई सोही अनुरूपको रणनीति तयार गर्नु सिवाय अर्को विकल्प के हुन सक्ला र ? ❑

## वाणिज्य, व्यापार तथा पारवहन सन्धिहरू

**१. व्यापार तथा वाणिज्य सन्धि, श्रावण २००८ (जुलाई १९५०)**

**अवधि**: १० वर्ष, अर्को १० वर्षको लागि म्याद बढाउन सकिने

❑ भारतका सबै समुद्री वन्दरगाहहरू पारवहनको निमित्त नेपालले उपयोग गर्न पाउने,

❑ पारवाहनको लागि नेपाल सीमामा ५ वटा ठाउँहरू स्वीकृत भएको र ती ठाउँहरूबाट निर्वाध रूपमा भारतले पारवहन सुविधा दिने,

❑ नेपालको भंसार दरको संरचना भारतको भंसार दरमा आधारित गर्ने,

❑ नेपालले पारवहनको लागि भारतको कम खर्चिलो मार्ग र यातायातको साधन उपयोग गर्न पाउने,

❑ नेपालबाट नेपाल भारत भै वस्तुहरूको आवागमन गर्न पाउने,

❑ नेपालले व्यापारबाट कमाएको विदेशी मुद्रा भारतको रिजर्भ बैंकमा जम्मा गर्नु पर्ने । आदि ।

**२. वाणिज्य तथा पारवहन सन्धि, भाद्र २०१७ (सेप्टेम्वर १९६०)**

**अवधि**:- ५ वर्ष, अर्को ५ वर्षको लागि म्याद बढाउन सकिने

❑ नेपालमा भर्खर स्थापना भएका उद्योगहरूलाई संरक्षण गर्ने बाहेक साझा बजारको आधारमा व्यापार गर्ने,

❑ दुवै मुलुकहरू बीच हुन सक्ने तेस्रो मुलुकको वस्तु विचलनलाई रोक्न आपसी सरसल्लाह गर्ने,

❑ भुक्किएर कुनै तेस्रो मुलुकको सामान उत्रिएको खण्डमा मात्र कलकत्ता बाहेक अरू समुद्री वन्दरगाह प्रयोग गर्न सकिने

❑ निजी पारवहनको लागि भारत सडक मार्गको प्रयोग गर्न नमिल्ने आदि ।

❑ एकले अर्कोलाई पारवहनको स्वतन्त्रता दिने,

❑ नेपालबाट नेपाल-भारत भई र भारतबाट नेपाल भई आवागमनको सुविधा दिने,

❑ भारतले नेपाललाई अन्त:शुल्क फिर्ता गर्ने,

**३. व्यापार तथा वाणिज्य सन्धि, श्रावण २०२८ (अगस्ट १९७१)**

**अवधि**:- ५ वर्ष, आपसी सरसल्लाहद्वारा ५ वर्ष म्याद थप्दै जान सकिने,

❑ आपसी व्यापारको विविधिकरण तथा विस्तार गर्ने,

❑ नेपाली प्राथमिक वस्तुहरू र केही औद्योगिक उत्पादनहरूले अपारस्परिकताको आधारमा भारतीय बजारमा प्रवेश पाउने,

❑ भारतबाट नेपालमा हुने आयातमा पूरा वा आंशिक रूपमा भंसार तथा परिमाणात्मक वन्देज छुट दिने,

❑ नेपालबाट नेपाल भारत हुँदै र भारतबाट भारत-नेपाल हुँदै आवगमनको सुविधा दिने

❑ भारतलाई नेपालले स्लीपर, टिम्बर, खरीढुङ्गा तथा चामलको आपूर्ति गर्ने

**४. नेपाल-भारत वाणिज्य सन्धि, चैत्र २०३५ (मार्च १९७८)**

**अवधि**:- ५ वर्ष, आपसी सहमतिद्वारा अर्को ५ वर्षको अवधिको म्याद थप्न सकिने,

❑ दुई मुलुकहरू बीच स्वतन्त्र र निर्वाध रूपमा वस्तुहरूको आवागमन गर्न दिने,

❑ एक अर्कोले तेस्रो मुलुकको वस्तुहरूलाई दिएको भंसार तथा अन्य सुविधाभन्दा कम नगर्ने,

❑ एक अर्को मुलुकमा पारस्परिकताको आधारमा आधारभूत भंसार महसूल र परिमाणात्मक वन्देज नलगाई प्राथमिक वस्तुहरूको आयात गर्ने

❑ ८०% नेपाली वा नेपाली तथा भारतीय कच्चा पदार्थ प्रयोग भएको औद्योगिक उत्पादनलाई भारतमा पारस्परिकताको आधारमा साधरण भंसार र परिमाणात्मक बन्देज नलगाई भारतीय बजारमा प्रवेश गर्न दिने,

❑ भारतबाट नेपालमा आयात हुने वस्तुहरूमा आफ्नो उद्योगको विकासलाई प्रभाव नपर्ने गरी आवश्यक सुविधा नेपालले दिने,

❑ भारतीय अन्त:शूल्क फिर्ता गर्ने ।

✻

# 'हाम्रो मुख्य उद्देश्य क्रान्तिलाई बचाउनु हो: हाम्रो स्वतन्त्रता

क्यूबाप्रतिको अमेरिकी रबैया बदलिन थालेको संकेत मिलेको छ । त्यो क्यूबाको समाजवादप्रति अमेरिकी दृष्टिकोण बदलिनाको कारणले होइन । अमेरिकी नाकावन्दीबाट क्यूबाको समाजवाद कुनै हालतमा पनि ढल्नेवाला छैन, बरु यसबाट अमेरिकाको संभावित व्यापारमा मात्र ठूलो नोक्सानी पुग्छ भन्ने धारणाले गर्दा अमेरिकी रबैयामा परिवर्तन आउन थालेको देखिएको छ । क्यूबाले अमेरिकाको कठोर आर्थिक नाकाबन्दीले थोपरेको अभाव र कष्टको बीचबाट समेत आफ्नो र समाजवादको अस्तित्व राम्ररी बचाउन सक्ने स्पष्ट संभावनाको बोध अब उनीहरुलाई हुन थालेको देखिएको छ । अमेरिकी एकाधिकार पूँजीपति वर्गको विश्वप्रसिद्ध साप्ताहिक समाचार पत्रिका Time को फरवरी २०, १९९५ को अंकले यो कुराको प्रष्ट छनक दिएको छ ।

"वाशिंगटनका कट्टरपथी राजनीतिज्ञहरु के कुरामा जोड दिन्छन् भने व्यापारिक नाकाबन्दीलाई राम्ररी कसिकसाउ पारियो भने क्यास्त्रोको अन्त छिटो हुनेछ । तर यो खालको चिन्तनले थुप्रै क्यूबालीहरुको क्यास्त्रोप्रतिको दृढ आस्थालाई वेवास्ता गर्छ, जसको क्रान्तिले प्रत्येक बालिग नागरिकलाई नि:शुल्क स्वास्थ्य सेवा, शिक्षा र सामाजिक कल्याणको ढाँचाकाँचा प्रदान गरेको छ"- पत्रिकाले हालैको अंकमा लेखेको छ ।

"अमेरिकी आर्थिक नाकाबन्दीको सबैभन्दा ठूलो असर भनेको अमेरिकी व्यवसायमा त्यसले पार्ने नोक्सानी हो । क्यूबामा जमेर व्यवसाय गर्न चाहने थुप्रै विदेशी कंपनीहरुको लागि यो आर्थिक नाकाबन्दीले अमेरिकी प्रतिस्पर्धा बिना नै व्यवसाय गर्ने सुवर्ण अवसर दिएको छ ।"


पत्रिकाको यो टिप्पणीले अमेरिकी शासक वर्गको एउटा तप्काको क्यूबाबारेको ताजा धारणा र मनस्थिति छर्लङ्ग पारेको छ । राजनीतिक प्रतिबद्धता र क्रान्तिकारी अठोट भयो भने एउटा नेपालभन्दा पनि सानो, १ करोड ११ लाख जनसंख्या भएको मुलुकले पनि अमेरिका जस्तो हिंस्रक, आक्रामक, विशाल साम्राज्यवादी मुलुकको नाकैमुनि उसको कठोर नाकाबन्दीको बीचमा समेत समाजवादी बाटोबाटै आफ्नो राष्ट्रिय समस्याको हल निकाल्न सक्छ- यो फिडेल क्यास्त्रोको नेतृत्वमा क्यूबाले देखाएको छ ।

नेपालको वामपन्थी आन्दोलन र वाम सरकारको लागि यो एउटा गतिलो प्रेरणादायक शिक्षा हो । बदलिंदो विश्व परिस्थितिमा देशको विकास गर्न र टिक्न वामपन्थीहरुले समेत अब पूँजीवादी आर्थिक उदारवादको बाटो समात्नु पर्छ भन्नेहरुका लागि क्यूबा एउटा नकारात्मक जवाफ हो । स्थिति जतिसुकै संगीन होस, बाटो समाजवादी नै सर्वश्रेष्ठ छ- यो क्यूबाले छर्लङ्गै देखाएको छ ।

क्यूबाको त्यो ठोस अनुभव के हो ? क्यूबाले के छोड्यो, के छोडेन ? कुन आदर्शबाट चलिरहेको छ क्यूबा ? कस्तो समस्या भोग्दै छ क्यास्त्रोको क्यूबाले ? परिवर्तित विश्व परिस्थितिमा कसरी टिकीरहेको छ समाजवादी क्यूबा ? उसले हालै गरेका परिवर्तनहरु कुन दिशातिर निर्देशित छन् र तिनले के नयाँ समस्या खडा गरेका छन् ?

यो अहिले विश्वभरि नै जिज्ञाशाको विषय बनिरहेको छ । नेपालमा पनि त्यसबारे तीव्र जिज्ञाशा छ । यो जिज्ञाशालाई Time को उपरोक्त अंकमा प्रकाशित क. फिडेल क्यास्त्रोको विशेष अन्तर्वार्ताले संक्षिप्तमा तर सटीक रुपमा मेट्ने प्रयत्न गरेको छ । प्रस्तुत छ- अंग्रेजीमा प्रकाशित अन्तर्वार्ताको नेपालीमा रुपान्तर ।

## क्यास्त्रोसितको ताजा विशेष अन्तर्वार्ता



**❑ क्यूबा र अमेरिका बीच विद्यमान अनौठो प्रेम-घृणाको संबन्धबारे तपाई प्रकाश पारिदिन सक्नुहुन्छ ?**

**क्यास्त्रो**: यो घृणाको संबन्धमा अनौठो कुरो के हो भने, यो हामीबाट नि:सृत घृणा होइन । हामीले संयुक्त राज्यलाई कहिल्यै घृणा गरेका छैनौं । क्यूबामा आएका हज्जारौं अमेरिकीहरुले के देख्ने अवसर पाएका छन् भने- यहाँ उनीहरुको विरुद्ध कुनै शत्रुतापूर्ण भावना छैन । ल्याटिन अमेरिकी मुलुकहरुमध्ये त्यस्तो कुनै ठाउँ छैन, जहाँ अमेरिकीहरुलाई क्यूबामा भन्दा बेसी आदरका साथ व्यवहार हुन्छ । म यो पनि सोच्दिनँ कि अमेरिकी नागरिकहरुमा पनि हामीप्रति कुनै घृणाको भाव छ । म संभन्छु- जब म १९६० मा न्यूयोर्क गएँ, केही मानिसहरुले मलाई गिल्ला गरे । तर त्यो पनि धेरै मात्रामा, समभदारीको अभावबाट हुन गएको थियो । अव त्यो भावना पनि घटिसकेको छ भन्ने मलाई लाग्छ ।

**❑ विगतका कैयन वर्षहरुमा तपाई बाहेक संसारका हरेक क्रान्तिकारी नेताको बीच बाटोमै अवसान भएको छ । यो स्थितिमा एक्लो हुनुपर्दा तपाईलाई कस्तो अनुभूति हुन्छ ? परिदृश्यबाट तपाई गइसकेपछि तपाईको अवशेषपछिको भविष्य कस्तो हुनेछ भन्ने तपाई विश्वास गर्नुहुन्छ ?**

**क्यास्त्रो**: मैले त यस संबन्धमा एउटा इनसाइक्लोपेडिया (विश्वकोष) नै लेख्नुपर्ला जस्तो छ ! (हाँसो )

हाम्रो व्यवस्था अरु देशहरुको

# र समाजवादका उपलब्धिहरुलाई जोगाउनु हो ।' -क. क्यास्त्रो

जस्तो दुरुस्त उस्तै छैन । यो सधैं निकै मौलिक रहेको छ र यो जनताबाटै आएको छ । समाजवाद यहाँ माथिबाट टपक्क खसेन, जनताले संघर्ष गरे, र तिनीहरुले बतिस्ता सरकारलाई फाले । मुक्ति आयो । यो साँचो हो । तर यो सापेक्षित मुक्ति थियो, हामी बतिस्ताबाट त मुक्त भयौं तर हामी अमेरिकाबाट मुक्त हुन सकेनौं ।

अमेरिकाले क्रान्तिलाई दबाउन शर्तहरु र विभिन्न उपायहरु लाद्न थाल्यो, जनतामा अविश्वास फैलाएर सरकार गिराउने प्रयत्न, फोहोरी लडाईं, पैसामा किनेका भाडाका टट्टूहरुबाट आक्रमण, हाम्रो हत्याको प्रयत्न । त्यस मानेमा मैले ओलम्पिक रिकर्ड नै कायम गरेको छु । मलाई तक्मा दिइनु पर्छ किनभने, बाचिरहेका मध्ये त्यस्तो कोही व्यक्ति छैन, जसको विरूद्ध त्यति धेरैवटा हत्याको षड्यन्त्र भएको होस् । त्यो संजोगले गर्दा आंशिक रुपमा विफल भएको हो । र, आंशिक रुपमा हत्याको प्लट बनाउनेहरुको अदक्षताको कारणले भएको हो । किनभने, ती आस्थावान मानिस थिएनन्, बरु पैसाले किनिएका टट्टूहरु थिए ।

मलाई पूरापूर विश्वास छ- हामी जे गरिरहेछौं, त्यो गर्नै पर्ने सही काम हो । त्यो गर्नै पर्ने सबैभन्दा आदर्शमय कुरो हो र त्यो सबैभन्दा मानवमुखी कुरो हो । यसका निम्ति हामी कहिल्यै पश्चाताप गर्ने छैनौं । अहँ, कहिल्यै पनि । म कहिल्यै एक्लो छु भन्ने अनुभूत गर्दिनँ ।

❑ **विफल मस्कोले तपाईलाई अब उप्रान्त आर्थिक सहायता दिने छैन भनेर गोर्बाचेभले बताउँदा तपाईलाई रुसले विश्वासघात गरेको जस्तो अनुभूति भयो ?**

**क्यास्त्रोः** मेरो गोर्वाचेभसित राम्रो व्यक्तिगत संबन्ध थियो । मेरो विश्वास छ कि उनको नियत राम्रै थियो । समाजवाद खत्तम गर्ने कुरा उनले कहिल्यै गरेनन् । तथापि म के सोच्छु भने उनले पछि गएर निरन्तरतापूर्ण रणनीति अप्नाएनन् । उनले बताए कि- काम कुराहरु व्यवस्थित ढंगबाट एउटा प्राथमिकताको कामपछि अर्को गर्दै गर्न सकिन्न, बरु सबै कुरा एकैचोटी गर्नु पर्छ । यसरी नै उनले संयुक्त सोभियत समाजवादी गणराज्यको इतिहासलाई स्वाहा पारे । पार्टीलाई स्वाहा पारे । राज्यलाई स्वाहा पारे । इतिहास, पार्टी र राज्यलाई स्वाहा परेर उनीहरुले चाहे जस्तो सुधार गर्नु सोभियत संघको लागि असंभव थियो ।

❑ **बोरिस येल्त्सीनबाट चाहिं तपाई के पाठ सिक्दै हुनुहुन्छ नि ?**

**क्यास्त्रोः** ऊ अहिले भन्छ कि ऊ कम्युनिष्ट होइन । म भन्छु- हो, म एकजना कम्युनिष्ट हुँ । कम्युनिष्ट भएकोमा ऊ पछुताउ गर्छ तर म चाहिँ गौरव अनुभूति गर्छु । मैले आफ्नो सिद्धान्त किन छोड्ने ?

कम्युनिष्ट हुनु बाहेक मसित अर्को विकल्प नै छैन । यो शुरुका क्रिश्चियनहरुलाई क्रिश्चियन हुनु सिवाय अर्को विकल्प नभए जस्तै हो । म शुरु समयका क्रिश्चियनहरु जस्तै छु । शायद मलाई सिंहहरुले क्वाप्लाक्कै खानेछन् होला ।

❑ **साम्यवादले गल्ती कहाँनिर गऱ्यो ?**

**क्यास्त्रोः** साम्यवादले पूँजीवादलाई अलि अघि नै समाप्त नपारेर गल्ती गऱ्यो । महान् सफलताहरुका वावजूद, म के विश्वास गर्छु भने, पूँजीवाद संसारको लागि एउटा दुर्दशा हो । तपाईसित जतिसुकै वटा कार किन नहोस्, तपाईको जीवन जतिसुकै राम्रो किन नहोस्, त्यस्ता अरबौं मानिसहरु छन्, जो गरीबीमा बाँचिरहेछन् , जोसित कार छैन, सुविधा छैन, जन स्वास्थ्य- सेवा छैन, शिक्षा छैन । वातावरण विषाक्त पारिसकिएको छ । पानी विषाक्त पारिसकिएको छ । वन जंगलमा एसीड वर्षा हुन थालिरहेछ । मौसम झनझन गरम हुँदैछ । हामी आफैले यी दुःखहरु निम्त्याएका हौं । पूँजीवादले उत्पादनका शक्तिहरु विकास गऱ्यो, प्रविधि विकास गऱ्यो । तर यी सबैको साथसाथ यसले आफ्नो चिहान आफैं खन्दैछ ।

❑ **क्यूबामा बिदेशी लगानीबारे तपाई साँच्चै नै कस्तो महशूस गर्नुहुन्छ ?**

**क्यास्त्रोः** सोभियत संघको विघटन हुनुभन्दा अघि नै संयुक्त लगानीको लागि प्रस्तावित गर्ने मध्ये एक जना म थिएँ, किनभने हामीसित त्यस्ता स्रोतसाधनहरु थिए, जसलाई हामीले प्रयोगमा ल्याउन सकिरहेका थिएनौं । हामीसंग कारखानाहरु छन्, जसलाई कच्चा पदार्थ चाहिन्छ, जस्तो कि- इन्धन, अथवा अरु बढी अत्याधुनिक प्रविधि । त्यसैले हामी संयुक्त लगानीलाई स्वीकार्न सक्छौं । हाम्रो क्रियाकलाप जुन विषयमा आधारित गर्छौं, त्यो नियम के हो, भने विकास गर्नको लागि देशलाई पूँजी, प्रविधि र बजार चाहिन्छ । यी सबै लगानी र संयुक्त लगानीहरु आधारभूत रुपमा निर्यात उत्पादनका लागि लक्षित हुनेछन् ।

तर हामी निजीकरणको नीति भने कार्यान्वयन गर्न लागिरहेका छैनौं । घरेलु उपभोगको लागि हामी हाम्रै उद्योगहरूलाई रूचाउँछौं । अति चलिरहेका उद्योगहरूको सम्बन्धमा हामी तिनीहरू राज्यकै स्वामित्वमा भैरहुन् भन्ने चाहन्छौं । घरेलु उद्योगहरूलाई निजिकरण गर्ने कुरामा हामीलाई कुनै चाख छैन । अर्थतन्त्रको विकासमा राज्यको आधारभूत भूमिकालाई हामी दुत्कार्नेवाला छैनौं । हामी सडक, उद्यान र रोडहरुलाई निजीकरण गर्ने पक्षमा छैनौं ।

❑ **अनि जमीन पनि कहिल्यै निजीकरण गरिन्न ?**

**क्यास्त्रोः** त्यत्ति परसम्म त होइन । जमीनलाई निजीकरणमा पार्ने बारे हामी सोचिसकेका छेनौं । तर हामी कहिल्यै गर्दैनौ, त्यस्तो भन्न सक्दैनौ । शायद हामी भविष्यमा केही मात्रामा जमीन र भवन सम्बन्धमा लगानी गर्न अनुमति दिन सक्छौं ।

❑ **के तपाईहरूसंग एउटा स्पष्ट आर्थिक रणनीति छ कि तदर्थवादी ढंगले यसबारेमा बादबिवाद छेडिंदैछ ?**

**क्यास्त्रोः** हाम्रो मुख्य उद्देश्य

## कम्युनिष्ट हुनु बाहेक मसित अर्को विकल्प नै छैन



# साम्यवादले पूँजीवादलाई अलि अघि नै समाप्त नपारेर गल्ती गऱ्यो



*क्युवाली क्रान्तिका नायकहरू क. क्यास्त्रो र क. चे ग्वेभेरा*

क्रान्तिलाई बचाउनु हो । हाम्रो स्वतन्त्रता र समाजवादका उपलब्धिहरूलाई जोगाउनु हो । हाम्रो साझा लक्ष्यका रूपमा समाजवादलाई हामीले दुत्कारेका छैनौं । "विशेष समायावधि"मा देशको विकास गर्नका लागि हामीले अहिले सुधारहरू गर्न लागिरहेका छौं । किनभने, समाजवादी खेमा लोप भएको छ । हामीले हाम्रा आयातमध्ये ७० प्रतिशत गुमाएका छौं । बिना कुनै ऋण, बिना कुनै पूँजी, बिना कुनै प्रविधि र बिना कुनै बजार नै हामीलाई एक्लो छोडियो ।

हामीले अहिले जे सहेका छौं, कुनै अर्को देशले त्यो सहन सक्दैनथ्यो । नाकाबन्दीको बीचमा समाजवादी खेमाको अवसान वा आयातमा नोक्सानी कुनै अर्को समाजवादी देशले सहन सकेको छैन । क्रान्तिकै कारणले हामीले त्यो सहन सकेका हौं । हाम्रो जस्तो व्यवस्थाबिना कुनै अर्को देशले यो सहन सक्दैन किनकि यसले स्रोत साधनहरूको समतामूलक वितरणको ग्यारेन्टी नै गर्न सक्दैन ।

तर हाम्रो व्यवस्थाले आजको विश्वका यथार्थहरूसित घुलमिल हुनैपर्छ । हामीले हाम्रा विचारहरू र हाम्रा उद्देश्यहरूलाई नछोडिकन नै आजको विश्व परिस्थितिमा घुलमिल हुनका लागि आवश्यक हेरफेरहरू गर्न तयार हुनै पर्छ । हामी अहिले जे गरिरेहेका छौं, त्यो जारी नै रहनेछ । हामीले अहिले यहाँ जे प्रतिबद्धता जारी गरेका छौं, ती पूरा गरिनेछन् । पछाडि फर्कने कुनै काम हुने छैन ।

❑ **केही मानिसहरूसित डलर हुने, अरूसित नहुने हुँदा के तपाईलाई सुविस्ता महशुस हुन्छ ?**

**क्यास्त्रोः** हामी यस्तो भएको मन पराउँदैनौं । हाम्रो आदर्श यो होइन । यो त इतिहासको एउटा चरणको आवश्यक्ता हो । डलर मात्रैको के कुरा, हामी कुनै पनि विदेशी मुद्रा देशमा चलेको मन पराउँदैनौं । खालि आवश्यक्ताको कारणले हामीले डलरलाई प्रवेश गर्न दियौं ।

यी परिवर्तनहरू फगत सरकारी निर्णयले भएनन् । हामीले यसबारेमा श्रमिकहरू र विद्यार्थीहरूसित पनि सरसल्लाह गऱ्यौं । खाद्यान्नको मूल्य बारेमा पनि हामीले बहस गऱ्यौं । होइन, खाद्यान्नको मोल बढ्नु हुँदैन । तलब घटाउनु कस्तो होला ? अहँ, त्यस्तो गरिनु हुन्न । ज्यालामा ट्याक्स लाउनु कस्तो होला ? अहँ, हुँदैन । अधिकांशले हामीलाई गैरकानूनी तरीकाबाट धनी बनिरहेका कालाबजारियाहरू माथि कडा कारवाही गर्न सल्लाह दिए । उनीहरूले हामीलाई खेलकूदको आयोजनामा शुल्क लगाउने सल्लाह दिए । धेरैले के सल्लाह दिए भने प्लाष्टिक सर्जरी सेवामा शुल्क लगाइनु पर्छ । हामीले अनावश्यक वस्तुहरू जस्तो कि- अल्कोहलयुक्त पेय पदार्थहरू र चुरोटमा मूल्य बढाउनु पर्छ भनेर धेरैले हामीलाई भने ।

❑ **त्यसो भए के अहिले क्यूबाली जनतासित आय कर लगाउने कुरा गर्न तपाईहरू तयार हुनुहुन्छ ?**

**क्यास्त्रोः** हामीले उनीहरूलाई राजी गराउन सक्यौं भने तयार छौं । (हाँसो)

हामीले मजदूरलाई पनि सहमत गराउनु पर्छ र सामाजिक कल्याणमा उनीहरुले पनि योगदान हुनु पर्छ भनेर सहमत हुने मजदूरहरू पनि धेरै संख्यामा छन् । हरेक वर्ष सामाजिक सुरक्षाको लागि छुट्याइएको बजेटमा ५० करोड पेसो (क्यूबाली मुद्रा- सं) घाटा हुने गरिरहेको छ । अहिले उनीहरू बहस गरिरहेछन्- योगदान ५ प्रतिशत, ६ प्रतिशत या ७ प्रतिशत हुनुपर्छ भनेर । यो गर्नै परेको छ किनिक मजदूरहरूले सामाजिक सुरक्षाको लागि पटक्कै केही पनि तिरेका छैनन् । त्यो मानसिकतामा परिवर्तन ल्याउनै पर्छ ।

❑ **तपाईले सरकारी ओहदाहरूमा कटौती गर्नभएको छ, र हामी सुनिरहेका छौं- यस वर्ष लाखौं मानिसले आफ्नो रोजगारी गुमाउन सक्नेछन् । उनीहरूलाई तपाई कसरी व्यहोर्नु हुन्छ ?**

**क्यास्त्रोः** रोजगारी हामीसित छ, तर हवानामा होइन । हामीले गर्न लागेको एउटा कुरा हो भने, केही मानिसलाई शहरबाट गाउँतर्फ आकर्षित गर्नु । जो जमीन खनजोत गर्न चाहन्छन्, उनीहरूलाई हामीले जमीनको चक्ला दिएका छौं । संयुक्त लगानीद्वारा हामी कारखानाहरू खोल्न पनि प्रयत्न गर्दछौं । रोजगारीको एउटा स्रोतको रूपमा पर्यटनलाई हामीले सकेसम्म विकास गर्न खोजिरहेका छौं । हामीले केही संख्यामा स्वतन्त्र मजदूरहरू पनि बढाउन खोजीरहेका छौं । स्वतन्त्र मजदूरी, जसलाई तपाई निजी उद्यमको एउटा भ्रुण स्वरूप पनि भन्न सक्नु हुन्छ, रोजगारी नभएका सबै मानिसलाई रोजगारी दिलाउने उपायहरू मध्ये एउटा हो ।

तर हामी शिक्षा र जनस्वास्थ्यमा चाहिँ कटौती गर्न चाहन्नौं किनकि हामी आफैंले सिर्जेको व्यवस्थालाई हामी आफै खत्तम गर्न सक्दैनौं । हामी निजी ओखती उपचार ल्याउन चाहन्नौं किनकि हामीले त्यस्तो स्वास्थ्य- व्यवस्था सिर्जना गरेका छौं, जसले असाधारण नतीजाहरू निकालेको छ र हामी यसलाई नष्ट गर्न चाहन्नौं । यस्तो गर्नु एउटा ऐतिहासिक अपराध हुनेछ ।

❑ **चालीस वर्षअघि तपाई आदर्शहरुले भरपूर हुनुहुन्थ्यो । जब तपाईले बिजय प्राप्त गर्नुभयो, तपाईले बतीस्ता शासनका दोषहरुलाई निर्मूल पार्नु भयो । त्यसमध्ये वेश्यावृत्ति र अपराध मुख्य हुन् । आज हामी देखिरहेका छौं- डलर अर्थतन्त्र संगसंगै वेश्याहरू फेरि सडकमा आइरहेछन् ।**

**क्यास्त्रोः** उउटा निश्चित हदसम्म, यो विशेष समयावधिभन्दा अघि देखा पऱ्यो । तर पर्यटनको विकास संगसंगै विदेशीहरुसंगको संबन्धको विस्तारले त्यो परिघटनालाई अरु बढाउनेछ, विभिन्न कारणहरुले यसलाई उत्प्रेरित गर्नेछ र ती कारणहरु सधैं आर्थिक नै हुने गर्दैनन् ।

राज्यले यसलाई यथासंभव रोक्ने प्रयास गर्छ । हाम्रो देशमा कानूनी तवरले वेश्यावृत्ति गर्न पाइन्न, न त हामी यसलाई बैध नै पार्न लागेका छौं । बेरोजगारीको समस्या हल गर्न यसलाई स्वतन्त्र व्यवसाय बनाउन दिने पक्षमा पनि हामी छैनौं । (हाँसो) हामी यसमाथि दमन पनि गर्न लागेका छैनौं । हामी अरु के नै पो गर्न सक्छौं ? यदि हामी कठोर भयौं भने हामीमाथि मानव अधिकार हनन् गरेको आरोप लाग्न सक्छ ।

❑ **तपाई क्रान्तिलाई अर्को पुस्तामा कसरी हस्तान्तरण गर्दै हुनुहुन्छ ?**

**क्यास्त्रोः** हामीले अर्को पुस्तामा हस्तान्तरण गर्न थाली नै सकेका छौं । कुनै समस्या छैन । यो सजिलो छ किनकि उत्तरदायित्व अनेकौं मानिसहरुमा बाँडिएको छ ।

❑ **तर आजभन्दा तीन पुस्तापछि नि, जब हामी मध्ये कोही पनि बाँकी रहने छैन ?**

**क्यास्त्रोः** त्यतिखेर अमेरिका र क्यूबा साथीसाथी भइसका हुनेछ ।

शान्तिको जरुरत बारेको सजगताले ठूलो फड्को मारिसकेको हुनेछ, र मानासिक बिमारीको कारणले, मूर्खताको कारणले तपाई- हामीबाट हुन गएको तथाकथित नाकाबन्दी लोप भइसकेको हुनेछ, लोप हुनेछ ।

❑ **तपाईका पनातीहरुले तपाईको संबन्धमा के भनून् भन्ने तपाई चाहनुहुन्छ ?**

**क्यास्त्रोः** मलाई थाहा छैन, तर तपाईहरूले यसबारेमा सोच्नु जरुरी छ । म विश्वास गर्छु कि तिनीहरुले गौरवको अनुभूति गर्नेछन् । म आफूलाई खराब मान्छे ठान्दिन । यसको विपरीत छु भन्ने ठान्छु- म आफू आफूलाई । र, मैले के देखेको छु भने- कहिलेकाहीं नातिपनातिहरु खराब मान्छेहरुलाई लिएर समेत गौरव गर्छन् ।

❑

# "क्रान्ति पछिको ३६ वर्षमा क्यूबामा कुनै एउटा नागरिक पनि मारिएको वा बेपत्ता पारिएको छैन ।"

—— श्रीमती लिक् भोल्गा चमारो ट्रियस,

नेपालका लागि क्यूबाली राजदूत

❑ **अमेरिकाको नाकावन्दीको कारणले कस्तो समस्या र संकट भोग्दैछ क्यूबाले अहिले, भनीदिन सक्नुहोला ?**

**राजदूत-** गत ३३ वर्षदेखि क्यूवाले अमेरिकी नाकावन्दी भोग्दैछ । जतिखेर समाजवादी खेमा थियो, हाम्रो त्यो खेमासित आपसमा लाभदायक व्यापारिक र आर्थिक अन्तर्सम्बन्ध थियो । त्यो संबन्धले गर्दा हामीले नाकावन्दीलाई येनकेन झेलिरहेका थियौं । ५ वर्षअधि समाजवादी खेमा ढलेपछि क्यूवामा जीवन सारै संकटमय भएको छ ।

अमेरिकी नाकावन्दीले उद्योग, कृषि, यातायात, इन्धन सबैतिर निकै ठूलो प्रभाव पारेको छ। वच्चाले खाने दूध र विरामीले खाने ओखतीको समेत नाकाबन्दी गरिएको छ। हामी सोभियत संघमा वर्षेनी चिनी पठाउँथ्यौं, उसले बर्षेनी ३ करोड टन तेल पठाउँथ्यो । यतिले हाम्रो आवश्यकता धान्थ्यो । अहिले त्यो बन्द भएको छ, त्यसले उखु खेती र यातायात दुवैमा ठूलो असर पारेको छ । हाम्रो देशमा युद्ध भैरहेको छैन, शान्ति छ, तर हामी अहिले युद्धकालीन संकट भोग्दैछौं ।

❑ **कुसरी हल गर्ने प्रयत्न गर्दैछ त क्यूबाले यो संकटलाई ?**

**राजदूत-** अहिले देशमा इमरजेन्सी प्लान लागु गरिएको छ ।

## अमेरिकासँगको तुलनामा क्यूबाली समाजवादका उपलब्धिहरू

क्युवामा क्रान्ति- सन् १९५९ मा

अमेरिकी स्वतन्त्रता- सन् १७७६ मा

| क्युवाका उपलब्धिहरू गएको ३६ वर्षमा | अमेरिकाका उपलब्धिहरू गएको २१९ वर्षमा |
| --- | --- |
| स्वास्थ्य क्षेत्रमा | |
| डाक्टरः जनसंख्या अनुपात (१९९१मा) | |
| हरेक ३०३ जनसंख्याः १ डाक्टर | हरेक ४०४ जनसंख्याः १ डाक्टर |
| अस्पताल बेडः जनसंख्या अनुपात (१९९१ मा) | |
| हरेक १७४ जनसंख्याः १अस्पताल बेड | हरेक १९८ जनसंख्याः १ अस्पताल बेड |
| सरदर आयु अपेक्षा | (१९९१ मा) |
| पुरुषः ७३ वर्ष | पुरूषः ७२ वर्ष |
| महिलाः ७८ | महिलाः ७९ वर्ष |
| बाल मृत्युदर | (१९९१ मा) |
| प्रति हजार जीवित शिशु जन्ममाः ११ | प्रति हजार जीवित शिशु जन्ममाः ८.९ |
| शिक्षा क्षेत्रमा | |
| कुल जनसंख्यामा साक्षरता दर | |
| (१९९०):९८ प्रतिशत | (१९९१ मा): ९७% |
| माध्यमिक तहमा विद्यार्थी भर्ना | |
| (१९८६-८८): ९१% | (१९८७-८९): ८८ % |
| महिला साक्षरता दर (१९९२): ९८% | ९५.३% |
| माध्यमिक तहमा छात्रा भर्ना | |
| (१९९०): ११७% | (१९९२ मा): १०१ % |
| उच्च शिक्षामा छात्रा भर्ना | |
| (१९८७-८८ मा): १४२% | १०६% |
| अन्य क्षेत्रमा | |
| पुरूषः महिला ज्याला अनुपात (१९९२ मा) | |
| पुरूष १००: महिला १०० | पुरूष १००: महिला ७५ |
| संसदमा महिला सांसदः २३% (१९९२ मा) | १०% |

यो तथ्यांकले देखाएको छ- ३६ वर्षको समाजवाद भएको फुच्च देश क्युवाले २१९ वर्ष लामो पूँजीवादी पृष्ठभूमि भएको विशाल मुलुक अमेरिकालाई शिक्षा, स्वास्थ्य र सामाजिक न्यायको क्षेत्रमा उछिनीदिएको छ ।

*तथ्यांक स्रोतः*

(१) UNDP, Human Development Report 1991 र 1994
(२) Britannica Book of the Year 1994
(३) The World Almanac and Book of Facts 1994

क्यूबाली राजदूतसंगको विशेष अन्तर्वार्ता



क्यूबाली राजदूत, जो नयाँ दिल्लीमा र हनुहुन्छ र नेपालको लागि पनि राजदूत हुनुहुन्छ, गत महिना नेपाल आउनु भएको थियो । प्रस्तुत छ- त्यतिखेर उहाँसित हामीले लिएको बिशेष अन्तर्वार्ता, जसले क्युवाको वर्तमान संकट र समाजवादको उपलब्धिबारे पर्याप्त प्रकाश पार्छ ।

मूल्यांकन-

# हामी हैन, अमेरिका मात्र एक्लो पर्न गएको छ



विशेष अवधिको लागि भनेर एउटा रणनीति तय भएको छ। विदेशी पूँजीको लागि ढोका खुला गरिएको छ। संयुक्त-लगानी निम्त्याइएको छ । यो नयाँ रणनीतिका कारणले गएको वर्षको अन्ततिर पुग्दा हाम्रो अर्थतन्त्र ओरालो लाग्न बन्द भएको छ। आर्थिक हिसाबले प्रगतिका निकै राम्रा संकेतहरु देखा पर्न थालेका छन्। हाम्रो वित्तीय संचिती राम्रो भएको छ । आर्थिक संकटका कारणले कामबाट छुट्टी पाएका मजदूरहरूलाई राज्यले पहिलेको खाईपाई आएको तलबको ६० प्रतिशत दिएर अर्को काममा लाउन संभव भएको छ। विदेशी लगानी आउन थालेको छ । संयुक्त लगानीमा उद्योगहरू खुल्न थालेका छन्। क्यानाडा र फ्रान्सले तेल र खनिजमा हात हाल्न थालेका छन् । स्वयम् अमरिकी लागनीकर्ताहरू समेत क्यूवामा लगानी गर्न आकर्षित भएका छन् । जम्मामा, अति खराब दिनहरूको अन्त भएको छ।

जतिसुकै संकट आइलागे पनि हामीले समाजवादी बाटो छोडेका छैनौं। छोडनेवाला पनि छैनौं। निःशल्क स्वास्थ्य सेवा, निःशुल्क शिक्षा, समताको सिद्धान्त र सामाजिक न्याय छोडेको छैनौं। हाम्रो देशमा आम जनतालाई जुन अत्यन्त व्यवस्थित सामाजिक सुरक्षाको व्यवस्था छ, त्यो हामीले छोडेका छैनौं। अहिले हामी जुन विशेष कदमहरू उठाउँदैछौं, ती सबै क्रान्तिलाई बचाउनका निम्ति, क्रान्तिका उपलब्धीहरूलाई रक्षा गर्नका निम्ति मात्र उठाइएका कदमहरू हुन्। नत्र त्यो बच्न संभव थिएन । विदेशी पूँजी र संयुक्त लगानीको लागि ढोका खुल्दा पनि हामी निकै होशियार छौं कि- समाजवादमा कुनै नोक्सानी नपुगोस, देश नबेचियोस, राष्ट्रिय उद्योगधन्दा र स्वाधीनतामा आँच नआओस्।

हाम्रो यो नीतिबाट हामी हैन, अमेरिका मात्र एक्लो पर्न गएको छ। केही समय अघि संयुक्त राष्ट्र संघ महासभाले १०१ भोटले हामीमाथि लगाइएको अमेरिकी नाकाबन्दीको विरूद्ध मतदान गऱ्यो। त्यसमा अमेरिकी र इजरायलले मात्र विरूद्धमा मतदान गरे । विश्व समुदायमा उनीहरू मात्र एक्लिए। विश्व समुदायमा हाम्रो सम्बन्ध चारैतिर कायम छ, सारा ल्याटिन अमेरिकी देशहरूले ठूलो स्वरमा आवाज उठाएका छन् कि नाकाबन्दी र एक्लो पार्ने अमेरिकी नीति बिल्कूलै गलत छ, अन्यायपूर्ण छ।

हामीले ३५ वर्षको नाकाबन्दी झेली नै सकेका छौं । अब अर्को ३५ वर्षझेल्नु परे पनि हामी तयार छौं, हामी अमेरिकासामु झुक्नेवाला छैनौं। यसबाट हामी हैन, अमेरिका मात्र विश्वमा एक्लो पर्न जानेछ।

**❑ विश्वव्यापी हल्ला फिजाउँदैछ पश्चिमी संचार माध्यमले कि क्यूबामा प्रजातन्त्र र मानव अधिकार छैन । वास्तविकता के हो, प्रकाश पारिदिन सक्नुहोला ?**

**राजदूत-** यो हल्ला होइन, अभियान हो उनीहरुको । अमेरिकाको मानव-अधिकार सम्बन्धी टिप्पणी निकै छनौटपूर्ण छ। तपाई अमेरिकाको साथी हुनोस्, जतिसुकै मानव अधिकारको हनन गरे पनि, उसले तपाईको विरुद्ध केही बोल्दैन । चिलीमा पिनोचेटको विश्वमै कुख्यात तानाशाही शासनविरुद्ध अमेरिकाले चूँ बोलेन, किनकि ऊ अमेरिकाको पिट्ठु थियो। तर उ क्यूबाविरुद्ध चाहिं बोल्छ, किनकि क्यूबा अमेरिकाको पैतालामुनि दबिएर बस्न चाहन्न, किनकि क्यूबा समाजवादी देश हो र अमेरिकाको हालहुकुम उसले मान्दैन।



*सामाजिक न्याय प्राप्त भएको कारणले खुसी भएका क्यूवालीहरू*

मानव- अधिकारको कुरा गर्दा तपाईले यसलाई दुई भागमा बाँड्नु पर्छ।

एउटा, नागरिक अधिकार र अर्को, मानव अधिकार।

मानव अधिकार भनेको बाँच्न पाउने अधिकार हो, हेरचाह र स्वास्थ्य उपचार प्राप्त गर्ने अधिकार हो, शिक्षा प्राप्त गर्ने अधिकार हो, आफ्नो अधिकार के हो भनेर थाहा पाउने अधिकार हो। म खान पाउँदिन, बाँच्न पाउँदिन, शिक्षित हुन पाउँदिन भने मलाई के सरोकार हुन्छ कि म चिडियाखानामा छु कि सत्तामा ? त्यसैले मानव अधिकार हुनको लागि सर्वप्रथम काम पाउने अधिकार हुनुपऱ्यो, शिक्षा प्राप्त गर्ने अधिकार हुनुपऱ्यो र समाजमा समानतापूर्वक बाँच्न पाउने अधिकार हुनु पऱ्यो।

विकसित भनिएकै देशहरुमा-सबैजना काम पाउँदैनन्, सबै स्कूल जान पाउँदैनन्, सबैजना समानतापूर्वक बाँच्न पाउँदैनन् । क्यूवामा त्यस्तो छैन। त्यहाँ हरेकलाई काम पाउने हक छ। सबैलाई निःशुल्क शिक्षा प्राप्त गर्ने हक छ। सबैले त्यहाँ निःशुल्क स्वास्थ्य सेवा पाउन सक्छन् । त्यहाँ सबैलाई समानतापूर्वक समाजमा बाँच्ने हक छ । विकसित भनिएको मुलुकमा भौं क्यूवामा कुनै नागरिक बेरोजगार छैन। कोही मगन्ते छैनन्। कसैले घरबारबिहिन भएर सडकमा सुत्नु परेको छैन क्यूवामा । त्यसैले आधारभूत मानव अधिकारको कुरा गर्ने हो भनें संसारको कुनै समाज क्यूवाभन्दा बेसी मानवीय छैन।

तपाईले नागरिक- अधिकारको कुरा गर्नु भएको हो भने त्यो पनि त्यहाँ छ। त्यहाँ लिंग, धर्म, आस्थाका आधारमा कुनै नागरिकमाथि भेदभाव गरिन्न । त्यहाँ हरेक नागरिकले समान, प्रत्यक्ष र गोप्य मतदानद्वारा सांसद र शासकहरु चुन्न पाउँछन्। तिनलाई चाहेको बेलामा फिर्ता पनि बोलाउन पाउँछन । यस प्रकार क्यूवाको निम्ति उपयुक्त प्रजातन्त्र त्यहाँ छ।

हाम्रो राष्ट्रिय नायक होसे मार्तीले एउटै मात्र पार्टी बनाउनु भो -क्यूवाको क्रान्तिकारी पार्टी । जनतालाई पार्टी पार्टीमा विभाजित गर्न उहाँले जरुरी ठान्नु भएन । हामीले अहिले होसे मार्तीको बाटो समातेका छौं। क्यूवामा अहिले पनि एउटै पार्टीले हाम्रो नेतृत्व गररिहेछ, त्यो हो- क्यूवाली कम्युनिष्ट पार्टी । पार्टीको संख्याले प्रजातन्त्रको नापजोख हुँदैन, हाम्रो यही विश्वास छ।

क्रान्तिअघि क्यूवामा बहुदलीय व्यवस्था थियो र जनताहरु दलदलमा विभाजित थिए। अहिले हामीकहाँ त्यस्तो छैन। क्रान्तिअघि ५० प्रतिशतभन्दा बढी मानिस बेरोजगार थिए, अहिले बेरोजगारी अन्त भएको छ। त्यतिखेर ४० प्रतिशत मानिस निरक्षर थिए, अहिले क्यूवामा कोही निरक्षर छैन, निरक्षरता उन्मूलन भएको छ। स्वास्थ्य सेवा आधा जनसंख्याले मात्र पाउन सकेका थिए त्यतिखेर, अहिले प्रत्येक जनताको निम्ति देशको कुनाकाप्चासम्म निःशुल्क स्वास्थ्य सेवा उपलब्ध छ । प्रत्येक १५ हजार जनसंख्यामा एउटा डाक्टर भाग लाग्थ्यो त्यतिखेर, अहिले हरेक २०३ जनसंख्याको लागि एउटा डाक्टर पुग्छ । विश्वकै

सबैभन्दा वेसी प्रतिव्यक्ति डाक्टर भएको देश हामी भएका छौं । हाम्रो देश निकै विकसित देश हो विश्वमै ।

त्यसैले आधारभूत नागरिक र मानव अधिकार क्यूबामा छैन भन्ने कुरामा कुनै तुक छैन । हाम्रो देशमा गैर कानूनी प्रक्रियाबाट कोही मानिस जेलमा छैन । कोही मानिस जेलमा मरेका छैनन् । जेलमा कसैलाई यातना दिइन्न । गएको ३६ वर्षमा क्यूबामा कोही मानिस वेपत्ता भएका छैनन, प्रत्येक नागरिक कहाँ छ, त्यसको पत्तो हामीसत छ । क्यूवामा हरेकलाई आफ्नो ढंगले सोच्ने र बोल्ने अधिकार छ । संसारको कुन पूँजीवादी देशमा यस्तो व्यवस्था छ ? के उनीहरु भन्न सक्छन् ?

> हामीले ३५ वर्षको नाकाबन्दी झेलिसकेका छौं, अब अर्को ३५ वर्ष झेल्न परे पनि हामी तयार छौं, हामी अमेरिकासामु झुक्नेवाला छैनौं ।

हामीले भर्खरै संयुक्त राष्ट्र संघको मानव-अधिकार संवन्धी उच्चायुक्त डा. अयालालाई क्यूबामा मानव-अधिकारको स्थिति निरीक्षण गर्न निम्त्यायौं । उहाँलाई आफूलाई मन परेको कुनै पनि मानिस भेट्न र कुराकानी गर्न भन्यौं । क्रान्तिमाथि विश्वास नगर्ने मानिसलाई पनि उहाँले भेट्नु भयो । तर त्यस्तो कुनै कुरा क्यूवामा भेटिएन, जसलाई मानव-अधिकारको उल्लंघन भन्न सकियोस् ।

हाले अमेरिकामा भाग्ने २० हजार क्यूवालीहरु बीच सर्वेक्षण गरिंदा पनि तिनीहरु मध्ये एउटा कसैले पनि यो भनेन कि उनीहरु राजनीतिक कारणले भागेका हुन् । उनीहरुले नाकावन्दीको कारणले हुन गएको आर्थिक संकटका कारणले नै आफू भागेको बताए ।

पश्चिमी संचार माध्यमहरु २० हजार क्यूवालीहरु भागेकोबारे खूब चर्चा गर्छन । तर १ करोड १० लाख क्यूवालीहरु क्यूवामै रहेकोवारे चर्चा गर्दैनन् । मेक्सिकोबाट हरेक दिन ५० हजार मानिस अमेरिकामा भागेकोबारे उनीहरु कुनै समाचार लेख्दैनन् तर २० हजार क्यूवालीहरु भागेको चाहिं उनीहरुको समाचार बन्छ । उनीहरु आफ्नो देशमा दिनदिनै भइरहेको मानव- अधिकार हननवारे कुनै समाचार दिदैनन, तर तेश्रो विश्वका कुनै पनि मुलुकमा सानो घटना घटे पनि खूब हो-हल्ला गर्छन् । यही पक्षपातपूर्ण आँखाले नै क्यूवामा मानव-अधिकार नभएको देखिएको हो ।

**❑ क्यूबामा सरकारमाथि जनताको नियन्त्रण कसरी हुने गरेको छ ?**

**राजदूतः**- क्यूवाको चुनावमा पैसाको कुनै खेल हुँदैन । उम्मेदवारले त्यहाँ कुनै पैसा खर्च गर्न पाईंदैन । हरेक उम्मेदवारको लागि सबै पैसा त्यहाँको कम्युनिष्ट पार्टीले खर्च गर्छ । जनताहरु आफूलाई मन परेको उम्मेदवार चुन्न स्वतन्त्र छन् । चाहे ऊ कम्युनिष्ट हो वा होइन, त्यसले कुनै मतलव राख्दैन । तपाई योग्य, ईमन्दार र जनमुखी हुनुहुन्छ भने, तपाई क्याथोलिक वा बुद्धमार्गी भए पनि तपाईलाई स्थानीय जनताले चुन्न सक्छन् । यदि तपाईले सन्तोषजनक काम गर्नु भएन भने चुन्ने जनताले तपाईंलाई कुनै पनि बेला फिर्ता बोलाउने निर्णय गर्न सक्छन् । हरेक तीन तीन महिनामा चुनिएको मानिस अनिवार्य रुपमा जनताबीच रहन जानुपर्छ । जनताहरु आफ्ना जनप्रतिनिधिलाई त्यतिखेर समस्या बताउँछन् । यहाँ स्कूल राम्रो चलेन , त्यहाँ पुल भएन, त्यहाँ बाटो भएन, आदि आदि । जन प्रतिनिधिले जनताको कुरा सुन्नै पर्छ र संबन्धित मंत्रालयमा , विभागमा त्यो समस्या पुऱ्याउनु पर्छ । जनताको गुनासो नै वास्ता गर्नु भएन भने निर्वाचक जनताले इमरजेन्सी मिटीङ्ग बोलाउँछन् र तपाईको सट्टा अर्कैलाई चुन्छन् । सबै तहमा जन प्रतिनिधि चुन्ने र फिर्ता बोलाउने अधिकार जनतालाई छ- चाहे त्यो राष्ट्रिय तहमा होस्, जिल्ला वा नगरपालिकामा, वा स्थानीय निकायमा । यस्तो प्रजातन्त्र क्यूवामा छ ।

भर्खरै मजदूरहरुले पनि पानीको महशूल तिर्नु पर्ने गरियो र विद्युत महशूल बढाइयो । तर यसो गर्नु अघि सरकारले हरेक कारखाना कारखानामा, क्षेत्र क्षेत्रमा यसवारे छलफल गरायो । सबैले आ-आफ्नो दृष्टिकोण राखे । छलफलबाट निस्केको निश्कर्षका आधारमा मात्र सरकारले निर्णय गऱ्यो ।

यस प्रकार, क्यूवामा सरकारले कुनै पनि निर्णय सिधै लाद्दैन । निर्णयको रूप लिनु अघि जनताले हरेक सरकारी प्रस्तावमा छलफल गर्ने र आफ्नो दृष्टिकोण प्रस्तुत गर्ने मौका पाउँछन् । यस्तो प्रत्यक्ष प्रजातन्त्र क्यूवामा छ ।

हामीले सही ठानेको प्रजातन्त्र यस्तै हो । त्यहाँ जनताले सरकारमाथि यसरी नियन्त्रण गर्छन् ।

❑



क्यूबाली क्रान्तिका नायक एवं समाजवादीकरणका स्वप्नद्रष्टा क. फिडेल क्यास्त्रो

## रबर्ट म्याकनमाराद्वारा समेत प्रशंसित
# क्यूबाको विकास कति आश्चर्यपूर्ण छ ?

"क्यूबाले ३० वर्षको क्रममा यत्ति विकास गरेको छ कि म विश्व बैंकको अध्यक्ष हुँदा पनि त्यत्ति गर्न सकिनँ !"

-रबर्ट म्याकनमारा, विश्वबैंकका भूतपूर्व अध्यक्ष

पूँजीवादी खेमाका एक चर्चित नायक, पूर्व अमेरिकी विदेशमन्त्री तथा विश्वबैंकका अध्यक्ष रबर्ट म्याकनमाराले समाजवादी क्यूबाको बिकासको सन्दर्भमा यत्ति ठूलो प्रशंसा गर्नु निकै आश्चर्यजनक र अभूतपूर्व थियो । यसभन्दा पनि अभूतपूर्व र आश्चर्यजनक थियो- म्याकनमाराद्वारा प्रशंसित समाजवादी क्यूबाको मानवीय-विकास !

'म शान्तिपूर्वक, निर्वैयक्तिक भएर भन्न सक्छु- क्यूबा त्यो देश हो, जसले मानवताको लगि धेरै कुरा दिएको छ ।'

**-क. फिडेल क्यास्त्रो**

साँच्चै क्यूबाले, क्यूबाली क्रान्तिले मानवताको लागि, मानवीय विकासको लगि के के दियो त ? क्यूबाली क्रान्तिका नायक र योद्धाहरू त दावी गर्छन् क्यूवाली क्रान्ति जस्तो उदार, मानवीय, मानवताप्रति सम्मान गर्ने क्रान्ति न अमेरिकी क्रान्ति थियो, न फ्रेन्च क्रान्ति !

वामपन्थीहरुद्वारा प्रतिक्रान्तिको रुपमा परिभाषित, पूँजीवादी साम्राज्यवादीहरुको अत्यन्त चर्चित येल्तसीन-गोर्वाचोभको "क्रान्ति" पनि यस्तो कदापि हुन सकेन ।

**मानवताको लगि क्रान्तिको योगदान ।**

क्यूबाली क्रान्तिले युद्धकालमै क्रान्तिकारी र उच्च मानवीय आदर्श स्थापित गरेको थियो ।

क्यूबाली क्रान्तिकारीहरूले आफ्नो २५ महिने जबर्जस्त युद्धको क्रममा हजारौं हजार प्रतिक्रियावादी सेनाका जवानहरुलाई पक्रे, युद्धबन्दी बनाए तर क. क्यास्त्रोको दावी छ- "उनीहरुमध्ये एक जनालाई पनि सूचना

र जानकारी प्राप्त गर्नका लागि शारीरिक यातना दिएनौं । युद्धको चरमोत्कर्षकालमा समेत त्यस्तो गरेनौं । त्यस्ता युद्धबन्दीहरुलाई पनि त्यसरी मारिएको मामिला छैन । बन्दीहरुलाई हामीले मुक्त गऱ्यौं, हाम्रो रूची उनीहरुको हतियारमा थियो । उनीहरुलाई हामीले एक प्रकारले हामीलाई हतियार प्रदान गर्न आउने व्यक्तिहरुको रुपमा मात्रै सम्झ्यौं र त्यसरी नै व्यवहार गऱ्यौं ।.... उनीहरुमध्ये कैयौं सैनिकहरु त तीन-तीन पटकसम्म आत्मसमर्पण गर्नेहरु पनि थिए , किनकि उनीहरुलाई एक मोर्चाबाट अर्को मोर्चामा पठाइन्थ्यो । अन्ततः उनीहरुले पनि महसूस गरेको देखियो- उनीहरुलाई समर्पणकै लागि उपयोग गरिएको हो ।"

क्यूबाली क्रान्तिले युद्धको समाप्तिपछि निर्माण कालमा यो आदर्श, यो संस्कृतिलाई कत्तिको निरन्तरता दियो त ?

क्यूबाली क्रान्तिको इतिहासदेखि वर्तमानसम्ममा जनतामाथि बर्बरता, उत्पीडन र शोषणको एउटा पनि उदाहरण पाइदैंन, अपवादस्वरुप पनि पाइदैंन । क्यूबाली क्रान्तिकारीहरुको यस्तो दावी छ । उनीहरुको दावी छ- क्यूबामा राजनीतिक हत्याको एउटा पनि मामिला पाइदैन, एउटा पनि व्यक्ति गायब भएको छैन- ३५ वर्ष लामो वामपन्थी शासनको क्रममा एउटा पनि व्यक्तिलाई राजनीतिक कारणले उत्पीडन र गायब पार्ने काम भएको छैन । अन्य कारणले गिरफ्तार गरिएका, कैद गरिएका व्यक्तिहरुको प्रत्येक सूचना उपलब्ध हुन्छ- उनीहरुलाई कहाँ कसरी राखिएको छ ।

विश्व- मानव अधिकारको दावी गर्नेहरुले याद गर्नु पर्ने कुरो हो- क्यूबामा हत्यारा- दस्ता छैन, न त कसैको हत्या हुन्छ, जब कि उत्तर अमेरीकादेखि दक्षिण अमेरिकासम्म हत्यारा- दस्ताहरु वर्षाका च्याऊहरु जस्तै उम्रेका छन् सरकारहरूले पनि उमारेकै छन् ।

क. क्यास्त्रोको दावी छ- सबैभन्दा महत्वपूर्ण कुरा हो- क्यूबाली क्रान्तिको सिद्धान्त । क्यूबाली क्रान्ति हमेशा आफ्नो सिद्धान्तमा अडीग रह्यो-

*-कहिले पनि कसैमाथि पनि अत्याचार गरिने छैन,*

*-कसैको विरुद्ध पनि अपराध गरिने छैन,*


*-कसैमाथि पनि उत्पीडन गरिने छैन,*

*-सबैलाई समानता, स्वतन्त्रता, न्याय र सम्मान प्राप्त हुनेछ ।*

**क्यूबाको विकास कति आश्चर्यपूर्ण छ ?**

क्यूबा, जहाँ हाम्रो देश नेपालदेखि लिएर महाशक्ति राष्ट्र अमेरिकामा जस्तो माघ-पुसको अत्यन्त जाडोमा पनि सडकमै नांगै-भुतुंगै बोरा र अखबार ओढेर सुतिरहेका केटाकेटीहरु तपाईं हेर्न पनि पाउनु हुन्न ।

क्यूबा, जहाँ केटाकेटीदेखि बूढाबूढी-सम्म, कोही पनि गरीबीको जीवनयापन गरिरहेको दृश्य हेर्न पाइदैन । जहाँ सरकारबाट बेवास्ता गरेर लावारिश छोडिएका वा सामाजिक सुरक्षाबिना दुःख र पीडाको जीवनयापन गरिरहेका जनताहरु पाइदैनन् ।





**अनिवार्य र निःशुल्क शिक्षा**

हो, क्यूबामा एउटा पनि त्यस्तो बालबालिका छैन, जसले स्कूल वा शिक्षकको सुविधा नपाएको होस् ! शिक्षामा क्यूबाले गरेको विकासबाट सिंगै संसार आश्चर्यचकित छ !

१९५९ मा क्यूबाली क्रान्ति सम्पन्न हुनासाथ त्यहाँको बामपन्थी सरकारले सर्वप्रथमतः निरक्षरता विरूद्ध अभियान चलाएको थियो । हजारौं हजार विद्यार्थी र शिक्षकहहरुले सरकारको यस अभियानलाई सफल पार्न गाउँ-गाउँमा, खेत-खेतमा, कारखाना-कारखानामा, शहरका गल्ली-गल्लीमा गएर निरक्षर जनतालाई साक्षर बनाउने काम थालेका थिए ! र, १९६१ सम्ममा क्यूबाबाट निरक्षरतालाई उन्मूलन गरिएको थियो ।

क्यूबा आज त्यस्तो देश बनेको छ, जहाँ शिक्षा पूर्ण रुपले निःशुल्क छ । यो सबै प्रकारको शिक्षामा लागू गरिएको छ । शिक्षा प्राप्त गर्ने अधिकारले सम्पन्न क्यूबाबासीको शिक्षाको विकासलाई तथ्यांकमा एकपटक हेरौं !

अचेल विभिन्न विधामा, विभिन्न स्तरमा अध्ययनरत विद्यार्थीहरुको संख्या ३० लाख छ । शिक्षा केन्द्रहरुमा ४७ वटा उच्च शिक्षाका, मध्यम स्तरको शिक्षाको लागि २००० भन्दा बढी र अपांग र अन्य विशेष शिक्षाको लागि ५०१ वटा केन्द्रहरु संचालित छन् ।

अहिले क्यूबामा ९ कक्षासम्मको शिक्षा निःशुल्क र अनिवार्य छ ।

अहिले हरेक १५ वयस्क कामदारहरु मध्ये १ जना विश्वविद्यालयको स्नातक स्तरको शिक्षा प्राप्त व्यक्ति छ । हरेक ५ मजदूरमध्ये दुई जनाले मध्यम स्तरको प्राविधिक शिक्षा पाएका छन् । हरेक १५ जनामा एक स्नातक भएको यस देशमा १० लाख क्यूबालीहरू त स्नातक नै छन् भने ३० हजार वैज्ञानिकहरू छन् ।

शिक्षा जस्तै स्वास्थ्य सेवा पनि क्यूबाको समाजवादको ऐतिहासिक उपलब्धि हो । किनकि क्यूबा त्यस्तो देश हो, जहाँ प्रतिव्यक्ति सबै भन्दा बढी डाक्टरहरु छन् । यो तथ्यांक सिर्फ तेस्रो विश्वका गरीव, विकासोन्मुख मुलुकहरुको बारेमा मात्रै सही साबित भइरहेको होइन, सिंगै विश्वमै यो तथ्यांक सबैभन्दा उच्च छ । यो तथ्यांक सार्वजनिक स्वास्थमा विश्वमा सबैभन्दा अगाडि परेका देशहरुको भन्दा पनि उच्च छ ।

क्यूबामा हरेक २७० नागरिकहरूलाई एक डाक्टर उपलब्ध गराइएको छ । पहिले, क्रान्तिभन्दा पहिले, ६ हजार जति डाक्टरहरू थिए र ती सबैले क्रान्तिपछि देश छोडेर विदेशिने चाहना गरेकाले ती सबैलाई विदेश जाने छुट दिइएको थियो । अहिले डाक्टरको संख्या बढेर १ लाख ५० हजारभन्दा बढी भएको छ ।

क्यूबाले डाक्टरहरुलाई सामान्य स्थितिमा मात्र जनसेवाको लागि खटाउने गर्दैन । अझ विशेष कालमा पनि त्यत्तिकै घनीभूत रुपमा नागरिकहरुको घरदैलोमा, स्वास्थ्य चौकी र अस्पतालमा डाक्टर पुऱ्याउने व्यवस्था गरिएको छ । क्यूबाको क्रान्तिअघि ध्वस्त स्वास्थ्य प्रणालीमा आमूल परिवर्तन गरेर अहिले क्यूबाको पूरै जनसंख्यालाई स्वास्थ्यको अधिकार दिइएको छ । सबैभन्दा आश्चर्यको कुरो त के भने त्यहाँ सबै जनतालाई स्वास्थ्य-रक्षा प्रणाली पूर्णतः निःशुल्क छ ।

क्रान्तिपश्चात् अन्य अधिकार जस्तै स्वस्थ रहने मानवीय अधिकार पनि क्यूबाली जनताले प्राप्त गरेको कारणले जनस्वास्थ-स्थितिमा अति ठूलो क्रान्तिकारी परिवर्तन आइसकेको छ । क्रान्तिपूर्व बाल मृत्युदर प्रति हजारमा ६१ थियो भने अहिले मात्र ९.४ भएको

**गएको ३६ वर्षमा क्युवाली समाजवादले हासिल गरेको पाँच विश्व रेकर्ड**

- ❑ संसारमा सबैभन्दा बेसी प्रतिव्यक्ति डाक्टर
- ❑ संसारमा सबैभन्दा बेसी प्रोफेसर र शिक्षकहरू
- ❑ संसारमा सबैभन्दा बेसी कला प्रशिक्षकहरू
- ❑ संसारमा सबैभन्दा बेसी शारीरिक शिक्षा शिक्षकहरू
- ❑ संसारमा सबैभन्दा बेसी खेलकूद प्रशिक्षकहरू

स्रोतः क्युवाको समाचारपत्र Granma International, December 28–1994

(फिडेल क्यास्त्रोको भाषणबाट)

छ । जनताको स्वास्थ्य स्थितिमा आएको परिवर्तन जीवन-शैलीमा आएको सुधारकै परिणामस्वरूप क्रान्तिपूर्वको औसत आयु ६१ बाट बढेर ७५ पुगेको छ ।

क्यूबा त्यस्तो देश पनि हो, जहाँ महिलाहरूले साँच्चैको समान अधिकार पाएका छन् । यस बेला क्यूबामा कार्यरत ३० हजार वैज्ञानिकहरू मध्ये ४८% वैज्ञानिक त महिलाहरू मात्रै छन् । देशको नीति-निर्माणको लागि निर्वाचित भएका सांसदहरू मध्ये २८% सांसदहरू महिलाहरू छन् । महिलाहरू र सिंगै मानव समाजको कलंकको रूपमा रहेको वेश्यावृत्तिलाई क्यूबाली क्रान्ति सम्पन्न हुनासाथ नै अन्त गरिएको थियो ।

क्यूबा, त्यस्तो देश पनि हो, जहाँ प्रतिव्यक्ति सबैभन्दा बढी कला- शिक्षक भएजस्तै, प्रतिव्यक्ति सबैभन्दा बढी शारीरिक र .खेलकूद शिक्षा दिने शिक्षकहरू पनि उपलब्ध छन् । क्यूबाली जनताको वैचारिक-साँस्कृतिक स्तरलाई उठाउन कृयाशील क्यूबाको वामपन्थी सरकारले क्यूबाली जनताको स्वास्थ्य, शारीरिक र खेलकूदको विकासको लागि कति श्रम, पैसा र शीप लगानी गरेको होला भन्ने कुरा त यसका उपलब्धिहरूबाटै थाहा हुन्छ । खेलकूलको क्षेत्रमा १९९१ तिर क्यूबाले असाधारण सफलता हासिल गरेर विश्वलाई नै चकित पारेको थियो । पाम अमेरिकी खेलहरूमा प्रथम स्थान हासिल गरेको क्यूबाले बार्सिलोना ओलम्पिकमै विश्वमा पाँचौ स्थान प्राप्त गरेर आफ्नो शक्ति प्रदर्शन गरेको थियो ।

**यस्तो आर्थिक नाकाबन्दी, पीडा र यातनाका बीच पनि क्यूबाले सबै मानवीय पक्षमा गरेको विकासको हस्य के होला त ?**

**क्यूबाको सुख र दुःख**

अन्तमा,

*-क्यूबामा सबैलाई बस्नको लागि आवासको व्यवस्था छ, कोही पनि घरवारविहीन छैनन् ।*

*-क्यूबामा काठमाडौंमा जस्तै फोहोर, अस्वस्थ्यकर घर, वस्ती, सडक छैनन् ।*

*-क्यूबामा भिखारीहरु छैनन्, क्रान्तिले भीख माग्ने रोगलाई नै निर्मूल परिसकेको छ ।*

*-क्यूबामा क्रान्तिले जुवाको प्रथालाई अन्त गरिदिएको छ ।*

*-क्यूबामा नशालु पदार्थको सेवन र व्यापारलाई पनि क्रान्तिले नष्ट गरिसकेको छ ।*

*-क्यूबा जैव-प्रविधि र प्रतिजीवाणुजस्ता अत्याधुनिक औषधिको क्षेत्रमा विश्वप्रसिद्ध छ ।*

*-विश्वव्यापी ऐक्यवद्धताको लागि क्यूबाका १५ हजारभन्दा बढी डाक्टरहरु १५ भन्दा बढी नवस्वाधीन देशहरुमा कार्यरत छन् ।*

*-विभिन्न देशहरुमा २५ हजारभन्दा बढी क्यूबाली शिक्षकहरू शिक्षा अभियानमा कृयाशील छन् ।*

*-क्यूबा अर्को एउटा त्यस्तो देश पनि हो, जसमाथि ३५ वर्ष अगाडिदेखि कठोर निर्मम अमेरिकी आर्थिक नाकाबन्दी थोपरिएको छ । आफ्ना औद्योगिक र व्यापारिक मित्र- सोभियत संघ र पूर्वी यूरोपेली राष्ट्रहरुबाट समाजवादको पतन भएको कारणले क्यूबा थप पीडा, यातना भोग्न बाध्य छ ।*

यस्तो आर्थिक नाकाबन्दी, पीडा र यातनाका बीच पनि क्यूबाले स्वास्थ्य सेवा, चिकित्सा प्रणाली, विज्ञान, शिक्षा, खेलकूद लगायत सबै मानवीय पक्षमा गरेको विकासको रहस्य के होला त ?

त्यसको एउटै मात्र रहस्य हो- त्यहाँको समाजवादले जनतालाई सत्तासीन गर्न सक्नु, देश र जनतासित सम्बन्धित यावत विषयमा जनताको आलोचनात्मक कृयाशील सहभागिताको ग्यारेन्टी गर्न सक्नु ! यसको लागि क. फिडेल क्यास्त्रोको नेतृत्वमा संचालित क्यूबाली कम्युनिष्ट पार्टी र वामपन्थी सरकारको व्यावहारिक राजनैतिक र वैचारिक-सांस्कृतिक नीति र कार्यक्रम सबैभन्दा उल्लेखनीय र सह्रानीय कुरा हुन् भन्न सकिन्छ ।

क्यूबाली क्रान्तिका नायक एवं समाजवादीकरणका स्वप्नद्रष्टा क. फिडेल क्यास्त्रोको भाषामा भन्ने हो भने, यी सबै पक्षमा विकास गर्न सक्नु, अमेरिकी सरकारको आर्थिक नाकाबन्दीलाई चिर्दै, सोभियत संघको विघटन र समाजवादको पतनको पीडा सहँदै मानवीय पक्षलाई उँचो पार्न सक्नुको रहस्य हो- क्रान्तिप्रति जनताको समर्थन हुनु, आफ्नै राजनीतिक प्रणाली हुनु, आफ्नै प्रजातान्त्रिक प्रणाली हुनु, मूलभूत विषयहरुमा आफ्ना जनताको प्रत्यक्ष भागिदारी हुनु, र साँचो अर्थमा प्रजातन्त्र हुनु नै हो !

**-राजेन्द्र महर्जन**

❑

# मुक्ति पुरस्कार र महेन्द्र प्रज्ञा पुरस्कार लिने कि नलिने ?

**खगेन्द्र संग्रौला**

प्रगतिशील लेखक संघको अघिल्लो केन्द्रीय समितिको कार्यकालको शुरूमा आयोजित राष्ट्रिय परिषदको बैठकमा पुरस्कारहरूबारे प्रलेसको आधारभूत नीति निर्माण गरिएको थियो ।

उक्त नीति अनुसार, सार्वजनिक रूपमा गन्हाएका र निरंकुश शासकहरूका नाममा खडा गरिएका पुरस्कारहरू कुनै पनि प्रगतिशील लेखकले लिन नमिल्ने कुराको किटान भएको हो ।

हाल विवादमा रहेका 'मुक्ति पुरस्कार' र 'महेन्द्र प्रज्ञा पुरस्कार'का सन्दर्भमा प्रलेसको यस नीतिको उल्लङ्घन भएको छ । कारण, 'प्रसाईं प्रतिष्ठान' अन्तर्गतका पुरस्कारहरू तिनका संस्थापकको सार्वजनिक रूपमा गन्हाएको नारी-पीडक चरित्रका कारण औधी गन्हाएका पुरस्कारहरू हुन्, र राजा महेन्द्र निरङकुशतन्त्रका प्रवर्तक र रक्षक भएका हुँदा उनका नाममा खडा गरिएको पुरस्कार निरङ्कुश सामन्ती मूल्यको प्रतीक हो । तसर्थ, यी दुवै पुरस्कार प्रगतिवादी आदर्श र मूल्यविरूद्ध छन्, तसर्थ त्याज्य छन् ।

तर अहिले प्रश्न उठेको छ- के प्रगतिवादी लेखकले 'मुक्ति परस्कार' र 'महेन्द्र प्रज्ञा पुरस्कार' स्वीकार गर्नु उचित छैन ?

मेरा विचारमा, यस्तो प्रश्न गर्नु र यस प्रश्नको उत्तर खोज्न घोत्लिनु भनेको प्रवेशिका परीक्षा पास गरेको विद्यार्थीले बाह्रखरीको जाँच दिन बस्नु जस्तै हो । तथापि, आज नेपाली वाम आन्दोलनमा देखापरेको अवसरवाद र भोगवादविरूद्ध जुध्न हामीले फेरि बाह्रखरीको जाँचमा बस्न वाध्य हुनु परेको छ । पुरस्कारसम्वन्धी हालको विवाद पुरस्कारसम्वन्धी प्रगतिशील दृष्टिकोणको प्रश्नसँग मात्र गाँसिएको नभई आम वर्गीय आदर्शको प्रश्नसँग गाँसिएको छ ।

साहित्य-कला क्षेत्रका पुरस्कारहरू रकमका निर्जीव थैला मात्र होइनन्, तिनमा नैतिक- सामाजिक मूल्यहरू अन्तर्निहित हुन्छन् । ती पुरस्कार पाउँदा पाउने साहित्यकार-कलाकार मात्र सम्मानित र गौरवान्वित नभई पुरस्कार स्वयं वा त्यसमा अन्तर्निहित मूल्य पनि सम्मानित र गौरवान्वित हुन्छ । कसैले 'मुक्ति पुरस्कार' वा 'महेन्द्र पुरस्कार' ग्रहण गर्दा ग्रहणकर्तासंगसंगै उक्त पुरस्कारहरूमा अन्तर्निहित कुरूप र नरद्वेषी मूल्यहरू पनि सम्मानित र गौरवान्वित हुन्छन् । अघिल्लो पुरस्कारका

प्रगतिशील लेखक तथा चिन्तक श्यामप्रसाद शर्माले सीताराम प्रसाईद्वारा स्थापित एक लाख पच्चीस हजार रुपियाँको 'मुक्ति पुरस्कार' र नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको रु. एक लाखको 'महेन्द्र प्रज्ञा पुरस्कार' प्राप्त गर्नु भएको र तिनीहरुको प्राप्तिलाई उहाँले स्वीकार्नु भएको कुरालाई लिएर नेपाली साहित्य क्षेत्रमा एउटा विवाद खडा भएको छ । व्यक्तिगत आचरण पक्ष र सम्पत्ति-स्रोतबारे विवादास्पद कुराहरु पत्रपत्रिकाहरुमा आउने गरेका सीताराम प्रसाईले स्थापना गरेको पुरस्कार र तानाशाही प्रतिगामी पंचायती व्यवस्थाका प्रवर्तक राजा महेन्द्रको नामको पुरस्कार एउटा प्रजातान्त्रिक वा प्रगतिशील विचारको लेखकले लिनु हुन्थ्यो कि हुन्नथ्यो भन्ने विषयमा केन्द्रीत यो विवादकै कारण श्यामप्रसाद शर्माले प्रलेसंघको अध्यक्ष पदबाट राजीनामा दिनुभएको बुझिएको छ ।

कस्तो पुरस्कार लिने, कस्तो नलिने भन्ने विषयमा वैचारिक स्पष्टता हुनु जरुरी छ । यस निम्ति छलफल र अन्तर्क्रिया हुनु आवश्यक छ । यसकारण, प्रस्तुत छ- यसपटक यसबारेमा साहित्यकार खगेन्द्र संग्रौलाका विचारहरु । आगामी अंकमा साहित्यकार गंगाप्रसाद उप्रेतीका विचारहरु प्रस्ततु गरिने छन् ।

*-मूल्याङ्कन*



(श्यामप्रसाद शर्मा)

सन्दर्भमा व्यभिचार र बलात्कार सम्मानित र गौरवान्वित हुन्छ, र पछिल्लो पुरस्कारका सन्दर्भमा रक्तरञ्जित सामन्ती निरङ्कुशतन्त्र सम्मानित र गौरवान्वित हुन्छ ।

यहाँनिर पुरस्कार पाउने व्यक्ति त साधन मात्र हुन्छ, साध्य चाहिं ती क्रुर र कुरूप मूल्यहरूलाई सुन्दर वस्त्र र आभूषणले सुसज्जित पार्नु र समाजका भ्रष्ट र निरङ्कुश खलनायकहरूलाई उदात्त र उदार नायकका रूपमा स्थापित गरी जर्जर यथास्थितिलाई सबल तुल्याउनु हुन्छ । तथ्य यति सरल र स्पष्ट हुँदाहुदै पनि आज सैद्धान्तिक र वर्गीय आदर्शलाई पूरापूर उपेक्षा गर्दै प्रगतिवादी लेखकले गन्हाएका र रक्तरञ्जित पुरस्कार स्वीकार गर्न मिल्छ भन्ने कुराको पुर्पच्छे गर्दै असैद्धान्तिक होहाल्ला शुरू गरिएको छ ।

पुरस्कारको रकम ग्रहण गर्नु भनेको बौद्धिक वा शारीरिक श्रम गर्ने जागिरे वा कामदारले तलब वा ज्याला थाप्नु जस्तो होइन । जागिरे वा कामदारले आफ्नो ज्ञान, सीप र दक्षतालाई मुद्रासित साटासाट गर्छ । सट्टापट्टाको यस प्रक्रियामा जागिरे वा कामदारले जागिर वा काम दिने व्यक्ति वा संस्थाको आदर्श वा चरित्रलाई स्वीकारेको हुँदैन । त्यो त श्रमको विक्रय हो, आत्म-विक्रय होइन । तर साहित्यकार-कलाकारले भ्रष्ट र कुरूप पुरस्कार स्वीकार गर्नु भनेको लेखकीय स्वाभिमानको समर्पण हो; त्यो आत्म-विक्रय हो ।

हाल दुई पुरस्कारका सन्दर्भमा देखापरेको विसंगति पुरस्कारसम्बन्धी प्रगतिशील लेखक संघको दृष्टिकोणको अस्पष्टताको परिणाम कदापि होइन । वर्गप्रतिबद्ध र इमान्दार लेखकको विधान र आचार संहिता भनेको कागजमा लिपिबद्ध गरिएका रकमी सूत्रहरू नभई ऊ स्वयंको विवेक हो । साहित्यकार-कलाकार सामाजिक अग्र चेतनाको संवाहक हो । ऊ जनताको बौद्धिक सांस्कृतिक सिपाही हो र ऊ आफैं आफ्नो सेनापति हो । जो सामाजिक अग्रचेतनाको संवाहकको हैसियतले बौद्धिक-सांस्कृतिक मोर्चाको अग्र-पंक्तिमा खडा भएको हुन्छ, उसलाई आचारसंहिता सम्बन्धी सूत्रहरू रटाईदिने कसले हो ?

नेपाली वाम आन्दोलामा, खास गरेर, वाम पृष्ठभूमि भएको सरकारले पद-ग्रहण गरेदेखि यता बौद्धिक अवसरवाद, भोगवाद, पदलिप्सा र पतनको प्रक्रियाले डरलाग्दो रूप धारण गरेको छ । प्रतिक्रियावादी सत्ताको यथास्थितिमा मात्र आफ्नो भाग्य र भविष्य देख्न खोज्ने वर्तमान सरकार आफ्नो आलोचना र विरोधका स्वरहरूप्रति घोर असहिष्णु छ । तसर्थ वर्ग प्रतिबद्ध राजनीतिककर्मीहरू र कलाकर्मीहरूलाई पद, पैसा र सोख-सुविधाको सहाराले आदर्शच्यूत गरसउन र निस्तेज पार्न यो अत्यन्त क्रियाशील छ । हाल प्रलोभनको सहाराले प्रगतिवादी साहित्यकर्मीलाई घेरेर घिसार्दै यसले सामन्तवादको तवेलातर्फ लैजान खोजेको घटना यसै वृहद् श्रृंखलाको एक कडी हो भन्ने मलाई लाग्छ ।

'नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान'को संरचनागत प्रजातान्त्रिकीकरणको प्रासंगिकता पहिलेभन्दा अहिले बढेको छ । एमाले सरकारले ओठेभक्तिकै रूपमा भए पनि यसप्रति आफ्नो प्रतिबद्धता प्रकट गरेको छ । तर विडम्बना के छ भने, प्रज्ञा प्रतिष्ठानको प्रजातान्त्रिकीकरणको एक कदमका रूपमा आफ्ना कलाकर्मीहरू मार्फत् उक्त प्रतिष्ठान अन्तर्गतका शासक र तिनका खलकका नाममा रहेका पुरस्कारहरूलाई निरंकुशता विरोधी आन्दोलनमा आफ्नो ज्यान अर्पण गर्ने शहीदहरूका नाममा रूपान्तरित गर्न प्रेरित र प्रोत्साहित गर्नुको सट्टा उसले प्रगतिशील लेखकहरूका गलामा तिनै खुनी पुरस्कारको पगरी गुथाइदिने कार्य थालेको छ । यसबाट बौद्धिक भ्रष्टिकरणतर्फको एमालेको रूचि झन् स्पष्ट भएको छ ।

सबै पुरस्कारहरूलाई निरपेक्ष रूपबाट नकार्ने काम प्रगतिवादले गर्दैन । यसबारे प्रगतिशील लेखक संघ स्पष्ट छ । लोक कल्याणकारी सामाजिक-सांस्कृतिक मूल्यको निर्माण कार्यप्रति समर्पित पुरस्कारहरूलाई प्रलेसले सधैं स्वागत गरीआएको छ । तर साहित्य कलाको बजारमा लेखकीय स्वाभिमानको अपमान गर्ने पुरस्कारहरूको लस्कर सानोतिनो छैन । अग्रिम रूपमा व्यक्ति विशेषको नाममा स्तुति-पुस्तिका लेखाएर दिइने पुरस्कार पनि देखिएका छन् ।

त्यस्ता पुरस्कारलाई पुरस्कार होइन, 'लेखनदासे ज्यालादारी इनाम' भनीदिए हुन्छ । आफूलाई समाजको ठूलै ठालू ठान्नेहरूले आफ्नो जन्मदिनको साइत पारेर कविहरूलाई डाकी मुखियाले खेतालालाई बक्सिस दिएझैं खल्तीबाट नोट झिकेर दिने खालका पुरस्कार पनि

(बाँकी ४५ पेजमा)

(१९ पेजको बाँकी)

## भारतसित के नीति लिने ?

शुरूको चरणमा नेपालको जल विद्युतलाई भारतको बजारबाट अलग्याएर बिकास गर्नु आवश्यक छ । यस्तो अलग्याउनु दुई कारणले आवश्यक छ । पहिलो, नेपालकै जलविद्युतको आवश्यकता पूर्ति गर्न केही समय लाग्छ । दोश्रो, नेपालको आफ्नो क्षमता बढाउन साना र मझौला योजनाबाट विकास शुरू गर्नु पर्दछ । यस्ता आयोजनाबाट निस्केको विजुलीमा भारतलाई चाख नहुन सक्छ । आफ्नो क्षमता बढाउने क्रममा हामीले विद्युतको उत्पादन खर्च घटाउन सिक्नेछौं ।

दोश्रो चरणमा, नेपालले केही ठूलो तर पानी संचित गर्न अग्लो बाँध हाल्न नपर्ने अरूण जस्ता नदीको पानीबाट विद्युत विकास गर्ने आवश्यकता छ । यस्ता योजनाहरूको विजुली निर्यात गर्न पनि उपयुक्त हुने छ र देशभित्रै खपतको लागि पनि । देशभित्रै क्षमता बृद्धि गर्न सकेको खण्डमा यी योजना देशभित्रैबाट विकास गर्न सकिन्छ ।

तेश्रो चरणमा, अग्लो बाँध हालेर बर्षायामको पानीसमेत साँच्न सक्ने र नेपाल र भारत दुवैलाई बाढी नियन्त्रण गर्न र सिंचाई सुविधा पुऱ्याउन सक्ने बहु उद्देश्यीय योजनाको आवश्यकता पर्दछ । यस्ता बहु उद्देश्यीय आयोजनाहरू दुवै देशको लगानीमा बनाउन उपयुक्त हुन सक्दछ । विजुलीको किनबेचको कुरामा भारत सरकारसँग नेपाल सरकारले नै संझौता गर्ने स्थिति आउँछ । अहिले भारतको प्रान्तीय राज्य विद्युत बोर्डहरू (State Electricity Board) विद्युतको भरपर्दो ग्राहक ठहरिएका छैनन् । नेपालले नव स्थापित पावर ग्रीड (Power Grid) मै विद्युत बेच्ने सहुलियत माग्नु पर्दछ । यसो गर्दा विक्रीको पैसा पनि भरपर्दो तरीकाबाट नेपाललाई प्राप्त हुन्छ । र, पावर ग्रीडले भारतभरि राज्य विद्युत बोर्डलाई विजुली बेच्न सक्ने भएकाले विजुलीको बजार पनि व्यापक हुन्छ ।

पावर ग्रीडसंग संझौता गर्दा उच्च आवश्यकता (Peak Load) को बढी मूल्य निर्धारण गर्नु पर्ने हुन्छ । साथै, वर्षाको बेलामा नेपालका सबै योजनाले प्रशस्त विजुली निकाल्ने बेलामा भारतले कुनै न्यूनतम दरमा भए पनि सबै बिजुली किन्ने व्यवस्था गर्नु पर्दछ । भारतभित्र अहिले हावा र साना जलविद्युतबाट उत्पादन भएका सबै विजूली राज्य विद्युत बोर्डहरूले किन्नै पर्ने नियम छँदैछ ।

भविष्यमा ठूला योजना विकास गर्दा त्यसबाट हुने बाढी नियन्त्रण र सिंचाईको फाइदाको लागि छुट्टै हिसाव राख्नु पर्छ । ठूला बहु उद्देश्यीय योजनामा जोखिम पनि बढी हुने र लगानी समेत बढी हुने भएकोले यस्ता योजनामा भारतलाई फाइदा भए अनुसार त्यसमा भारतको लगानी खोज्नु नाजायज नहोला ।

कर्णाली, कोशी, बूढी गण्डकी आदि पानीको संचय (Storage) गर्न पर्ने योजनामा खास बाँधको आयु नै एक जोखिमको विषय हुन्छ । अनुमान गरेभन्दा चाँडो बालुवाले बाँध भरिने र अपेक्षा गरेभन्दा ज्यादै कम योजनाले फाइदा गर्ने संभावना ठूलो छ । यसैले गर्दा यी योजनामा भारतको समेत लगानी खोजिनु पर्दछ । यस बापत भारतले बाढीबाट सुरक्षा र सिंचाई सुविधा सित्तैमा पाउने व्यवस्था गर्न सकिन्छ । विद्युत बिक्रीबाट भने नेपाललाई फाइदा हुनेछ र योजनाको स्वामित्व पनि पूर्ण रूपमा नेपालकै रहनेछ ।

तर यी ठूला बहु उद्देश्यीय योजना विकास गर्नु नेपालको अहिलेको तत्कालीक आवश्यकता होइन । साना र मझौला खालका योजना नै सफल पार्न सक्ने क्षमता नेपालभित्र नभएको खण्डमा ठूला योजना विदेशी लगानीमा विकास गर्न खोज्दा भूटानमा चुखा योजनाकै नमूनामा ती योजना विकास हुने स्थिति आउँछ । ३३६ मेगावाटको चुखा योजना भारतको लगानी र भारतकै आवश्यकताले मात्र बनेको योजना हो । यसको डिजाइन र निर्माण भारतकै इंजीनीयरहरूले गरेकाले योजनाको फाइदा भारतकै पक्षमा अत्यधिक छ । बिजुलीको मूल्य अहिले पनि प्रति यूनिटको रू. ०.५ पैसा छ । र, बंगालको ग्रीडको आवश्यकता अनुसार योजना डिजाइन भएको छ ।

अहिले नेपालभित्र ठूला योजनाको विकास गर्न प्रशासनिक, प्राविधिक वा बित्तीय कुनै पनि क्षमता पर्याप्त छैन । सबै काम देशभित्रबाट गर्न नसके पनि अधिकतम क्षमता देशभित्र नभइकन यी योजना शुरू गर्नु नेपालको फाइदामा हुने छैन । ठूला आयोजना अहिले नै शुरू गर्नु भनेको आफूले एस.एल.सी.पास नगरीकन कलेज फास गरिसकेकाहरूसंग प्रतिस्पर्धा गर्न खोज्नु जस्तो हो ।

❑

***द्रष्टव्यः***

** सबै मितिहरू बिक्रम संवतमा छन् ।*

** सबै मूल्यहरू नेपाली रूपियाँमा अहिलेको मूल्यमा छन् ।*

# पद्‌मरत्नका विरुद्ध किन यस्तो हुँदैछ ?

नेपालमा विविध धर्मावलम्बीहरुले स्वतन्त्रतापूर्वक आ-आफ्नो धर्म मान्न पाउनु पर्छ भन्ने सन्दर्भमा क. पद्‌मरत्न तुलाधरले केही हप्ताअघि बोल्नु भएको कुरालाई लिएर आज देशका विभिन्न स्थानमा विरोध र सभाहरु एवं वक्तव्यबाजीहरु भइरहेका छन्। पद्‌मरत्नले नेपालमा गो-बध गर्न पाउनु पर्छ भनी भाषण गर्नु भयो भनी उक्त भाषणको विरोधको नाममा यी गतिविधिहरु भइरहेका छन्। धार्मिक संघ संस्थाहरु चाहिँ खुलेर र वामपन्थीहरुका राजनीतिक प्रतिद्वन्द्वीहरु चाहिँ लुकेर यी कामहरु गरिरहेछन्। "वामपन्थीहरु गाई काट्ने माग गर्छन्" भनी सोझा जनतालाई घरघरमा गई भड्काउने राजनीतिबाजहरु पनि देखिन थालेका छन्।

यसबारेमा क. पद्‌मरत्न तुलाधरले नेपालको संविधानका चार आधारभूत कुरामध्येको एक- मानव अधिकार-को दृष्टिकोणले सबै धर्मावलम्बीहरुले आ-आफ्नो धर्म मान्ने स्वतन्त्रता उपभोग गर्न पाउनु पर्छ भन्ने कुरामा मानवअधिकारवादीहरु सहासपूर्वक उभिनु पर्छ भनी आफूले बताएको हो, तर गो-बधको पक्षमा वा विपक्षमा आफूले कुनै मत जाहेर नगरेको कुरा पटक पटक पत्रपत्रिकाहरुलाई बताइसक्नु भएको छ। केही दिन अघि रेडियो नेपालको "घटना र विचार" कार्यक्रमबाट त उहाँले यी कुराका अतिरिक्त आफू साम्प्रदायिकताको विरोधी भएको र जनताको धार्मिक आस्थासम्बन्धी कुरा अति संवेदनशील कुरा हो भन्नेमा आफू राम्ररी नै प्रष्ट भएकोले "यदि मेरो भनाइबाट अन्यथा अर्थ लाग्न गएको भए मैले जनतासामु क्षमा-याचना गर्नुपर्छ" भनी प्रष्ट शब्दमा बोलीसक्नु भएको पनि छ।

भन्नेले आफ्नो भनाइको आशय पटक पटक बताइसक्दा पनि र जनतासामु क्षमायाचना गर्न तयार भइसक्दा पनि, आज खास गरी, कांग्रेसी र दरबारिया लविका केही अखबारहरु अझै पनि यो कुरालाई "इस्यू" को रुपमा उठाइरहेका छन्। उनीहरु पद्‌मरत्नको स्पष्टीकरणको वास्तै नगरी "पद्‌मरत्नले गाई काट्न पाउनु पर्छ भनी भनेको" भन्ने व्यहोरा प्रचार गरी ठूला ठूला विश्लेषणहरु गर्दैछन् र आक्षेपहरु लगाउँदैछन्। यो धार्मिक विवाद उठाउनका पछाडि उनीहरुको राजनीतिक स्वार्थ सिद्धि गर्ने सस्तो नियत लुकेको कुरा प्रष्ट छ।

मुलुकको साम्प्रदायिक एकतामा यसले खलल पुऱ्याउने संभावना बढ्दै गइरहेको देखिएको छ। यो अत्यन्त गम्भीर कुरा हो।

यसकारण, यस विषयमा सरकार आफैं अगाडि सर्नु जरुरी भएको हामीलाई लागेको छ। क. पद्‌मरत्न तुलाधरले औपचारिक स्पष्टीकरण सहितको वक्तव्य दिने र सरकारले यसबारे अब जनतालाई भड्काउन नदिनेतर्फ गम्भीर कदम चाल्नु पर्छ। मन्त्री पद्‌मरत्न तुलाधरको मात्र यो सरोकारको विषय होइन, सरकार सिंगैको सरोकारको विषय हो।

यदि यसो नगर्ने हो भने र यो अध्यायलाई यतिै खेर नै बन्द नगर्ने हो भने, नभनेको कुरालाई लिएर वा भनेको तर फरक अर्थ लागेको कुरालाई लिएर वा वक्ताले फिर्ता लिइसकेको र क्षमा मागिसकेको कुरालाई लिएर पनि राजनीति गर्नेहरु यहाँ धेरै छन्। उनीहरु तुच्छ "राजनीतिक लाभ"का लागि साम्प्रदायिक तनाव उत्पन्न गर्न पनि पछि नपर्ने संकेत उनीहरुको व्यवहारले दर्शाएको छ। ❑

## क. चित्रबहादुर अध्यक्षमा

नेकपा. मसालसंग नजीक रहेको अखिल नेपाल राष्ट्रिय जनमोर्चाको प्रथम राष्ट्रिय सम्मेलन गत चैत २४ गते काठमाडौंमा सकिएको छ। सम्मेलनले क. चित्रबहादुर के.सी.को अध्यक्षतामा १७ सदस्यीय एक केन्द्रीय समितिको निर्माण गरेको छ, जसमा उपाध्यक्ष, महासचिव र कोषाध्यक्षमा क्रमशः क. रश्मीराज नेपाली, क. नवराज सुवेदी र क. चूडामणि शर्मा रहनु भएको छ।

## क. पम्फा भूसाल अध्यक्षमा

संयुक्त जनमोर्चा (डा. बाबुराम भट्टराई)को केन्द्रिय समितिको तेस्रो बैठकले यस पार्टीको केन्द्रिय अध्यक्ष पदमा क. पम्फा भूसाल र सचिवमा क. चित्रबहादुर श्रेष्ठलाई चुनेको छ। पूर्व अध्यक्ष डा. बाबुराम भट्टराईले आफू अध्ययन-अनुसन्धानको काममा व्यस्त हुनुपरेको कारण दर्शाई सो पदबाट राजीनामा दिनुभएको थियो।//

**(४४ पेजको बाँकी)**

यहाँ छन्। यस्ता कथित पुरस्कारको न संस्थागत आधार छ, न चयनको कुनै स्वस्थ प्रक्रिया छ। यस्ता पुरस्कारहरू श्री ३ महाराजहरूले लेंडफक्काहरूलाई दिने खालका विशुद्ध बक्सिसहरू हुन्। पुरस्कार पाऊँ भनी कृतिको साथमा दरखास्त दिनु पर्ने र पुरस्कार ग्रहण गर्दा पुरस्कारका संस्थापकको स्तुति गाउनु पर्ने पुरस्कार पनि छन्। मदन पुरस्कार यसै कोटीको पुरस्कार हो।

पुरस्कारको प्रक्रियामा लेखकलाई यसरी पटक-पटक झुकाएर रकम दिनु भनेको लेखकीय स्वाभिमानलाई बध गर्नु हो।

प्रगतिवादी लेखकले यी र यस्ता अरू पुरस्कारहरू स्वीकार गर्नु भनेको आफ्नो लेखकीय प्रतिबद्धताबाट चुक्नु हुनजान्छ। तथापि, संस्थागत आधारमा खडा भएका, लेखकीय स्वाभिमानमाथि अंकुश वा ठेस लगाउने प्रावधान नभएका, स्वस्थ प्रतिस्पर्धा र चयनविधिका आधारमा प्रदान गरिने पुरस्कारहरूप्रति प्रगतिवादको कुनै द्रोह छैन। तर प्रगतिवादी आदर्श विरूद्ध लक्षित पुरस्कार भने कदापि स्वीकार्य हुँदैनन्। जहाँ प्रगतिवादी आदर्श र पुरस्कार विशेषका चरित्र माझ अन्तर्विरोध देखिन्छ, त्यहाँ स्वविवेकका आधारमा लेखकले निर्णय गर्नु पर्छ। पुरस्कारै पिच्छेका मापदण्डहरू प्रगतिशील लेखक संघको नियमावलीमा रहदैनन्। ❑

नव वर्ष २०५२ को उपलक्ष्यमा
हार्दिक मंगमलय शुभकामना

मेयर बेलप्रसाद श्रेष्ठ तथा
धुलिखेल नगरपालिका परिवार

नव वर्ष २०५२ को उपलक्ष्यमा
हार्दिक मंगमलय शुभकामना

मेयर डोरमणि पौडेल तथा
हेटौंडा नगरपालिका परिवार

नव वर्ष २०५२ को उपलक्ष्यमा
हार्दिक मंगमलय शुभकामना

भक्तपुर जिल्ला विकास समिति
परिवार, भक्तपुर

नव वर्ष २०५२ को उपलक्ष्यमा
हार्दिक मंगमलय शुभकामना

- साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.
- खाद्य उद्योग लि.
- नेपाल बनस्पती घ्यू उद्योग लि.
- गोरखकाली रबर उद्योग लि.
- हितकारी गुठी
- बुटवल धागो कारखाना लि.
- मोरग सुगर मिल्स लि.
- नेशनल फाइनान्स कम्पनी लि.
- घरेलु हस्तकला उद्योग प्रा.लि.

नव वर्ष २०५२ को उपलक्ष्यमा
हार्दिक मंगमलय शुभकामना

अध्यक्ष- दीर्घराज श्रेष्ट तथा
सिद्धेश्वर गा. वि. स. परिवार,
सिन्धुलीमाडी



## अंक २६ को समग्रमा चिरफार

पूर्णाङ्क- २६ को आवरण पृष्ठमा राखिएको तस्वीरले नेपाली महिला र पुरुषबीचको असमानतालाई छर्लङ्ग पार्दछ। भित्रका लेखहरु भने सार्थक देखिएनन्। यस अर्थमा कि- महिला हक हित र अधिकारको पक्षमा वकालत गर्दा सम्पूर्ण नेपाली नारीहरुको प्रतिनिधित्व गरेका लेखहरुको प्रस्तुति कम भयो। यति पनि प्रस्तुत गरेर नेपाली पत्रकारिताको जगत्मा नारीवादी लेखकहरु पनि रहेछन् भन्ने तथ्य मूल्यांकनले प्रमाणित भने गरिदिएको छ, यो चाहिँ सह्राहनीय कार्य हो। सीमित क्षेत्रको अनुसन्धानले सही तथ्यांक दिन सक्छ भन्न सकिन्न। हिमाल होस् वा तराई, पहाड होस् वा दून र बेंसी, जहाँसुकै पनि नेपाली महिलाहरू श्रम, अधिकार, शिक्षा आदि क्षेत्रमा अपहेलित भइराखेकै छन्। उषा श्रेष्ठद्वारा लिखित "कस्तो अन्याय भोग्दैछन् संगठित कारखानाहरूमा महिला मजदूर" नारी जागरण ल्याउनमा सक्षम छ। तर बाल महिला मजदूर र तिनीहरूमाथि हुँदै आइरहेका क्रुर व्यवहार, बलात्कार आदि कुराहरूका बारेमा सामग्रीको अभाव खट्किएको पाएँ। मुक्ता श्रेष्ठले लेख्नु भएको प्रजातन्त्रको अनुहार नदेखेका ग्रामीण खेतीहर महिला जनजीवनको अनुसन्धानात्मक लेखले पक्कै पनि प्रजातन्त्रको ओझेलमा परेका ग्राभिण नारीहरूलाई व्युउँझाउन सहयोग गर्ने छ। क्यूबाली राजदूतसँगको अन्तर्वाता नेपाली जनजीवनमा महिलाहरूलाई नयाँ गोरेटो देखाउँन प्रेरणदायी छ।

"क्यूबा र उत्तर कोरियाको तुलनामा अमेरिका र जापानमा महिलाहरू कति समान छन्?" तुलनात्मक अध्ययन गर्न पाउँदा ज्यादै नै हर्ष लाग्यो। साँच्चै नै पूँजीवादी मुलुकमा भन्दा समाजवादी मुलुकमा नै नारी जातिले समान हक र अधिकारको उपभोग गर्न पाउँछन्।

देशमा कम्युनिष्ट सरकार आएको छ, हामी युवा वर्गले पनि नारीलाई चुल्हो, चौका, घाँस, दाउरा, पानी र पंधेरोमा मात्र सीमित नराखेर देशको विकास निर्माण कार्यमा संलग्न गराउनु जरूरी छ। सरकारले पनि कागजको ठेलीमा अधिकारको वर्णन गरेर मात्र समान हक दिलाउँछु भन्ने होइन, व्यवाहारमा पनि गरेर देखाउने बेला आएको छ।

दीपक प्रधानको "वामपन्थी प्रधानमन्त्री र कालो बोकोको बली" लेख अलि विवादास्पद लाग्यो। धर्म निरपेक्षता मान्ने पार्टीले कुनै व्यक्तिलाई स्वेच्छाले धर्म गर्न दिदैन वा पाउँदैन? धर्म हाम्रो संस्कृति हो, विश्वास हो, धारणा हो, इच्छा लाग्नेले मान्छ, इच्छा नलाग्नेले मान्दैन। यो त व्यक्तिगत मामला हो। पृष्ठ ३४ मा लेखिएको छ- "कम्युनिष्टहरू जर्वजस्ती आफ्नो कुरा लादेर मानिसहरूको धार्मिक आस्थामा चोट पुऱ्याउँदैनन्"। फेरि अगाडि लेखिएको छ- "पार्टीभित्र त्यस्ता मानिस मात्र अटाउँछन्, जो धार्मिक र कुनै पनि प्रकारको अन्धविश्वासबाट मुक्त हुन्छन्"। वर्षौदेखि मान्दै आएका नेपालीहरूले आफ्नो धर्म संस्कृति छोड्लान् त? यो त पार्टी संगठनमा आघात पुग्न जाने कुरा हो। के बोकोको बली गर्दैमा, यज्ञमा चरू होम्दैमा, विधवाले सेतो साडी लाउँदैमा कम्युनिष्ट हुन नसकिने हो कि के हो? अब कम्युनिष्ट सरकार आयो भन्दैमा आफ्नो धर्म संस्कृति नै छोडिदिने? के मनमोहनजी, मोदनाथजी र विद्या दिदाले कम्युनिष्ट सिद्धान्त त्याग्नु पर्ने हो? यस्ता दोधारे कुराले जनमानसमा नराम्रो छाप पार्न सक्छ। प्रष्ट्याउनु पऱ्यो।

समग्रमा, मूल्याङ्कन पठनीय र संकलनयोग्य छ। विवादास्पद लेखहरू विचार पुऱ्याएर छापिउँन। उत्तरोत्तर प्रगतिको कामना!

*-मिनप्रसाद भट्ट*, पदमपुर-५, चितवन

## बाम प्रधानमन्त्री र बोकाको बली

नीति-संस्कृतिको सन्दर्भमा दिपक प्रधानद्वारा प्रस्तुत विचार र दर्शन चाहिं मलाई चित्त बुझ्दो लागेन। विश्वमा जतिपनि राष्ट्र र पार्टीहरू छन्, ती सबै आ-आफ्नो देशको परम्परां र धर्म-संस्कृति अनुसार नै चलेका पाइन्छन्। ने.क.पा. (एमाले) ले नेपाली परम्परा, धर्म, संस्कृति र हावापानी सुहाउँदो आफ्नो पार्टीलाई बहुदलीय जनवादको प्रतिवद्धता जनातासामु प्रस्तुत गरेकै कारण आजको स्थितिमा आईपुगेको कुरा बुद्धिजीवी बर्गले नकार्न सक्दैनन्। प्रधान ज्यूको प्रस्तुत लेखले कम्युनिष्टहरूले धर्म-मान्दैनन् र धर्म संस्कृति, परम्परा मान्न दिदैनन् भन्ने सर्वसाधरण जनतामा भइरहेको भय झन विश्वासमा बदलिएर कम्युनिष्टप्रति नै वितृष्णा पैदा गर्ने धेरै सम्भावना रहेन र? कम्युनिष्टहरूले कालो बोकोको बलि दिनै नहुने, यज्ञ होम गर्न नहुने भनेर कहाँ लेखिएको छ?

*-आर.के.एस. 'रोविन'*, तार्कुघाट-९, लमजुङ्ग, हाल नारायणगढ

❑

कम्युनिष्टहरू जनताको निम्ति धर्मनिरपेक्ष नीति लिन्छन् तर आफू भने पूर्ण रूपले भौतिकवादी नै हुन्छन्, हुनुपर्छ। व्यक्तिगत रूपले बोको काट्ने र चरू होम्ने काम यदि कसैले गर्छ भने त्यो कम्युनिष्ट समर्थक होला तर कम्युनिष्ट नै हुन चाहिं सक्दैन। बली र होम गरेरै मानवीय इच्छाहरू पूरा हुन्छन् भन्ने सोच राख्ने हो भने किन चाहिन्थे सिद्धान्त, दर्शन र संघर्षका विज्ञान एवं संघर्षका कौशलहरू?

मूल्याङ्कनले बेलैमा यसबारे सचेत गराएकोमा धन्यवाद!

*-गोपालचन्द्र रेग्मी*, सानो गौचर, काठमाडौं।

❑

'मूल्याङ्कन' खराब नीति र संस्कृतिको विरूद्ध विद्रोह गर्न चाहने प्रत्येक युवाको लागि एक ठूलो सहायक बनेको छ। अंक २६ मा 'वामपन्थी प्रधान मन्त्री र कालो बोकोको बली' जस्ता लेखको हामीले सधैं अपेक्षा गरेका छौं। यसका साथै विशेष गरेर भारतबाट आयातित छाडा संस्कृतिको बारेमा तथा मनोरोगी 'फिल्महरूको' बारेमा अझै चोटिलो प्रहारको आवश्यक्ता छ।

*-रामप्रसाद खरेल*, सानो बुटवल-८, रूपन्देही, पुष्पा फर्मा

## महिला अधिकार

दिपक वैद्यको 'आँखी झ्याल' अन्तर्गत क्यूबा र उत्तर कोरियाको तुलनामा अमेरिका र जापानमा महिलाहरू कति समान छन्? शीर्षकको लेख ज्यादै पठनीय लाग्यो। जो मानवाधिकार र प्रजातन्त्रको ठेक्केदार हुँ भनी आफूलाई घोषणा गदर्थे तर तिनीहरु कहाँ नै महिलालाई कुनै अधिकार दिएको पाइएन; तर यसको ठीक उल्टो- अत्यन्त कम विकसित समाजवादी देशहरू, जो यिनै पूँजीवादीहरूको नाकावन्दी सहेर पनि महिलाहरूलाई समानता लगायत उनीहरुको तुलनामा चौबर अधिकार उपलब्ध गराउँछन्। यसबाट के स्पष्ट हुन्छ भने- जति सुकै फूर्ति लगाए पनि पूँजीवादीहरू महिलाहरुलाई भोग विलासको साधन तथा दासी बनाउन उद्धत रहेका हुन्छन्। यो पूँजीवादीहरुलाई बज्रमुक्का नभएर के हो त?

*-जिवराज भट्टराई*, शनिश्चरे, (जिरिखिम्ती) हालः सुकुना व.मु. क्याम्पस, इन्द्रपुर, मोरंग

❑

मूल्याङ्कनले अन्तर्राष्ट्रिय श्रमिक महिलाहरूको अवस्था बारेको हाम्रो कौतुहललाई एक हदले मेटाएको छ। तर नेपाली श्रमिक नारीहरूको अवस्था, राजनैतिक सचेतता आदि पक्षमा सोचे जस्तो सामाग्री भेट्न सकिएन। यद्धपि 'अछुतहरूको वस्ति'बाट शरद पौडेल को कथात्मक प्रस्तुतिलाई यथार्थ र सजीव मान्न सकिन्छ। कथाकार इस्मालीको समसामयिक कथा पनि यस अंकको उल्लेख्य सामाग्री हो। छेपाराहरू कसरी रंग बदलेर आउदैछन् भन्ने कुरा उल्लेख गर्नु भएकोमा उहाँलाई धन्यवाद! चर्चाको सिखरमा रहेको अरूण ३ कोबारे इन्जिनियर विकास पाण्डेको सनसनीपूर्ण अन्तर्वार्ताले पुनः एक चोटि राष्ट्रिय अस्मिताको बारेमा निंधार खुम्च्याएर सोच्न आह्वान गरेको पाइयो। मूल्याङ्कनको खटकिदो पक्ष भनेको राष्ट्रिय वामपन्थी आन्दोलनलाई महत्वका साथ प्रस्तुत नगर्नु हो जस्तो लाग्यो।

*-दीपक शर्मा 'विवश'*, रगनी-ओखलढुङ्गा, हाल- काठमाडौं

## शहीदबारेको सामग्री

सर्वप्रथमतः २५ औं वर्षमा पदार्पण गरेको शुभ उपलक्ष्यमा यस मूल्याङ्कनका परिवार र पाठकहरूमा मेरो शुभकामना! अन्य दिनहरुमा यसले पाठकको मन जितेर अझ प्रगति गर्न सकोस्।

यस पटक शहीद दिवसको सन्दर्भमा मुख्य चार शहीद मध्ये एकको बारेमा परिचय राख्नु भएकोमा धन्यवाद। अझ अन्य शहीदहरूको बारेमा पनि जानकारी दिएमा राम्रो हुने थियो।

पश्चिम बंगालको मार्क्सवादी सरकारको बारेमा दिएका सामाग्रीहरू अत्यन्त महत्वपूर्ण छन्। अब पश्चिम बंगालपछि अर्को वामपन्थीको सरकार भएको राज्य (भारतको) बारे पनि सामग्री आओस्।

*-सर्वदा शर्मा*, विरेन्द्रनगर, सुर्खेत।

## "धारणा" खै?

मूल्याङ्कनको केही अंकमा धारणा सम्बन्धी डी.आर. पोखरेलको लेख आइरहेकोमा अचेल धेरै समय भयो उहाँको धारणा सम्बन्धी लेख पढ्न नपाइएको किन होला?

-काठमाडौं अध्ययनरत ओखलढुङ्गे विद्यार्थीहरू

## टर्कीको बाम आन्दोलनबारे

वर्ष १३ पूर्णाङ्क २६ मा जन-जीवन नीति/संस्कृति स्तम्भको रचना ज्यादै मनपऱ्यो। साथै टर्कीको वामपन्थी आन्दोलनबारेको जानकारी अझ राम्रो लाग्यो। त्यसबाट नेपाली वामपन्थीहरूले सिक्नु पर्ने धेरै कुरा छ। त्यहाँको कम्युनिष्ट पार्टीमा ८०% कुर्द, १५% तुर्क र ५% अन्य समुदायको संलग्नता छ भन्ने तथ्यले तुर्क जातिको अहंकारवाद बाट उत्पीडनको शिकार बनेको कुर्द जातिलाई जातीय संघर्षमा नभएर ठूलो संख्यामा कम्युनिष्ट पार्टीमा गोलबन्द गरी जातीय मुक्ति मात्र नभएर राष्ट्रिय मुक्ति-आन्दोलनको लागि र नौलो जनबादी सत्ता स्थापना गर्न वर्गीय संघर्षलाई उँचो रूप दिन सक्नु निश्चय नै मार्क्सवाद लेनिनवाद र मओत्सेतुङ विचारधाराको सृजनशीलता र नेतृत्वको कुशलता हो। नेपालका कम्युनिष्टहरूले पनि समाजमा उत्पीडन, शोषणमा परिरहेका उत्पीडीत जाति, जनजाति र भाषाभाषी बीचबाट नेतृत्वको विकास गर्न सके र त्यो समुदायलाई परिचालन गरे मात्र नयाँ जनवादी क्रान्तिको उभार अघि बढ्नेछ। तर नेपालका कम्युनिष्टहरूले देशका पिछडिएका जाति तथा जनजातिहरूबाट नेतृत्व विकास गर्ने र जनपरिचालन गर्ने तथा उत्पीडीत जाति तथा जनजातिहरूमाथि भैरहेका सबै प्रकारका उत्पीडन, शोषण, दमन विरूद्ध मार्क्सवादी धारणा अनुरूप समस्याको निराकरण तर्फ प्रभावकारी कदम चाल्नसम्म सकिरहेका छैनन्। सरकारमा गएर कालो बोकोको बलि चढाएर कथित धर्मभिरू पण्डितहरूसँग चरू लिएर होम गर्दैमा देश र जनताको समस्या समाधान हुँदैन। कम्युनिष्ट आन्दोलन भनेको सबै खाले उत्पीडन, शोषण, दमन विरूद्धको आन्दोलन हो। कम्युनिष्ट नेताहरूले बेदका ऋचा मन्त्र वाचन गर्दै चरू होम गरेर र बोकोको बलि चढाएर जनताको मुक्तिको सपना देखे पनि जनताको मुक्तिको लागि जनताले नै प्रतिक्रियावादी वर्गसँग बलिदानपूर्ण संघर्ष गर्नेछन्।

*-जी.एस. बुढाथोकी मगर र साथीहरू*, बाग्लुङ्ग गल्कोट


## निरन्तर प्रकाशित गरियोस्

पूर्णाङ्क २६, मा दीपक प्रधानद्वारा लेखिएको नेपालको बाम प्रधानमन्त्री र कालो बोकोको बली, राजेन्द्र महर्जनद्वारा लेखिएको हिटलरको देशको सर्वहारा आन्दोलनकी महिला नेतृ रोजा लक्जम्बर्गको जीवनको झाँकी र पेरूको क्रन्तिमा महिलाहरूको क्रान्तिकारी भूमिका आदि लेखहरू धेरै रोचक र सान्दर्भिक लाग्यो। यस्तो सामग्री निरन्तर प्रकाशित गरियोस्।


*-सुनबहादर थापा मगर*, स्याङ्गजा, हाल रूपन्देही ❑



नेबिको
नयाँ आवश्यकता
बिस्कुटहरु
तपाईको स्वास्थ्य, वचत
र सम्मान प्रति जत्तिको
होसियार छ त्यत्तिकै
आफ्नो गुणस्तर प्रति छ।
मूल्य
नेबिको
मारी
NEBICO MARIE BISCUIT
PKD
NS.18
नेबिको प्रा. लि.
काठमाडौं, नेपाल

नविन रि-रोलिङ्ग इण्डष्ट्रिज प्रा. लि. बाट
खुशीको खबर
उपभोक्ताहरुको माग अनुसार प्रिमियम क्वालिटीको चार धर्के (4 RIBS) डण्डीको उत्पादन पनि शुरु गरेको छ। ठूला ठूला भवन, कारखाना, पुल वा अन्य निर्माणको लागि विश्वासिलो फलामे छड **नविन प्रिमियम** छड टाटा स्टीलको उच्चस्तरीय प्राइम विलेटबाट अनुभवि प्राविधिकहरुको रेखदेखमा उत्पादित।
तौल ट्याग सहितको।
नविन प्रिमियम क्वालिटीको
स्टीलबार (फलामे छड)
भारतमा मान्यता प्राप्त
प्रयोगशालामा कडा परीक्षण गरिएको
NAVIN
कारखाना: बासामाडी, मकवानपुर, हेटौंडा, फोनः २०८४४, २०६४४,
काठमाडौं: थाख्वा बिल्डिङ, तेश्रो तल्ला, धर्मपथ, फोनः २२०८७०, २२२९५१

पञ्चकन्या नै किन...?
गुणस्तरले धेरै फरक पार्छ
प्रयोग गरी हेर्नुहोस्, फरक बुझ्न गाह्रो पर्दैन
अतुलनीय शक्ति र मजबुत पकड क्षमताको अपूर्व संगम
घर तपाईको प्रतिष्ठा हो, त्यसमा सम्झौता किन ?
पञ्चकन्या ४ आर टी फलामे छड
उपभोक्ताको सुरक्षा र सन्तुष्टीको लागि हाम्रो नयाँ प्रस्तुती
गुणस्तर प्रमाण चिन्ह र तौल ट्याग सहितको एक भरपर्दो छड
...सदैव विश्वासिलो
पञ्चकन्या आइरन इण्डष्ट्रिज प्रा. लि.


TUBORG
बिर्को भेटिए
टुबोर्गको उपहार, बिर्कोमा पुरस्कार
TUBORG
BEER
तपाईं जहाँ भएपनि... टुबोर्ग
1895 1995
TUBORG GOLD 100 YEARS